"स्वच्छ, समृद्ध र समतामूलक उर्लाबारी"

# आवधिक योजनाको समीक्षा

## (२०७९/८०-२०८३/८४)

उर्लाबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, उर्लाबारी मोरङ
कोशी प्रदेश, नेपाल

# बिषय सूची


**परिच्छेद एकः परिचय** **१-१३**

१.१ पृष्ठभुमि १

१.२ आवधिक योजनाको उद्देश्य २

१.३ आवधिक विकास योजना तर्जुमा विधि तथा प्रक्रिया २

१.३.१ योजना तयारी कार्याशाला गोष्ठी ३

१.३.२ आधाररेखा सुचना तथा वस्तुस्थिति विश्लेषण ३

१.३.३ दीर्घकालीन सोच निर्धारण तथा स्थिति विश्लेषण कार्यशाला गोष्ठी ३

१.३.४ आवधिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठी ४

१.३.५ योजना समीक्षा तथा परिमार्जन दस्तावेज तयारी ४

१.३.६ मस्यौदा प्रस्तुती तथा सुझाव संकलन कार्यशाला तथा अन्तिम दस्तावेज तयारी ५

१.४ आवधिक योजना समीक्षाको सीमा ५

१.५ प्रथम आवधिक योजनाको समीक्षा ६

**परिच्छेद दुईः उर्लाबारी नगरपालिकाको परिचय** **१५-२१**

२.१ पृष्ठभूमी १५

२.२ भौगोलिक अवस्थित १६

२.३ ऐतिहासिक चिनारी तथा नामकरण १६

२.४ राजनैतिक अवस्थिति १६

२.५ प्राकृतिक सम्पदाहरु १७

२.६ संस्कृतिक विभिन्नता १७

२.७ धार्मिक स्थलहरु १८

२.८ नगरपालिकाको जनसंख्याको बनौट १८

**परिच्छेद तीनः नगरपालिकाको विकासको शोच र अवधारणा** **२२-३२**

| | |
|---|---|
| ३.१ विकासका प्रमुख संभावना तथा अवसरहरु | २२ |
| ३.२ प्रमुख समस्या तथा चुनौतिहरु | २२ |
| ३.३ दिर्घकालीन सोच तथा निर्देशक सिद्दान्त | २३ |
| ३.४ लक्ष्य तथा उद्देश्य | २७ |
| ३.५ प्रमुख प्राथमिकता | २८ |
| ३.६ प्रमुख रणनीति | २८ |
| ३.७ परिमाणात्मक लक्ष्य निर्धारण | ३० |
| ३.८ गौरवका आयोजना तथा कार्यक्रम | ३१ |
| **परिच्छेद ४: आर्थिक विकास क्षेत्र** | **३३-६१** |
| ४.१ पृष्ठभूमी | ३३ |
| ४.२ आर्थिक विकास क्षेत्रको सम्भावना, अवसर, समस्या र चुनौति | ३४ |
| ४.२.१ कृषी तथा खाद्य सुरक्षा | ३४ |
| ४.२.२ सिंचाई विकास | ३५ |
| ४.२.३ पशुपन्छी विकास | ३५ |
| ४.२.४ उद्योग र व्यापार | ३६ |
| *४.२.५ श्रम तथा रोजगार* | *३७* |
| ४.२.६ वैक, सहकारी र वित्तीय सेवा | ३८ |
| ४.२.७ पर्यटन | ३८ |
| ४.३ सोच, लक्ष्य, उदेश्य रणनिति तथा कार्यनीति | ३९ |
| ४.३.१ लक्ष्य | ३९ |
| ४.३.२ उद्देश्य | ३९ |
| ४.३.३ आर्थिक विकास क्षेत्रका रणनीति तथा कार्यनीति | ३९ |
| ४.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका | ४७ |
| ४.५ रणनीतिक कार्यक्रम तथा आयोजना | ५३ |

४.६ रणनीतिक कार्यक्रम तथा आयोजनाको स्थानगत विवरण ५६

४.७ आर्थिक विकास क्षेत्रका रणनीतिक कार्यक्रम तथा आयोजनाको सांकेतीकरण ६०

**परिच्छेद ५ : सामाजिक विकास ६२-१०३**

५.१ पृष्ठभुमी ६२

५.२ सामाजिक विकास क्षेत्रको सम्भावना, अवसर, समस्या र चुनौति ६३

५.२.१ शिक्षा, विज्ञान तथा प्रविधि ६३

५.२.२ स्वास्थ्य तथा पोषण ६४

५.२.३ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण तथा संरक्षण ६५

५.२.४ खानेपानी र सरसफाई ६६

५.२.५ युवा तथा खेलकुद ६७

५.२.६ कला तथा संस्कृति ६९

५.३ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति ६९

५.३.१ सोच ६९

५.३.२ लक्ष्य ६९

५.३.३ क्षेत्रगत उद्देश्य ७०

५.३.४ रणनीति तथा कार्यनीति ७०

५.४ सामाजिक विकास क्षेत्रको नतिजा खाँका ७९

५.५ प्रमुख कार्यक्रम तथा आयोजना ८८

५.६ सामाजिक विकास क्षेत्रका कार्यक्रमको स्थानगत विवरण ९४

५.७ सामाजिक विकास क्षेत्रका कार्यक्रमको सांकेतिकरण १००

**परिच्छेद छः पूर्वाधार क्षेत्र १०४-१२९**

६.१ पृष्ठभूमि १०४

६.२ पूर्वाधार विकास क्षेत्रको सम्भावना, अवसर, समस्या र चूनौति १०४

६.२.१ आवास, भवन, बस्ती तथा शहरी विकास १०५

| | |
|---|---|
| ६.२.२ सडक, पुल तथा यातायात | १०६ |
| ६.२.३ विद्युत तथा वैकल्पिक उर्जा | १०७ |
| ६.२.४ सूचना, सञ्चार र प्रविधि | १०८ |
| ६.३ सोच, लक्ष्य, उद्देश्य र रणननीति र कार्यनीति | १०९ |
| ६.३.१ सोच | १०९ |
| ६.३.२ विषय क्षेत्रगत लक्ष्य | १०९ |
| ६.३.३ विषय क्षेत्रगत उद्देश्य | १०९ |
| ६.३.४ रणनीति तथा कार्यनीति | १०९ |
| ६.४ अपेक्षित उपलब्धि तथा नतिजा तालिका | ११५ |
| ६.५ प्रमुख कार्यक्रम तथा आयोजना | १२१ |
| ६.६ प्रमुख कार्यक्रम तथा आयोजनाको स्थानगत विवरण | १२४ |
| ६.७ प्रमुख कार्यक्रम तथा आयोजनाको सांकेतिकरण | १२३ |
| **परिच्छेद सात : वन वातावरण र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन** | **१३०-१६०** |
| ७.१ पृष्ठभुमी | १३० |
| ७.२ वन, वातावरण र विपद् जोखिम व्यवस्थापन क्षेत्रको संभावना तथा अवसर | १३१ |
| ७.२.१ वन, हरियाली तथा जैविक विविधता | १३२ |
| ७.२.२ भू-संरक्षण तथा जलाधार व्यवस्थापन | १३३ |
| ७.२.३ फोहोर मैला व्यवस्थापन तथा वातावरणीय स्वच्छता | १३४ |
| ७.२.४ विपद् जोखिम व्यवस्थापन | १३५ |
| ७.३ सोच, लक्ष्य, उदेश्य रणनीति तथा कार्यनीति | १३५ |
| ७.३.१ सोच | १३५ |
| ७.३.२ लक्ष्य | १३६ |
| ७.३.३ उद्देश्य | १३६ |
| ७.३.४ रणनीति तथा कार्यनीति | १३६ |

७.४ अपेक्षित उपलब्धि तथा नतिजा तालिका १४२

७.५ विषय क्षेत्रगत प्रमुख रणनीतिक कार्यक्रमहरू १५३

७.६ आयोजना तथा कार्यक्रमको स्थानगत विवरण १५८

७.७ आयोजना तथा कार्यक्रमको साँकेतीकरण १५४

**परिच्छेद आठ : संस्थागत विकास तथा सुशासन १६१-१९२**

८.१ पृष्ठभूमी १६१

८.२ संस्थागत विकास तथा सुशासन क्षेत्रको सम्भावना, अवसर, समस्या र चुनौती १६१

८.२.१ स्थानीय नीति तथा कानुन १६१

८.२.२ संस्थागत तथा मानव संशाधन विकास १६३

८.२.३ स्थानीय वित्त तथा स्रोत परिचालन १६४

८.२.४ योजना व्यवस्थापन १६५

८.३ सोच, लक्ष्य, उदेश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम १६६

८.३.१ सोच १६६

८.३.२ लक्ष्य १६६

८.३.३ उद्देश्य १६६

८.३.४ विषयगत रणनीति तथा कार्यनीति १६४

८.४ अपेक्षित उपलब्धि तथा नतिजा खाँका १७२

८.५ सुशासन र संस्थागत विकास क्षेत्रका कार्यक्रम तथा आयोजना १८३

८.६ आयोजना तथा कार्यक्रमको स्थानगत विवरण १८६

८.७ कार्यक्रम तथा आयोजनाको सांकेतीकरण
१९०

**परिच्छेद नौ : कार्यान्वयन योजना १९३-२०७**

९.१ वित्तिय व्यवस्थापन योजना १९३

९.२ विषयक्षेत्र अनुसार प्रस्तावित बजेट १९५

९.३ श्रोत परिचालन रणनीति २०४

९.४ आवधिक योजना कार्यान्वयन २०४

९.५ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना २०५

९.६ अनुगमन तथा मूल्याङ्न योजना २०६

९.६.१ वर्तमान अवस्था २०७

९.६.२ अनुगमन तथा मूल्याङ्न विधि तथा प्रक्रिया २०७

**अनुसूचीहरु** **२०८–२४८**

## तालिका सूची


| तालिका नं. | पृष्ठ संख्या |
|---|---|
| तालिका १: प्रथम आवधिक योजनाको लक्ष्य र उपलब्धि | ८ |
| तालिका २: उर्लाबारी नगरपालिकाको वडा विभाजन | १७ |
| तालिका ३ : वडागत जनसंख्या विवरण | १८ |
| तालिका ४ : जातिय आधारमा जनसंख्या | १९ |
| तालिका ५ : दीर्घकालीन सोचका आधार स्तम्भ | २४ |
| तालिका ६ : प्रमुख परिमाणात्मक लक्ष्य | ३० |
| तालिका ७ : नगरपालिका गौरवका आयोजनाहरू | ३२ |
| तालिका ८ : आर्थिक विकास क्षेत्रका रणनीति तथा कार्यनीति | ३९ |
| तालिका ९ : आर्थिक विकास क्षेत्रको नतिजा खाका | ४६ |
| तालिका १० : आर्थिक विकास क्षेत्रको रणनीतिक कार्यक्रम तथा आयोजना | ५२ |
| तालिका ११: आर्थिक विकास क्षेत्रका रणनीतिक कार्यक्रम तथा आयोजनाको सांकेतीकरण | ५८ |
| तालिका १२ : सामाजिक विकास क्षेत्रका रणनीति तथा कार्यनीतिहरू | ६८ |
| तालिका १३ : सामाजिक विकास क्षेत्रको नतिजाखाका | ७७ |
| तालिका १४ : सामाजिक विकास क्षेत्रका प्रमुख कार्यक्रम तथा आयोजना | ८७ |
| तालिका १५ : सामाजिक विकास क्षेत्रका कार्यक्रमको स्थानगत विवरण | ९२ |
| तालिका १६ : सामाजिक विकास क्षेत्रतर्फको कार्यक्रम तथा आयोजनाको सांकेतीकरण | ९८ |
| तालिका १७ : पूर्वाधार विकास क्षेत्रको रणनीति तथा कार्यनीति | १०७ |
| तालिका १८ : पूर्वाधार क्षेत्रको नतिजा खाका | ११४ |
| तालिका १९ : पूर्वाधारक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरू | ११८ |
| तालिका २० : प्रमुख कार्यक्रम तथा आयोजनाको स्थानगत विवरण | १२१ |
| तालिका २१ : पुर्वाधार क्षेत्रतर्फको कार्यक्रम तथा आयोजनाको सांकेतीकरण | १२४ |
| तालिका २२ : वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको रणनीति तथा कार्यनीति | १३२ |

तालिका २३ : वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको नतिजा खाका १४०
तालिका २४ : वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रका प्रमुख कार्यक्रमहरू १४९
तालिका २५ : वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रका आयोजना तथा कार्यक्रमको स्थानगत विवरण १५२
तालिका २६ : वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रका आयोजना तथा कार्यक्रमको सांकेतिकरण १५४
तालिका २७ : सुशासन तथा संस्थागत विकास क्षेत्रका रणनीति तथा कार्यनीति १६३
तालिका २८ : संस्थागत तथा सुशासन क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका १७०
तालिका २९ : सुशासन तथा संस्थागत विकास क्षेत्रका योजना तथा कार्यक्रम १७८
तालिका ३० : सुशासन तथा संस्थागत क्षेत्रका कार्यक्रम तथा आयोजनाको स्थानगत विवरण १८२
तालिका ३१ : सुशासन तथा संस्थागत विकास क्षेत्रको कार्यक्रम तथा आयोजनाको सांकेतीकरण १८५
तालिका ३२ : प्रक्षेपण गरिएको वजेट (रु. हजारमा) १८८
तालिका ३३ : बजेट खाकाको सारंश १९६
तालिका ३४ : विषयक्षेत्र अनुसार कुल प्रस्तावित लागत १९७
तालिका ३५ : आवधिक योजनाको अनुगमन तथा मूल्यांकन प्रक्रिया २०२

# परिच्छेद एक
# परिचय

## १.१ पृष्ठभूमि

कुनै एक निश्चित अवधिभित्र परिणाम प्राप्त हुने गरी विकासका लागि गरिएको तार्किक तथा व्यवस्थित र सिलसिलावद्ध मार्गदर्शन नै आवधिक विकास योजना हो। योजनाबद्ध आर्थिक विकासको सुरुवात गर्ने पहिलो राष्ट्र रुस हो। रुसले सन् १९२८ मा योजनावद्ध विकासको सुरुवात गरेको हो। नेपालमा विकासको इतिहास हेर्ने भने वि.सं २०१३ सालमा प्रथम पञ्चवर्षीय योजना बनाइ योजनाबद्ध विकासको थालनी भएको हो। हालसम्म १५ वटा आवधिक योजना कार्यान्वयनमा आएका छन् भने **सुशासन, सामाजिक न्याय र समृद्धि**को सोचसहित सोह्रौं पञ्चवर्षीय आवधिक योजना (२०८१/०८२-२०८५/०८६) को अवधारणा पत्र तयार भएको छ।

संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकार रहने व्यवस्था गरेको छ र तीनवटै तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने परिकल्पना समेत गरेको छ। स्थानीय तहको अधिकार तथा जिम्मेवारीलाई संघीय ऐनका रुपमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४ ले थप स्पष्ट पारेको छ। नेपालको संविधान तथा अन्य कानुनी व्यवस्थाले स्थानीय सरकारका रुपमा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक, मध्यकालीन तथा दीर्घकालीन विकास योजना तर्जुमा तथा कार्यान्वयन गर्ने महत्वपूर्ण जिम्मेवारी प्रदान गरेको छ। यसको सफल कार्यान्वयनका लागि त्यस्ता योजनाहरुको समय सापेक्ष समीक्षा तथा परिमार्जन गर्दै लैजानु पर्दछ।

उर्लाबारी नगरपालिकाको पहिलो पटक तर्जुमा गरेको आवधिक विकास योजना (२०७९/०८०-२०८३/०८४) तर्जुमा गरेको छ। योजना तर्जुमाका क्रममा नेपालले लिएको दिगो विकास लक्ष्य, पन्ध्रौं राष्ट्रिय योजना तथा कोशी प्रदेशको प्रथम आवधिक योजनाले परिलक्षित गरेको दिशा उन्मुख हुनेगरी तालमेल मिलाइएको छ। समय क्रमसँगै पन्ध्रौं राष्ट्रिय योजनाको कार्यान्वयन भइ सोह्रौं योजनाको अधारपत्र पनि जारि भइसकेको अवस्थामा यस आवधिक योजनाको समीक्षा तथा परिमार्जन मार्फत मात्र नगरपालिकाको आवधिक विकास योजनाको लिएका दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, बिषय क्षेत्रगत उद्देश्य, रणनीति, कार्यनीति एवम् प्रमुख कार्यक्रमहरु पुरा गर्न सकिने भएकाले आवधिक विकास योजना (२०७९/०८०-२०८३/०८४) को समीक्षा तथा परिमार्जन गरिएको छ।

प्रथम आवधिक योजना समीक्षा तथा परिमार्जनको क्रममा उर्लाबारी नगर कार्यपालिकाका पदाधिकारी, विषयगत समितिका पदाधिकारी, प्रमुख प्रशासकीय अधिकृत, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, शाखा प्रमुखहरु तथा कर्मचारीहरु र विकासका सरोकारवालाहरु रहेको कार्यशालामा नगरपालिकाको वर्तमान अवस्थालाई विश्लेषण गरिएको थियो। वस्तुगत र यथार्थपरक सूचनाको लागि वडा स्तरमा छलफल गरी संभावना, अवसर, समस्या र चुनौति विश्लेषण गरिएको थियो। यसका साथै विश्लेषणबाट आवधिक विकास योजनाको दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, बिषय क्षेत्रगत उद्देश्य, रणनीति, कार्यनीति एवम् प्रमुख कार्यक्रमहरु र आवश्यक श्रोत प्रक्षेपण सहितका प्रक्रियाबाट यो योजनाको समीक्षा तथा परिमर्जान गरिएको छ। स्थानीय जानकार व्यक्ति, नगरपालिका विकासका सरोकारवाला लगायत विषय विज्ञहरुको रायसमेतका आधारमा यस योजनाको समीक्षा तथा परिमार्जन गरिएको छ।

## १.२ आवधिक योजना समीक्षाको उद्देश्य

उर्लाबारी नगरपालिकाको विकास तथा समृद्धिका लागि विषय क्षेत्रगत रुपमा तयार भएको पञ्चवर्षिय आवधिक योजनाको समीक्षा तथा परिमार्जन गरी आगामी वर्षहरुको लागि प्रवाभकारी योजना तथा कार्यक्रमहरु प्रस्तुत गर्नु यसको मुख्य उद्देश्य हो। आवधिक विकास योजना समीक्षा तथा परिमार्जनका विशिष्ट उद्देश्यहरु देहायअनुसार रहेका छन्।

- दीर्घकालिन सोच उन्मुख रही समष्टिगत लक्ष्य, रणनीतिक कार्यक्रम तथा बजेट अनुमान सहितको विकासको रणनीतिक दस्तावेज तयार गर्नु,
- नगरपालिकाका विकास साझेदार तथा सरोकारवालाहरुको सहभागितामा नगरपालिकाको एकीकृत, नतिजामुलक र योजनाबद्ध विकासको समीक्षा सहितको मार्गचित्र तयार गर्नु,
- विषय क्षेत्रगत रणनीतिक योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेट तथा कार्यक्रम तयारी कार्यलाई निर्देशित गर्नु,
- आवधिक योजनाको कार्यान्वयनका लागि बाँकी समयका कार्यक्रमहरु कार्यान्वयन, अनुगमन र समीक्षा सूचकहरुको खाका तयार पार्नु,
- अन्य तहको सरकार, विकास साझेदार, समुदाय, सहकारी तथा निजी क्षेत्रको लगानी प्रवर्धनका लागि मार्ग प्रशस्त गर्नु।
- आवधिक योजनालाई सोह्रौं योजनाको अधारपत्र, रास्ट्रिय जनगणना २०७८ को प्रतिवेदन र उर्लाबारी नगरपालिकाले लिएको वर्तमान विकास नीति सापेक्ष तुल्याई समसामयिक बनाउनु।

## १.३ आवधिक विकास योजना समीक्षा तथा परिमर्जान विधि तथा प्रक्रिया

यस नगरपालिकाको विस्तृत स्वरुपको आवधिक विकास योजना देहायको विधि तथा प्रक्रिया अनुसार तर्जुमा गरिएको छ :

### १.३.१ योजना तयारी कार्याशाला गोष्ठी

आवधिक योजनाको समीक्षा तथा परिमार्जन गर्ने नगरपालिकाको निर्णय बमोजिम नगरपालिकाको आयोजनामा नगरपालिकाका पदाधिकारीहरु, कर्मचारीहरु, राजनैतिक दलका प्रतिनिधिहरु तथा स्थानीय सरोकारवालाहरु समेतको सहभागितामा मिति २०८० साल पौष २४ गते आवधिक योजना समीक्षा सम्बन्धी नगरपालिकामा छलफल गरी २०८० साल पौष २५ गतेवाट चैत २७ गते सम्ममा नौ वटै वडामा कार्यशाला  तथा वडा स्तरीय छलफल सम्पन्न गरी योजना तर्जुमा कार्य अगाडि बढाइयो।

### १.३.२ आधाररेखा सूचना तथा वस्तुस्थिति विश्लेषण

आवधिक योजना समीक्षा कार्यमा सघाउने महत्वपूर्ण सूचनाको आधारको रुपमा वस्तुगत विवरणमा उल्लेखित नगरपालिकाको भौगोलिक तथा भौतिक अवस्थिति, जनसांख्यिक, आर्थिक, सामाजिक, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास तथा सुशासनको अवस्था सहित विषयगत वस्तुस्थिति विवरणको विश्लेषण एवम् सहभागितामूलक छलफल गरिएको छ।

आवधिक योजना समीक्षा तथा परिमार्जनका क्रममा नगरपालिकाको विगतका वर्षमा हाँसिल भएका विकासका उपलब्धिको समीक्षा, विद्यमान वस्तुगत अवस्थाको विश्लेषण तथा आधार सूचना तयारीका लागि द्बितीय तथा प्राथमिक स्रोतको उपयोग गरिएको थियो। द्बितीय स्रोतका रूपमा उर्लाबारी नगरपालिकाको आवधिक योजना (२०७९/०८०-२०८३/०८४), उर्लाबारी नगरपालिकाको वस्तुगत विवरण, राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन, केन्द्रिय तथ्याङ्क विभाग लगायत नेपाल सरकार र कोशी प्रदेश सरकार तथा सम्वन्धित मन्त्रालयका प्रतिवेदन तथा दस्तावेज र विषयगत शाखा/उपशाखा/एकाइहरूका तथ्याङ्क उपयोग गरी सोही आधारमा वस्तुस्थिति विवरण प्राप्त गरियो। समूह छलफल तथा जानकार व्यक्ति जस्ता प्राथमिक स्रोतबाट तथ्याङ्क प्राप्त गरिएको थियो। यसरी उपलव्ध तथ्याङ्क तथा विवरणको विश्लेषण गरी विकासको विद्यमान स्थिति तथा उपलब्धिको समीक्षा गर्दै आवधिक योजनाको समीक्षा तथा परिमार्जनका लागि आधाररेखा सूचना विवरण तयार गरिएको थियो।नगरपालिकाका ९ वटै वडामा वडागत छलफल गरी वडा स्तरको अवस्था विस्लेषण र वडा स्तरीय समस्याको अवलोकन तथा पहिचान गरी सूचना संकलन गरिएको छ।

### १.३.३ दीर्घकालीन सोच निर्धारण तथा स्थिति विश्लेषण कार्यशाला गोष्ठी

नगरपालिकाको आयोजनामा वडा स्तरीय सुचना संकलन तथा अभिलेखको विश्लेषण पस्चात २०८० साल जेठ ६ गते आवधिक योजना समीक्षा चरण अन्तर्गत दीर्घकालीन सोच निर्धारण तथा स्थिति

विश्लेषण कार्यशाला गोष्ठी आयोजना गरिएको थियो। कार्यशाला गोष्ठीले बिद्यमान संभावना र अवसर, समस्या एवम् चुनौति तथा रणनीतिक रुपमा चाल्नु पर्ने कदमहरुको वस्तुपरक विश्लेषणको आधारमा नगरपालिकाको समग्र बिकासको दीर्घकालीन सोच निर्धारण गरिएको थियो।

### १.३.४ आवधिक विकास योजना समीक्षा तथा परिमार्जन कार्यशाला गोष्ठी

नगरपालिकाको आयोजना तथा पाथिभरा अनुसन्धान सेवा एवम् परामर्श सेवाको टोलीको सहजीकरणमा २०८० साल पौष २५ गते बाट चैत २७ गतेसम्म गते आवधिक योजना समीक्षाका लागि वडा स्तरमा विस्तृत छलफल गोष्ठीको आयोजना गरिएको थियो। त्यस्तै वडा स्तरीय सुचना विश्लेषण पश्चात २०८० साल जेठ ६ गते नगरपालिकामा आयोजित गोष्ठीमा नगरपालिका विकासको लागि योजनामा निर्धारित दीर्घकालिन सोच (Vision) मा आधारित भई आवधिक योजनाको नतिजा तालिका (Result Metrix) लक्ष्य (Goal) ध्येय (Mission) उद्देश्य (Objectives) तथा रणनीति (Strategies), विषय क्षेत्रगत संभावना तथा अवसर, समस्या तथा चूनौती र अवलम्बन गर्नु पर्ने विषय क्षेत्रगत रणनीति तय गर्ने कार्य सम्पन्न गरिएको थियो। गोष्ठीमा नगर कार्यपालिकाका पदाधिकारी, विषयगत योजना समितिका पदाधिकारी, विषयगत शाखा र सेवा केन्द्र तथा इकाईका प्रमुख तथा सम्बन्धित कर्मचारी, नगरपालिका क्रियाशिलत गैसस, समुदायमा आधारित संस्था तथा स्थानीय विषय क्षेत्र विज्ञ, अगुवा, लक्षित वर्ग समुदाय तथा स्थानीय राजनीतिक दलका प्रतिनिधि र समाजसेवीको उपस्थिति रहेको थियो। गोष्ठीमा वस्तुस्थिति विवरण, आधार सूचना तथा विषयगत वस्तुस्थिति विश्लेषण कार्यशालाबाट प्राप्त विवरणको आधारमा योजनाको आगामी नतिजा तालिका, नतिजा श्रृंखला तथा सूचक, आधाररेखा सूचना, भौतिक लक्ष्य, पुष्टयाइका आधार, कार्यान्वयन योजना, अपेक्षित नतिजा हासिल गर्न आवश्यक नविन तथा प्रमुख आयोजना कार्यक्रम, भौतिक लक्ष्य, आवश्यक स्रोत अनुमान र स्थानगत तथा कार्यक्रमको विवरण, विषय क्षेत्रगत अपेक्षित प्रतिफल हासिल गर्न अवलम्बन गर्ने कार्यनीति तर्जुमा गरियो।

यसका साथै कार्यशालामा आवधिक योजनाको अवधिमा नगरपालिकाको आन्तरिक स्रोत, राजस्व बाँडफाँटबाट प्राप्त राजस्व, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान समेत अन्य विभिन्न स्रोतबाट प्राप्त विगतको स्रोतको आधारमा आगामी ३ बर्षको उपलव्ध हुन सक्ने श्रोत समेत अनुमान तथा प्रक्षेपण गरियो।

योजनाको वित्तीय विश्लेषणमा जनसमुदाय, निजी क्षेत्र, गैसस तथा समुदायिक संस्था, संघ तथा प्रदेश सरकारबाट सिधै कार्यान्वयन हुने आयोजना तथा कार्यक्रममा हुने लगानी समेत विश्लेषण गरी अपुग श्रोत परिचालन रणनीति समेत तय गरिएको छ। साथै कार्यशालामा योजनाको नतिजा खाँकामा आधारित भई प्रस्तावित प्रमुख आयोजनाको प्रक्रिया अनुगमन, प्रतिफल, असर तथा प्रभावको नतिजा अनुगमन तथा लेखाजोखाको खाका समेत प्रस्तुत तथा छलफल गरिएको थियो।

### १.३.५ योजना समीक्षा तथा परिमार्जन दस्तावेज तयारी

आवधिक योजनाको समीक्षाका क्रममा विभिन्न चरणहरुबाट प्राप्त विवरण, सुझाव एवम् निश्कर्षका आधारमा आवधिक योजना समीक्षा दस्तावेजको मस्यौदा तयार गरिएको छ। योजना दस्तावेजलाई मुख्य ९ परिच्छेदमा विभाजन गरिएको छ जसअनुसार योजनाको परिचय, नगरपालिकाको वस्तुस्थिति विश्लेषण, दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य, आर्थिक विकास योजना, सामाजिक विकास योजना, पूर्वाधार विकास योजना, वन तथा वातावरण योजना, विपद् व्यवस्थापन योजना, सुशासन तथा संस्थागत विकास योजना, रहेका छन्। आवधिक योजनाको समीक्षाको प्रारम्भिक लेखन विभिन्न सरोकारवाला समितिहरुबाट भएको र त्यस प्रारुपलाई योजनाविद् तथा विषयविज्ञहरुको सुझाब लिई योजना तर्जुमा प्राविधिक सहयोग टोलीद्धारा आवधिक योजना दस्तावेज परिमार्जन गरिनुका साथै स्थानीय तहका अधिकार क्षेत्रका प्रायः सवै विषय एवम् प्राविधिक पक्षहरुलाई तर्कपूर्ण एवम् वस्तुनिस्ठ ढंगबाट प्रस्तुत गरी आवधिक योजनाको समीक्षा मस्यौदा दस्तावेज तयार गरिएको छ।

### १.३.६ मस्यौदा प्रस्तुती तथा सुझाव संकलन कार्यशाला तथा अन्तिम दस्तावेज तयारी

स्थानीय तहको आवधिक योजना तर्जुमा दिग्दर्शन, योजनाको स्तरीय ढाँचा, सहभागितामूलक कार्यशाला, विषयविज्ञको सुझाब र परामर्शका आधारमा तयार योजनाको मस्यौदा दस्तावेजलाई नगरपालिकाका पदाधिकारी, कर्मचारी र सरोकारवाला माझ २०८० साल जेठ १५ गते कार्यशालाको आयोजना गरी प्रस्तुती, छलफल तथा सुझाव प्राप्त गरियो। कार्यशालामा प्रस्तुती, विषय क्षेत्र समूह तथा वृहत समूह छलफल र परामर्श गरी आवधिक योजनालाई पूर्ण बनाउन आवयक सुझाव प्राप्त गरियो। कार्यशाला तथा सरोकारवालाबाट प्राप्त सुझाब तथा पृष्ठपोषणलाई समावेश गरी नगरपालिकाको आवधिक विकास योजनाको समीक्षा दस्तावेजलाई अन्तिम रुप प्रदान गरिएको छ।

## १.४ आवधिक योजना समीक्षाको सीमा

आवधिक विकास योजना समीक्षा क्रममा श्रोत, साधन, क्षमता तथा समयावधीसँग सम्वन्धित सीमा तथा परिसीमा  रहेका छन्। यस सम्बन्धी विवरणलाई देहायअनुसार प्रस्तुत गरिएको छः

**श्रोत, साधन तथा जनसक्ति** : नगरपालिकाको आवधिक विकास योजनाको समीक्षा तथा परिमार्जनका लागि वार्षिक बजेट तथा कार्यक्रममा विनियोजन भएको श्रोत, सूचना तथा तथ्याङ्क र नगर कार्यपालिका कार्यालयमा रहेको योजना समीक्षासँग सम्बन्धित जानकारी तथा विज्ञतालाई यथासम्भव प्रभावकारी हुने गरी परिचालन गरिएको छ। तयारीका क्रममा वस्ति तथा वडा तहबाट बृहत छलफलको तथा नगरपालिकास्तरमा सञ्चालित बृहत सहभागितामूलक छलफलको आधारमा योजनाहरु तयार गरिएको छ। यस आवधिक विकास योजनाको बाँकी समय र योजनाहरु कार्यान्वयन सफलताका लागि श्रोत, साधन तथा जनशक्ति र परिचालनको विद्यमान क्षमतामा सुधार हुने अपेक्षा रहेको छ।

- **ढाँचा, विधि तथा प्रकृया** : नगर कार्यपालिकाको कार्यालयसँग सहमति, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, विगतका सफल अभ्यास तथा विज्ञका सुझाबका आधारमा योजना तर्जुमा कार्यशालाले स्थानीय वस्तुस्थिति बमोजिम तय गरेको ढाँचा, विधि तथा प्रकृयाको उपयोग गरिएको थियो। यस क्रममा उपलव्ध साधन, श्रोत, तथा समयावधी दृष्टिगत गरी आवधिक विकास योजना समीक्षाको सहज कार्ययोजना तय गरिएको थियो।
- **सूचना तथा तथ्याङ्कः** आवधिक विकास योजनाको समीक्षाका क्रममा गरिने वस्तुस्थिति बिश्लेषणको लागि आवश्यक आधार तथ्याङ्क तथा सूचना श्रोतको रुपमा नगर स्थितिपत्र (प्रोफाईल) तथा राष्ट्रिय जनगणना २०७८ र कृषि गणना २०७८, तथा पालिकाका विषयगत शाखाबाट प्राप्त सूचनालाई लिइएको छ। घरधुरी तहको हकमा जनगणनाबाट प्राप्त तथ्याङ्क, वडातह र संस्थागत क्षेत्रबाट प्राप्त तथ्याङ्क सूचनालाई नै आधार बनाउने अधिकतम प्रयास गरिएको छ। बिषय क्षेत्रगत तथ्याङ्क तथा सूचनामा कुनै द्विविधा उत्पन्न भएको अवस्थामा कार्यशालाको क्रममा नै सहभागितामूलक छलफलबाट सहमति बनाई सोही आधारमा विश्लेषण गरिएको छ।
- **योजना तथा कार्यक्रम** : यस आवधिक योजना समीक्षा गरिएको रणनीतिक र मार्गदर्शक योजनाको खाका मात्र भएकोले नगरपालिकाको वस्तुस्थिति विश्लेषणको आधारमा दीर्घकालीन सोच, आवधिक लक्ष्य, बिषयगत क्षेत्र, उद्देश्य, रणनीति, प्राथमिकता क्षेत्र निर्धारणको आधारमा रणनीतिक कार्यक्रमहरुको तर्जुमामा मात्र केन्द्रित छ। प्रचलित कानुन बमोजिम स्थानीय तहको योजना समीक्षा तथा परिमार्जन गर्दा सहभागितामूलक वार्षिक योजना तर्जुमा पद्धतिबाट कार्यक्रम छनौट गर्नुपर्ने व्यवस्थालाई रणनीतिक ढंगबाट निर्देशित गर्ने दस्तावेजको रुपमा रहने हुनाले समुदाय तथा वडास्तरका कार्यक्रमले समेटिनु पर्ने क्रियाकलाप तहका परियोजनाहरु समावेश गरिएको छैन।
- **लागत तथा लगानी पूर्वानुमानः** विगतका अभ्यास, नगर कार्यपालिकाका कार्यालयका प्राविधिक कर्मचारी तथा योजना समीक्षा कार्यमा संलग्न प्राविधिक सहयोग टोलीका सम्बन्धित विषय विज्ञका सुझाबका आधारमा अनुमानित लागत तथा लगानीको पूर्वानुमान गरिएको छ। नगरपालिका क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था, सामुदायिक संघ-संस्था र निजी क्षेत्रका कार्यक्रमहरू नगरसभाबाट पारित गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था भएतापनि यो अभ्यास पूर्ण रुपमा कार्यान्वयनमा आइसकेको अवस्था नहुँदा गैर सरकारी तथा अन्य क्षेत्रबाट हुने क्रियाकलाप तथा लगानी समावेश गरिएको छैन। यस योजनाको सफल कार्यान्वयन विद्यमान संघीय तथा प्रादेशिक अनुदानको आनुपातिक बृद्धि, संघ तथा प्रदेश सरकार, निजी क्षेत्र तथा स्थानीय समुदाय र विकास साझेदार संस्थाको लागत साझेदारीको विद्यमान अवस्थामा भएको अपेक्षित सुधारमा निर्भर रहनेछ।

## १.५ प्रथम आवधिक योजनाको समीक्षा

उर्लावारी नगरपालिकाले आर्थिक वर्ष २०७९/८० देखि २०८३/०८४ सम्मका लागि प्रथम आवधिक विकास योजना तर्जुमा गरी लागू गरेको सन्दर्भमा आर्थिक वर्ष २०७९/०८० र २०८०/०८१ सम्ममा आवधिक विकास योजनाले लिएका क्षेत्र/उपक्षेत्रगत लक्ष्य के कति पूरा भयो वा भएन भनि उपलाव्धिको समीक्षा गरी आवधिक विकास योजनालाई परिमार्जन गर्न सान्दर्भिक हुन आउँछ ।आवधिक विकास योजना लागू भई सकेपछि राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन सार्वजनिक भएकोले सो अनुसार आवधिक विकास योजनाले लिएका लक्ष्य, नीति, रणनीति तथा कार्यक्रम परिमार्जन गर्नुपर्ने तथा विगत करिव २ आर्थिक वर्षको कार्यान्वयनको अनुभवका आधारमा आवाधिक विकास योजनालाई समय सान्दर्भिक र अद्यावधिक गर्नुपर्ने तथा मध्यमकालीन खर्च संरचना (MTEF) र वार्षिक योजनासंग आवधिक योजनाको तादात्म्यता कायम आवस्यक भएको सन्दर्भमा आवधिक योजना परिमार्जनको आवस्यकता भएको हो। परिमार्जनका सिलसिलामा हुने समीक्षाका लागि आवधिक योजनामा स्पष्ट लक्ष्य, नीति, रणनीति कार्यक्रम र वस्तुगत सूचक तथा स्पष्ट पुष्टयाइका आधारहरु उल्लेख हुन आवस्यक छ ।साथै आवधिक योजनाले निर्दिष्ट गरेको लक्ष्य, नीति, रणनीति, आयोजना र कार्यक्रम, मध्यमकालीन खर्च संरचना मार्फत वार्षिक कार्यक्रममा समावेश भई कार्यान्वयन भएको अवस्थामा मात्र आवधिक योजनाका सूचकसंग तुलनात्मक विश्लेषण गरी उपलब्धिको आंकलन गर्न सकिन्छ ।

आवधिक योजनामा अधिकांश क्षेत्रगत लक्ष्य तथा उपलव्धिहरु तथ्यांकगत रूपमा नभई ब्याख्यात्मक रुपमा उल्लेख भएका तथा आवधिक योजना र वार्षिक योजनामा समावेश भएका आयोजना र कार्यक्रम वीच तादात्म्यता एकिन गर्न सकिने अवस्था नभएको हुदा अधिकांश क्षेत्रगत तथा उपक्षेत्रगत लक्ष्यहरुको उपलव्धि मूल्यांकन तथ्यांकमा उल्लेख गर्न सकिने अवस्था रहेन। तथ्यांकगत सूचकको रूपमा उल्लेख भएका कतिपय लक्ष्यहरुमा पनि नगरपालिकासंग भरपर्दो अभिलेखको अभावका कारण उपलव्धिको तथ्यांकीय मापन उल्लेख गर्न सकिएको छैन।

यद्यपी आवधिक योजनामा उल्लेखित लक्ष्य, नीति, रणनीति, कार्यनीति र सो बमोजिमका कार्यक्रमहरुसंग वार्षिक योजनामा समावेश भएका सबै आयोजना र कार्यक्रमहरु पूर्णतः असान्दर्भिक नभएको हुँदा आर्थिक, भौतिक र वित्तीय उपलव्धि नभएको भने होइन। तथ्यांकगत रुपमा लक्ष्य किटान नभएका र वार्षिक योजनाले नसमेटेका लक्ष्य तथा कार्यक्रमहरुको हकमा भने तथ्यांकगत र र ब्याख्यात्मक रूपमा समेत उपलव्धिको समीक्षा गर्न नसकिएको हो । उर्लाबारी नगरपालिकाको प्रथम आवधिक विकास योजनामा

उल्लेखित लक्ष्य र उपलव्धिको तर्कबद्ध तालिका उल्लेखित आ.व. २०८०/०८१ को हालसम्मको उपलब्धीलाई तलको तालीकामा उल्लेख गरिएको छ।

**तालिका नं. १ : प्रथम आवधिक योजनाको लक्ष्य र उपलब्धि**

| क्षेत्रगत विवरण | आवधिक योजनाले लिएको लक्ष्य | आ .व. २०८०र०८१ को पहिलो चौमासिक सम्मको उपलब्धि | कैफियत |
|---|---|---|---|
| **कृषि सम्बन्धी तर्कबद्ध योजना** | कृषि क्षेत्रमा आ२०८३ .व ./०८४ सम्ममा थप ७५० रोजगारी थपिएको | तथ्यांक उपलव्ध नभएको। | |
| **वित्त विकास सम्बन्धी तर्कबद्ध योजना** | • आय वृद्धिका आधारमा बजेट वृद्धि भएको हुनेछ।<br>• आम्दानीको स्रोत पहिचान भएको हुनेछ।<br>• असुल हुन बाँकी असुल भएको हुनेछ।<br>• आय वृद्धिको लक्ष पूरा भएको हुनेछ ।<br>• महिना समाप्त भएको ७ दिनभित्र प्रतिवेदन तयार भएको हुनेछ ।<br>• आर्थिक वर्ष बितेको महिनाभित्र वार्षिक प्रतिवेदन तयार भएको हुनेछ ।<br>• जनशक्तिको विकास भएको हुनेछ ।<br>• खर्च निर्देशिका तथा Accounting Manual को कार्यान्वयन<br>• पेस्की नियन्त्रण भएको हुनेछ ।<br>• बजेटभन्दा बढी खर्च नभएको हुनेछ ।<br>• आलेप अधिकृतको नियुक्ति गरी तत्काल लेखापरीक्षणलाई प्रभावकारी<br>• वनाइने ।<br>• अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखा परीक्षण सम्पन्न भएको हुनेछ । | क्रमिक रुपमा सुधार भएको। | |

| | | | |
|---|---|---|---|
| **शिक्षा सम्बन्धी तर्कबद्ध योजना** | • २०७६ साक्षरता प्रतिशत ७८.६% रहेकोमा आ.व. २०८३/०८४ सम्ममा ९५% भएको हुनेछ।<br>• हरेक वडामा कम्तीमा एउटा प्रौढ कक्षा सञ्चालन भएको हुनेछ ।<br>• विद्यालय जाने उमेर भएर पनि नगइरहेकाको जनसङ्ख्या सबै विद्यालय गएका हुनेछ ।<br>• महिला सारक्षरता हाल ७५.६७% रहेकोमा आ.व. २०८३/०८४ सम्ममा १००% भएको हुनेछ।<br>• न.पा.मा सञ्चालित सबै सरकारी विद्यालयहरूको भौतिक स्तरोन्नति भएको हुनेछ।<br>• गरिब, पिछडिएको वर्ग र महिलाका लागि छात्रवृत्तिमा १०% ले वृद्धि भएको हुनेछ।<br>• निजी विद्यालयको सङ्ख्यामा वृद्धि भएको हुनेछ। | तथ्यांक नभएको। | |
| **स्वास्थ्य सम्बन्धी तर्कबद्ध योजना** | • कम्तिमा ५० सैयाको आधुनिक सेवा सुविधा सम्पन्न भएको अस्पताल सुचारु भएको हुनेछ।<br>• आ. व. २०८३/०८४ सम्ममा उर्लाबारी नगरपालिकाको स्वास्थ्य केन्द्रमा उपलब्ध सेवाको गुणस्तर बढाउँदै अन्य सेवाहरू समेत क्रमशः थपिँदै गएको हुनेछ<br>• स्वास्थ्य निकायमा प्रसूति गराउनेको सङ्ख्यालाई आ.व. २०८३/०८४ सम्ममा १००% पुगेको ।<br>• मातृ शिशु तथा बाल स्वास्थ्य सेवामा वृद्धि भएको हुनेछ। | तथ्यांकगत रुपमा नभएता पनि प्रगति भएको। | |

| | | | |
|---|---|---|---|
| **महिला तथा बालबालिका सम्बन्धी तर्कबद्ध योजना** | • हालको महिला साक्षरता आ.व. २०८३/०८४ सम्ममा ९०% भएको हुनेछ ।<br>• एस. इ. इ. सम्म उत्तीर्ण महिला जनसङ्ख्या आ.व. २०८३/०८४ सम्ममा हालको भन्दा २० प्रतिशतले बढेको हुनेछ।<br>• एस. इ. इ. भन्दा माथिको शैक्षिक योग्यता हासिल गरेको महिला जनसङ्ख्या आ.व. २०८३/०८४ सम्ममा हालको भन्दा १५% बढेको हुनेछ।<br>• स्नातक वा सो भन्दा बढी शैक्षिक योग्यता भएको महिला जनसङ्ख्या आ.व. २०८३/०८४ सम्ममा हाल १० प्रतिशतले बढेको हुनेछ।<br>• यस पालिकामा कार्यरत सरकारी कार्यालयहरू एवम् निजी क्षेत्रमा पुरुष महिलाको जनसङ्ख्या अनुपात (लैङ्गिक अनुपात) क्रमिक सुधार भएको हुनेछ।<br>• न. पा. को विकास बजेटको १५% महिला एवम् बालबालिकाको लागि खपत भएको<br>• बाल विकास केन्द्र दर्तामा मात्र सीमित नभई सुचारु रूपमा सञ्चालन भएको हुनेछ।<br>• सरकारी स्तरबाट हुने खोप कार्यक्रममा कुनै पनि बालबालिका नछुटेको हुनेछ।<br>• घरेलु कामदारको रूपमा बालबच्चाको सङ्ख्या हालका भन्दा आधा घटेको | तथ्यांकगत रुपमा नभएता पनि प्रगति भएको। | |

| | | | |
|---|---|---|---|
| | • हालको शिशु मृत्यु दरमा सुधार भएको हुनेछ। | | |
| **दलित एवम् सीमान्तकृत वर्ग सम्बन्धी तर्कबद्ध योजना** | • दलित साक्षरता वृद्धि भएको हुने ।<br>• एस. इ. इ. उत्तीर्ण दलित जनसङ्ख्या वृद्धि भएको हुनेछ।<br>• स्नातक तह पास गरेका दलित वृद्धि भएको हुनेछ।<br>• आ. व. २०८३/०८४ सम्ममा दलित समुदायबाट स्नातकोत्तर गर्ने वृद्धि भएको हुनेछ।<br>• विभेद अनुभव गरेका दलितको सङ्ख्या कम भएको हुनेछ।<br>• उल्लेख्य रूपमा दलितको प्रतिनिधित्व भएको हुनेछ।<br>• सामाजिक भेदभावमा कमी आएको हुनेछ।<br>• आर्थिक सामाजिक क्षेत्रमा दलित प्रतिनिधित्व बढेको हुनेछ।<br>• दलित वर्गमा शैक्षिक उन्नति भई हीनताबोध कम भएको हुनेछ। | सुधार भएको। | |
| **सामाजिक सुरक्षासम्बन्धी तर्कबद्ध योजना** | • जेष्ठ नागरिकको जीवनयापनमा थप सरलता आएको हुनेछ।<br>• अपाङ्गहरूलाई जीवनयापनको लागि सीपमूलक शिक्षा र रोजगारको अवसर तथा सामाजिक सम्मान प्राप्त भएको हुनेछ। | सुधार भएको। | |
| **जनजाति उत्थान सम्बन्धी तर्कबद्ध योजना** | • जनजातिहरूको संस्थागत विकास गरी स्थानीय भाषा, लिपि र संस्कृतिको संरक्षण र सम्बद्र्धन गर्दै सामाजिक, आर्थिक क्षेत्रमा सुधार आएको ल्याउने<br>• जनजातिहरूको सामाजिक, आर्थिक राजनैतिक एवम् शैक्षिक स्थितिको जानकारी प्राप्त भएको हुनेछ। | सुधार भएको। | |

| | | | |
|---|---|---|---|
| | • स्थानीय भाषा, लिपि र संस्कृतिको संरक्षण र सम्बद्र्धन भएको हुनेछ।<br>• जनजातिहरूको संस्थागत विकास भएको हुनेछ।<br>• जनजातिको ऐतिहासिक तथा पुरातात्विक स्थलहरूको अध्ययन, अनुसन्धान र संरक्षण भएको हुनेछ। | | |
| **भौतिक पूर्वाधार सम्वन्धि तर्कबद्ध योजना** | • सम्ममा विद्यमान सडकमध्ये १५० कि.मि. सडकको स्तरोन्नती भएको हुनेछ।<br>• वडा भेलामार्फत् आएका माग बमोजिम सडक खोलिएको हुनेछ।<br>• आ.व. ०८३/८४ सम्ममा नगरपालिकाको सम्पूर्ण वडा तथा टोलहरूमा खानेपानीको लाइन विस्तार र कम्तीमा ८० प्रतिशत नगरबासीलाई प्रत्यक्ष सेवा पुगेको हुनेछ।<br>• आ.व. ०८३/८४ सम्ममा सबै वडामा Land Line विस्तार भएको हुनेछ।<br>• बढ्दो मोबाइलको माग बमोजिम मोबाइल टावरका क्षमता बद्धि भएको हुनेछ।<br>• विद्युतको राष्ट्रिय प्रसारणको लाइन नपुगेका सम्पूर्ण टोल र बस्तीसम्म विस्तार भएको हुनेछ।<br>• मुख्य सडकहरूमा सडक बत्तीको व्यवस्था भएको हुनेछ।<br>• पुराना र जीर्ण अवश्थामा रहेका काठका पोलहरुलाई बिस्थापन गरिएको हुनेछ ।<br>•<br>• आ.व. ०८३/८४ सम्ममा मुख्य सडकहरूमा व्यवस्थित ढल, नालीको | तथ्यांकगत रुपमा नभएता पनि सुधार भएको। | |

| | | | |
|---|---|---|---|
| | निर्माण भएको हुनेछ।<br>• वातावरणको क्षेत्रमा ब्यापक रूपमा जनचेतना अभिवृद्धि भएको हुनेछ।<br>• वातावरणीय प्रभाव मूल्याङ्कन, अनुगमन एवम् परीक्षण गरिएका आयोजना सञ्चालन हुनेछ।<br>• फोहोर-मैला उत्पादनको न्यूनीकरण भएको हुनेछ।<br>• घरघरमा सुधारिएको चुलोको प्रयोग भएको हुनेछ।<br>• वैकल्पिक ऊर्जाको प्रयोगमा वृद्धि भई प्राकृतिक ऊर्जा (दाउरा, खाना पकाउने ग्याँस तथा मट्टितेल) को खपतमा कमी आएको हुनेछ। | | |
| **जोखिम व्यवस्थापन सम्वन्धि तर्कबद्ध योजना** | • प्राकृतिक प्रकोप मुख्य रुपमा नदीहरु जलाद, फुलहा, अमरीबाट हुने जनधनको क्षति र मानवीय असावधानी एवम् सामाजिक अपराधका कारण हुने जनधनको क्षति न्यूनीकरण भएको हुनेछ।<br>• प्राकृतिक विपत्तिबाट पिडित पक्षका लागि राहत पुगेको हुनेछ। | सुधार भएको। | |
| **सङ्गठन विकास योजनासम्बन्धी तर्कबद्ध योजना** | • नगरपालिकाले आवधिक योजनाको सफल कार्यान्वयन गरेको हुनेछ।<br>• मानवीय असावधानी एवम् दुर्घटना जनित घटनाहरू कम भएको हुनेछ। यथेष्ठ जनशक्ति नियुक्ति (ईञ्जिनियर, योजनाकार) भएको हुनेछ।<br>• धेरैजसो शाखा कम्प्युटराइज्ड भएको हुनेछ।<br>• छिटो सेवा प्रवाह र यथेष्ट भौतिक तथा आर्थिक स्रोतको व्यवस्था भएको हुनेछ। | सुधार भएको। | |

प्रथम आवधिक योजनाको करिव २ वर्षको समीक्षा गर्दा लक्ष्य, नीति, रणनीति तथा कार्यनीति परिमार्जन गरी सो अनुसार कार्यक्रम तर्जुमा गरी लक्ष्य समेत संशोधन र परिमार्जन गर्न आवश्यक देखिएकोले उर्लाबारी नगरपालिकामा भएका विभिन्न कार्यशाला, गोष्ठीहरु, समूहकार्य, वडा भेलाहरुबाट प्राप्त सुझाव र दस्तावेजहरुको अध्ययन स्थलगत अवलोकन राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८ तथा १६औं पन्च वर्षीय योजनाको आधारपत्र समेतका आधारमा आवाधिक विकास योजना परिमार्जन गरी आ.व. २०८१/०८२ देखि आ.व. २०८३/०८४ सम्मका लागि लक्ष्य, नीति, रणनीति, कार्यनीति, कार्यक्रम र उपलव्धिहरु निर्दिष्ट गरिएका छन्। सहभागितात्मक रुपले तर्जुमा भएका लक्ष्य तथा उपलव्धि हासिल गर्न निर्धारित गरिएका कार्यक्रमहरु मध्यमकालीन खर्च संरचना (MTEF) मार्फत प्रत्येक बार्षिक योजनामा समायोजन गरी कार्यान्वयन गर्न नगरपालिकाको जिम्मेवारीमा रहेको छ।

# परिच्छेद दुई
# उर्लाबारी नगरपालिकाको परिचय

## २.१ पृष्ठभूमी

मोरङ जिल्लाको सदरमुकाम विराटनगरबाट करिव ५५ किलोमिटर पूर्वोत्तर क्षेत्रमा अवस्थित उर्लाबारी नगरपालिकालाई नेपाल सरकारको मिति २०७१/०१/२५ गतेको निणर्यानुसार नगरपालिकाको रुपमा घोषणा भई तत्पश्चात नेपाल सरकारको मिति २०७३/११/२७ को पुर्नसंरचनाको निर्णयानुसार साविक उर्लाबारी नगरपालिकामा साविक राजघाट गा.वि.स र साविक मधुमल्ला गा.वि.स. को वडा ७, ८ र ९ समायोजन भई उर्लाबारी नगरपालिकाको रुपमा स्थापना भएको एक नगरपालिका हो। मोरङ जिल्लाको सुविधा सम्पन्न र समुन्नत नगर मध्ये एक रहेको यस नगरपालिकाको पूर्वमा झापा जिल्लाको दमक नगरपालिका, पश्चिम क्षेत्रमा पथरीशनिश्चरे नगरपालिका र लेटाङ नगरपालिका, उत्तरमा मिक्लाजुङ्ग गाउँपालिका र दक्षिणमा रतुवामाई नगरपालिकासँग सीमाना जोडिएको छ। यस नगरपालिकाको क्षेत्रफल ७४.६२ वर्ग कि.मि. रहेको छ। रास्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकामा ७०,९०८ जनसंख्या मध्ये ५३ प्रतिशत महिला र ४७ प्रतिशत पुरुष सहित १७,६५० घरधुरी रहेको छ। अधिकांश भू-भाग खेतियोग्य जमिन भएतापनि बढ्दो सहरीकरणले यस क्षेत्रको विकासमा व्यवस्थित योजना बनाई कार्य गर्नुपर्ने जरुरी भएको अवस्था छ। सन्थाल भाषाको दुई शब्दहरु उर्ला (बाघ) र वाडी (ठाउँ) अथवा बाघ बस्ने ठाउँको रुपमा परिचित पुरानो जंगल क्षेत्र क्रमिक रुपमा मानिसको बसोवास वृद्धिसँगै घना वस्तीयुक्त क्षेत्रको रुपमा विकसित भएको मान्न सकिन्छ। उर्लाबारी चौकदेखि उत्तर मधुमल्ला हुँदै पाँचथरको रविसम्म जाने बाटो एवं दक्षिणतर्फ सिधा सदरमुकाम पुग्ने बैकल्पिक सडक भएबाट पनि यसको विकासको संभावना प्रचुर मात्रामा देख्न पाइन्छ। बेतिनी सिमसार, बुढा ठाकुर, लामपाते सिमसार जस्ता पर्यटकीय क्षेत्रहरु रहेको हुँदा यसको प्रवर्द्धनमा नगरपालिका र स्थानीय स्तरमा गरिने पर्यटन विकासमा पनि यो नगरले अधिक मात्रामा संभावना बोकेको देखिन्छ।

## २.२ भौगोलिक अवस्थिति

मानचित्रमा उर्लाबारी नगरपालिकाको भौगोलिक अवस्थितिलाई हेर्दा २६.५५° देखि २६.७३° अक्षांश र ८७. ५७° देखि ८७. ६५° देशान्तरसम्म फैलेर रहेको छ। यस नगरपालिकाको क्षेत्रफल ७४.६२ बर्ग की.मि. रहेको छ। यो नगरपालिका समुन्द्री सतहबाट ११६ मि. देखि १६४ मि. उचाइमा रहेको छ। यस नगरपालिकाको पूर्वमा दमक नगरपालिका, पश्चिममा पथरीशनिश्चरे नगरपालिका र लेटाङ नगरपालिका, उत्तरमा मिक्लाजुङ्ग गाउँपालिका, दक्षिणमा रतुवामाई नगरपालिका रहेका छन्।




श्रोतः नगरपालिकाको बस्तुस्थिति विवरण, २०७६

## २.३ ऐतिहासिक चिनारी तथा नामाकरण

तत्कालिन मधुमल्ला गा.वि.स.को वडा नं. ५,९ र लेटाङ्ग गा.वि.स.को वडा नं. ७,८ र ९ को क्षेत्र मिलाई २०३५ सालमा उर्लाबारी गाउँ पञ्चायतको रुपमा स्थापना भएको यो उर्लाबारी नगरपालिका हाल मोरङ्ग जिल्लाको विराटनगर पछिको दोश्रो ठूलो सहरको रुपमा परिचित छ। सन्थाल भाषाको दुई शब्दहरु उर्ला (बाघ) र वाडी (ठाउँ) अथवा बाघ बस्ने ठाउँको रुपमा परिचित पुरानो जंगल क्षेत्र मानवीय बसोवासको वृद्धि तथा वन फडाँनी सँगै शाब्दिक परिवर्तन समेत सँग-सँगै हुदैजाँदा आधुनिक उर्लाबारी नगरीको रुपमा विकसित भई अहिले आफ्नो छुट्टै पहिचान स्थापित गर्दै एक सुन्दर नगरमा परिचित बनेको छ।

## २.४ राजनीतिक अवस्थिति

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको नमूना बमोजिम गठित नगरपालिका, गाउँपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३ पुस २२ मा पेश गरेको प्रतिवेदन अनुसार माननीय संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२७ मा देहाय बमोजिम प्रशासकिय हिसावमा यस नगरपालिका तत्कालिन मधुमल्ला, राजघाट र उर्लाबारी नगरपालिकाहरूलाई समेटेर निर्माण गरिएको हो । जुन वडागत रुपमा निम्न अनुसार रहेको छः

तालिका २ : उर्लाबारी नगरपालिकाको वडा विभाजन

| वडा | समावेश भएका साविक गा.वि.स. र न. पा. | साविक वडा नं. |
|---|---|---|
| १ | मधुमल्ला | ७,८ र ९ |
| २ | उर्लाबारी | ७, ८ र ९ |
| ३ | उर्लाबारी | ६ |
| ४ | उर्लाबारी | १ र ५ |
| ५ | उर्लाबारी | २ |
| ६ | उर्लाबारी | ३ |
| ७ | उर्लाबारी | ४ |
| ८ | राजघाट | १,२,३,४ र ९ |
| ९ | राजघाट | ५,६,७ र ८ |

श्रोतः उर्लाबारी नगरपालिकाको बस्तुस्थिति विवरण, २०७६

### २.५ प्राकृतिक सम्पदा

जिल्लाको मध्य तथा दक्षिणी भागमा पर्ने यस क्षेत्रमा घना जंगल र सिमसार क्षेत्र तथा वनहरु प्रशस्त मात्रामा छन्। उष्ण मनसुनी हावापानीको असर पर्ने यस क्षेत्रमा उत्तरतर्फ भन्दा तापक्रम बढी हुने गर्दछ। आधा दर्जन जति नदी नालाहरु रहेकोले पानीको श्रोत प्रशस्तै रहेको पाइन्छ। वेतनि सिमसार क्षेत्र, संग्रहालय तथा धिमाल जातिको संस्कृतिले यस नगरको आफ्नै विशिष्टता ओगटेको छ। जसमा अन्य विभिन्न सिमसार क्षेत्रहरुले यस नगरपालिकाको प्राकृतिक सन्दरतालाई टेवा पुर्याईरहेको छ।

### २.६ साँस्कृतिक विभिन्नता

देशका अन्य भागमा जस्तै यस नगरपालिकाका वासिन्दाहरुले पनि राष्ट्रिय चाडपर्वका साथै आफ्नो जाति र धर्म विशेषका चाडपर्वहरु र रीतिरिवाजहरु मान्दछन्। अन्यत्र जस्तै यहाँ पनि विभिन्न धर्मसँग आवद्ध व्यक्तिहरुले विशेष चाडपर्वहरु आ-आफ्नै ढंगबाट मनाउने गरेको पाइन्छ। परम्परागत रुपमा मनाइने चाडपर्वहरुमा दशै, तिहार, हरितालिका तिज, राम नवमी, शिवरात्री, फागुपुर्णिमा, नाग पञ्चमी, माघे सक्रान्ती, ग्याल्पो ल्होसार, होलि, चैते दशैं, जितिया, साउने सक्रान्ती, कृष्ण जन्माष्टमी, इद, कुर्वानी, बुद्धजयन्ती, साकेला/उभौली पर्व, बकर इद, असाढे पूजा, मिथुन संक्रान्ति, कृष्ण जन्माष्टमी, चौथी पर्व,

विश्वकर्मा पूजा, छठ तथा अन्य चाडपर्वहरु परम्परागत रुपमा मनाइन्छ। यहाँ धिमाल समुदायको आफ्नै भाषा रहनसहन भेषभूषा परम्परा र संस्कार रहेको छ।

### २.७ धार्मिक स्थलहरु

उर्लाबारी नगरपालिकामा रहेका धार्मिक, साँस्कृतिक तथा पर्यटकीय महत्वका स्थानहरुको रुपमा बुढा ठाकुर, सयङ्गच्छेक्लिङ्ग गुम्बा, नगेश्वोर शिवालय मन्दिर, बेथेल चर्च, दुर्गा देवी थान मन्दिर, सर्वेश्वोर शिवालय मन्दिर, राम जानकी मन्दिर, वराह वराही मन्दिर, कृष्ण मन्दिर, सत्यनारायण मन्दिर, महारुद्र शिव मन्दिर, किर्तेश्वोर मन्दिर, गुरु गोरखनाथ मन्दिर, सिंह देवि मन्दिर, जलेश्वर शिवालय मन्दिर, राधा कृष्ण मन्दिर, सूर्यनारायण मन्दिर, जलपा देवि मन्दिर सिद्ध वौद्ध गुम्बा, नेपाल बौद्ध गुम्बा, किराँत राई यायोख्या, साङ्के छेमोलिङ्ग गुम्बा, मगर गुम्बा झुम्ब्रा, तमु बौद्ध गुम्बा, शिद्धेश्वर शिव वावा धाम, आम्मा नन्द मिङसो माङहीम, धिमाल विकास केन्द्र, तामाङ्गहरुको गुम्बा, बौद्ध विहार, काली मन्दिर, सत्सङ्ग भवन, राधा कृष्ण मन्दिर, मस्जिद, चर्च, किराँत याक्थुङ्ग चुम्लुङ्ग आदि रहेका छन्।

## २.८ नगरपालिकाको जनसंख्याको बनौट

### क) वडागत जनसंख्या

२०७८ को जनगणनाको प्रतिवेदनका अनुसार १७६५० घरधुरी र ७०,९०८ जनसंख्या रहेको छ जसमा महिला ३७५८१ (५३ प्रतिशत) र पुरूष ३३३२६ (४७ प्रतिशत) रहेको छ। यस नगरपालिकाको वडागत जनसंख्याको तुलनात्मक विश्लेषण गर्दा सबैभन्दा धेरै जनसंख्या भएको वडा नं. ७ रहेको छ। वडागत जनसंख्या वितरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३ : वडागत जनसंख्या विवरण**

| वडा | पुरूष | महिला | जम्मा |
|---|---|---|---|
| १ | ४१६१ | ४६४३ | ८८०४ |
| २ | ३९५५ | ४४५८ | ८४१३ |
| ३ | ३४८६ | ३८१६ | ७३०२ |
| ४ | ४६२१ | ५१६९ | ९७९० |
| ५ | २५६६ | २९६९ | ५५३५ |
| ६ | २६४९ | ३०२१ | ५६७० |
| ७ | ५०६८ | ५६५१ | १०७१९ |

| | | | |
|---|---|---|---|
| ८ | ३६३९ | ४२१२ | ७८५१ |
| ९ | ३२११ | ३६१३ | ६८२४ |
| **जम्मा** | ३३३५६ | ३७५५२ | ७०९०८ |

**ख) जात तथा जनजाती**

जनगणना २०७८ अनुसार जातीय जनसंख्या हेर्दा जम्मा जनसंख्या ७०९०८ रहेकोमा सबैभन्दा धेरै छेत्री २३.५ प्रतिशत, ब्राह्मण (पहाडी) १८.२ प्रतिशत, लिम्बु ८.१ प्रतिशत, नेवार ७.२ प्रतिशत, धिमाल ६.६ प्रतिशत, तमाङ ५.५ प्रतिशत, राइ ५.२ बिश्वोकर्मा ४.९ प्रतिशत, परियार ३.४ प्रतिशत र मगर २.८ प्रतिशत रहेका छन। जातिय हिसाबले जनसंख्याको वितरण तालिका देहायबमोजिम रहेको छः

**तालिका ४ : जातिय आधारमा जनसंख्या**

| **जात जाती** | **जम्मा प्रतिशत** | **पुरूष प्रतिशत** | **महिला प्रतिशत** |
|---|---|---|---|
| छेत्री | २३.५ | २३.१ | २३.८ |
| ब्राह्मण (पहाड) | १८.२ | १८.४ | १८ |
| लिम्बु | ८.१ | ७.८ | ७.२ |
| नेवार | ७.२ | ७.१ | ७.२ |
| धिमाल | ६.६ | ६.६ | ६.६ |
| तामाङ | ५.५ | ५.३ | ५.६ |
| राइ | ५.२ | ५.१ | ५.२ |
| बिश्वोकर्मा | ४.९ | ४.९ | ४.८ |
| परियार | ३.४ | ३.१ | ३.६ |
| मगर | २.८ | २.८ | २.८ |

## ग) धर्म, संस्कृति तथा परम्परा

उर्लाबारी नगरपालिकाका जातजातिहरुले आ-आफ्नै धर्म कर्म मान्दै आएका छन्। बाहुन, क्षेत्री, कामी, दमाइ र सार्की समुदायले हिन्दु धर्म संस्कार अवलम्बन गर्दछन्। यहाँ लिम्बु समुदायले आफ्नै परम्परागत धर्म, संस्कृति र परम्परा मान्दै आएका छन्। पछिल्लो समयमा आएर लिम्बु समुदाय परम्परागत युमा साम्यो र किरात (सत्तेहाङ) धर्ममा विभक्त भएको देखिन्छ तर ईश्वर र अन्य मूलभूत कुरामा ठूलो भिन्नता देखिँदैन। तामाङ/शेर्पा समुदायको आफ्नै बौद्ध धर्म अनुसारको धार्मिक संस्कार, संस्कृति र परम्परा मान्दछन् भने पछिल्लो समयमा आएर यहाँका गुरुङ समुदायले क्रमशः बौद्ध धर्म संस्कार अवलम्बन गर्ने र आफ्नै लामा, गुम्बा विधिको प्रयोग गर्ने प्रचलन विकास भएको छ।अन्यत्र झैं केहीले ईशाई धर्मसंस्कार पनि अनुसरण गरेका छन्।

## घ) शिक्षा

२०७८ सालको जनगणना अनुसार उर्लाबारी नगरपालिकाको कुल जनसंख्याको ८४.८ प्रतिशत जनसंख्या साक्षर रहेको छ, जसमा पुरूषको साक्षरता दर ९०.३ र महिला साक्षरता ८० रहेको छ। यस नगरपालिकामा ९ वटा माध्यमिक विद्यालय १२ वटा आधारभूत विद्यालय, १ शिक्षा सदन आश्रम, ११ वटा बाल विकास केन्द्र र ३३ वटा निजि विद्यालयहरु रहेका छन्। नगरपालिकाभित्र उच्च शिक्षा आर्जन गर्नका लागि उर्लाबारी बहुमुखी क्याम्पस, मदन भण्डारी मेमोरिअल एकेडेमी, मोरङ मोडेल कलेज र नेपाल दर्शन कलेज रहेका छन्।

## ङ) स्वास्थ्य

यस नगरपालिकामा सरकारी अस्पताल १, स्वास्थ्य चौकी १, आधारभूत स्वास्थ्य केन्द्र ७, शहरी स्वास्थ्य केन्द्र १, गाउँघर क्लिनिक १ र २१ जना महिला स्वयंसेविकाले सेवा प्रदान गरिरहेका छन।साथै नीजि स्वास्थ्य संस्था तर्फ अस्पतालहरु ३ लगायत अन्य बिभिन्न स्वास्थ्य क्लिनिकहरुले सेवा पुर्याई रहेका छन् । स्वास्थ्य पूर्वाधार तर्फ मापदण्ड अनुसारको भवनको कमि रहेको छ। वडा नं. ९ मा स्वास्थ्य केन्द्रको भवनको घेराबारा गाउँघर क्लिनिक भवन बनाउनु पर्नेछ। नेपाल सरकारले प्रदान गर्ने ९८ प्रकारका औषधीका साथै नगरपालिकाले थप औषधी समेत निःशुल्क वितरण गरिरहेको छ। स्थानीय स्वास्थ्य संस्थामा सुत्केरी हुने गर्भवती महिला ५९ प्रतिशतको हाराहारीमा रहेको र प्रटोकल अनुसार ४ पटक गर्भ परीक्षण गर्ने गर्भवती महिला ६० प्रतिशत रहेको छ।

## च) खानेपानी तथा सरसफाई

नगरपालिकाले दिगो खानेपानी सञ्चालनका लागि कार्य गर्दै आएको छ। यस नगरपालिकामा खाने पानीको श्रोतकोमा धाराको पानी, ट्युवेल, वोरीङ र हेन्डपम्प रहेको छ। उर्लाबारी खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाले दीर्घकालिन व्यवसायिक योजना बनाई आ.ब. ०७४/०७५ मा प्रथम सहलगानी खानेपानी आयोजना र आ.ब. ०७९/०८० मा दोस्रो सह लगानी आयोजना पूरा गरी संस्थाको कार्यक्षेत्र भित्रका उपभोक्ताहरुलाई गुणस्तरिय खानेपानी वितरण गरिरहेको छ। उर्लाबारी नगरपालिकाले उर्लाबारी भित्र रहेको सम्पूर्ण खानेपानी उपभोक्ता समितिहरुलाई एकीकृत गरी सेवा सञ्चालन गर्न स्थानीय खानेपानी ऐन जारी गरी सबै खानेपानी उपभोक्ता समितिलाई एकीकरण गर्ने निर्णय अनुसार हाल मंगलबारे खानेपानी आयोजना यसै संस्था अन्तर्गत सञ्चालन भइरहेको तथा गुरु गोरक्षनाथ, राजघाट खानेपानी र लक्ष्मीकार खानेपानी आयोजना समेत यसै संस्था अन्तर्गत एकिकरण भई समग्र उर्लाबारी नगरपालिकाभित्र एकमात्र उर्लाबारी खानेपानी उपभोक्ता समितिको रुपमा एकीकृत सेवा सञ्चालनमा रहेको छ।

उर्लाबारी वडा नं. ४, ५, ६ र ७ मा पुराना पाइपलाइन विस्तार बाटोको एकतर्फ मात्र भएकोले दुवै तर्फ पाइपलाइन विस्तार गरी उपभोक्तालाई सहजताका साथ पानी वितरण गर्न संघीय सरकारसँग पहल गरी उल्लेखित वडाहरुमा पाइपलाइन सुधार विस्तार गर्ने कार्य भइरहेको छ। बृहत उर्लाबारी सहलगानी आयोजनाबाट उर्लाबारी वडा नं. ९ मा ४५० घनमिटरको १ थान टंकी, ४ थान बोरिङ, निर्माण कार्य निरन्तर भइरहेको छ भने वडा नं. ८ र ९ मा १०० कि.मि. पाइपलाइन विस्तारको काम सम्पन्न भइसकेको छ। सन् २०१३ देखि २०२७ सम्मको दीर्घकालिन व्यवसायिक योजना अनुसार सन् २०२७ सम्ममा शत प्रतिशत जनतालाई शुद्ध खानेपानी उपलब्ध गराउने लक्ष्य रहेको छ। नगरपालिका खुला दिसामुक्त क्षेत्र घोषणा भई सकेको अवस्थामा यस नगरपालिकामा फ्लस भएको सार्वजनिक ढल २.१ प्रतिशत, फ्लस भएको सेप्टिक ट्यांक ५४.२ प्रतिशत, साधारण शौचालय ४२.१ प्रतिशत, सार्वजनिक शौचालय ०.४ प्रतिशत र १.२ प्रतिशत परिवारको कुनै प्रकारको शौचालय रहेको छैन।

# परिच्छेद तीन

# नगरपालिकाको विकासको सोच र अवधारणा

## ३.१ विकासका प्रमुख संभावना तथा अवसरहरु

मोरङ जिल्लामा पर्ने उर्लाबारी नगरपालिका मोरङ जिल्लाको सदरमुकाम तथा कोशी प्रदेशको राजधानी बिराटनगरबाट करिव ५५ कि.मि. को दुरीमा रहेको छ। नेपालको संघीय राजधानी काठमाडौं-सिन्धुली-उदयपुर-चतरा हुदै उर्लाबारी करिव ३९० कि. मि. को दुरीमा पर्दछ। यस नगरपालिकामा घना जंगल, लामपाते सिमसार, वेतिनी सिमसार, मदन भण्डारी संग्राहलय, वालउद्यान, धिमाल जातीय विकास केन्द्र, पूर्वाञ्चल बौद्ध गुम्बा, सिद्देश्वर बाबाधाम, महारुद्र शिवालय मन्दिर, आत्मानन्द मिङ्सो माङहिम, बाँस चौरी सिमसार, बुढा ठाकुर सिमसार लगातका धार्मिक तथा पर्यटकिय महत्व बोकेका स्थानहरू रहेका छन्। यी स्थलहरुले उर्लाबारी नगरपालिकाको प्राकृतिक सुन्दरतालाई टेवा पुर्याईरहेको छ।

यो नगरपालिका वनक्षेत्र लगायत प्राकृतिक, मानवीय, साँस्कृतिक स्रोत साधनमा सम्पन्न रहेको छ। नगरपालिकाको विकासका प्रमुख संभावना तथा अवसरलाई बुँदागत रुपमा देहायअनुसार प्रस्तुत गरिएको छ :

- पूर्व पश्चिम राजमार्ग लगायत अन्य सडक सन्जालसँग जोडिनु,
- स्थानीय यातायात र सञ्चारको सहज पहुँच,
- प्राकृतिक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको उपलव्धता,
- खेति योग्य तथा सिञ्चित र उर्बर भूमिको उपलव्धता,
- पर्यटन, सहरीकरण, तथा कृषिमा आधारित उद्योग स्थापना गर्न सकिने,
- शान्त, स्वच्छ तथा मनोरम वातावरण,
- सिंचाईको उच्च सम्भावना,
- व्यवस्थित वन क्षेत्र

## ३.२ प्रमुख समस्या तथा चुनौतिहरु

विकासको उच्चतम सम्भावना तथा अवसर बोकेको यस क्षेत्रमा प्राकृतिक, जनसांख्यिक, आर्थिक तथा सामाजिक, पूर्वाधार र व्यवस्थापकिय क्षेत्रका समस्या तथा चुनौतिहरु विद्यमान रहेका छन्। नेपालको अन्य क्षेत्र जस्तै यस नगरपालिका क्षेत्रमा जलवायु परिवर्तनको प्रभाव, बढ्दो जनसंख्या, बसाइसराई, भू-स्वरुपमा नकारात्मक परिवर्तन, प्रतिभा पलायन, दिगो तथा

उत्पादनशिल पूर्वाधार विकास र भू-उपयोगसँग सम्बन्धित समस्या र चुनौतिहरु टड्कारो रुपमा रहेका छन्। व्यवस्थित भौतिक, औद्योगिक पूर्वाधार, स्वास्थ्य तथा शैक्षिक पूर्वाधारको कमी, कृषियोग्य जमीन, वन, जलाधार र वातावरणको संरक्षण तथा वैज्ञानिक व्यवस्थापनमा कमी, वन फडानी, प्राकृतिक प्रकोपमा बृद्धि, भू-उपयोग क्षेत्र र व्यवस्थित योजना बिना नै पूर्वाधारको निर्माणले हरियाली र वातावरणमा नकारात्मक प्रभाव परिरहेको छ। अव्यवस्थित भौतिक निर्माण, प्राकृतिक स्रोतको अतिदोहन, प्रदुषण र जलवायु परिवर्तनको नकारात्मक असरबाट यस नगरपालिकाको सुन्दरता, सुरक्षित आवास, पानीको उपलव्धता, हरियाली क्षेत्र तथा कृषि उत्पादनमा नकारात्मक प्रभाव बढ्दै गएको देखिन्छ। यस नगरपालिकाको प्रमुख समस्या तथा चुनौतिहरु देहाय बमोजिम प्रस्तुत गरिएको छ :

- वन क्षेत्रको अतिक्रमण जैविक विविधतामा ह्रास,
- अव्यवस्थित र कमजोर पूर्वाधार एवं संरचनाको विकास र निर्माण,
- प्राकृतिक सम्पदाको अधिक दोहन,
- दक्ष मानव संशाधन र नयाँ प्रविधिको न्यून उपलव्धता, प्रयोग तथा उत्पादन,
- प्रदुषणमा वृद्धि तथा कमजोर फोहोरमैला व्यवस्थापन,
- बढ्दो दरमा नसर्ने रोगमा वृद्धि,
- कृषि तथा पशुमा महामारी जन्य रोगको प्रकोप,
- मौलिक ज्ञान, भाषा, संस्कृति, धार्मिक तथा ऐतिहासिक सम्पदाको उपेक्षा,
- पिछडापन, लैंगिक र सामाजिक विभेदको निरन्तरता,
- श्रोत, तथ्याङ्क र जनशक्तिको न्यूनता,
- वाह्य रोजगारीमा आकर्षण तथा प्रतिभा पलायन,
- युवा वेरोजगारी र स्थानीय आर्थिक क्रियाकलाप न्यून सहभागिता,
- कृषिमा व्यवसायीकरण र बजार व्यवस्थापनको कमजोर अवस्था।

## ३.३ दीर्घकालीन सोच तथा निर्देशक सिद्दान्त

संघीय सरकारको "समृद्ध नेपाल सुखी नेपाली" र प्रदेश सरकारले लिएको "स्वच्छ सुखी समुन्नत प्रदेश" को दीर्घकालीन सोचलाई आत्मसात गर्दै नगरपालिकाको भौगोलिक अवस्थिति, प्राकृतिक सम्पदा तथा सांस्कृतिक बैभव दीर्घकालीन सोच निर्धारणका आधारहरु रहेका छन्। नगरपालिका क्षेत्रको विकासको दीर्घकालीन सोच निर्धारण गर्दा आवधिक नगरविकास योजना, नगरपालिकाको वस्तुस्थिति विवरण र सहभागितामूलक छलफल तथा परामर्शबाट पहिचान भएका सम्भावना, अग्रणी क्षेत्र र नगरवासीको अपेक्षालाई मध्येनजर गरिएको छ। नगरपालिकाको प्रथम योजनाले तय गरेको दीर्घकालीन सोच देहाय अनुसार रहेको छ :

**"स्वच्छ, समृद्ध र समतामुलक उर्लाबारी"**

यस नगरपालिकाको दीर्घकालीन सोचलाई देहाय बमोजिम ३ मूल स्तम्भका तिन आधार स्तम्भमा वर्गीकरण गरिएको छः

**तालिका ५ : दीर्घकालीन सोचका आधार स्तम्भ**

| आधार स्तम्भ | **१. स्वच्छ** | **२. समृद्ध** | **३. समतामुलक** |
|---|---|---|---|
| प्राथमिकताका क्षेत्र | खानेपानी तथा सरफाई | भौतिक पूर्वाधार विकास | संस्थागत सुशासन |
| | वातावरण संरक्षण तथा फोहोर मैला व्यवस्थापन | आर्थिक विकास | सामाजिक विकास |
| | स्वास्थ्य तथा शिक्षा | श्रम रोजगार तथा उद्योग प्रवर्द्धन | न्यायमा पहुँच |

खानेपानी तथा सरसफाई, वातावरण संरक्षण तथा फोहोर मैला व्यवस्थापन, स्वास्थ्य क्षेत्रको विकास र प्रवर्धन, भौतिक पूर्वाधारको विकास, आर्थिक विकास, श्रम रोजगार तथा उद्योग प्रवर्धन गर्दै संस्थागत सुशासन, सामाजिक विकास र न्यायमा पहुँच पुर्याउन तथा समतामूलक सामाजिक रुपान्तरण गर्न तय गरिएको नगरपालिकाको दीर्घकालीन सोच तथा योजनालाई साकार पार्ने दिशामा उन्मुख हुन देहायअनुसारका विकासका मार्गदर्शक सिद्धान्तहरु तय गरिएका छन्।

### १. दिगो तथा योजनाबद्ध विकास

आर्थिक विकास, सामाजिक न्याय, वातावरण संरक्षण, जलवायु तथा विपद् उत्थानशीलता जस्ता दिगो विकासका आधारभूत पक्षलाई विकास योजनाको समीक्षा गर्दै कार्यान्वयन गर्दा आत्मसात गरिनेछ। नेपालले स्वीकार गरेको दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्दै योजना तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्याङ्कन र सिकाईको प्रक्रियाद्धारा समग्र विकास प्रक्रियामा आवद्ध गराइनेछ। दीर्घकालीन तथा यस आवधिक योजनाले तय गरेको मार्गचित्र बमोजिम भू-उपयोग योजना लगायत विषय क्षेत्रगत रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ। राष्ट्रिय भू-उपयोग नीति २०७६ बमोजिम भूमिको बनौट, क्षमता र उपयुक्तता, आवश्यकता र वर्तमान उपयोग समेतको आधारमा भू-उपयोग क्षेत्र निर्धारण गरिएको छ र

यसलाई कार्यान्वयनमा ल्याइनेछ। भू-उपयोग क्षेत्र निर्धारण गर्दा चक्रीय आर्थिक नमूना अनुसार कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यवसायिक क्षेत्र, तथा वन क्षेत्र लगायतमा विभाजन गरिएकोले यसै योजना अनुसार नगरपालिकालाई वातावरणमैत्री बनाइनेछ। भू-उपयोग क्षेत्रहरुको नक्शाङ्कन अनुसार स्थानीय विकास तथा योजना कार्यान्वयन तथा विधि र पद्दतिको पालना अभिवृद्धि गर्ने नीतिका साथै कानुन र संस्थागत संयन्त्रको व्यवस्था गरिनेछ। नगरपालिकाको उर्बर भू-भागलाई कृषि उत्पादन क्षेत्रको रुपमा विकास गरिनुका साथै आर्थिक विकासमा थप सम्भावनाहरूको खोजी गरिनेछ।

## २. जलवायु परिवर्तन तथा विपद् उत्थानशिलता

जलवायु परिवर्तनका कारण कृषि, खाद्य सुरक्षा, वन तथा जैविक विविधतामा परेको नकारात्मक प्रभावलाई कम गर्न विपद तथा जलवायु उत्थानशील योजना तयार गरी कार्यान्वयन गरिनेछ। पूर्वाधार निर्माण गर्दा खुल्ला तथा हरियाली क्षेत्र, पूनर्भरण पोखरी पार्क तथा संरक्षण क्षेत्र, जस्ता जलवायु अनुकुलन आयोजनालाई विशेष प्राथमिकता दिइनेछ। संरचना निर्माण तथा आयोजना सञ्चालन गर्दा वातावरण संरक्षण ऐन तथा नियम अनुसार वातावरणीय अध्ययन गरी सो अनुसार वायोइञ्जिनियरिङ्ग लगायत वातावरण संरक्षण सम्बन्धी प्रविधिको प्रयोगमा जोड दिइनेछ।

## ३. मानव विकास तथा गुणस्तरीय जीवन

मानव विकासका आधारभूत पक्षः शिक्षा, स्वास्थ्य, उत्पादन, रोजगारी तथा आम्दानीलाई विकास प्रक्रियाको मेरुदण्डका रुपमा लिइनेछ। दिगो विकासको लक्ष्य अनुरुप गुणस्तरीय शिक्षा तथा स्वास्थ्यमा सहज पहुँच, जनस्वास्थ्य तथा पोषणसम्बन्धी सचेतना अभिवृद्धि र रोजगारी तथा आम्दानीका अवसरमा वृद्धि जस्ता विषयहरुलाई आत्मसात गरिनेछ। जीवनोपयोगी र सुदृढ शैक्षिक तथा स्वास्थ्य प्रणाली, सो सम्बन्धी पूर्वाधार, परिपक्व व्यवस्थापन र दक्ष मानव संशाधनको उपलव्धतालाई सुनिश्चित गरिनेछ। उत्पादनशील र उत्थानशील पूर्वाधार तथा संरचना निर्माणलाई स्थानीयस्तरमा आर्थिक अवसरहरुको सृजना, व्यवसायिकतासँग आवद्ध गरिनेछ। नगरपालिकाको उत्पदानको सहज वजारीकरणका लागि यातायात सन्जालको विकास गरिनेछ। कृषि, वन, पर्यटन र उद्योग क्षेत्र विकासद्धारा रोजगारीका अवसर सृजना गरिनेछ। बेरोजगार युवाका लागि सीप तथा व्यावसायिक तालिम तथा प्रविधि उपलव्ध गराई स्वरोजगारको अवसर उपलव्ध गराइनेछ। जेष्ठ नागरिक, पछाडि परेका, असहाय तथा बेसाहरा नागरिक लागि आत्मसम्मानपूर्ण जीवनयापनको लागि सामाजिक संरक्षण लगायतको विशेष व्यवस्था गरिनेछ।

## ४. क्षमता विकास, समावेशिता तथा समतामूलक विकास

नगरपालिका क्षेत्र भित्रका महिला, दलित, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायतका विशेष संरक्षण आवश्यक भएका जनजाती तथा पिछडिएको वर्ग, द्धन्द्ध पिडित र विपन्न समुदायलाई उनीहरुको अधिकारको सवालमा सुसूचित गर्दै स्थानीय संरचना तथा संयन्त्रमा अर्थपूर्ण सहभागिता, सशक्तिकरण, रोजगारी तथा आर्थिक अवसर सृजना गर्ने तर्फ विशेष ध्यान दिइनेछ। आर्थिक सामाजिक रुपमा पछाडी दिएका परेको वर्गको लागि क्षमता विकासका अवसरहरु उपलव्ध गराइ विकासको प्रतिफलमा समतामूलक पहुँच स्थापित गर्न संरचनागत तथा व्यवहारगत प्रयासहरु सञ्चालन गरिनेछ।

## ५. मानव संशाधन तथा स्थानीय सेवा व्यवस्थापन

प्रभावकारी सेवा प्रवाह, प्रशासनिक सहजता, चुस्तता र विकास कार्य प्रभावकारी सञ्चालनका लागि दक्ष मानव संशाधनको व्यवस्था, सीप र क्षमता विकास तथा प्रोत्साहनका पर्याप्त अवसर उपलव्ध गराइनेछ। संगठन तथा व्यवस्थापन सर्वेक्षण र मानव संशाधन व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गरिनेछ। नगरपालिका केन्द्रलाई नीति तथा विकासको केन्द्र र वडाको केन्द्रलाई विषयगत सेवा प्रवाहको केन्द्रको रुपमा विकास गरी प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनको आधार तयार गरिनेछ। सेवा प्रवाहको यस अवधारणा अनुसार जनतालाई स्वास्थ्य, शिक्षा, कृषि, उद्यम व्यवसाय, खानेपानी, सरसरफाई लगायतका सेवा सुविधाको पहुँच सुनिश्चित गरिनेछ। यसका लागि सूचना, प्रमाण र ज्ञानमा आधारित ठोस योजना तर्जुमा, प्रभावकारी कार्यान्वयन र प्राप्त उपलब्धीको नतिजामूलक अनुगमन र प्रभावको लेखाजोखाको व्यवस्था गरिनेछ।

## ६. समावेशीकरण, सुशासन तथा सदाचार

समावेशीकरण, सुशासन, सन्तुलित विकास र समृद्धि देश विकासको अबको प्रमुख कार्यसूची बनेको छ। सामाजिक न्याय र सुशासन विकास र समृद्धिको पूर्वशर्तको रुपमा रहेका हुन्छन्। यस अनुरुप समावेशीकरण र सामाजिक न्याय, कानुन तथा विधिको शासन, सरकारी, निजी, सहकारी र सामुदायिक साझेदारी, पारदर्शिता र जवाफदेहिताको उच्चतम अभ्यास गरिनेछ। साथै राजनीति तथा समाजमा बढ्दै गईरहेको अराजकता र भ्रष्टचारको विरुद्ध सदाचार पद्धतिको अवलम्बन र सामाजिक जवाफदेहिताका औजारहरुको एकीकृत अभ्यास गरिनेछ। यस प्रक्रियामा नागरिक समाजसँग साझेदारी र सहकार्य गरिनेछ। ज्ञानमा आधारित नव-प्रवर्तन समाज सिर्जनाका लागि स्थानीय ज्ञान, संस्कृति तथा व्यवहारहरूको प्रवर्धन र उपयोग गरिनेछ।

### ७. नतिजामा आधारित विकास व्यवस्थापन

सेवा प्रवाह तथा विकास व्यवस्थापन प्रक्रियालाई सूचना, प्रविधि, प्रमाण तथा ज्ञानमा आधारित तथा नतिजामूलक बनाईनेछ। यसका लागि क्षमता विकास, सूचना, प्रविधिको प्रयोग, अध्ययन अनुसन्धान, ज्ञान, अनुभव र सफल अभ्यासको अधिकतम परिचालन गरिनेछ। साथै स्थानीय विकास र व्यवस्थापनको मूलभूत मूल्यका रूपमा सहभागितामूलक प्रणाली र कार्य संस्कृतिलाई अबलम्बन गरिनेछ।

### ८. समन्वय, साझेदारी र सहकार्य

नगरपालिकाको क्षेत्रगत विकास प्रक्रियामा अन्तर-सरकारी, गैर-सरकारी, निजी, सहकारी र समुदायसँग अधिकतम समन्वय, साझेदारी र सहकार्य गरी विकास प्रक्रियालाई प्रभावकारी र प्रतिस्पर्धी बनाइनेछ। पर्यटन प्रवर्धन, शिक्षा तथा स्वास्थ्य क्षेत्रको प्रवर्धन र खानेपानी तथा पूर्वाधार लगायतका साझेदारी हुनसक्ने क्षेत्रको विकासका लागि अन्तर-सरकारी, गैर-सरकारी, सहकारी र निजी क्षेत्रको सहकार्य तथा साझेदारीलाई जोड दिइनेछ। कृषि, उद्योग बजारीकरण, खानेपानी तथा सरसफाई, जस्ता सेवालाई निजी क्षेत्र, गैर सरकारी र सहकारी संस्थासँग करार गरी वैकल्पिक प्रणालीमा आधारित सेवा प्रवाहको व्यवस्थाद्धारा स्थानीय सेवा प्रवाहलाई सहज, प्रतिस्पर्धी र प्रभावकारी बनाईनेछ।

## ३.४ लक्ष्य तथा उद्देश्य

उर्लाबारी नगरपालिकाको **'स्वच्छ, समृद्ध र समतामुलक उर्लाबारी÷** दीर्घकालीन सोच हासिल गर्ने दिशामा यस समीक्षा सहितको आवधिक योजनाले थप आधार तय गर्नेछ। दीर्घकालीन सोच अनुरुप यस योजनाले **"श्रोत र साधनको उच्चतम उपयोग गर्दै पूर्वाधार विकास, सुशासन र सामाजिक न्यायका मध्यमबाट समुन्नत र सम्बृद्ध उर्लाबारी निर्माणको अधार तयार गर्ने"** उपरोक्त लक्ष्य हासिल गर्न आवधिक योजनाले देहायबमोजिमको उद्देश्य लिएको छ।

१. व्यवस्थित आवास र दिगो भौतिक सुविधाको प्रबन्ध गरी आकर्षक र बसोबास योग्य नगर निर्माण गर्नु

२. वाताबरण र जलाधार क्षेत्रको दिगो व्यवस्थापन गरी विपद् उत्थानशिलता प्रवर्धन गर्नु तथा धार्मिक स्थल र सिमसार क्षेत्रको प्रवर्धन गर्दै धार्मिक तथा पर्या-पर्यटनको विकास गर्नु,

३. सेवा प्रवाह तथा विकासका उपलब्धीलाई समावेशी, सर्वसुलभ र प्रभावकारी बनाउनु।

४. स्वस्थ, शिक्षित र सृजनशील मानव पुँजीको निर्माण तथा रोजगारीका अवसरहरुको सिर्जना गर्नु,

५. समानता, सामाजिक न्याय, पारदर्शिता र जवाफदेहिताको प्रवर्धन गर्दै सुशासन कायम गर्नु,

## ३.५ प्रमुख प्राथमिकता

आवधिक विकास योजनाले लिएको लक्ष्य, उद्देश्य र परिमाणात्मक लक्ष्य हासिल गर्न देहाय अनुसारका प्रमुख प्राथमिकता क्षेत्र निर्धारण गरिएको छ :

- उत्पादनशील, उत्थानशील र दिगो पूर्वाधारको विकास तथा विस्तार,
- कृषि, ग्रामिण पर्यटन, हरित नगर तथा दिगो विकास,
- जल, जमीन र वातावरणीय सन्तुलन, जलवायु तथा विपद् उत्थानशिलता।
- व्यवस्थित भू-उपयोग, जनशक्ति र जलशक्तिको समोचित विकास र परिचालन,
- कृषि र पशुपन्छीजन्य उत्पादनको व्यवसायीकरण, विविधिकरण, औद्योगिकीकरण र बजारीकरण,
- व्यवसायिक, जीवनपयोगी र गुणस्तरीय शिक्षा तथा गुणस्तरीय स्वास्थ्य तथा सरसफाई सेवा,
- मौलिक र वैज्ञानिक ज्ञानमा आधारित मानव संशाधन तथा प्रविधिको विकास र परिचालन,
- मौलिक ज्ञान, नव-प्रवर्तन, उद्यमशीलता विकास र रोजगारी प्रवर्धन,
- समावेशीकरण, सामाजिक न्याय, सुशासन तथा जवाफदेहिता प्रवर्धन ।

## ३.६ प्रमुख रणनीति

### १. यातायात, बजार र सुरक्षित आवास, स्वच्छ उर्जा तथा सञ्चारका पूर्वाधारको विस्तार र स्तरोन्नति गर्ने

व्यवस्थित भू-उपयोग योजनाको कार्यान्वयन, पूर्वाधार नीति र भौतिक विकास योजनाले तय गरे बमोजिम सुरक्षित यातायात तथा आवास, व्यवस्थित र उत्थानशील पूर्वाधार, बजार, स्वच्छ उर्जा, सूचना तथा सञ्चार पूर्वाधारको विकास, विस्तार र स्तरोन्नति गरी भौतिक विकास, आवास र अन्तर-आवद्धतालाई सहज र सुव्यवस्थित बनाइनेछ। पूर्वाधार विकासलाई

उत्पादनसँग आवद्ध गर्नुका साथै वातावरणमैत्री र विपद तथा जलवायु उत्थानशिल रुपमा निर्माण र सञ्चालन गरिनेछ।

**२. कृषि, पशुपन्छी तथा उद्योगजन्य तुलनात्मक लाभका उपजहरुको उत्पादन, व्यवसायीकरण, विविधिकरण र औद्योगीकरण गरी उत्पादन, रोजगारी तथा आम्दानीका अवसर वृद्धि गर्ने**

तुलनात्मक लाभ दृष्टिकोणले उपयुक्त नगदेवाली, तरकारी खेती, पशुपालनको व्यवसायीकरण र विविधिकरण, कृषि, तथा पशुपन्छीजन्य उपजहरुको प्रशोधन तथा मूल्य अभिवृद्धिद्वारा निजी, सहकारी र साझेदारी मार्फत स्थानीय स्तरमा अवसर सृजना गरिनेछ। तुलनात्मक लाभ क्षेत्रमा लगानी, प्रविधि तथा अन्य विशिष्टकृत सेवा प्रदान गरी उत्पादन, रोजगारी र आम्दानी वृद्धि गरिनेछ।

**३. सिमसार क्षेत्रको प्रयोग गरी धार्मिक तथा पर्या-पर्यटनको प्रवर्धन गर्ने**

यस नगरपालिकामा रहेका सिमसारहरुको विकास गरी मनोरम सौन्दर्य र सांस्कृतिक महत्वको दृश्यावलोकन, मठमन्दिर, गुम्वा लगायतका क्षेत्रमा पर्यटन पूर्वाधार निर्माण, पर्यटकीय सेवा सुविधाको विस्तार, सेवाको विविधिकरण, पर्यटनमा आधारित उद्यम र प्रचार-प्रसार गरी पर्यटन प्रवर्धन र विकास गरिनेछ। यसका लागि निजी क्षेत्र, समुदाय र नागरिक समाज संस्थासँग समन्वय र साझेदारी गरिनेछ।

**४. विकास प्रक्रिया तथा नतिजालाई वातावरणमैत्री, उत्थानशील र दिगो बनाउने**

नगरपालिकाको नीति द्वारा निर्धारित भू-उपयोग क्षेत्र तथा योजना र प्रचलित कानुनअनुसार नगरपालिका क्षेत्रमा जैविक विविधता, हरियाली र वन क्षेत्र कायम गरिनेछ। यस अनुसार नगरपालिका क्षेत्रको जैविक विविधता, हरियाली, जमिन र जलश्रोतको संरक्षण र समोचित व्यवस्थापन गरिनेछ। यसका लागि संघ र प्रदेश सरकारका सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ।

**५. गुणस्तरीय शिक्षा, स्तरीय स्वास्थ्य सेवा, सुद्धृढ सरसफाई तथा खानेपानी सुविधा र सामाजिक सुरक्षामा पहुँच एवं उपभोग सुनिश्चित गर्ने**

नेपाल सरकार तथा प्रदेश सरकार, सहकारी, निजी क्षेत्र र समुदायसँग साझेदारी गरी जीवनपयोगी, गुणस्तरीय र व्यवसायिक शिक्षा, जनस्वास्थ्य तथा पोषण सेवा, खानेपानी तथा सरसफाई सुविधा विकास र विस्तार गरी मानव पूँजी निर्माण गरिनेछ। एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, जोखिममा रहेका बालबालिका, हिंसा पिडित व्यक्ति, सीमान्तकृत समूह, लगायत लोपोन्मुख जाति आदिको सामाजिक सुरक्षामा पहुँच सुनिश्चित गरी स्वास्थ्य उपचार, जीविकोपार्जन र वृत्ति विकासको अवसर प्रवर्धन गरिनेछ। सामाजिक

सशक्तीकरण र समावेशीकरणको माध्यमबाट सामाजमा विद्यमान हिंसा, सामाजिक कुरिती, अन्धविश्वास अन्त्य गर्नुका साथै स्थानीय सम्पदा, कला, संस्कृति र भाषाको संरक्षण र प्रवर्धन गरिनेछ।

### ६. अन्तर-सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजको समन्वय, साझेदारी र सहकार्यलाई अभिवृद्धि गर्ने

पूर्वाधार विकास, पर्यटन, शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता क्षेत्रमा नेपाल सरकार, प्रदेश सरकार, गैर सरकारी क्षेत्र, सहकारी, समुदाय तथा निजी क्षेत्रको साझेदारी तथा सहकार्यलाई प्रवर्धन गरिनेछ। दीर्घकालिन तथा ठूलास्तरका आयोजनाहरु सञ्चालन गर्न साझेदारी तथा सहकार्यका लागि विशेष पहल गरिनेछ।

### ७. सेवा प्रवाह, आयोजना व्यवस्थापन तथा आन्तरिक राजश्व सुदृढ गर्ने

कानुन तथा विधिको शासनको अनुसरण गर्दै सेवा प्रवाह, कार्यसम्पादन र शासन सञ्चालन प्रक्रियालाई सहभागितामूलक, पारदर्शी, जनताप्रति उत्तरदायी र प्रबिधिमैत्री शासन प्रणालीको अभ्यास गरी नागरिक सन्तुष्टी अभिवृद्धि गरिनेछ। आयोजनाको कार्यान्वयन समयमै गुणस्तरीय रुपमा सम्पन्न गर्न खरिद योजना तथा आयोजना कार्यान्वयन कार्यतालिका तयारी तथा कार्यान्वयन गरिनेछ। आन्तरिक राजश्वको दर, दायरा तथा राजस्व परिचालन नीतिमा परिमार्जन गरी पुँजीगत खर्च अनुपात वृद्धि गर्दै लगिनेछ।

### ८. सुशासन, संगठन तथा सेवा व्यवस्थापनलाई उत्पादनसँग जोड्ने

नीति, योजना, सुशासन, संगठन तथा सेवा व्यवस्थापनलाई उत्पादनसँग जोडी आर्थिक अनुशासन कायम गर्ने र निर्णय प्रक्रिया, विकास निर्माण तथा सेवा प्रवाह सम्बन्धी कार्यहरुमा पारदर्शीता ल्याई श्रोत साधन परिचालन र उपयोग बृद्धि गरिनेछ।

## ३.७ परिमाणात्मक लक्ष्य निर्धारण

राष्ट्रिय तथा प्रदेशको परिमाणात्मक लक्ष्यलाई आधार लिई दीर्घकालीन सोच तथा योजना अनुकुल आवधिक योजनाको समष्टिगत लक्ष्य तथा उद्देश्य मापनको सूचक रुपमा परिमाणात्मक लक्ष्य निर्धारण गरिएको छ। परिमाणात्मक लक्ष्य निर्धारण गर्दा दिगो विकास लक्ष्यका स्थानीय तह सम्बन्धी परिमाणात्मक लक्ष्यसँग तादात्म्यता कायम गरी देहायअनुसार परिमाणात्मक लक्ष्य तय गरिएको छः

**तालिका ६ : प्रमुख परिमाणात्मक लक्ष्य**

| क.स. | सूचक | एकाई | आधार वर्षसम्मको स्थिति | | | योजनाको अन्त्यको स्थिति | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | कोशी प्रदेश | उर्लाबारी नगरपालिका | नेपाल | कोशी प्रदेश | उर्लाबारी नगरपालिका |
| **क.** | **समष्टिगत, लक्ष्य, गन्तव्य तथा सूचक** | | | | | | | |
| १ | मानव विकास सुचकाङ्क | इन्डेक्स | ०.६०२ | ०.५८० | ०.५८० | ०.६०४ | ०.५८० | ०.६०० |
| २ | औसत आयु | वर्ष | ७१.३ | ७०.४ | ७०.४ | ७३ | ७३ | ७३ |
| ३ | ग्राहस्थ प्रतिव्यक्ति आम्दानी | यु.एस. डलर | १,३९९ | १२६७ | १२६७ | २३५१ | १५०० | १५०० |
| ४ | साक्षरता दर | प्रतिशत | ७६.२ | ७९.७ | ८४.८ | ८० | ९९ | ८८ |
| ५ | वेरोजगारी दर | प्रतिशत | ७ | ५.२ | ८ | ६ | ५ | ६ |
| ६ | निरपेक्ष गरिबीको रेखामुनीको जनसंख्या | प्रतिशत | १७.१ | - | - | १२ | - | - |
| **ख.** | **विषय क्षेत्रगत, लक्ष्य, गन्तव्य र सूचक** | | | | | | | |
| १ | आफ्नो उत्पादनबाट वर्षभरी खानपुग्ने परिवार | प्रतिशत | ६५.५ | ६७ | ७५ | ६७ | ७० | ८५ |
| २ | कुल भूमिमा वन/हरियाली क्षेत्र | प्रतिशत | ४१.५९ | ४३.२४ | २ | ४२ | ४४.७४ | २.१ |
| ३ | स्वच्छ खानेपानी सुविधा पुगेका घरपरिवार | प्रतिशत | ३४.६ | ५४.४ | ४१.२६ | ६० | ६५ | ८५ |
| ६ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९२.२ | ९३.७ | ९९.३ | ९५ | १०० | १०० |
| ७ | सिंचित क्षेत्रफल | प्रतिशत | ६१ | ३८.६ | ७५ | ६८ | ४० | ८० |
| ८ | उपलव्ध सडक लम्बाई | कि.मी | १७८९० | २०३२५ | ४५७ | २०२०० | २५०० | ५२० |
| ९ | सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | ४० | ४४.८ | १२ | ६० | ५० | २० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १० | शिशु मृत्युदर (प्रतिहजार) | संख्या | ३३ | २९ | १० | २५ | २० | ५ |

## ३.८ गौरवका आयोजना तथा कार्यक्रम

यस नगरपालिकाको समग्र सामाजिक आर्थिक पुनरुत्थान, दिर्गाकलीन सन्तुलित विकास, पर्यावरणीय सन्तुलन, जलवायु परिवर्तन तथा विपद् जोखिम न्यूनीकरणमा बहुप्रभाव पार्ने आयोजना तथा कार्यक्रमलाई नगरपालिकाको गौरवको आयोजनाको रूपमा यस योजना अवधिमा अध्ययन तथा कार्यान्वयनका लागि प्रस्ताव गरिएको छ। नगरपालिकका गौरवका आयोजना तथा कार्यक्रमको विवरण सम्बन्धित विषयगत क्षेत्रमा समावेश गरिएको छ। यस सम्बन्धी संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ७ : नगरपालिका गौरवका आयोजनाहरू**

| क्र.स. | कार्यक्रम तथा आयोजना | एकाई | भौतिक लक्ष्य | अनुमानित लागत (रु. हजारमा) | स्थानगत र कार्यक्रम सञ्चालन स्थल | सम्भाव्य लगानीको श्रोत |
|---|---|---|---|---|---|---|
| १ | बक्राहा विष्णु गङ्गाधाम निर्माण | संख्या | १ | ३०००० | वडा न. ४ | संघीय समपुरक कोष |
| २ | एकीकृत सिमसार तथा पर्या-पर्यटन विकास | संख्या | १ | १०००० | सिमसार क्षेत्र | संघीय समपुरक कोष |
| ३ | बक्राहा करिडोर तथा ग्रीन बेल्ट निर्माण | कि.मि. | १ | ३०००० | वडा १, ४ र ८ | संघीय समपुरक कोष |
| ४ | सालवडी खेल मैदान निर्माण | संख्या | १ | ५००० | वडा नं. ३ | प्रदेश समपुरक कोष |

# परिच्छेद चार

# आर्थिक विकास क्षेत्र

## ४.१ पृष्ठभूमि

नगरपालिका भित्र सञ्चालन हुने मुख्य आर्थिक क्रियाकलापहरू आर्थिक समृद्धिका आधारहरु हुन्। जति धेरै आर्थिक क्रियाकलापहरूमा तिब्रता आउँछ त्यति नै स्थानीय क्षेत्रको अर्थतन्त्र चलायमान र सुदृढ हुँदै जान्छ। नेपालको संविधानले स्थानीय आर्थिक विकास सम्बन्धी अधिकार स्थानीय तहलाई प्रदान गरी आर्थिक विकासको माध्यमबाट नै नगरबासीको जीवनस्तर सुधार गर्नका लागि स्थानीय क्षेत्रभित्र आर्थिक क्रियाकलापहरू बढाउनुपर्ने आवश्यकतालाई औंल्याएको छ। स्थानीय स्तरमा उपलव्ध स्रोत र साधनहरूको अधिकतम उपयोग गर्दै रोजगारी र आर्थिक वृद्धिको दिशामा अगाडि बढ्न सबल र आत्मनिर्भर स्थानीय अर्थतन्त्रको विकासलाई गतिशील बनाउनु अहिलेको आवश्यकता रहेको छ।

उर्लाबारी नगरपालिका क्षेत्रभित्र आर्थिक क्रियाकलापहरूको परिमाण वृद्धि गरी सोको माध्यमबाट गरिबी निवारणमा समेत योगदान पुर्याउन एवं विपन्न वर्गको आर्थिक स्तरमा सुधार गर्नुपर्ने देखिन्छ। मुख्यतया उर्लाबारी नगरपालिकाको अर्थतन्त्र कृषि, व्यापार र वैदेशिक रोजगारको क्षेत्रमा केन्द्रित छ। संभावना बोकेका पर्यटकीय स्थलहरुको विकास भै नसकेको अवस्थामा धेरैजसो आर्थिक क्रियाकलापहरू निर्वाहमुखी नै रहेका छन्। यसै तथ्यलाई मध्यनजर गर्दै समग्र आर्थिक विकासको अग्रणी क्षेत्रको रुपमा रहको कृषि, पशुपालन, व्यापार तथा व्यवसाय, पर्यटन लगायतका क्षेत्रको विकासको माध्यमबाट उत्पादन, रोजगारी र आयबृद्धि गर्ने गरी विकासका प्रयासहरु निर्देशित हुनुपर्ने देखिन्छ।

नेपालको संविधानले नागरिकको खाद्य अधिकारलाई मौलिक हकको रुपमा सुनिश्चित गरेको छ। यसैगरी दिगो विकासको लक्ष्य अनुसार सन् २०३० सम्ममा शून्य भोकमरी विश्व बनाउने लक्ष्य लिएको छ। उल्लेखित कृषि विकास रणनीति अनुकूल नगरपालिकाले समेत आफ्नो बेग्लै कृषि रणनीति तर्जुमा गरी आर्थिक विकासका लागि नगरपालिकाले अख्तियार गर्ने रणनीतिक योजना तर्जुमा गर्दै त्यसको कार्यान्वयनमा जोड दिनुपर्ने देखिन्छ।

यस नगरपालिको उत्पादन, रोजगारी र आयको प्रमुख संभाव्य स्रोतका रुपमा रहेको कृषि, पशु, उद्योग, व्यापार तथा व्यवसाय, पर्यटन, बित्तीय व्यवस्थापन जस्ता क्षेत्रमा विकासका प्रयासलाई डोर्याउन यस क्षेत्रको बिद्यमान अवस्था, समस्या तथा चुनौति समेत विषय क्षेत्रगत लक्ष्य, उद्देश्य

सोको प्राप्तिका लागि अवलम्वन गर्नुपर्ने रणनीति र बिषय क्षेत्रगत प्रमुख कार्यक्रमहरु सहितको आर्थिक विकास योजना देहायअनुसार प्रस्तुत गरिएको छ।

## ४.२ आर्थिक विकास क्षेत्रको सम्भावना, अवसर, समस्या र चुनौति

### ४.२.१ कृषि तथा खाद्य सुरक्षा

#### सम्भावना र अवसर

आर्थिक समृद्धि हासिल गर्ने मूल आयाम कृषि क्षेत्र रही आएको छ। भूमिको व्यवस्थापन गर्ने, कृषिको व्यावसायीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने जस्ता कुरा संविधानमा नै उल्लेख गरिएको छ। कृषकका लागि कृषि सामाग्री, कृषि उपजको उचित मूल्य र बजार पहुँचको व्यवस्था गर्ने जस्ता महत्त्वपूर्ण कृषिसम्बन्धी नीति निर्धारण गरेको छ। यसका लागि कृषि बालीको उत्पादन र उत्पादकत्व वृद्धि, भण्डारण र बजारीकरण, पशुपन्छी तथा मत्स्य प्रजनन एवं नस्ल सुधार, आहार तथा पोषण, पशु स्वास्थ्य र बजार प्रवर्द्धनमा नगरपालिकाले विशेष महत्त्वका साथ अगाडि बढ्नु पर्ने हुन्छ।

राष्ट्रिय तथ्याङ्क कार्यालय प्रतिवेदन, वैशाख २०७८ अनुसार कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान एक तिहाइभन्दा बढी (३५.२ प्रतिशत) रहेको छ। कृषि क्षेत्रमा उपयोग भएको औसत कृषि जमिन ०.६६ हेक्टर रहेको छ। कृषि जमिनको खण्डीकरणले यो अनुपात घट्दो क्रममा छ। भने उर्लाबारी नगरपालिकाको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदानको एकिन तथ्यांक नभए पनि यसको अंक राष्ट्रिय तथ्यांकसँग मेल खाने अनुमान गर्न सकिन्छ।

#### समस्या तथा चुनौती

उर्लाबारी नगरपालिकालाइ सुन्दर र समृद्ध बनाउन तथा नगरवासीलाई सुखी र खुसी बनाउनका लागि धेरै समस्या र चुनौतीहरुसँग जुध्नु पर्ने देखिन्छ। यसको आर्थिक, सामाजिक तथा भौतिक विकासका लागि धेरै चुनौतीहरु छन्। पर्यावरणीय महत्व बोकेको यस नगरपालिकाका नदी नियन्त्रण एउटा ठूलो चुनौतीको रुपमा रहेको छ। मापदण्ड पुरा नभएका पूर्वाधार र नाला निकास रहित सडकहरु भएकाले वर्षा याममा हुने ढल निकासको समस्या पनि एउटा चुनौतिको रुपमा लिन सकिन्छ। स्थानीय स्तरमा व्यावसायीक कृषि उत्पादन हुन नसक्नु, उत्पादित फसल तथा उपजहरुको उचित मूल्य लिन नसक्नु, भण्डारण गर्ने आधुनिक भण्डारण कक्ष नहुनु जस्ता कारणले आर्थिक व्यापारिक कारोबार धराशायी बन्दै गएको छ। अनियन्त्रीत घडेरी विकासका कारण हुने अव्यवस्थित बसोबास, जग्गा अतिक्रमण, खेतीयोग्य जमिन टुक्रिने क्रम पनि चुनौतिको रुपमा रहेको छ।

जमिनको खण्डीकरण एवं कृषिको व्यावसायीकरण हुन नसक्नु, सिँचाइको पर्याप्तता नहुनु, विद्यमान सिँचाइ आयोजना पूर्ण क्षमतामा उपयोग हुन नसक्नु, प्रशोधन क्षमताको कमी एवं न्यून मूल्य अभिवृद्धि हुनु, कृषकमा नयाँ प्रविधिको पहुँच र समयमा उन्नत बिउ तथा रासायनिक मलको उपलब्धता नहुनु, जैविक तथा प्राङ्गारिक कृषि सम्बन्धी ज्ञानको अभाव हुनु, बाली बिरुवामा लाग्ने रोग, किरा तथा महामारी व्यवस्थापन र सुधारिएको कृषि प्रणालीसम्बन्धी जानकारी कमी हुनु, कृषि उपजको बजारीकरण र भण्डारणमा किसानको सामूहिक स्वामित्वको कमी हुनु, पशुपन्छी पालनको निमित्त आवश्यक उन्नत नस्ल, रोग र महामारीको रोकथाम एवं पशु व्यवस्थापनसम्बन्धी उचित ज्ञानको अभाव हुनु, कृषि अनुसन्धान र कृषि प्रसार बिच समन्वयको कमी, युवाशक्तिको विदेश पलायन आदि यस क्षेत्रका समस्याहरु हुन्।

### ४.२.२ सिंचाई विकास

#### संभावना तथा अवसर

उर्लाबारी नगरपालिकाका लागि सबै वडामा सिंचाई सुबिधा उपलव्ध भए पनि लगभग ५० प्रतिशत जमिन मात्र बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध हुने अवस्थामा रहेकोछ। सिंचाई प्रणालीलाई प्रवर्द्धन गरेर सिंचाई विधुतीकरणमार्फत सबै खेति योग्य जमिनमा सिंचाई गर्न सकिने सम्भावना रहेको छ। यस नगरपालिकामा भूमिगत तथा सतहजलश्रोतको उपलव्धता पर्याप्त भएकोले सिंचाई लगायत माछा पालन, पर्यटन प्रवर्द्धन जस्ता अन्य क्षेत्रमा जलश्रोतको उपयोग गरी नगरपालिकाको आर्थिक विकास गर्न सकिने अवसर छ।

#### समस्या तथा चुनौती

यस नगरपालिकामा सिंचाई योजनाहरु सञ्चालन गर्न भौगोलिक कारणले लागत कम र पानीका श्रोतहरु पनि पर्याप्त रहेतापनि पुरै खेतीयोग्य जमिनमा सिंचाई सुविधा पुग्न नसक्नु यस नगरपालिकाका प्रमुख चुनौति रहेका छन। नगरपालिकामा वैकल्पिक सिंचाई सुविधाको अभ्यास नहुनु, बनेका सिंचाइ नहर तथा पूर्वाधारहरूको नियमित मर्मत सम्भार हुन नसक्नु र सिंचाईमा बिधुतिकरणको नीति अवलम्वन गर्न नसक्नु, पानीको स्रोतको उचित व्यवस्थापन हुन नसक्नु आदि यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन्। त्यस्तै, सिंचाईको आवश्यकता तथा हालको क्षमताबारे अध्ययन नहुनु जस्ता समस्या रहेका छन्।

### ४.२.३ पशुपन्छी विकास

#### संभावना तथा अवसर

नगरपालिकामा कृषि गणाना २०७८ अनुसार ४५ प्रतिशत घरपरिवार पशुपालन कार्यमा संलग्न रहेको देखिएको छ। जसमा, यस पालिकाका किसान परिवारहरुले गाई तथा गोर ११,३७० राँगा तथा भैसी, २,५४१, वाखा च्यांग्रा २६,२०३, भेडा, १६३, वंगुर तथा सुँगुर, १६,९२९, कुखुरा ८८,४९४, अन्य चराहरु, २०,७७७, पालन गरेको देखिन्छ।

नगरपालिकामा पशुपन्छीको क्षेत्रमा कृषि तथा पशुपन्छी फार्महरु सञ्चालनमा रहेका छन्। दुधमा आत्मनिर्भर बन्ने उद्देश्यले नगरपालिका क्षेत्रमा दूग्ध उत्पादक सहकारीहरु स्थापना भई सञ्चालनमा रहेका छन्। पछिल्लो समयमा कृषि व्यवसायीहरु पशुपालनतर्फ आकर्षित बन्दै गएका छन्। नगरपालिका क्षेत्रमा पशुपालनको अवस्था हेर्दा गाई/गोरुको संख्या उच्च रहेको देखिन्छ। नगरपालिकामा पशु प्राविधिक परिचालन पर्याप्त हुन सकेको छैन। यो संख्या थप गरी प्राविधिकहरुको प्रत्यक्ष निगरानीमा पशुपन्छी फार्महरू सञ्चालन गरी आर्थिक क्षेत्रमा आमुल परिवर्तन गर्न सक्ने अवसर रहेको छ। व्यवसायिक पशुपन्छी पालनतर्फ व्यवसायिक भैसी फार्म हरू सञ्चालनमा रहेका छन्।

### समस्या तथा चुनौती

उर्लाबारी नगरपालिकामा प्राविधिक ज्ञानको कमिले गर्दा व्यवसायिक एवं उन्नत तरिकाले पशुपन्छी पालन हुन नसक्नु, व्यवसायीकरण र नयाँ प्रविधिको पर्याप्त विकास नहुनु, बजारको व्यवस्था नहुनु, सरल र सहज कर्जाको व्यवस्था नहुनु, तथा युवाशक्तिको विदेश पलायन यस क्षेत्रका प्रमुख चुनौतीहरु हुन्। उन्नत घाँस र दानाको कमी, आधुनिक गोठ तथा खोरको अभाव, कृषि तथा पशुपन्छी क्षेत्रमा आन्तरिक बजेटको अभावले गर्दा सशर्त कार्यक्रमहरुको वाहुल्यता हुनु, प्रत्येक वडामा पशु प्राविधिक नरहनु, दक्ष जनशक्तिको अभाव रहनु, कृषि तथा पशुपन्छी प्रसार सेवाको कमी हुनु जस्ता विषयहरु प्रमुख समस्याको रुपमा रहेका छन्।

## ४.२.४ उद्योग र व्यापार

### संभावना तथा अवसर

उर्लाबारी नगरपालिकामा पर्याप्त रुपले साना तथा ठुला व्यवसाय सञ्चालनमा रहेका छन् ति व्यवसायमा जनसंख्याको ठूलो हिस्सा संलग्न छ। व्यवसायहरु मध्ये सबैभन्दा अधिक संख्या किराना, कपडा, होटेल व्यवसाय आदि रहेका छ। उद्योगको हकमा धान, तोरी, चिउरामिलहरु लगायत खाद्य पदार्थ उत्पादन तथा प्रशोधन गर्ने मुख्य रुपमा देखिन्छन्। त्यसै गरी यस नगरपालिका क्षेत्रका प्रमुख बजारहरुमा उर्लाबारी, मंगलबारे, दुर्गापुरी, हुन्। यस नगरपालिकामा वैदेशिक रोजगारीबाट भित्रिएको दक्ष जनशक्तिलाई स्थानीयस्तरमा उपलव्ध कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापना गरी सञ्चालन गर्न सकिने संभावना रहेको छ।

सिमसार क्षेत्रको विकास तथा प्रवर्धन गरी आन्तरिक पर्यटन प्रवर्धन गर्न सकिने तथा नदि र जलसायहरुबाट सतह सिंचाई भरपुर उपयोग गर्न सकिने प्रचुर सम्भावना देखिन्छ।

**समस्या तथा चुनौती**

यस नगरपालिकामा कृषि तथा पशुपन्छी उत्पादित कच्चा पदार्थमा आधारित उद्योग व्यवशाय पर्याप्त मात्रामा संचालन हुन सकेको छैन। जसले गर्दा कृषि तथा पशुपन्छीजन्य उत्पादनमा नागरिकहरुलाई आकर्षित गर्न सकिएको छैन। व्यावसायिक सोच र लगानीको कमी, औद्योगिक वातावरणको कमी, व्यावसायिक तालिम तथा प्रशिक्षण र प्रविधिको अभाव, बैंक तथा वित्तिय संस्थाको लगानीमा देखिएको नैराश्यता, स्थानीय श्रोत, साधन, सिप, जनशक्तिको परिचालन गरी विकासको गतिलाई तिब्रता दिन सकिएको छैन।

खुल्ला सिमानाको कारण स्थानीय बजार व्यवस्थित गर्न नसकेकोले भारतीय बजारसँग प्रतिस्पर्धा गर्न सकिएको छैन। नगरपालिकाले बनाउने नीति तथा रणनीतिको कमी तथा प्राविधिक तथा व्यावसायिक शिक्षा नीतिको कमी रहेको देखिन्छ। उत्पादनमुखी बजारको व्यवस्थापन नहुनु, बजारीकरणको कमि जस्ता पक्ष पनि उद्योग व्यावसाय विकासको प्रमुख समस्याको रुपमा रहेको छ।

## ४.२.५ श्रम तथा रोजगार

**सम्भावना तथा अवसर**

सीप विकास तथा स्वरोजगारीका लागि सरकारीस्तरबाट विभिन्न अनुदान सहित आर्थिक प्राविधिक सहयोगको अभ्यास रहेको छ। स्थानीय रोजगारी प्रवर्द्धनका लागि घरेलु उद्योगको विकास गर्न सकिने प्रशस्त आधारहरु रहेका छन्। कृषि तथा गैर कृषि क्षेत्रमा औपचारिक तथा अनौपचारिक रोजगारीका अवसरहरु विस्तार हुँदै गएका छन्। वैदेशिक रोजगारी तथा सरकारी सेवाको रोजगारीमा आकर्षण उच्च रहेको छ। यस नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रमले पनि रोजगार शृजना गर्न केहि योगदान पुर्याएको छ।

**समस्या तथा चुनौती**

नगरपालिकाले उपयुक्त नीति तथा कार्यक्रम तय गरी कृषि आधुनिकीकरण तथा व्यापार/व्यवसायको प्रवर्धन गर्न नसकेकोले कृषि तथा व्यावसाय क्षेत्रबाट कृषक तथा व्यवसायीहरुले पर्याप्त र दिगो आम्दानी लिन सकिरहेको अवस्था छैनन्। जसको कारण नगरपालिकाको उत्पादनशील मानव संशाधनको प्रयोग कृषि पेशा भन्दा गैर कृषि पेशामा बढी आकर्षित भइ रहेको छ। नगरपालिकामा अभिलेख व्यवस्थापनको कमि भएको कारण वास्तविक बेरोजगार को हुन् भनि पहिचान गर्न सकिएको छैन। स्थानीय स्तरमा दक्ष र अदक्ष् दुवै प्रकारको जनशक्तिको अभाव रहेको छ। नगरपालिकामा घरेलु उद्योग, व्यवसाय, पूर्वाधार

क्षेत्रमा लगानी तथा व्यवस्थापन गर्न नसकिएको कारण रोजगारी सिर्जना हुन सकेको छैन। जसले गर्दा उपलव्ध आर्थिक तथा रोजगारीको वातावरण बन्न सकेको छैन।

## ४.२.६ वैक, सहकारी र वित्तीय सेवा

### संभावना र अवसर

वित्तीय पहुँच तथा सेवाको लागि नगरपालिकामा २२ वटा बैंक ६० वटा सहकारी संस्था रहेका छन्। आमा समूह, सामुदायिक संस्था लगायत बचत समुहबाट समेत सानोतिनो वित्तिय सेवा उपलव्ध रहेको छ। व्यवसायिक उत्पादनमा संलग्न किसान तथा अन्य उद्योग व्यवसाय सञ्चालनका लागि आवश्यक पर्ने पूँजीको पहुँच सहज हुन सके नगरपालिकाको आर्थिक विकासले गति लिन सक्नेछ। बैदेशिक रोजगारीबाट प्राप्त आयलाई आधार मानी व्यावसायिक गतिविधि सञ्चालन गर्न चाहने कम आय भएकालाई समेत कर्जा सहज उपलव्ध हुने व्यवस्थाले आर्थिक विकासका अवसरहरूलाई उपयोग गर्न सकिनेछ। साथै वित्तीय संस्थाहरूले बचत परिचालन गरेर ऋण प्रवाहका लागि थप पूँजी जुटाउन पनि सम्भव हुनेछ।

### समस्या तथा चुनौती

सहकारी सञ्चालनमा कर्मचारी एवं पदाधिकारीहरुको क्षमतामा कमी, सहकारीहरुको नियमित एवं प्रभावकारी अनुगमन नहुनु, वित्तीयसंस्थाबाट लिइने ऋणको सदुपयोग हुन नसक्नु एवं व्यवसायको लागि ऋणको जोखिम उठाउने क्षमतामा कमी, स्थानीयहरुमा आम्दानी तथा बचतको मात्रामा अत्यन्तै कमी रहनु यस क्षेत्रको विस्तारका लागि समस्याको रुपमा रहेको छ।

वित्तीय साक्षरताको कमी हुनु, परम्परागत सोचले बैंकतर्फ आकर्षित नहुनु प्रमुख समस्याको रुपमा रहेको छ। बैंकको लगानी सवै वडाहरुमा विस्तार नहुनु, सहकारी सञ्चालनमा कर्मचारी एवं पदाधिकारीहरुको क्षमता, दक्षता र पारदर्शिताको कमी हुनु, सहकारीहरुको नियमित एवं प्रभावकारी अनुगमन संयन्त्र मजबुत नहुनु, वित्तीय संस्थाबाट लिइने ऋणको सदुपयोग हुन नसक्नु यस क्षेत्रको विस्तारका लागि चुनौतीको रुपमा रहेको छ।

## ४.२.७ पर्यटन

### संभावना र अवसर

यस नगरपालिकालाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न पर्यटकीय क्षेत्रको गुरुयोजना निर्माण तथा अन्य आवश्यक पूर्वाधार विकासका लागि अन्तरपालिका, प्रदेश र संघसँग पहल गरी पर्यटन विकास र प्रवर्धनका क्रियाकलापहरु कार्यन्वयन हुन जरुरी छ। स्थानीय स्तरमा पर्यटन गन्तव्य र पर्यटकीय वस्तुहरुको पहिचान गरी त्यसको प्रचार प्रसार, पर्यटकको औषत वसाई तथा खर्च वृद्धि गर्न जोड दिने सहित पर्यटन विमाको अवधारणा विकास तथा कार्यान्वयन गर्न सकिने सम्भावना छ। कृषि, धार्मिक तथा पर्या-पर्यटन प्रवर्द्धनका लागि यो

नगरपालिकामा प्रसस्त सम्भावना र अवसर छ। ग्रामिण पर्यटनको विकास र विस्तारका लागि नगरपालिकाले पहल सुरुगरी सकेको छ। यस नगरपालिकामा रहेका सिमसारहरुको उपलव्धतालाई अवसरको रुपमा मानेर सिमसार क्षेत्रको प्रवर्धन मार्फत पर्या-पर्यटनको विकास गरी दिगो रुपमा रोजगारीको सृजना गर्न सकिने सम्भावना तथा अवसर रहेको छ।

**समस्या तथा चुनौति**

नगरपालिकमा पर्यटकीय नगर तथा सेवा सुविधाको सम्भावना अध्ययन नभएको, पर्यटकस्तरका होटल तथा रेष्टुराँहरु सञ्चालनमा कमी रहनु, पदमार्ग तथा सडक संजालको कमी हुनु, आधुनिक एवं आयातित संस्कृतिको बढ्दो प्रभावले परम्परागत संस्कृति हराउदै जानु, सम्भावना बोकेको पर्यटकीय स्थानहरुको यथोचित विकास गर्न राज्यबाट प्राथमिकतामा नपर्नु संस्कृति तथा पर्यटन क्षेत्रको विकासका लागि मुख्य चुनौतीको रुपमा रहेको छ। प्रचार प्रसारको कमि, पर्याप्त बजेटको अभावमा सिमसार क्षेत्र लगायत अन्य पर्यटकीय क्षेत्रहरुको उचित संरक्षण, सम्बर्धन र प्रबर्धन गर्न नसक्नु पर्यटन विकासको समस्याको रुपमा देखा परेको छ।

## ४.३ सोच, लक्ष्य, उद्देश्य रणनीति तथा कार्यनीति

### ४.३.१ लक्ष्य

"रोजगारीका अवसर सृजना गर्दै दिगो आर्थिक वृद्धि गर्नु"

### ४.३.२ उद्देश्य

क) स्थानीय कृषि तथा पशुपन्छीजन्य उत्पादनको व्यावसीयकरण र विविधीकरण गर्नु,

ख) स्थानीय श्रोत साधनमा आधारित उद्योग व्यवसायको सिर्जना, विकास र विस्तार गर्नु,

ग) नगरबासीको वित्तीय पहुँच वृद्धि गर्नु,

घ) स्थानीयस्तरमा रोजगारी अवसरहरु वृद्धि गर्नु, र

ङ) साँस्कृतिक तथा पर्यटकीय गन्तव्यहरुको विकास गर्नु।

### ४.३.३ आर्थिक विकास क्षेत्रका रणनीति तथा कार्यनीति

**तालिका ८ : आर्थिक विकास क्षेत्रका रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|

| उद्देश्य १: स्थानीय कृषि तथा पशुपन्छीजन्य उत्पादनको व्यवसायीकरण र विविधीकरण गर्नु | |
|---|---|
| १.१ वडा स्तरमा कृषि उपजको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने | १.१.१ स्थानीय एवं रैथाने वीउ-विजन, वेर्नाहरुको संरक्षण र विकास गर्दै गुणस्तरीय जातका मूलतः नगदे एवं उच्च मूल्यका कृषि उपजहरुको व्यवसायिक खेतिमा व्यापकता दिई उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याइनेछ।<br><br>१.१.२ सामुहिक खेति, साझेदारी एवं सहकारी तथा करार खेति प्रणालीलाई स्थापित गर्दै जमिन बाँझो राख्रे प्रवृतिलाई निरुत्साहित गर्न नीतिगत तथा कानुनी व्यवस्था गरिनेछ।<br><br>१.१.३ प्राविधिक सेवा सहयोगलाई सक्षम र प्रभावकारी बनाउदै कृषिबालीमा लाग्ने रोग र किटाणुवाट हुने क्षतिलाई समयमै नियन्त्रण गरी नोक्सानी न्यूनीकरण गर्न कृषि वीमा सेवाका लागि निजी क्षेत्रसँग समन्वय गरिनेछ।<br><br>१.१.४ रासायनिक मलको प्रयोगवाट माटोको उर्वराशक्तिमा आएको ह्रासलाई न्यूनीकरण गर्न घर-घरवाट निस्कने फोहोरमैला, गोठेमल, पशुमुत्रलाई एकत्रित गरी जैविक मल उत्पादन गर्न प्रोत्साहित गरिनेछ।<br><br>१.१.५ वेरोजगार युवा वर्गलाई पशुपन्छी व्यवसायमा आवद्ध गर्न निजी क्षेत्रसँग सहकार्य गर्दै सहुलियत दरमा वित्तीय सेवा सुविधाको ब्यवस्था गरी प्रोत्साहित गरिनेछ।<br><br>१.१.६ कृषिका आधुनिक प्रविधि तथा यन्त्र-उपरणहरुको प्रयोग तथा यान्त्रीकीकरण मार्फत कृषकहरुलाई सहयोग उपलव्ध गराइनेछ।<br><br>१.१.७ तुलनात्मक लाभ भएका पशुजन्य उत्पादनहरुको व्यवसायिक पालनका लागि कृषकहरुको क्षमतामा अभिवृद्धि ल्याई आय आर्जनको श्रोतको रुपमा स्थापित गराइनेछ।<br><br>१.१.८ नश्ल सुधारको माध्यमवाट स्थानीय पशुहरुमा गुणात्मक सुधार ल्याई उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याइनेछ।<br><br>१.१.९ पशु वीमालाई प्रभावकारी रुपमा परिचालन गर्न लागि निजी क्षेत्रसँग समन्वय गरिनेछ।<br><br>१.१.१० पशु आहारका लागि गुणस्तरीय एवं पोषणयुक्त घाँसेबाली रोपणमा व्यापकता ल्याइनेछ। |

| | |
|---|---|
| १.२ कृषि सेवामा आधारित संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने | १.२.१ कृषि तथा पशुपालन फार्महरुको सीप, क्षमता अभिवृद्धि एवं व्यवसायिकता बिकासमा सहजीकरण गरिनेछ।<br>१.२.२ स्थानीय स्तरमा कृषक समूह र कृषि सहकारी संस्था गठन गर्न प्रोत्साहन गरिने, अगुवा कृषक परिचयपत्र वितरण र सोही अनुसार सुविधा एवं अनुदानहरुको व्यवस्था गरी कृषि पेशालाई आय आर्जनको एक प्रमुख श्रोतको रुपमा स्थापित गरिनेछ।<br>१.२.३ कृषि जनशक्ति बिकास तथा युवाहरुलाई कृषि पेशामा आवद्ध गर्न CTEVT बाट मान्यता प्राप्त कृषि प्राविधिक विद्यालय सञ्चालन गर्न निजी क्षेत्रसँग समन्वय गरिनेछ।<br>१.२.४ वेरोजगार युवाहरुमा सीप बिकास तालिमहरु प्रदान गरी कृषि मजदुर तथा जनशक्तिको अभावलाई न्यूनीकरण गर्दै स्थानीय स्तरमा युवाहरुको रोजगारीका लागि सहजीकरण गरिनेछ। |
| १.३ कृषि उपजहरुको व्यवसायीकरण तथा वजार प्रवर्धन गर्ने | १.३.१ एक वडा एक नमूना कार्यक्रम सञ्चालन गरी कृषि व्यवसाय प्रवर्धन गरिनेछ।<br>१.३.२ कृषकहरुलाई कृषि उत्पादन व्यवस्थापन, वाह्य वजार अवस्था एवं कृषि उपजहरुको वजार क्षेत्रका वारेमा विद्युतीय सूचना प्रविधिवाट नियमित जानकारी गराउन प्रभावकारी संयन्त्रको व्यवस्था गरिनेछ।<br>१.३.३ व्यावसायिक रूपमा खेति गरिदै आएका तरकारी, अन्न तथा नगदेबालीको व्यवसायिक उत्पादनका लागि सम्भाव्यताका आधारमा पकेट क्षेत्र, व्लक, कृषिजोन घोषणा गरिनेछ।<br>१.३.४ कृषिमा यान्त्रीकीकरण, आधुनिकीकरण र वजारीकरणका लागि अनुदान, प्रोत्साहनको व्यवस्था गरिनेछ।<br>१.३.५ कृषि सहकारी संस्था तथा निजी क्षेत्रको भूमिकालाई प्रभावकारी बनाउदै कृषि वजार प्रवर्धन गर्न कृषक र वाह्य वजार क्षेत्रसँग अन्तरसम्बन्ध बिकास गरिनेछ।<br>१.३.६ नगरपालिकाका मुख्य मुख्य स्थानहरुलाई वजार क्षेत्रको रुपमा बिकास गर्दै त्यस्ता क्षेत्रहरुमा हाटवजारको व्यवस्था गरी राष्ट्रिय एवं प्रदेश स्तरीय विक्रेताहरुलाई कृषि उपजहरु विक्री वितरण गर्ने अवस्था सिर्जना गरिनेछ। |

| | |
|---|---|
| १.४ कृषि पूर्वाधारको विकास र विस्तार गर्ने | १.४.१ व्यवसायिक तरकारी खेती कार्यलाई प्रवर्धन गर्न थोपा तथा फोहोरा सिंचाईको उपलव्धता गराईनेछ।<br>१.४.२ पोखरी, सिमसार र जलाधार क्षेत्रहरुको संरक्षण, सुदृढीकरण गर्न सहयोग उपलव्ध गराउदै नजिकका क्षेत्रहरुमा नियमित सिंचाइ सुविधा उपलव्ध गराइनेछ।<br>१.४.३ सिंचाई नहर/पैनीहरूको मर्मत सम्भार गर्दै नियमित रुपमा सिंचाइ सुविधा उपलव्ध गराउदै कृषि उत्पादनमा वृद्धि ल्याइनेछ।<br>१.४.४ नहर/पैनीको सम्भावना नभएका क्षेत्रमा बोरिंङ प्रवाधिको सिंचाइ सञ्चालन गरी थप नयाँ क्षेत्र र आंशिक रुपमा सिंचाइ हुँदै आएका क्षेत्रहरुमा नियमित रुपमा सिंचाइ सुविधा उपलव्ध गराउने गरी कृषि प्रणालीमा सहजता ल्याइनेछ।<br>१.४.५ कृषि वजार बिकास प्रवर्धनका लागि प्रत्येक वडामा कृषि उपज संकलन केन्द्र र नगरपालिकको मुख्य वजार क्षेत्रमा हाटवजार केन्द्र, कोशेली घर, विक्री कक्ष व्यवस्था गरिनेछ।<br>१.४.६ पशुपन्छीजन्य उत्पादनहरुको स्थानीय एवं वाह्य वजार प्रवर्धन गर्न संकलन केन्द्र, विक्री केन्द्र, मेला प्रदर्शनी व्यवस्था जस्ता पूर्वाधारहरु उपयुक्त स्थानमा निर्माण गरिनेछ। |
| १.५ महिला, दलित एवं अति विपन्न वर्गलाई कृषिको व्यवसायिक खेतिमा पहुँच वृद्धि गर्ने | १.५.१ निःशुल्क कृषि वीमा, वीउविजन, सहुलियत दरमा कृषि ऋणको व्यवस्था गरी महिला, दलित तथा अति विपन्नहरुलाई व्यवसायिक खेतिमा संलग्न गराई उनीहरुमा उद्यमशीलताको बिकास गरिनेछ।<br>१.५.२ महिला, दलित, अति विपन्नहरुबाट सामुहिक रुपमा गरिने व्यवसायिक खेतिलाई यान्त्रीकरण गर्न कृषिका आधुनिक प्रविधिहरु सामुहिक जमानीमा उपलव्ध गराइनेछ। |
| १.६ स्थानीय कृषि व्यवसाय विकास नीति तथा योजना तर्जुमा गरी कार्यान्वयन गर्ने | १.६.१ व्यवसायिक कृषि बिकासका लागि नगरपालिकाको कृषि विकास रणनीतिक योजना बनाइनेछ।<br>१.६.२ दीर्घकालीन नीति, कानुन र मापदण्ड तयार पारी कृषि बिकास तथा उत्पादन व्यवस्थापनमा प्रभावकारीता ल्याइनेछ। |
| **उद्देश्य २ः स्थानीय श्रोत साधनमा आधारित उद्योग व्यवसायको सिर्जना, विकास र विस्तार गर्नु** | |

| | |
|---|---|
| २.१ स्थानीय कच्चा पदार्थ, साधन श्रोत र सीपको सदुपयोगमा वृद्धि | २.१.१ वैदेशिक रोजगारिबाट फर्केका युवाहरुलाई कृषि, पशुपालन, तरकारी, फलफुल तथा पर्यटन क्षेत्रमा व्यवसायिक बिकास, तथा उद्यमशीलता बिकासका लागि प्रोत्साहित गर्दै स्थानीय आर्थिक कारोवारमा गतिशिलता ल्याइनेछ।<br><br>२.१.२ स्थानीय कच्चा पदार्थमा आधारित उद्योग व्यवसायको व्यवसायिक बिकासका लागि आवश्यक सवै प्रकारका भौतिक पूर्वाधारहरुको निर्माण गरिनेछ।<br><br>२.१.३ स्थानीय स्तरमा उपलव्ध साधन, श्रोत, सीप प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योग व्यवसायहरु सञ्चालनका लागि सहकारी तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य गरी स्थानीय स्तरमा रोजगारीका अवसरहरु श्रृजना गरिनेछ।<br><br>२.१.४ व्यवसायिक सम्भाव्यता भएका वस्तुहरुको विस्तृत अध्ययन अनुसन्धान गरी सोका आधारमा वेरोजगार युवाहरुलाई सीप बिकास एवं उद्यमशीलता बिकास तालिमवाट क्षमता अभिवृद्धि गरिनेछ।<br><br>२.१.५ सहकारी एवं निजीक्षेत्रसँग सहकार्य गरी उद्योग तथा वाणिज्य सम्बन्धी प्रशासनिक सेवाहरु, वैकिङ्ग सेवा, व्यवसायिक परामर्श लगायतका सेवाहरु एकै स्थानमा उपलव्ध गराई प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरिनेछ। |
| २.२ स्थानीय उत्पादनहरुको बजार प्रवर्धन | २.२.१ विद्यमान वजार क्षेत्रहरुमा क्रमशः भौतिक पूर्वाधार, सेवा सुविधाहरु उपलव्ध गराउदै साना ठूला व्यापारिक केन्द्रको रुपमा बिकास गर्दै शहरीकरण गरिनेछ।<br><br>२.२.२ स्थानीय उत्पादनलाई वाह्य वजार क्षेत्र सम्म पुर्याउन सवै प्रकारका यातायात सेवालाई प्रभावकारी बनाइनेछ।<br><br>२.२.३ औद्योगिक सेवा, सूचना प्रवाह, प्रविधि सम्बन्धी सूचना संकलन र वितरणलाई विस्तार गरिनेछ।<br><br>२.२.४ स्थानीय सहकारीहरुको समन्वयमा प्रत्येक वडामा १/१ वटा कृषि सामग्री तथा स्थानीय कृषि उपज एवं घरायसी उपभोगका वस्तु विक्री गर्ने सहकारी पसल सञ्चालनको व्यवस्था मिलाईनेछ।<br><br>२.२.५ स्थानीय हाटवजार केन्द्र निर्माण गरी नियमित रुपमा स्थानीय एवं प्रदेश स्तरीय व्यापार मेला, प्रदर्शनी आयोजनाका लागि सहकारी एवं |

| | |
|---|---|
| | नीजिक्षेत्रसँग सहकार्य गरिनेछ। |
| सहभागिता बढाउने | २.३.१ एकल, सामुहिक, साझेदारीमा उद्योग व्यवसाय स्थापनामा मार्फत महिला, दलित तथा अति विपन्न वर्गको रोजगारी एवं आय स्तर वृद्धिका लागि सहजिकरण गरिनेछ।<br>२.३.२ परम्परागत सीप बिकासलाई आधुनिकीकरण गरी त्यसलाई व्यावसायीकरण गर्न प्रोत्साहित गरिनेछ।<br>२.३.३ लघु तथा घरेलु उद्योग धितोमा राखी कर्जा प्रवाह गर्ने व्यवस्थाका लागि वित्तीय क्षेत्रसँग सहकार्य गरिनेछ।<br>२.३.४ सहकारी तथा वित्तीय संस्थासँग समन्वय गरी आवश्यक पूँजी लगानीको अभावमा उद्योग व्यवसाय शुरु गर्न नसकिरहेकाहरुलाई व्यवसाय सञ्चालनको वातावरण श्रृजना गरिनेछ। |
| २.४ उद्योग, व्यवसाय तथा सेवा सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने | २.४.१ लघु, घरेलु तथा साना उद्योगहरुको प्रवर्धनका लागि नीति, दीर्घकालीन योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।<br>२.४.२ उद्योग व्यवसाय बिकास सम्बन्धी कानुन र मापदण्ड बनाई अनुगमन तथा नियमन गरिनेछ।<br>२.४.३ स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार र हित सम्बन्धी नीति, कानुन, मापदण्ड कार्यान्वयन र नियमन गरिनेछ। |
| **उद्देश्य ३ः नगरवासीको वित्तीय पहुँच वृद्धि गर्नु** | |
| ३.१ व्यावसायिक गतिविधि केन्द्रित वित्तीय सेवाको पहुँच वृद्धि गर्ने | ३.१.१ बैंकिङ लगानीलाइ कृषि क्षेत्रमा वृद्धि गर्न पहल गरिनेछ।<br>३.१.२ वित्तीय साक्षरताका कार्यक्रम सञ्चालन गरिनेछ।<br>३.१.३ आर्थिक कारोवारका लागि बैंक तथा वित्तीयसंस्था मार्फत हुने कारोवारलाई प्रोत्साहन गरिनेछ।<br>३.१.४ सहकारीहरुको संस्थागत क्षमता सुदृढीकरणको माध्यमबाट सुशासन प्रवर्धन अभिवृद्धि गरिनेछ।<br>३.१.५ बैंकिङ कारोवारको भुक्तानी प्रक्रिया तथा कारोवारमा नगदी कारोवार भन्दा बैंकिङ प्रणाली पद्धतिको विकास गर्न वित्तीय संस्थाहरुसँगको समन्वयमा आधार तयार गर्न पहल गरिनेछ। |

| | |
|---|---|
| ३.२ बैंकिङ कारोवारमा नगरवासीको सहज पहुँच कायम गर्ने | ३.२.१ वडाका विभिन्न भागमा बसोवास गर्ने अशक्त, असाहय, जेष्ठ नागरिकहरुको वित्तीय सेवामा पहुँच सुनिश्चित गर्न घुम्ति बैंकिङ प्रणाली सञ्चालन गर्न समन्वय गरिनेछ।<br>३.२.२ आर्थिक कारोवार विस्तार लागि बैंक तथा वित्तीय शाखा विस्तार सहजीकरण गरिनेछ। |
| **उद्धेश्य ४: स्थानीयस्तरमा रोजगारी अवसरहरु वृद्धि गर्नु** | |
| ४.१ युवा लक्षित उत्पादन, रोजगारी र आयमा वृद्धि गर्ने | ४.१.१ नगरपालिकामा रहेका वेरोजगार युवाहरुलाई प्राथमिकता दिई कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसायमा आधारित उद्यम, व्यावसाय र आयोजना सञ्चालन गरिनेछ।<br>४.१.२ बैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई कृषि, पशुपालन, माछा र पर्यटनमा आधारित उत्पादन, प्रशोधन र बजारीकरण सम्बन्धी उद्योग व्यवसाय सञ्चालनको लागि उद्यमशिलता, सीप विकास तालिम, परामर्श सेवा र सहयोगको एकीकृत प्याकेज कार्यक्रम सञ्चालन गरिनेछ।<br>४.१.३ वैदेशिक रोजगारमा जाने कार्यलाई निरुत्साहन गर्न एवं स्थानीय स्तरमै रोजगारीको सुनिश्चितता गर्न रोजगारदाता र बेरोजगार व्यक्तिहरु बीचको पुलको रुपमा रोजगार सेवा केन्द्रलाई प्रभाकारी वनाईनेछ। |
| **उद्धेश्य ५: साँस्कृतिक तथा पर्यटकीय गन्तव्यहरुको विकास गर्नु** | |
| ५.१ पर्यटन पूर्वाधारको विकास र विस्तार गर्ने | ५.१.१ नगरपालिका भित्र सम्भावित पर्यटकीय क्षेत्र तथा पर्यटकीय उत्पादनहरु पहिचान गरी विवरण तयार गर्दै गन्तव्य क्षेत्रहरुमा पुग्न आवश्यक सबै प्रकारका भौतिक पूर्वाधारहरु निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।<br>५.१.२ कोशी प्रदेशका प्रमुख पर्यटकीय क्षेत्रसँग अन्तरआवद्धता कायम गरी पूर्वाधारको विकास र विस्तार गरिनेछ। |
| ५.२ पर्यटकीय सेवा सुविधाको विकास र विस्तार गर्ने | ५.२.१ सामाजिक सञ्जाल लगायत विभिन्न विद्युतीय माध्यमहरुबाट व्यापक प्रचार प्रसार गरी गन्तव्य स्थलहरुको बारेमा जानकारी गराइनेछ।<br>५.२.२ निजी क्षेत्रसँगको सहकार्यमा एक निश्चित समय निर्धारण गरी आन्तरिक एवं वाह्य पर्यटक वृद्धिका लागि पर्यटन महोत्सवहरु आयोजना गरिनेछ। |

| | |
|---|---|
| | ५.२.३ उपयुक्त स्थानमा व्यवस्थित होमस्टे र पर्यटकीय स्थलहरुको विकास गरी स्थानीय युवा तथा पर्यटन व्यवसायीहरुलाई प्रोत्साहित गरिनेछ। |
| ५.३ स्थानीय कला र संस्कृतिको संरक्षण गर्ने | ५.३.१ पालिकामा उपलव्ध स्थानीय कला तथा साहित्यको संरक्षण गर्न प्रोत्साहन तथा प्रवर्धनका कार्यक्रमहरु सञ्चालन गरिनेछ।<br><br>५.३.२ स्थानीय कला, संस्कृति, सम्पदा, भाषा साहित्यमा आधारित प्रकाशन वार्षिकरुपमा गरिनेछ।<br><br>५.३.३ जिल्ला, प्रदेश तथा राष्ट्रिय पहिचान बनाएका कलाकार तथा श्रष्टालाई प्रोत्साहन र सम्मान गरिनेछ। |

## ४.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस आवधिक योजनाको कार्यान्वयन पश्चात् उर्लाबारी नगरवासीको आय तथा रोजगारी अभिवृद्धि भइ आर्थिक समृद्धिको दिशातर्फ अग्रसर भएको अवस्था हुनेछ। यसै आवधिक योजनाको समीक्षा पश्चातको आवधिक योजनाको कार्यान्वयनबाट आफ्नो उत्पादनले वर्षभरी खानपुग्ने परिवारको हालको अवस्थामा उल्लेख्य सुधार पुग्नेछ। आवधिक योजनाको अन्त्य समयमा साना किसानको औषत आयमा वृद्धि भएको हुनेछ। यसैगरी कृषि उपजको व्यवसायिक खेतिका लागि पकेट क्षेत्र कार्यक्रम सञ्चालनमा आउने छन्। तरकारी तथा नगदेबाली खेतिमा संलग्न जनसंख्यामा उल्लेख्य वृद्धि हुनेछ। कृषि, उद्योग व्यवसाय क्षेत्र, बैंक तथा वित्तीय संस्थाहरूमा सबै नगरवासीहरुको सहज पहुँच पुगेको हुनेछ। यस आवधिक योजनाको समीक्षा पश्चातको कार्यान्वयनबाट आर्थिक विकासका क्षेत्रमा हासिल हुने समग्र अपेक्षित नतिजाहरू, योजना समीक्षा गर्दाको अवस्था (आधार रेखा), वार्षिक अपेक्षित प्रगति परिमाण, पुष्ट्याइँका आधार तथा पूर्वानुमान एवं जोखिम पक्ष देहाय अनुसार रहेका छन् :

**तालिका ९ : आर्थिक विकास क्षेत्रको नतिजा खाका**

| नतिजा श्रृङ्खला | सूचक | | ०७८/०७९ | लक्ष्य (सम्मको अवस्था) | | | | | लक्ष्य | पुष्ट्याईका आधारहरू | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | एकाई | | ०७९/०८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | | | |
| प्रभाव : रोजगारी र आय आर्जनका अवसरहरु दिगो र फराकिलो भएको हुनु | आफ्नो उत्पादनबाट वर्षभरी खानपुग्ने परिवार | प्रतिशत | ७५ | ७८ | ७९ | ८० | ८५ | ९० | ९० | -वस्तुस्थिति विवरण<br>-अध्ययन प्रतिवेदन<br>-मूल्याङ्कन प्रतिवेदन | |
| | कृषि तथा पशुपालन क्षेत्रमा स्व रोजगार | प्रतिशत | ४५ | ४६ | ४८ | ५२ | ५५ | ५७ | ५७ | | |
| | उद्योग र व्यवसाय क्षेत्रमा रोजगार | प्रतिशत | ७ | ८ | १० | ११ | १२ | १३ | १३ | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | साना किसान तथा उत्पादकको औसत वार्षिक आय | रु. हजारमा | ७० | ७३ | ७५ | ७७ | ७८ | ८० | ८० | -प्रगति तथा<br>-अनुगमन प्रतिवेदन | |
| | पर्यटन क्षेत्रमा रोजगारी सिर्जना | प्रतिशत | १ | १ | २ | २ | २ | ३ | ३ | | |
| | पयर्यटकीय महत्वका संरक्षित कला, सँस्कृति र सम्पदा | संख्या | ४० | ४० | ४० | ४० | ४१ | ४२ | ४२ | | |
| असर १<br>कृषि, पशुपन्छी तथा मत्स्य उत्पादनको व्यवसायीकरण र विविधीकरण भएको हुने | जमिनको उत्पादकत्व प्रति हेक्टर (वार्षिक औसत कुल कृषि उत्पादन) | रु. हजारमा | ८ | ९ | ९.५ | १० | १०.५ | १०.५ | १०.५ | - वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति अनुगमन प्रतिवेदन<br>- आर्थिक सर्वेक्षण | - जलवायु परिवर्तनजन्य विषमता बढ्ने छैन |
| | उन्नत विउ, जैविक मल विषादी र आधुनिक कृषि प्रविधि प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ४० | ४५ | ४७ | ४९ | ५० | ५१ | ५१ | | |
| | १२ महिना सिंचाइ हुने क्षेत्र | प्रतिशत | ७० | ७२ | ७३ | ७४ | ५२ | ७५ | ७५ | | |
| प्रतिफल १.१<br>कृषि उपजको उत्पादन तथा उत्पादकत्व वृद्धि | एकिकृत सेवा (कृषि,पशुपन्छी, माछा, मौरी लगायतका) सेवा सञ्चालन भएका पकेट क्षेत्र | वडा | ५ | ६ | ७ | ८ | ९ | ९ | ९ | - वस्तुस्थिति विवरण<br>- अध्ययन प्रतिवेदन | - कृषि क्षेत्रमा वैकल्पिक प्रणालीको प्रयोग |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भएको हुने | पकेट क्षेत्र विकास कार्यक्रममा संलग्न कृषक समूह वा सहकारी र निजी क्षेत्र | संख्या | ३ | ४ | ५ | ८ | ९ | १० | १० | | बढ्नेछ<br>- जलवायु परिवर्तन तथा विपद असर न्यून हुनेछ<br>- कृषि वातावरणीय ह्रास कम हुनेछ<br>- कृषि क्षेत्रमा लगानी वृद्धि हुनुपर्ने |
| | सञ्चालित कृषि उपज सङ्कलन केन्द्र | संख्या | ० | ० | ० | १ | २ | ३ | ३ | | |
| | उत्पादन क्षेत्र | हेक्टर | ३८ | ३८ | ३८ | ३९ | ४० | ४० | ४० | | |
| | सक्रिय व्यावसायिक कृषक सूमह | संख्या | १९४ | १९४ | १९४ | १९६ | १९८ | २०० | २०० | | |
| | व्यावसायिक उत्पादनमा संलग्न कृषक | परिवार | ६०० | ६०० | ६०० | ६५० | ७०० | ७०० | ७०० | | |
| | व्यावसायिक कृषि नर्सरी | संख्या | - | - | - | १ | १ | २ | २ | | |
| | कोल्डस्टोर | संख्या | १ | १ | १ | २ | २ | २ | २ | | |
| | प्रवर्धित कृषि उपज संकलन तथा बजार केन्द्र | संख्या | ५ | ५ | ५ | ६ | ६ | ६ | ६ | | |
| असर २<br>लघु, साना तथा | उद्योग तथा व्यवसायमा संलग्न जनसंख्या | संख्या | ६ | ६ | ६ | ६.५ | ६.५ | ७ | ७ | - वस्तुस्थिति विवरण | - निजी क्षेत्रबीच |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| घरेलु उद्योगको विकास/औद्योगिकीकरणको आधार तयार भएको हुन | उद्योग व्यवसाय क्षेत्र बैंक तथा वित्तीय संस्थाहरूमा सहज पहुँच भएको जनसंख्या | प्रतिशत | २५ | २५ | २५ | ३५ | ४० | ४५ | ४५ | - सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | स्वस्थ्य प्रतिस्पर्धा हुनुपर्ने |
| प्रतिफल २.१ स्थानीय स्रोत साधन, कच्चा पदार्थ तथा सीप र प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योगको विकास र विस्तार भएको हुने | सुचारु व्यापार व्यवसाय | संख्या | १५०० | १५०० | १५०० | १६५० | १७०० | १७०० | १७०० | - वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति तथा अनुगमन प्रतिवेदन | - उद्यम तथा व्यापार प्रवर्धनमा संघ, प्रदेश र स्थानीय सरकार सहयोग वृद्धि हुनुपर्ने |
| | स्थानीय स्रोत साधनमा आधारित उद्यम व्यवसाय | संख्या | ४५ | ४५ | ४५ | ५५ | ६० | ७० | ७० | | |
| | उद्यम सृजना र विकास सम्बन्धी तालिम लिने उद्यमी | प्रतिशत | ४० | ४० | ४० | ५५ | ६० | ६५ | ६५ | | |
| | कुल उद्यमी/व्यवसायीमध्ये कर्जामा सहज पहुँच भएका उद्यमी व्यवसायी | प्रतिशत | २० | २० | २० | ३० | ३५ | ४५ | ४५ | | |
| असर ३<br>बैंक तथा वित्तीय सेवामा स्थानीयको पहुँच वृद्धि भएको हुने | सहकारी तथा वित्तीय संस्थामा आवद्ध घरपरिवार | प्रतिशत | १० | १० | १० | ३५ | ४० | ४५ | ४५ | - वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति अनुगमन प्रतिवेदन | - बैंकिङ पहुँचमा सहजता र लगानीमा वृद्धि भएको हुनुपर्ने |
| | सेवा सुचारु बैंक शाखा र वित्तीय सेवा प्रदायक | संख्या | २० | २० | २० | २१ | २१ | २१ | २१ | | |
| | आफ्नै बैंक खाता भएको परिवार | प्रतिशत | ७० | ७० | ७० | ८५ | ९० | १०० | १०० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल ३.१ व्यवसायिक गतिविधि केन्द्रित वित्तीय सेवा विस्तार भएको हुने | वित्तीय साक्षरता कार्यक्रमबाट लाभान्वित जनसंख्या | प्रतिशत | ५० | ५० | ५० | ८५ | ९० | ९० | ९० | - वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | - बैंकिङ पहुँचमा सहजता र लगानीमा वृद्धि भएको हुनुपर्ने |
| | बैंक र वित्तीय संस्थाबाट लाभान्वित औद्योगिक, व्यवसायिक क्षेत्रको हिस्सा | प्रतिशत | १० | १० | १० | १५ | २० | २५ | २५ | | |
| असर ४<br>स्थानीय युवा रोजगारी अभिवृद्धि भएको हुने | कृषि तथा पशुपालन क्षेत्रमा रोजगार | प्रतिशत | ४५ | ४५ | ४५ | ४६ | ४७ | ५० | ५० | - स्थितिपत्र (प्रोफाइल)<br>- अध्ययन /सर्भेक्षण प्रतिवेदन | - |
| | उद्योग र व्यवसाय क्षेत्रमा रोजगार | प्रतिशत | ४३ | ४३ | ४३ | ४५ | ४५ | ५० | ५० | | |
| | पर्यटन तथा सेवा क्षेत्रमा रोजगार | प्रतिशत | १ | १ | १ | १.५ | २ | २ | २ | | |
| प्रतिफल ४.१ युवालाई लक्षित गरी उत्पादन र रोजगारीमा वृद्धि भएको हुने | बेरोजगार लक्षित सञ्चालित व्यवसाय विकास कार्यक्रम | संख्या | १० | १० | १० | १५ | १५ | १५ | १५ | - स्थितिपत्र (प्रोफाइल)<br>- अध्ययन सर्भेक्षण प्रतिवेदन | |
| | युवाहरूले सञ्चालन गरेका उद्यम व्यवसाय संख्या | प्रतिशत | ११९ | ११९ | ११९ | १२० | १२५ | १३० | १३० | | |
| असर ५<br>साँस्कृतिक तथा पर्यटकीय | पर्यटन प्रवर्धनमा संलग्न संघ संस्था | संख्या | ५ | ५ | ५ | ६ | ७ | ८ | ८ | - प्रगति अनुगमन प्रतिवेदन<br>- स्थितिपत्र | - पर्यटन गुरुयोजना तर्जुमा हुनेछ<br>- संघ, प्रदेश |
| | पर्यटनसँग सम्बन्धित | वटा | २ | २ | २ | ३ | ३ | ३ | ३ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| गन्तव्यको रुपमा विकास भएको हुने | संयन्त्र समिति | | | | | | | | (प्रोफाइल)<br>- अध्ययन सर्भेक्षण प्रतिवेदन | तथा स्थानीय सरकार, विकास साझेदार र निजी क्षेत्रबाट पर्यटन विकासमा लगानी हुनुपर्ने |
| | पर्यटन र सँस्कृतिसँग सम्बन्धित अध्ययन र सर्भेक्षण विषय | संख्या | ५ | ५ | ५ | ६ | ६ | ७ | ७ | | |
| प्रतिफल ५.१ पर्यटकीय स्थलको पहिचान, नक्सांकन, पूर्वाधार विकास र प्रवर्धन भएको हुने | भ्रमण गर्ने वार्षिक पर्यटक (आन्तरिक) | संख्या हजारमा | १० | १० | १० | १२ | १२ | १५ | २० | - स्थितिपत्र (प्रोफाइल)<br>- अध्ययन/ प्रतिवेदन | |
| | स्तरोन्नती गरिएका पर्यटकीय सम्पदा | संख्या | ० | ३ | १० | १२ | १४ | १५ | १५ | | |
| प्रतिफल ५.२ पर्यटकीय सेवा सुविधाको विकास र विस्तार भएको हुने | व्यवस्थित पर्यटकीय स्थल | संख्या | १२ | १२ | १२ | १३ | १३ | १४ | १४ | - स्थितिपत्र (प्रोफाइल)<br>- अध्ययन/सर्भेक्षण प्रतिवेदन | |
| | पर्यटकीय स्तरका होटेल तथा रेष्टुरेण्ट | संख्या | ७ | ७ | ७ | ८ | ९ | १० | १० | | |
| | कृषि पर्यटन सञ्चालन स्थान | संख्या | १ | १ | २ | ३ | ५ | ५ | ५ | | |
| प्रतिफल ५.३ स्थानीय कला तथा संस्कृतिको संरक्षण तथा संवर्द्धन भएको हुने | संरक्षित ऐतिहासिक तथा साँस्कृतिक स्थल | संख्या | ४ | ४ | ४ | ५ | ५ | ५ | ५ | - अध्ययन सर्भेक्षण प्रतिवेदन<br>- स्थितिपत्र (प्रोफाइल) | - संस्कृति संरक्षण र पर्यटन प्रवर्धनमा स्थानीय सरकारको |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल ५.४ मौलिक संस्कृति तथा सम्पदाको संरक्षण तथा संवर्द्धन भएको हुने | संरक्षण प्राप्त स्थानीय जात्रा तथा मेला | संख्या | १ | १ | १ | २ | २ | ३ | ३ | - अध्ययन सर्भेक्षण प्रतिवेदन | लगानीमा वृद्धि भएको हुनुपर्ने |
| | मातृभाषा पढाइ हुने आवि | संख्या | ५ | ५ | ५ | ७ | ९ | ११ | ११ | | |

## ४.५ रणनीतिक कार्यक्रम तथा आयोजना

आवधिक योजनाको समीक्षा पश्चात तय गरेको आर्थिक विकास क्षेत्रको नतिजा हासिल गर्न नगरपालिकाको आफ्नै स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र, गैसस, प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी प्राथमिकताका आधारमा योजना अवधिका  लागि देहाय अनुसारको रणनीतिक कार्यक्रम सञ्चालन गरिनेछ :

**तालिका १० : आर्थिक विकास क्षेत्रको रणनीतिक कार्यक्रम तथा आयोजना**

| प्रमुख कार्यक्रम तथा आयोजना | इकाई | आधार वर्ष (२०७८/०७९) | कुल लक्ष्य (०८३/०८४) | लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति इकाई लागत (रु. हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | जम्मा | |
| १. कृषि तथा खाद्य सुरक्षा | | | | | | ३०५०० | ४५१०० | २७६२६ | १०३२२६ | |
| बजार व्यवस्थापन कार्यक्रम | संख्या | 0 | ५ | - | – | ५००० | ५००० | ५००० | १५००० | ३००० |
| पकेट क्षेत्र विकास कार्यक्रम (मकै, चैते धान, गहुँ, तेलहन,  तरकारी) | स्थान | 0 | ७ | - | – | ८००० | १०००० | ६५०० | २४५०० | ३५०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कृषि व्यवसायीकरण कार्यक्रम | संख्या | 0 | ९ | - | - | १०००० | २०००० | १०००० | ४०००० | ४४४४ |
| चिस्यान केन्द्रको स्थापना (कोल्ड स्टोर) | संख्या | 0 | ३ | | - | ३५०० | ५००० | २००० | १०५०० | ३५०० |
| व्यवसायिक तरकारी खेती कार्यक्रम | संख्या | ० | ५ | - | - | ३००० | ४००० | ३००० | १०००० | २००० |
| कृषि सम्वन्धि तालिम, अध्ययन अवलोकन | संख्या | ० | ५ | - | - | १००० | ११०० | ११२६ | ३२२६ | ६४५ |
| **२. सिंचाई विकास** | | | | | | **२१५००** | **३४०००** | **२५६०६** | **८१११०६** | |
| पैनी व्यवस्थापन कार्यक्रम | संख्या | ० | ८ | - | - | १०००० | २०००० | १०००० | ४०००० | ५००० |
| डिप बोरिङ सिँचाई कार्यक्रम (सानो) | संख्या | ० | २५० | - | - | ४००० | ४००० | ४५०० | १२५०० | ५० |
| डिप बोरिङ सिँचाई कार्यक्रम (ठुलो) | संख्या | ० | १०० | - | - | ७५०० | १०००० | १११०६ | २८६०६ | २८६ |
| **३. पशुपन्छी विकास** | | | | - | - | **२७५००** | **२९५००** | **३१४७९** | **८८४७९** | |
| पशुपन्छी पकेट क्षेत्र विकास कार्यक्रम (गाई, भैसी, बाखा, सुँगुर, बंगुर, माछा, तथा लोकल कुखुरा) | वडा | ० | ५ | - | - | ८००० | १०००० | १४५०० | ३२५०० | ६५०० |
| दुध र तरकारी चिस्यान केन्द्र निर्माण कार्यक्रम | संख्या | ० | २ | - | - | ५००० | ५००० | - | १०००० | ५००० |
| नश्ल सुधार कार्यक्रम | वडा | ० | ९ | - | - | ३००० | ३००० | ३००० | ९००० | १००० |
| पशु विमा कार्यक्रम | वडा | ० | ९ | - | - | १५०० | १५०० | २००० | ५००० | ५५५ |
| पशुपालनमा यान्त्रीकरण सहयोग कार्यक्रम | वडा | ० | ९ | - | - | १०००० | १०००० | ११९७९ | ३१९७९ | ३५५३ |
| **४. उद्योग र व्यापार** | | | | | | **२४०००** | **२३७३३** | **२६०००** | **७३७३५** | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| दुग्ध डेरी स्थापना र सञ्चालन | संख्या | ० | १ | – | – | १००० | – | – | १००० | १००० |
| स्थानीय तथा घरेलु उद्योग तथा बजार प्रवर्द्धन कार्यक्रम | वडा | ० | ९ | – | – | २०००० | २०००० | २३००० | ६३००० | ७००० |
| सुरक्षित बधस्थल निर्माण तथा व्यशायीक मासु पसल स्थापना | वडा | ० | ५ | - | - | ३००० | ३७३३ | ३००० | ९७३५ | १९४६ |
| **५. श्रम तथा रोजगार** | | | | | | **२००००** | **२००००** | **१९९८६** | **५९९८६** | |
| लक्षित वर्ग शिपमुलक तालिम (कुक, वेटर, ड्राइभिंङ, प्लम्बिङ, मोबाइल मर्मत, कार्पेन्टर, ब्युटीपार्लर, केश काट्ने, साबुन बनाउने, सिलाइकटाइ, इलेक्ट्रिसियन, मुढा बनाउने, जुत्ता चप्पल बनाउने, बाँसका सामग्री बनाउने) | वडा | ० | ९ | – | – | २०००० | २०००० | १९९८६ | ५९९८६ | ६६६५ |
| **६. बैंक, सहकारी र वित्तीय सेवा** | | | | | | **१२५००** | **१५०००** | **९३६६** | **३६८६६** | |
| वित्तीय साक्षरता कार्यक्रम | वर्ष | ० | ९ | – | – | ५००० | ५००० | ५००० | १५००० | १६६६ |
| सहकारी व्यवस्थापन तथा प्रवर्धन कार्यक्रम | वर्ष | ० | ९ | – | – | ७५०० | १०००० | ४३६६ | २१८६६ | २४२९ |
| **७. पर्यटन** | | | | | | **५८००** | **५८००** | **४६४७** | **१८४९७** | |
| सिमसार व्यवस्थापन एवं पर्यटन प्रवर्धन कार्यक्रम | संख्या | ० | ५ | - | - | २०० | २०० | १०४ | ५०४ | १०० |
| पर्यटकीय पुर्वाधार व्यवस्थापन कार्यक्रम | वडा | ० | ९ | - | - | २५०० | २५०० | २५०० | ७५०० | ८३३ |
| पुष्पवृक्ष रोपण सहितको पार्क निर्माण कार्यक्रम | वडा | ० | ३ | – | – | ५० | ५० | ५० | १५०० | ५०० |
| पर्यटकीय बालउद्यान निर्माण कार्यक्रम | संख्या | ० | १ | – | – | ५० | ५० | – | १००० | १००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| मावा करिडोर सौन्दर्यिकरण कार्यक्रम | वडा | ० | ३ | - | - | ३००० | ३००० | १९९३ | ७९९३ | २६६४ |
| **जम्मा** | | | | | | १४१८०० | १७३१३३ | १४४७१० | ४६१८९५ | |

❖ *द्रष्टव्य : पर्यटन उपक्षेत्रको रु. १ करोड नगर गौरबका आयोजनामा समावेश भएको छ।*

## ४.६ रणनीतिक कार्यक्रम तथा आयोजनाको स्थानगत विवरण

प्रस्तावित कार्यक्रमको स्थानगत विवरण निम्नाअनुसार रहेको छ :

**तालिका १०: आर्थिक विकास क्षेत्रका रणनीतिक कार्यक्रम तथा आयोजनाको स्थानगत विवरण**

| प्रमुख कार्यक्रम तथा आयोजना | इकाई | कुल लक्ष्य (०८४/०८५) | जिम्मेवार निकाय | स्थानगत र कार्यक्रम विवरण | सहकार्य |
|---|---|---|---|---|---|
| **१. कृषि तथा खाद्य सुरक्षा** | | | | | |
| बजार व्यवस्थापन | संख्या | ५ | नगरपालिका | वडा नं. ३, ६,८ र ९ | प्रदेश सरकार |
| पकेट क्षेत्र विकास कार्यक्रम (मकै, चैते धान, गहुँ, तेलहन, तरकारी) | स्थान | ७ | नगरपालिका कृषि शाखा | वडा नं. १, २, ३, ४, ६, ८, र ९ | प्रदेश सरकार |
| कृषि व्यवसायीकरण कार्यक्रम | स्थान | ९ | नगरपालिका तथा कृषी ज्ञानकेन्द्र | वडा नं. १, ४ र ५ | राजस्व बाँडफाड |
| चिस्यान केन्द्रको स्थापना (कोल्डस्टोर) | संख्या | ३ | नगरपालिका कृषि शाखा | वडा नं. ३, ६ र ९ | संघीय सरकार |
| व्यवसायिक तरकारी खेती कार्यक्रम | वर्ष | ५ | नगरपालिका कृषि शाखा | सबै वडा | प्रदेश सरकार |

| | | | | | |
|---|---|---|---|---|---|
| कृषि सम्वन्धि तालिम, अध्ययन अवलोकन | संख्या | ५ | नगरपालिका कृषि शाखा | सबै वडा | आन्तरिक श्रोत |
| **२. सिंचाई विकास** | | | | | |
| पैनी व्यवस्थापन कार्यक्रम | वर्ष | ८ | नगरपालिका कृषि शाखा | वडा नं. १, ४, ५ र ८ | राजस्व बाँडफाड |
| डिप बोरिङ सिँचाई कार्यक्रम (सानो) | मिटर | २५० | नगरपालिका कृषि शाखा | सबै वडा | संघीय/प्रदेश सरकार |
| डिप बोरिङ सिँचाई कार्यक्रम (ठुलो) | संख्या | १०० | नगरपालिका कृषि शाखा | सबै वडा | संघीय/प्रदेश सरकार |
| **३. पशुपन्छी विकास** | | | | | |
| पशुपन्छी पकेट क्षेत्र विकास कार्यक्रम (गाई, भैसी, बाखा, सुँगुर, बंगुर, माछा, तथा लोकल कुखुरा) | वडा | ५ | नगरपालिका कृषि तथा पशुपन्छी शाखा | वडा नं. ३, ६, ७, ८ र ९ | प्रदेश सरकार/नगरपालिका |
| दुध र तरकारी चिस्यान केन्द्र निर्माण कार्यक्रम | संख्या | २ | नगरपालिका कृषि तथा पशुपन्छी शाखा | वडा नं. १ र ६ | नगरपालिका |
| नश्ल सुधार कार्यक्रम | वडा | ९ | नगरपालिका कृषि तथा पशुपन्छी शाखा | सबै वडा | नगरपालिका |
| पशु विमा कार्यक्रम | वडा | ९ | नगरपालिका कृषि तथा पशुपन्छी शाखा | सबै वडा | नगरपालिका |
| पशुपालनमा यान्त्रीकरण सहयोग कार्यक्रम | संख्या | ९ | नगरपालिका कृषि तथा पशुपन्छी शाखा | सबै वडा | नगरपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| ४. उद्योग र व्यापार | | | | | |
| दुग्ध डेरी स्थापना र सञ्चालन | संख्या | १ | नगरपालिका | वडा नं. १ र ३ | नगरपालिका |
| स्थानीय तथा घरेलु उद्योग तथा बजार प्रवर्द्धन कार्यक्रम | वडा | ९ | नगरपालिका | पालिका भर | नगरपालिका |
| सुरक्षित बधस्थल निर्माण तथा व्यशायीक मासु पसल स्थापना | वडा | ५ | नगरपालिका | सबै वडा | नगरपालिका |
| ५. श्रम तथा रोजगार | | | | | |
| लक्षित वर्ग शिपमुलक तालिम (कुक, वेटर, ड्राइभिंङ, प्लम्बिङ, मोबाइल मर्मत, कार्पेन्टर, ब्युटीपार्लर, केश काट्ने, साबुन बनाउने, सिलाइकटाइ, इलेक्ट्रिसियन, मुढा बनाउने, जुत्ता चप्पल बनाउने, बाँसका सामग्री बनाउने) | वर्ष | ९ | नगरपालिका श्रम तथा रोजगार शाखा | सबै वडा | नगरपालिका |
| ६. बैंक, सहकारी र वित्तीय सेवा | | | | | |
| वित्तीय साक्षरता कार्यक्रम | वर्ष | ९ | नगरपालिका | सबै वडा | नगरपालिका |
| सहकारी व्यवस्थापन तथा प्रवर्धन कार्यक्रम | वर्ष | ९ | नगरपालिका | सबै वडा | नगरपालिका |
| ७. पर्यटन | | | | | |
| सिमसार व्यवस्थापन एवं प्रवर्धन कार्यक्रम | संख्या | ५ | नगरपालिका | वडा नं. १,२ र ३ | प्रदेश सरकार |

| | | | | | |
|---|---|---|---|---|---|
| पर्यटकीय पुर्वाधार विकास कार्यक्रम | वडा | ९ | नगरपालिका | सबै वडा | प्रदेश सरकार |
| पुष्पवृक्ष रोपण सहितको पार्क निर्माण कार्यक्रम | संख्या | ३ | नगरपालिका | वडा नं. १, ३ र ९ | प्रदेश सरकार |
| पर्यटकीय बालउद्यान निर्माण कार्यक्रम | संख्या | १ | नगरपालिका | वडा नं. ५ | प्रदेश सरकार |
| मावा करिडोर सौन्दर्यिकरण कार्यक्रम | कि.मि. | ३ | नगरपालिका | वडा नं. ६ र ७ | संघीय सरकार |

## ४.७ आर्थिक विकास क्षेत्रका रणनीतिक कार्यक्रम तथा आयोजनाको सांकेतीकरण

**तालिका ११: आर्थिक विकास क्षेत्रका रणनीतिक कार्यक्रम तथा आयोजनाको सांकेतीकरण**

| प्रमुख कार्यक्रम तथा आयोजना | आधार स्तम्भ | दिगो विकास लक्ष्य संकेत | लैंगिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|
| बजार व्यवस्थापन | २ | ९ | २ | २ |
| पकेट क्षेत्र विकास कार्यक्रम (मकै, चैते धान, गहुँ, तेलहन, तरकारी) | २ | १, २ | २ | १ |
| कृषि व्यवसायीकरण कार्यक्रम | २ | १, २ | २ | ३ |
| चिस्यान केन्द्रको स्थापना (कोल्ड स्टोर) | २ | 9 | ३ | ३ |
| व्यवसायिक तरकारी खेती कार्यक्रम | २ | १, २ | २ | २ |
| कृषि सम्वन्धि तालिम, अध्ययन अवलोकन | २ | १, २ | २ | २ |
| पैनी व्यवस्थापन कार्यक्रम | १ | ६, ८, १२ | ३ | २ |
| डिप बोरिङ सिँचाई कार्यक्रम (सानो) | २ | १२ | ३ | ३ |
| डिप बोरिङ सिँचाई कार्यक्रम (ठुलो) | २ | १२ | ३ | ३ |
| पशुपन्छी पकेट क्षेत्र विकास कार्यक्रम (गाई, भैसी, बाखा, सुँगुर, बंगुर, माछा, तथा लोकल कुखुरा) | २ | १, २, १२ | २ | ३ |
| दुध र तरकारी चिस्यान केन्द्र निर्माण कार्यक्रम | २ | ३ | ३ | ३ |

| | | | | |
|---|---|---|---|---|
| नश्ल सुधार कार्यक्रम | २ | १२ | ३ | ३ |
| पशु विमा कार्यक्रम | २ | १२ | ३ | ३ |
| पशुपालनमा यान्त्रीकरण सहयोग कार्यक्रम | २ | १, ८, १२ | ३ | ३ |
| दुग्ध डेरी स्थापना र सञ्चालन | २ | ८, १२ | ३ | ३ |
| स्थानीय तथा घरेलु उद्योग तथा बजार प्रवर्द्धन कार्यक्रम | २ | ९ | २ | ३ |
| सुरक्षित बधस्थल निर्माण तथा व्यशायीक मासु पसल स्थापना | १ | ६, ८, ९ | ३ | २ |
| लक्षित वर्ग शिपमुलक तालिम (कुक, वेटर, ड्राइभिंङ, प्लम्बिङ, मोबाइल मर्मत, कार्पेन्टर, ब्युटीपार्लर, केश काट्ने, साबुन बनाउने, सिलाइकटाइ, इलेक्ट्रिसियन, मुढा बनाउने, जुत्ता चप्पल बनाउने, बाँसका सामग्री बनाउने) | ३ | ५, १० | १,२ | ३ |
| वित्तीय साक्षरता कार्यक्रम | ३ | २ | २ | ३ |
| सहकारी व्यवस्थापन तथा प्रवर्धन कार्यक्रम | २,३ | १०, १२ | २ | ३ |
| सिमसार व्यवस्थापन एवं प्रवर्धन कार्यक्रम | १ | १३, १५ | ३ | १ |
| पर्यटकीय पुर्वाधार विकास कार्यक्रम | २ | १३, १५ | ३ | २ |
| पुष्पवृक्ष रोपण सहितको पार्क निर्माण कार्यक्रम | १ | १३, १५ | ३ | १ |
| पर्यटकीय बालउद्यान निर्माण कार्यक्रम | १ | १५ | ३ | १ |
| मावा करिडोर सौन्दर्यिकरण कार्यक्रम | १ | १५, १७ | ३ | १ |

# परिच्छेद पाँच
# सामाजिक विकास

## ५.१ पृष्ठभूमि

सामाजिक विकास गुणस्तरीय जीवन प्राप्तिमा केन्द्रित विकासको बहुआयामिक अवधारणा हो। उर्लाबारी नगरपालिकाले तर्जुमा गरेको आवधिक विकास योजनाको क्षेत्रगत योजनाका रूपमा सामाजिक विकास योजना व्यक्तिको सक्षमता, आत्मसम्मान तथा समविकासको अभिवृद्धिमा केन्द्रित रहेको छ। यस क्षेत्रगत योजना अन्तरगत शैक्षिक विकास, स्वास्थ्य तथा पोषण, खानेपानी तथा सरसफाई, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद र भाषा, कला तथा संस्कृति गरी कुल ६ उप-क्षेत्रहरू समेटिएका छन्।

नेपालको संविधानले सामाजिक विकास सम्बन्धी सवालहरूलाई उच्च महत्व दिएको छ। संविधानले मौलिक हक अन्तरगत प्राथमिक तहसम्मको अनिवार्य शिक्षा, माध्यमिक तहसम्मको निःशुल्क शिक्षा, मातृभाषामा शिक्षाका अवसर, आधारभूत तहको स्वास्थ्य सेवा तथा पोषण सुविधा, क्षमता विकास, सामाजिक न्याय तथा समावेशी प्रतिनिधित्व र भाषा तथा संस्कृति संरक्षणको हकलाई प्रत्याभूत गरेको छ। यसैगरी, नेपालको संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिमा सबै वर्ग, नागरिकको शिक्षा तथा स्वास्थ्यमा पहुँचको सुनिश्चितता, आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपले पिछडिएको वर्गको हितको लागि विशेष व्यवस्था रहेको छ।

विविधतायुक्त भूगोलमा बसोवास गर्ने लिम्वु, राई, ब्राम्हण क्षेत्री, दलित र अन्य समुदायहरूका आ-आफ्नै विशिष्ठ संस्कृति र सभ्यताको बाहुल्यता रहेको यस नगरपालिकामा बहुजातीय, बहुभाषिक र बहुसाँस्कृतिक एवं बहुधार्मिक सौहार्दता र सहकार्यको इतिहास वर्तमानसम्म अक्षुण्ण रहँदै आएको छ।

सामाजिक विकासको सन्दर्भमा नेपालले लिएको दिगो विकास लक्ष्य, १६ औं योजनाको आधार पत्र, कोशी प्रदेशको प्रथम आवधिक योजना र उर्लाबारी नगरपालिकाको नीति तथा कार्यक्रम, वार्षिक बजेट तथा योजनामा शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी तथा सरसफाइ, भाषा तथा संस्कृति संरक्षण सहित महिला, दलित, बालबालिका, सामाजिक न्याय जस्ता विषयहरू उच्च प्राथमिकतामा रहेका छन्। दिगो विकास लक्ष्य अन्तरगत गुणस्तरीय शिक्षा, स्वास्थ्य एवं पोषणमा सहज पहुँच तथा सबैको मर्यादित जीवनयापनका लागि अवसर उपलव्ध गराउने विषयलाई महत्व दिइएको छ। यस परिच्छेदमा सामाजिक विकास क्षेत्रका उप-क्षेत्रगतहरूको

सम्भावना, अवसर, समस्या तथा चुनौतीको विश्लेषण लगायत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति एवं रणनीतिक महत्वका कार्यक्रम तथा आयोजनाहरू समावेश गरिएको छ।

## ५.२ सामाजिक विकास क्षेत्रको सम्भावना, अवसर, समस्या र चुनौति

### ५.२.१ शिक्षा, विज्ञान र प्रविधि

#### सम्भावना तथा अवसर

उर्लाबारी नगरपालिकाको कुल साक्षरता दर राष्ट्रिय जनगणना २०७८ को नतिजाअनुसार ८४.८ प्रतिशत रहेको छ जसमा महिला साक्षरता दर ७२.४ प्रतिशत र पुरूष साक्षरता दर ८३.१ प्रतिशत रहेको छ। भौगोलिक सहजताका कारण उर्लाबारी नगरपालिकालाई शिक्षाको केन्द्रको रुपमा विकास गर्न सक्ने अवसरहरु रहेका छन्। नगरपालिकाको शिक्षा प्रणालीमा स्थानीय आवश्यकता सुहाउँदो शिक्षा ऐन, नियमावली र कार्यविधि बनाई त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिएको छ। विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न व्यवहारिक तथा रोजगारमुखि शिक्षा प्रणालीलाई अवलम्बन गर्ने, शिक्षकहरुको क्षमता अभिवृद्धि गर्न विशेष कार्यक्रम लागु गर्ने, सबै विद्यालयहरुलाई सूचना र प्रविधियुक्त बनाउने र प्रत्येक वडामा नमुना व्यावसायिक विद्यालय सञ्चालन गर्ने नीति लागु गर्ने सकिने अवसर छ। नगरपालिका भित्र रहेका प्राविधिक कलेजहरुलाई गुणस्तरीय बनाउने र नगरपालिकालाई "गुणस्तरीय शैक्षिक नगर" रुपमा विकास गर्नेतर्फ नगरपालिका अग्रसर रहेको छ। विभिन्न भाषाभाषी रीतिरिवाज धर्म संस्कृतिहरुको अध्ययन र अनुसन्धान, संरक्षण विकास र त्यसको जर्गेना गर्ने कार्यलाई विशेष जोड दिइएको छ। प्रविधिको उपयोग र विस्तारले व्यापकता पाउदै गएको छ।

#### समस्या तथा चुनौती

शिक्षा क्षेत्रमा भौतिक पूर्वाधारको आधुनिकीरण नहुनु, वडागत जनघनत्वका आधारमा विद्यालयको व्यवस्था हुन नसक्नु, परिवर्तित अवस्थामा शिक्षा प्रणाली व्यवसायिक र उत्पादनमुखी हुन नसक्नु, मध्यम तथा निम्न आय भएका र आदिवासी, जनजाति साथै सुकुम्वासी परिवारका बालबालिकाहरुका लागि विद्यालयमा शैक्षिक सामग्री अभाव, विज्ञान तथा प्रविधिको क्षेत्रमा अनुसन्धान तथा आविष्कारका लागि प्रोत्साहनको कमी रहेका छन्।

त्यस्तै, नगरपालिकामा शुष्म तथ्याङ्कको सूचना व्यवस्थापन कमजोर रहेकाले सूचनामा आधारित योजना निर्माण गर्न कठिनाइ रहेको छ। सामाजिक क्षेत्रमा शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ लगायतका क्षेत्रको आधारभूत तथ्याङ्क पर्याप्त रहेका छैन। सामुदायिक विद्यालयहरूको समग्र शैक्षिक गुणस्तर तुलनात्मक रुपमा कमजोर रहेको छ। एकातिर

विद्यालय छाड्ने र कक्षा दोहोर्याउने तथा छोड्ने दर बढ्दै गएको छ भने अर्कातिर विद्यालय उमेर समूहका उल्लेख्य सङ्ख्यामा बालबालिका विद्यालय बाहिर रहने गरेका छन्। यस नगरपालिकामा शैक्षिक बेरोजगारी तथा प्रतिभा पलायन व्यापक हुँदै गएको छ। विद्यालयमा सरसफाइ, खानेपानी, कक्षाकोठा व्यवस्थापन, सिकाइ सामग्री तथा पूर्वाधारको कमी रहेको छ।

नगरपालिकाले प्रयास गर्दा गर्दै पनि दक्ष जनशक्तिको अभावले गर्दा हालसम्म नगरपालिकाको शैक्षिक योजना र शैक्षिक स्थितिपत्र निर्माण हुन सकेको छैन। विद्यार्थी सम्बन्धी तथ्याङ्कमा विश्वसनीयताको कमी छ भने पाठ्यक्रम प्रबोधीकरण, मागमा आधारित र विद्यालय व्यवस्थापन तालिम, विद्यालयमा प्रविधिको उचित प्रयोग हुन सकेको छैन। विद्यालयहरूमा विद्यार्थी/शिक्षक अनुपात र दरबन्दी मिलान गर्न सकिएको छैन। यसका लागि नगरपालिकाले आवश्यक रणनीतिक योजना बनाएर कार्य गर्न आवश्यक रहेको छ।

## ५.२.२ स्वास्थ्य तथा पोषण

### सम्भावना तथा अवसर

नगरपालिकामा आवश्यक सेवा सुविधा प्राप्त अस्पतालका साथै स्वास्थ्य केन्द्रहरु रहेका छन्। नगरपालिकाले निशुल्क स्वास्थ्य शिविरको व्यवस्था, खोप कार्यक्रमलाई व्यवस्थित बनाउने, मातृ तथा नवजात शिशु मृत्यू दर घटाउने, तथा ५ बर्ष मुनिका बालबालिकाहरु तथा १५ देखि ४९ बर्षका महिलाको पोषण स्वास्थ्य स्थिति सुधार गर्न वडा-वडामा बर्थिङ्ग सेन्टर सहितको स्वास्थ्य चौकीको व्यवस्था गर्ने, व्यवहार परिवर्तनका लागि आवश्यक कार्यक्रम अधि सार्ने र स्वास्थ्य सेवालाई ज्येष्ठ नागरिक, लैङ्गिक तथा अपाङ्ग मैत्री बनाउने कार्यकमहरु सञ्चालन गरेको छ। पछिल्ला दिनमा स्वास्थ्य तथा पोषणका क्षेत्रमा सकारात्मक सुधारहरु भएका छन्।

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक तथा स्वास्थ्य सेवामा समान पहुँचको हक सुनिश्चित गरेको छ। नेपालले लिएको दिगो विकास लक्ष्य अन्तरगत सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्धन गर्ने रहेको छ। सङ्घीय तथा प्रादेशिक आवधिक योजनामा स्वास्थ्य तथा पोषण क्षेत्र मुख्य प्राथमिकता क्षेत्रका रूपमा रहेको छ।

यस नगरपालिकामा सरकारी अस्पताल १, स्वास्थ्य चौकी १, आधारभूत स्वास्थ्य केन्द्र ७, शहरी स्वास्थ्य केन्द्र १, गाउँघर क्लिनिक १ र २१ जना महिला स्वयंसेविकाले सेवा प्रदान गरिरहेका छन।साथै नीजि स्वास्थ्य संस्था तर्फ अस्पतालहरु ३ लगायत अन्य बिभिन्न स्वास्थ्य क्लिनिकहरुले सेवा पुर्याई रहेका छन् ।

## समस्या तथा चुनौती

सन्तुलित आहार र स्वस्थ जीवनशैली प्रति अभ्यस्त नहुनु, पाँच वर्षमुनिका करिब आधा बालबालिका र प्रजनन उमेरका महिलामा न्यून पोषण र रक्तअल्पता रहनु, नसर्ने प्रकृतिका रोगको प्रकोप बढ्नु, सरूवा रोग जनस्वास्थ्य समस्याका रूपमा रहनु, ज्येष्ठ नागरिकको स्वास्थ्य बढी जोखिममा रहनु, वंशाणुगत तथा जन्मजात रोग, वातावरणीय स्वास्थ्य, युवा किशोर-किशोरीको यौन तथा प्रजनन स्वास्थ्यको सम्बोधन नहुनु, जलवायु प्रदूषण, खाद्य असुरक्षा तथा प्राकृतिक विपद्ले सृजना हुने स्वास्थ्यमा बढ्दो खतरा हुनु, आम नागरिकले सरल र सहज स्वास्थ्य सेवा प्राप्त गर्न नसक्नु, निरोधात्मक र उपचारात्मक स्वास्थ्य पद्धति प्रति सन्तुलित सचेतनाको अभाव हुनु आदि प्रमुख समस्या हुन्।

आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्नु, गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु, आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य प्रणालीलाई स्वास्थ्य सेवाको मूल प्रवाहमा एकीकरण गर्नु, निजी क्षेत्रका स्वास्थ्य संस्थाको नियमन गर्नु तथा स्वास्थ्य सेवा शुल्क आम नागरिकको पहुँचमा राख्नु, स्वास्थ्यसम्बन्धी जनशक्ति र पूर्वाधारको व्यवस्था गर्नु, प्रेषण स्वास्थ्य सेवा उपलब्ध गराउनु, अत्याधुनिक प्रविधि र उपकरणको उपलब्धता सुनिश्चित गर्नु, दुर्गम र पिछडिएको क्षेत्रमा विज्ञ तथा स्वास्थ्य जनशक्ति टिकाई राख्नु, सबै नागरिकलाई स्वास्थ्य बीमाको दायरामा ल्याउनु, निर्धारित निःशुल्क औषधी उपलब्ध गराउनु, उपचारमा अनुसन्धान पद्धति अबलम्बन गर्नु, अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा सरसफाइ र फोहोर मैलाको उचित व्यवस्थापन गर्नु आदि प्रमुख चुनौतीहरु रहेका छन्।

## ५.२.३ महिला वालवालिका तथा सामाजिक समावेशीकरण

### सम्भावना तथा अवसर

नेपालको संविधानले महिला, बालबालिका तथा सामाजिक समावेशीकरणका सवालहरूलाई महत्वका साथ सम्बोधन गरेको छ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई तीनवटै तहका सरकारले आ-आफ्नो नीति तथा कार्यक्रममा महत्व दिइएको छ। मर्यादित जीवन तथा समावेशी विकासलाई नेपालले लिएको दिगो विकास लक्ष्यले आत्मसात् गरेको छ। स्थानीय स्तरमा आमा समूह गठन भएका छन। स्थानीय स्तरमा गठन हुने उपभोक्ता समिति लगायतका समितिहरुमा महिला तथा अन्य लक्षित वर्गको प्रतिनिधित्व सुनिस्चित हुने गरेको छ। बिद्यालयहरुमा बालक्लव गठन भएका छन् । ज्येष्ठ नागरिक सम्मान, निःशुल्क स्वास्थ्य परीक्षण सेवा उपलव्ध रहेको छ। लक्ष्यित वर्गको हितका लागि सचेतनामूलक कार्यक्रम, हिंसा न्यूनीकरण, आयमूलक र सीपमूलक कार्यक्रम सञ्चालनमा रहेका छन्।

लैङ्गिक हिंसा, बालविवाह तथा बहुविवाह सम्बन्धी सचेतना वृद्धि हुँदै गएको छ। स्थानीय स्तरमा लक्षित वर्गका तालिम तथा स्वरोजगारीका कार्यक्रम सञ्चालनमा रहेका छन्। महिला हक अधिकारको सुरक्षा, पहिचानको सुनिश्चितता, महिला समानता तथा सशक्तीकरण गर्नुका साथै लैङ्गिक हिंसालाई अन्त्य गर्ने प्रतिवद्धता रहनु, घरेलु हिंसा अन्त्य गर्नका लागि कार्यक्रमहरू हुनु, नगरपालिका नेतृत्व समाजिक समावेशीकरण र सशक्तीकरणका लागि प्रतिवद्ध रहनु नगरपालिकाको सवल पक्षको रुपमा रहेको छ।

### समस्या तथा चुनौती

संघ, प्रदेश र स्थानीय सरकारहरुले महिला, बालबालिका तथा सामाजिक समावेशीकरण र सामाजिक न्यायका सवालहरूलाई महत्वका साथ सम्बोधन गरेता पनि आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा लक्षित वर्गको प्रभावकारी उपस्थिति रहेको छैन। लैङ्गिक समानता तथा महिला सशक्तीकरण सम्बन्धी खण्डीकृत सूचनाको कमी हुनु र भएका कार्यक्रमको मूलप्रवाहीकरण नहुनु, आर्थिक स्रोत र साधनमा पहुँच न्यून रहनु, लैङ्गिक हिंसामा कमी नआउनु, नयाँ किसिमका लैङ्गिक तथा घरेलु हिंसा देखा पर्नु, महिला तथा पछाडि परेका वर्गमाथि जातीय, क्षेत्रीय, वर्गीय, सामाजिक, धार्मिक तथा साँस्कृतिक विभेद कायम रहनु, ग्रामीण महिलाको आर्थिक अवस्थामा सुधार नहुनु, महिला हिंसा, बाल विवाह, दाइजो जस्ता कुप्रथा कायम रहेका छन्। सम्पत्तिमा महिलाको स्वामित्व स्थापित नहुनु आदि प्रमुख समस्या रहेका छन।

परम्परागत सोच रहेको नेपाली समाजमा महिलाको नेतृत्व स्थापित गराउनु, महिला तथा पिछडिएका वर्गप्रतिको विभेदपूर्ण दृष्टिकोणमा परिवर्तन ल्याउनु, पछि पारिएका वर्गलाई आर्थिक तथा सामाजिक जिवनमा सक्षम बनाउनु, स्रोत साधनको पहुँच रहेको असमानता घटाउनु, निर्णय क्षमतामा वृद्धि गर्नु, लैङ्गिक तथा घरेलु हिसा घटाउनु, विभिन्न समुदायबीच जातीय, क्षेत्रीय, वर्गीय तथा धार्मिक, सामाजिक र साँस्कृतिक विभेद समाप्त पार्नु, ग्रामीण महिलाको आर्थिक अवस्थामा सुधार ल्याउनु आदि प्रमुख चुनौती रहेका छन्।

## ५.२.४ खानेपानी तथा सरसफाई

### सम्भावना तथा अवसर

संविधानले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँचको हक सुनिश्चित गरेको छ। सरकारले एक घर एक धारा कार्यक्रमलाई महत्व दिएको छ। नगरपालिकाले खानेपानी तथा सरसफाई उपभोक्ता समिति मार्फत नगरवासीलाई शुद्ध खानेपानीको व्यवस्था मिलाउने प्रयास गरेको छ। नगरपालिकामा हाल सञ्चालित विभिन्न खानेपानी उपभोक्ता समिति

मार्फत नगरपालिका घरधुरीलाई शुद्ध प्रशोधित खानेपानी वितरण गरेको छ। सबै घरपरिवारमा शौचालयको निर्माण भइ सकेको छ। सरकारी, नीजि र समुदायको त्रिपक्षीय सहकार्यमा आधारित खानेपानी तथा सरसफाई कार्यक्रम पूर्ण सरसफाईका सूचकहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र स्वच्छ खानेपानी तथा सरसफाई सम्वन्धी सचेतना तथा व्यवहार परिवर्तनबारे कार्यक्रम सञ्चालन गरिएको छ।

विद्यालयमा छात्र र छात्राहरूका लागि शौचालयको व्यवस्था गरिएको छ । खानेपानी तथा सरसफाइ सम्बन्धी चेतना अभिवृद्धि गर्न नगरपालिका, आमा समूह तथा स्वास्थ्य स्वयं सेविकाहरूलाई समय-समयमा परिचालन गरिने गरेको छ। खानेपानी तथा सरसफाई सेवा एवं संरचनाको विकास तथा विस्तारमा नगरपालिका, विकास साझेदार, उपभोक्ता समिति, गैरसरकारी संस्था तथा स्थानीय नागरिकको सहभागिता बढ्दै जानु, विभिन्न वडामा खानेपानी तथा सरसफाइका लागि टोल तथा स्थानीय क्लबहरूको क्रियाशीता बढ्दै जानु, खानेपानीलाई व्यवस्थित गर्न मिटर जडान गर्नु, सरसफाइ कार्यक्रमले स्थानीय स्तरमा समेत सामाजिक अभियानको रुप लिनु खानेपानी तथा सरसफाइ क्षेत्रका केही प्रमुख सवल पक्षहरू हुन्।

### समस्या तथा चुनौती

खानेपानीका स्रोत भएता पनि संरक्षण र सरसफाई चेतनाको कमी, खानेपानी सम्बन्धी ऐन, कानुन तथा नीति/नियम तयार भई नसक्नु, खानेपानी तथा सरसफाइ गुरुयोजना नहुनाले योजना बनाएर कार्य गर्न कठिनाइ भइरहेको छ। नगरपालिकामा खानेपानी तथा सरसफाई व्यवस्थापन गर्नका लागि छुट्टै इकाइको व्यवस्था गरिएको छैन। खानेपानी तथा सरसफाइका लागि नीति, नियम तयार नहुनु, खानेपानी सम्बन्धी संस्थागत पूर्वाधार र प्राविधिक जनशक्तिको कमी, उपभोक्ता संस्थाको स्थायित्व, आधारभूत सरसफाइ बारेमा जनचेतना फैलाउँदै फोहोर मैला व्यवस्थापन गर्न नसक्नु, परिचालन र नेतृत्वको विकास गर्न नसक्नु आदि प्रमुख समस्या हुन्।

सबै नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनु पर्ने , नगरपालिकालाई पूर्ण सरसफाइयुक्त बनाउनु पर्ने, पानीको गुणस्तर कायम गर्नु पर्ने, शहरी क्षेत्रमा ढल निकासको उचित व्यवस्था हुनु ठूला आयोजनाका लागि पर्याप्त बजेट विनियोजन हुनुपर्ने आदि प्रमुख चुनौतीहरु हुन्।

## ५.२.५ युवा तथा खेलकुद

### सम्भावना तथा अवसर

नेपालको संविधानले युवा सशक्तीकरण तथा परिचालनलाई उच्च महत्व दिँदै राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने कुरालाई निर्दिष्ट गरेको छ। राष्ट्रिय युवा नीति, २०७२ ले युवाका आधारभूत अधिकारहरूको प्रत्याभूति गर्दै युवा सशक्तीकरणका माध्यमबाट सामर्थ्यवान्, उद्यमशील, सिर्जनशील तथा वैज्ञानिक एवं सकारात्मक सोचयुक्त समृद्ध युवाशक्ति तयार गरी राष्ट्रको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक जीवनमा अर्थपूर्ण योगदान दिन सक्ने गरी राष्ट्रका युवालाई नेतृत्वदायी भूमिकामा स्थापित गराउने सोच लिएको छ। कोशी प्रदेशको पहिलो आवधिक योजनाले युवा, महिला र बालबालिकाहरूलाई समान तर प्रतिस्पर्धी अवसर सिर्जना गर्दै खेलकूदको समग्र विकास गर्ने उद्देश्य लिएको छ।

उर्लाबारी नगरपालिकाका ९ वटै वडामा स्थानीय खेलमैदान व्यवस्थित गर्न नसकिएको भएता पनि स्थानीय युवाहरूले विद्यालयमा रहेका खेलमैदानहरू व्यवस्थापन गरी स्थानीय स्तरमा खेलकुद कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन्। युवा स्वरोजगारमूलक तालिमहरू सञ्चालन गर्ने गरिएको छ। नेपाल सरकार तथा साझेदार संस्थाहरूको सहकार्यमा युवा लक्षित विभिन्न कार्यक्रम सञ्चालनमा गर्दै आएको छ। युवा लक्षित रोजगार कार्यक्रमले युवाहरूलाई स्वरोजगार बनाउन सहयोग पुर्याएको छ। नगरपालिकाले युवा तथा खेलकुद क्षेत्रको विकासका लागि प्राथमिकताका साथ बजेट विनियोजन गर्ने गरेको छ।

### समस्या तथा चुनौती

कमजोर संस्थागत संरचनाका कारण युवा प्रतिभा एवं खेलकुदको विकासका लागि स्थानीय स्तरमा पर्याप्त अवसर उपलव्ध हुन सकेका छैन। युवालक्षित उद्यम तथा रोजगारिका अवसरको अभावले युवा वर्गको पलायन तथा बसाइँसराइ चुनौतीपूर्ण बनेको छ। स्थानीयस्तरमा युवा आत्मनिर्भरताका लागि पर्याप्त अवसर र प्रोत्साहनको कमी रहेको छ। खेल क्षेत्रको विकासका लागि प्रशिक्षण, गुणस्तरीय खेल मैदान र खेलकुद सामग्री तथा नियमित प्रतियोगतामूलक कार्यक्रमहरूको कमी रहेको छ। यस उप क्षेत्रका प्रमुख समस्याहरु यिनै रहेका छन।

खेलकुद तथा युवा परिचालनका दिगो गतिविधि तथा युवा सञ्जाल गठन र परिचालनमा कमी रहेको छ। स्थानीय स्तरमा युवालाई रोजगारि उपलव्ध गराएर युवाको पलायन रोक्नु, सामाजिक तथा आर्थिक क्षेत्रमा युवाको सहभागिता वृद्धि, रोजगारी र स्वरोजगारिको व्यवस्था, सामाजिक तथा आर्थिक विकासमा युवा परिचालन, स्थानीय स्तरमा खेलकुद पूर्वाधारको विकास र आयोजना, खेलकुदलाई व्यवसायीकरण गरी व्यवसायका रुपमा स्थापना गर्नु प्रमुख चुनौती रहेका छन्।

### ५.२.६ कला तथा संस्कृति

**सम्भावना तथा अवसर**

सांस्कृतिक रुपमा विविधतायुक्त रहेको यस नगरपालिकामा हिन्दु, बौद्ध, किराँत, जैन, सिख, बहाइ, इस्लाम क्रिश्चियन, प्रकृति, वोन धर्मालम्बीहरूको बसोवास रहेको छ। यस पालिकामा नेपाली, लिम्वु, धिमाल, तामाङ, मैथिली, राइ, संथाली, मगर डुट मुख्य मातृभाषा बोलिने गर्दछ। पछिल्लो समयमा आएर लिम्बू समुदाय परम्परागत युमा साम्यो र किराँत (सत्तेहाङमा) धर्ममा विभक्त भएको देखिन्छ। तामाङ/गुरुङ समुदायको आफ्नै बौद्ध धर्म अनुसारको धार्मिक संस्कार, संस्कृति र परम्परा छ। बाहुन, क्षेत्री, कामी, दमाइ र सार्की समुदायले हिन्दू धर्म संस्कार अवलम्बन गर्दछन्। भाषा, कला, साहित्य, संस्कृति तथा सम्पदाको संरक्षण गर्दै सांस्कृतिक पर्यटनको विकास गर्नुपर्ने आवश्यकता रहेको छ।

**समस्या तथा चुनौती**

मातृभाषा, साहित्य, सम्पदा कला र संस्कृतिको खोज अनुसन्धान र संरक्षणको कमी हुनु, बाह्य संस्कृतिको प्रभावले स्थानीय कला तथा संस्कृति लोप हुँदै जानु, नेपाली भाषा बाहेकका भाषाको संरक्षणमा कमी रहनु, स्थानीय स्तरमा लाग्ने मेला तथा जात्राको व्यवस्थापन कमजोर हुनु, यस क्षेत्रका प्रमुख समस्याहरु रहेका छन्। साथै धार्मिक तथा ऐतिहासिक स्थलको खोज, लेखन तथा प्रचार प्रसार गर्नुपर्ने, मौलिक कला तथा सीपको हस्तान्तरण र बजारीकरण गर्नपर्ने आदि प्रमुख चुनौतीहरु रहेका छन्।

## ५.३ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

सामाजिक विकास क्षेत्रको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएको छः

### ५.३.१ सोच

नगरपालिकाका सामाजिक विकास क्षेत्रको सोच देहायअनुसार रहेको प्रस्तुत छः

सुशिक्षित, स्वस्थ, सृजनशील र सभ्य नगरवासी

### ५.३.२ लक्ष्य

नगरपालिकाको सामाजिक विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

स्तरीय स्वास्थ्य सेवा, गुणस्तरीय शिक्षा र सभ्य समाजको आधार तयार गर्ने।

### ५.३.३ क्षेत्रगत उद्देश्य

नगरपालिकाको सामाजिक विकास क्षेत्रको उद्देश्यहरू देहायअनुसार रहेका छन्:

- आधारभूत तथा माध्यमिक शिक्षामा सबै बालबालिकाको सहज पहुँच कायम गर्नु,
- विशिष्टीकृत एवं गुणस्तरीय स्वास्थ्य सेवा सबै नागरिकले सहज रुपमा पाउने कुराको सुनिश्चितता गर्नु,
- स्वच्छ खानेपानीमा सर्वसुलभ पहुँच तथा पूर्ण सरसफाइको अभ्यासलाई दिगो बनाउनु,
- युवाका लागि आत्मविश्वास, व्यावसायिकता, सदाचार र खेलमैत्री वातावरणको अभिवृद्धि गर्नु,
- मौलिक भाषा, सम्पदा, कला र संस्कृतिको जगेर्ना एवं प्रवर्धन गर्नु,
- सामाजिक सुरक्षा, संरक्षण र वालवालिकाको हित प्रवर्धन गर्नु।

### ५.३.४ रणनीति तथा कार्यनीति

यस योजनाको लक्ष्य तथा उद्देश्य प्रासिका लागि सामाजिक विकास क्षेत्रतर्फ देहाय अनुसारका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरी रणनीतिक कार्यक्रम कार्यान्वयन गरिनेछ:

**तालिका १२ : सामाजिक विकास क्षेत्रका रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: आधारभूत तथा माध्यमिक शिक्षामा सबै बालबालिकाको सहज पहुँच कायम गर्नु** | |
| १.१ साक्षरता अभियान सञ्चालन गर्ने | १.१.१ डिजिटल साक्षरता कार्यक्रमलाई काम र आयसँग जोड्ने नीति लिइनेछ।<br>१.१.२ ज्येष्ठ नागरिक, दलित, विपन्न लगायत सबै वर्गको साक्षरता र सशक्तिकरणका लागि प्राथमिकताका साथ कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.१.२ पूर्ण साक्षर अभियान सञ्चालनका लागि अन्तर सरकारी समन्वयका माध्यमबाट अनौपचारिक शिक्षा, वैकल्पिक शिक्षा जस्ता विशेष कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.१.३ पूर्ण साक्षर नगरपालिका निर्माण गर्न विद्यालय तथा समुदाय केन्द्रित साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ। |
| १.२ व्यावहारिक तथा प्राविधिक शिक्षामा विद्यार्थीको सहज पहुँच कायम गराउने | १.२.१ प्राविधिक शिक्षाको कक्षा सञ्चालन हुने शैक्षिक संस्थालाई आवश्यक पूर्वाधार, जनशक्ति एवं सामग्रीले सम्पन्न गराई सिकाइको उपयुक्त वातावरण तयार गर्न अन्तर-सरकार समन्वय र सहकार्य गरिनेछ र आवश्यकताका |

| | |
|---|---|
| | आधारमा थप प्राविधिक विद्यालय स्थापना गरिनेछ।<br>१.२.२ विद्यार्थीहरूलाई स्वरोजगारमूलक तालिम तथा व्यावहारिक सिपमूलक शिक्षा प्रदान गरिनेछ।<br>१.२.३ शैक्षिक क्यालेण्डर र कार्ययोजना तर्जुमा र कार्यान्वयन गरी शैक्षिक सुधारलाई नतिजामुखी बनाइनेछ।<br>१.२.४ सङ्घीय सरकारको “पढ्दै कमाउँदै” भन्ने नीति बमोजिम विद्यालयमा कृषि, पशुपालन तथा उद्यम व्यवसाय सम्बन्धी व्यावहारिक ज्ञान समावेश गरी पठन-पाठनका साथै र प्रयोगात्मक अभ्यासको समुचित व्यवस्था गरिनेछ। |
| १.३ विद्यालयका गतिविधि तथा सिकाइ प्रक्रियामा विद्युतीय सूचना प्रविधिको उपयोग गरी शैक्षिक उपलव्धिमा गुणात्मक सुधार ल्याउने | १.३.१ इन्टरनेट सुविधा विस्तार गरी शिक्षक तथा विद्यार्थीमा इन्टरनेटको माध्यमबाट अध्ययन तथा खोज गर्न सक्ने क्षमता विकासका लागि प्रोत्साहित गरिनेछ।<br>१.३.२ विद्युतीय सूचना प्रविधिको उपयोग गरी सिकाइ कार्यलाई प्रभावकारी गराउन शिक्षकका लागि अभिमुखीकरणको व्यवस्था गरिनेछ।<br>१.३.३ कार्यसम्पादन मूल्यांकनका आधारमा शिक्षक र प्रधानअध्यापकहरूसँग कार्यसम्पादन करार गरिनेछ।<br>१.३.४ अन्तर-सरकार सहकार्यमा विद्यालयलाई आधुनिक सूचना प्रविधि विस्तार तथा सुविधा सम्पन्न गरिनेछ।<br>१.३.५ विद्यालयमा विद्युतीय पुस्तकालय, विज्ञान प्रयोगशाला, विद्युतीय हाजिरीको स्थापना सहित समूहमा मोवाइल म्यासेजिङ्ग तथा अन्य शैक्षिक विद्युतीय प्रविधिको उपयोग गरी पठन-पाठनको वातावरणमा सुधार गरिनेछ। |
| १.४ प्रारम्भिक बालविकास केन्द्रको व्यवस्थापन तथा सिकाइ प्रक्रियालाई सहज गराउन आवश्यक वातावरण तयार गर्ने | १.४.१ सबै विद्यालयमा बालबालिकाका लागि एउटा बालविकास केन्द्रको स्थापना गरी सिकाइ प्रक्रियालाई व्यवस्थित बनाइनेछ।<br>१.४.२ प्रारम्भिक बालविकास केन्द्रमा सिकाइ सामग्री, सरसफाइ, शौचालय, खानेपानी र बसाइ व्यवस्थापनलाई व्यवस्थित गराइनेछ।<br>१.४.३ सबै बालबालिकालाई बालविकासको अनुभव सहित कक्षा एकमा भर्ना हुने वातावरण तयार गर्न अभियान सञ्चालन गरिनेछ। साथै बालबालिकाका लागि खाजा खाने, आराम गर्ने, रमाइलो गर्ने लगायतका लागि व्यवस्थित स्थल निर्माण गरी खेल सामग्री समेतको व्यवस्था गरिनेछ। |
| १.५ उच्च शिक्षाको गुणस्तर | १.५.१ उच्च शिक्षामा गुणस्तर कायम गर्न नवीनतम विधिको उपयोगलाई |

| | |
|---|---|
| अभिवृद्धि तथा सहज पहुँच स्थापना गर्न पूर्वाधार, शिक्षण तथा जनशक्ति व्यवस्थापनलाई प्रभावकारी गराउने | अनुशरण, अनुसन्धान, बाह्य शैक्षिक संस्थासँगको सम्बन्ध तथा अनुभव आदान-प्रदान गर्ने जस्ता कार्यलाई प्रोत्साहन तथा सहयोग गरिनेछ।<br>१.५.२ उच्च शिक्षालाई व्यावसायिकतासँग जोड्ने, व्यावसायिक क्षेत्रमा इन्टर्नसीप तथा स्वयंसेवा र बजार माग अनुसारको सीप हस्तान्तरणको व्यवस्था गरिनेछ।<br>१.५.३ प्रदेश सरकार तथा विश्वविद्यलयहरूको साझेदारीमा सामुदायिक क्याम्पस प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ र सीपयुक्त, रोजगार उन्मुख र प्रतिस्पर्धी जनशक्तिको उत्पादनमा जोड दिइनेछ।<br>१.५.४ स्थानीय स्तरमा सञ्चालनमा रहेक क्याम्पसमा उच्च शिक्षा हासिल गर्ने अवसर उपलव्ध गराउन नयाँ शैक्षिक संस्था स्थापना, थप विषयमा सम्बन्धन, आवश्यक जनशक्ति व्यवस्था तथा पूर्वाधार निर्माणमा आवश्यक पहल गरिनेछ।<br>१.५.५ सामुदायिक विद्यालयमा अध्ययन गरेका विपन्न र जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षा अध्ययन गर्न आर्थिक सहयोग र छात्रवृतिको व्यवस्था गरिनेछ। |
| १.६ विद्यालय पूर्वाधार निर्माण तथा संरचनागत सुधारमार्फत् गुणस्तरीय शिक्षा हासिल गर्ने वातावरण तयार गर्ने | १.६.१ विद्यालयमा आवश्यक पूर्वाधारको निमार्णलाई प्राथमिकताका आधारमा अन्तर-सरकार साझेदारी पद्धतिमा क्रमशः सम्पन्न गर्दै लगिनेछ।<br>१.६.२ स्थानीय पाठ्क्रममा स्थानीय पहिचान, भाषा, संस्कृति, सीप तथा रोजगारीसँग सम्बन्धित पाठ्यवस्तु समावेश गरिनेछ।<br>१.६.३ भौगोलिकरुपमा सम्भव भएका विद्यालयहरुलाई एकीकृत गरिनेछ।<br>१.६.४ राष्ट्रिय कार्यक्रमका रूपमा रहेको विद्यालय नर्स कार्यक्रमलाई सबै माध्यमिक विद्यालयमा विस्तार गरिनेछ। |
| **उद्देश्य २: विशिष्टीकृत एवं गुणस्तरीय स्वास्थ्य सेवा सबै नागरिकले सहज रुपमा पाउने कुराको सुनिश्चितता गर्नु** | |
| २.१ आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तारका साथै गुणात्मक सुधार गर्ने | २.१.१ स्वास्थ्य बीमामा सबैलाई सहभागी गराउन प्रोत्साहनमूलक तथा सचेतनामूलक गतिविधि सञ्चालन गरिनेछ।<br>२.१.२ स्वास्थ्य संस्थाहरूमार्फत् निःशुल्क वितरण गरिने अत्यावश्यक औषधीहरूको अभाव नहुने गरी आपूर्तिको व्यवस्था गरिनेछ।<br>२.१.३ गरिबीको रेखामुनि रहेका घरपरिवार एवं जटिल र खर्चिला रोगको उपचारमा सहयोग गर्न आवश्यक प्रवन्ध मिलाइनेछ। |

| | |
|---|---|
| | २.१.४ प्रदेश तथा सङ्घीय सरकारसँगको सहकार्यमा कर्मचारी तथा महिला स्वास्थ्य स्वयंसेविकाहरूको क्षमता अभिवृद्धि र प्रोत्साहन गरिनेछ।<br>२.१.५ नवजात शिशु मृत्युदर, शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउनका लागि प्रजनन् स्वास्थ्य, परिवार नियोजन, सुरक्षित मातृत्व, गर्भपतन, बाल तथा शिशु स्वास्थ्य सेवाहरू सञ्चालनका साथै वर्थिङ्ग सेण्टर थप गरिनेछ। |
| २.२ विशेषज्ञ तथा विशिष्टीकृत स्वास्थ्य सेवामा स्थानीयबासीको पहुँच कायम गर्ने | २.२.१ सञ्चालनमा रहेको अस्पताललाई स्रोत साधन तथा जनशक्तिले सम्पन्न गराई स्थानीयस्तरमै विशेषज्ञ सेवा उपलव्ध हुने वातावरण तयार गरिनेछ।<br>२.२.२ स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्न स्वास्थ्य संस्थाहरूमा प्रतिक्षालय निर्माण, औषधी भण्डारण कक्ष निर्माण, बिरामी कुरुवाका लागि बसाई सहजता लगायत  आवश्यक औजारको व्यवस्था मिलाइनेछ।<br>२.२.३ विद्युतीय हाजिरी तथा सिसिटिभी क्यामेरा लगायत आधुनिक सूचना प्रविधिको उपयोग गरी तथ्याङ्क व्यवस्थापन र सेवा प्रवाहको अनुगमन तथा सुपरिवेक्षणलाई प्रभावकारी बनाइनेछ।<br>२.२.४ बर्थिङ सेन्टर, खोप केन्द्र, स्वास्थ्य एकाइको विस्तार गरी आवश्यक जनाशक्ति व्यवस्था गरिनेछ।<br>२.२.५ वार्षिक रूपमा स्वास्थ्यकर्मीहरूलाई क्षमता विकास तालिम, उत्कृष्ट स्वास्थ्यकर्मीहरूलाई पुरस्कार तथा अतिरिक्त जिम्मेवारी वहन गर्ने स्वास्थ्यकर्मीलाई विशेष प्रोत्साहन तथा सुविधा उपलव्ध गराइनेछ। |
| २.३ स्थानीय उत्पादनबाट पोषण तथा सन्तुलित भोजन तथा स्वस्थ जीवनशैलीको अभिवृद्धि गर्ने | २.३.१ स्थानीय उत्पादनमा आधारित पोषिलो र सन्तुलित खानाको तयारी तथा उपयोगका लागि सचेतना अभिवृद्धि गरिनेछ।<br>२.३.२ विद्यालयहरूमा पोषण तथा जनस्वास्थ्य शिक्षा प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.३.३ वडास्तरमा योग, आयुर्वेद, खानपान, स्वस्थ जीवनशैली, तनाव व्यवस्थापन सम्बन्धमा शिविर सञ्चालन गरिनेछ।<br>२.३.४ स्थानीयस्तरमा उपलव्ध खाद्यान्नबाट सन्तुलित खाना तयारी गर्ने सम्बन्धमा विद्यार्थी तथा अविभावकलाई लक्षित् गरी असल खानपानसम्बन्धी अभियान सञ्चालन गरिनेछ।<br>२.३.५ विपन्न वर्गका पाँच वर्षमुनिका बालबालिकालाई कुपोषणको शिकार हुनबाट जोगाउन जोगाउन कार्यक्रम सञ्चालन गरिनेछ। |

| | |
|---|---|
| | २.३.६ पाँच वर्षमुनिका सम्पूर्ण बालवालिकाको वृद्धि अनुगमन तथा पोषणको अवस्थाको मूल्याङ्कन गरी सुधार ल्याउन आवश्यक देखिएका बालबालिकाहरूलाई पौष्टिक आहारा उपलव्ध गराउन सहयोग गरिनेछ।<br>२.३.७ नियमित बजार अनुगमन गरी मिति नाघेका तथा अखाद्य वस्तुको बिक्री वितरण तथा उपभोगमा रोक लगाइनेछ। |
| २.४ समुदाय लगायत निजी क्षेत्र समेतको सहभागिता र अग्रसरतामा जनस्वास्थ्य तथा पोषणको अवस्था सुधार गर्ने कार्यलाई प्रवर्धन गर्ने | २.४.१ सङ्घीय र प्रदेश सरकारसँगको सहकार्यमा आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य कार्यक्रम, स्वास्थ्य तालिम, नसर्ने रोगको रोकथाम र उपचार, स्वास्थ्य बीमा, स्वास्थ्य जनचेतना, विपन्नका लागि असाध्य रोग उपचारमा सहयोग र महिला स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.४.२ महामारी व्यवस्थापन तथा जनस्वास्थ्य एवं पोषण सम्बन्धमा आम नागरिकको अपनत्व, अग्रसरता र स्वयंसेवी भूमिकालाई प्रभावकारी गराउन टोलस्तरमा स्वास्थ्य तथा सरसफाई समिति गठन गरी परिचालन गरिनेछ।<br>२.४.३ समुदायमा आधारित संस्था, बालक्लब, महिला/आमा समूह र महिला स्वास्थ्य स्वयंसेविकाहरूको क्षमता विकास गरी स्वास्थ्य, पोषण तथा जीवनशैलीलाई एकीकृत गरी जनस्वास्थ्यको अवस्थामा गुणात्मक सुधार गरिनेछ। असहाय, अति विपन्न बिरामी र ज्येष्ठ नागरिकहरूको नियमित स्वास्थ्य जाँच गर्न घर/घरमै पुग्ने गरी घुम्ती स्वास्थ्य सेवाको प्रबन्ध गरिनेछ।<br>२.४.४ नगरपालिका र निजी क्षेत्रको सहकार्यमा विशेषज्ञ चिकित्सक सहितको घुम्ती स्वास्थ्य सेवा सञ्चालन गरिनेछ। |
| **उद्देश्य ३: स्वच्छ खानेपानीमा सर्वसुलभ पहुँच तथा पूर्ण सरसफाइको अभ्यासलाई दिगो तुल्याउने** | |
| ३.१ स्वच्छ खानेपानी सुविधामा नगरवासीको दिगो पहुँच कायम गर्न अन्तर-सरकार एवं समुदायस्तरमा समन्वय र साझेदारीको प्रवर्धन गर्ने | ३.१.१ एक घर एक धारा कार्यक्रमलाई अन्तर-सरकार समन्वय तथा साझेदारी र समुदायको सहभागिता तथा अग्रसरतामा कार्यान्वयन गरिनेछ।<br>३.१.२ सबै खानेपानी आयोजनामा खानेपानीको नियमित गुणस्तर परीक्षण तथा शुद्धीकरणका लागि आवश्यक व्यवस्था मिलाइनेछ।<br>३.१.३ नागरिकको बढी जमघट हुने सार्वजनिक स्थल तथा सरकारी कार्यालयमा यूरोगार्ड सहितको पानी शुद्धीकरण प्रणाली स्थापना गर्ने गराइने छ।<br>३.१.४ खानेपानी आयोजनाको दिगोपना, संरक्षण र मर्मत-सम्भारको लागि |

| | |
|---|---|
| | तालिमप्राप्त मर्मत सम्भार कार्यकर्ताको व्यवस्थालाई निरन्तरता दिई उपभोक्ता समितिलाई सशक्त गराउन सहकार्य गरिनेछ। |
| ३.२ पूर्ण सरसफाइयुक्त नगरपालिका घोषणाका आधारहरू तयार गर्न संस्थागत एवं व्यावहारिक प्रयत्नलाई प्रभावकारी गराउने | ३.२.१ विद्यालयमा विद्यार्थीहरूलाई केन्द्रित गरी सरसफाईसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।<br>३.२.२ शौचालय बाहिर साबुन पानीको व्यवस्था सबै घरमा राख्ने अभियान टोलस्तरको स्वास्थ्य तथा सरसफाई समितिमार्फत् गरिनेछ।<br>३.२.३ मानिसहरूको अधिक आवत-जावत हुने बजार क्षेत्रमा सार्वजनिक शौचालय तथा सार्वजनिक स्थलहरूमा स्वच्छ खानेपानीको व्यवस्था गरिनेछ।<br>३.२.४ खुला दिशामुक्त क्षेत्र घोषणालाई प्रभावकारी गराउँदै पूर्ण सरसफाइयुक्त क्षेत्र घोषणाका लागि आधारहरू तयार गरिनेछ।<br>३.२.५ स्वच्छ तथा सरसफाइसम्बन्धी जनचेतनामूलक श्रव्य-दृष्य सामग्रीको नियमित प्रकाशन र प्रशारणको व्यवस्था गरिनेछ।<br>३.२.६ सरसफाईको प्रवर्धन गर्न स्वास्थ्य आमा समूह, महिला समूह, बाल क्लव र युवा क्लबलाई घरपरिवार र टोल तहमा सरसफाइको नियमित अभ्यासको रूपमा सञ्चालन गरिनेछ। |
| ३.३ स्वच्छ वातावरण कायम गर्न नीतिगत तथा व्यावहारिक प्रयत्न गर्ने | ३.३.१ चोक, सडक किनारा लगायतका सार्वजनिक क्षेत्र तथा निजी आवासमा हरियाली तथा सौन्दर्य कायम गर्न बगैंचा निर्माण तथा वृक्षारोपणलाई नियमित गरिनेछ।<br>३.३.२ घरमै फोहोरलाई वर्गीकरण र व्यवस्थापन गर्ने शून्य फोहोर नीतिलाई कार्यान्वयन गर्न समुदायसँग सहकार्य गरिनेछ।<br>३.३.३ बजार क्षेत्रको फोहोर सङ्कलन तथा व्यवस्थापनका लागि संस्थागत संयन्त्र तयार गरिनेछ।<br>३.३.४ प्लाष्टिकजन्य वस्तुको उपयोगलाई दुरुत्साहन गरी वैकल्पिक झोलाको रूपमा कपडा तथा जुटका झोलाको उपयोगलाई प्रवर्धन गर्न समुदायस्तरमा अभियान सञ्चालन गरिनेछ।<br>३.३.५ स्वच्छ टोल पुरस्कार कार्यक्रम सञ्चालन गरी दिगो सरसफाइका लागि समुदायलाई प्रेरित गरिनेछ।<br>३.३.६ सिसाजन्य फोहोर व्यवस्थापनका लागि व्यवसायीहरुसँग समन्वय गरिने छ। |

| उद्देश्य ४: युवाका लागि आत्मविश्वास, व्यावसायिकता, सदाचार र खेलमैत्री वातावरणको अभिवृद्धि गर्ने | |
|---|---|
| ४.१ युवा वर्गको सशक्तीकरण तथा व्यवसायीक भावनाको अभिवृद्धि गरी आर्थिक, सामाजिक एवं राजनीतिक क्षेत्रमा सहभागिता वृद्धि गर्ने | ४.१.१ सङ्घीय तथा प्रदेश सरकारसँगको समन्वयमा युवा सशक्तीकरण तथा स्वरोजगारीका कार्यक्रम सञ्चालन गरिनेछ।<br>४.१.२ नगरपालिका क्षेत्रमा रहेका बेरोजगार युवाको विवरण सङ्कलन गरी उनीहरूको चाहना, क्षमता, योग्यता तथा बजारको माग अनुसारको रोजगारीको व्यावास्था गरिनेछ।<br>४.१.३ वित्तीय संस्थाहरूमार्फत् सहुलियत व्याजदरमा कर्जा प्रवाहमार्फत् युवा स्वरोजगार कार्यक्रम कार्यान्वयन गरिनेछ।<br>४.१.४ विकास प्रक्रिया, नीति निर्माण, योजना तर्जुमा र अनुगमनमा युवा सहभागिता नीति अनुरुप युवालाई यथोचित भूमिका प्रदान गरिनेछ।<br>४.१.५ युवाको आकर्षण रहेको तुलनात्मक लाभका क्षेत्र पहिचान गरी स्वरोजगारीका लागि आवश्यक तालिम सहित सहुलियत कर्जाको व्यवस्था गरिनेछ। |
| ४.२ सकारात्मक सोच तथा सिर्जनशील क्षमता विकास गरी समाज रूपान्तरणमा युवा सहभागिता अभिवृद्धि गर्ने | ४.२.१ युवा वर्गमा सदाचार तथा उच्च नैतिक भावनाको विकास गरी विकास प्रक्रिया तथा सामाजिक रूपान्तरण प्रतिको दायित्व बोध गराइनेछ।<br>४.२.२ युवा समूह, युवा क्लब तथा सञ्जाललाई सामाजिक तथा आर्थिक रूपान्तरणका क्षेत्रमा परिचालन गरिनेछ।<br>४.२.३ राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा सफलता हासिल गरेका युवाहरूका अनुभव स्थानीय युवाहरूमाझ आदान-प्रदान गरिनेछ।<br>४.२.४ लागू पदार्थ दुर्व्यसन विरुद्ध सचेता बढाउने तथा दुर्व्यसन त्याग्ने युवालाई सम्मानको लागि सामाजिक अभियान सञ्चालन गरिनेछ। |
| ४.३ खेलकूदका पूर्वाधार विकास तथा उच्चस्तरीय खेल क्षमता विकासका अवसर सिर्जना गरी खेल क्षेत्रमा युवा व्यवसायिकताको अभिवृद्धि गर्ने | ४.३.१ नगरपालिकास्तरमा रङ्गशाला, कभर्ड हल र एक वडा एक खेल मैदान तथा सहायक पूर्वाधारको विस्तार गरिनेछ।<br>४.३.२ खेलाडीहरूमा उच्चस्तरको खेल क्षमता विकास हुने गरी भलिवल तथा मार्सल आर्टका लगायतका खेलको नियमित प्रशिक्षण, अभ्यास तथा खेल सामग्रीको यथोचित व्यवस्था गरिनेछ।<br>४.३.३ जिल्ला तथा प्रदेशस्तरमा सफलता हासिल गरेका खेलाडीका लागि पुरस्कार, सम्मान र आर्थिक प्रोत्साहनको व्यवस्था गरिनेछ। |

| | |
|---|---|
| | ४.३.४ स्थानीयस्तरमा खेलकुद प्रतियोगिताहरू आयोजना गरी प्रदेश तथा राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा नियमित भाग लिने अवस्था सिर्जना गरिनेछ।<br>४.३.५ उच्चस्तरको खेल क्षमता भएका खेलाडीको पहिचान गरी विशेष आर्थिक सहयोग तथा प्रोत्साहनको व्यवस्था गरिनेछ। |
| **उद्देश्य ५: मौलिक भाषा, सम्पदा तथा संस्कृतिको जगेर्ना गर्नु** | |
| ५.१ भाषा, लिपि, संस्कृति, कला तथा धार्मिक सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने | ५.१.१ धार्मिक, साँस्कृतिक, ऐतिहासिक र पुरातात्विक सम्पदाको दिगो विकास र व्यवस्थापनका लागि गुरुयोजना बनाएर कार्यान्वयन गरिनेछ।<br>५.१.२ नगरकार्यपालिका कार्यालय अन्तरगत सम्पदा, कला तथा संस्कृति हेर्ने संयन्त्र तयार गरी क्रियाशील गराइनेछ।<br>५.१.३ भाषा, लिपि, संस्कृति, कला तथा धार्मिक सम्पदा संरक्षण सम्वर्धन सम्बन्धी नीति तर्जुमा गरी कार्यान्विन गरिनेछ।<br>५.१.४ कला तथा संस्कृतिको जगेर्ना गर्न महोत्सव तथा प्रदर्शनीको नियमित आयोजना गरिनेछ।<br>५.१.५ स्थानीय कला तथा सीपको पहिचान गरी आकर्षक तथा सजावटका सामाग्री उत्पादनलाई प्रवर्धन गरिनेछ। |
| ५.२ स्थानीय सम्पदा, कला तथा संस्कृति सम्बन्धी अध्ययन अनुन्धान गरी पर्यटन विकाससँग आवद्ध गर्ने | ५.२.१ स्थानीय सम्पदा, कला तथा संस्कतिसँग सम्बन्धित अध्ययन/अनुसन्धानका लागि शोधकर्ता, अनुसन्धान केन्द्र तथा विश्वविद्यालयका गतिविधिसँग समन्वय र सहकार्य गरिनेछ।<br>५.२.३ स्थानीय स्तरमा रहेका परम्परागत सीपलाई नयाँ प्रविधिसँग आवद्ध गराई थप व्यावसायिक बनाइनेछ।<br>५.२.२ स्थानीय सम्पदा, कला, भाषा, संस्कृति र रहन-सहन समेटिएको डकुमेन्ट्री निर्माण गरी सार्वजनिक गरिनेछ। |
| **उद्देश्य ६: सामाजिक सुरक्षा, संरक्षण र वालवालिकाको हित प्रवर्धन गर्नु** | |
| ६.१ जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति र सामाजिक एवं आर्थिक रुपले पछाडी रहेको | ६.१.१ जेष्ठ नागरिक र दीर्घरोगीहरुका लागि नियमित स्वास्थ्य परीक्षण र औषधि उपचारको व्यवस्था गरिनेछ।<br>६.१.२ नगरपालिका तथा वडाका मुख्य चोक लगायतका स्थानहरुमा पार्क |

| | |
|---|---|
| वर्गको हितका लागि प्राथमिकताका साथ् कार्यक्रम संचालन गर्ने | सहितको जेष्ठ नागरिक चौतारी निर्माण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ।<br>६.१.३ जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति एवं अशक्त र असहाय व्यक्तिहरुको हेरचाह, स्याहारसुसार तथा संरक्षणका लागि सचेतना, तालिम र आश्रयस्थलहरुको प्रवन्ध गरिनेछ। |
| ६.२ अपाङ्गता भएका एवं अशक्त व्यक्तिहरु र लैंगिक अल्पसंख्यकहरुका लागि आवस्यक सिप तथा रोजगारीको व्यवस्था गर्ने | ६.२.१ अपाङ्गता भएका व्यक्ति एवं लैंगिक अल्पसंख्यकहरुलाई योग्यता र क्षमाता अनुसारको सिप दिलाई रोजगारीका अवसरसँग जोड्ने कार्यक्रम लागु गरिनेछ।<br>६.२.२ अशक्त एवं अपांगता भएका व्यक्तिहरुका लागि सहायक सामाग्रीहरु उपलव्ध गराइने छ। |
| ६.३ सामाजिक एवं आर्थिक रुपले पछाडी रहेको वर्गको हितका लागि आवश्यक कार्यक्रम लागू गर्ने | ६.३.१ दलित, आदिवासी जनजाती, मधेशी, मुस्लिम, अल्पसंख्यक, एकल महिला लगायत आर्थिक तथा सामाजिक रुपले वर्गको हितका लागि आर्थिक हैसियत, योग्यता, क्षमता र रुची अनुसारको सिप र तालिमको व्यवस्था गरी रोजगार एवं स्वरोजगार मूलक कार्यक्रममा आवद्ध गराइनेछ। |
| ६.४ बालबालिकाको सुरक्षित र उन्नत भविष्यका लागि कार्यक्रम कार्यन्वयन गर्ने | ६.४.१ सबै वडालाई क्रमशः बालमैत्री वडा बनाउने नीति अनुसार कार्यक्रमहरु कार्यन्वयन गर्न बजेट व्यवस्था गरिने छ।<br>६.४.२ बिद्यालयहरुमा बाल मैत्री वातावरण निर्माण गर्न बाल विकास केन्द्रको स्थापना, सुधार, स्तरोन्नति, बाल शिक्षक शिक्षिकाहरुलाई तालिम र आवश्यक भौतिक सामग्रीको प्रबन्ध गरिनेछ।<br>६.४.३ बिद्यालय तथा वडाहरुमा बालक्लब तथा संजाल गठन गरी योजना र कार्यक्रम तर्जुमा र कार्यान्वयनमा सहभागी गराउने नीति लिइनेछ। |

## ५.४ सामाजिक विकास क्षेत्रको नतिजा खाका

विद्यालय शिक्षामा विद्यालय उमेरका सबैबालबालिकाको पहुँच स्थापित भएको हुनेछ। प्राविधिक तथा उच्च शिक्षाका अवसरहरुमा स्थानीय स्तरमा रहेका सबै इच्छुक विद्यार्थीका लागि सहज वातावरण तयार भएको हुनेछ। सबै विद्यालयमा शिक्षण सिकाइमा विद्युतीय सूचना प्रविधिको उपयोग भइ शैक्षिक गुणस्तरको क्षेत्रमा राष्ट्रिय औषत उपलब्धी हासिल भएको हुनेछ। पूर्ण खोप तथा घरमै सुत्केरी हुने महिलाको संख्या शून्य (Zero Home Delivery) क्षेत्रको रुपमा घोषणा कार्यान्वयन भएको हुनेछ भने जटिल खालको कुपोषण रहेका बालवालिका संख्या शून्य भएको हुनेछ। सवै वडामा ल्याव सेवा सहितको आधारभूत स्वास्थ्य सेवाको पहुँच औषत आधा घण्टा भन्दा कम र अस्पताल सम्मको पहुँच औषत आधा घण्टा भन्दा कम समयमा हासिल गर्न सकिने अवस्था तयार भएको हुनेछ।

नगरपालिकाका सतप्रतिशत घरपरिवारमा स्वच्छ खानेपानी तथा स्वच्छ शौचालयको उपयोग तथा पूर्ण सरसफाईका आधारहरु तयार भएको हुनेछ। बजार तथा बजारउन्मुख क्षेत्र र बढी आवतजावत हुने क्षेत्रमा व्यवस्थित सार्वजनिक शौचालयको स्थापना भएको हुनेछ। फोहोरमैलाको दीर्घकालिन व्यवस्थापनका लागि उपयुक्त तरिका अवलम्वन गरिनेछ। लक्षित वर्गको निर्णय निर्माण प्रकृयामा समावेशी नीति अनुसारको सहभागिता सुनिश्चित भएको हुनेछ।

**तालिका १३ : सामाजिक विकास क्षेत्रको नतिजाखाका**

| नतिजा श्रृङखला | सूचक | | आधाररेखा आ.व. ०७८/७९ | लक्ष्य (सम्मको अवस्था) | | | | | पुष्ट्याईका आधारहरू | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाइ | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | | |
| **प्रभाव** : गुणस्तरीय स्वास्थ्य सेवा | उच्च शिक्षामा विद्यार्थी उत्तिर्ण दर | प्रतिशत | ५.४ | ५.४ | ५.४ | ६ | ६ | ७ | - नगरपालिकाको तथा विषयगत | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| तथा सबै तहको शिक्षामा पहुँच स्थापना र आत्मसम्मान पूर्वक जीवन यापनका अवसर तयार गर्ने | स्वास्थ्य केन्द्र पुग्न लाग्ने औसत समय | घन्टा | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | शाखाको प्रतिवेदन | |
| | कक्षा १० को जिपिए औसत | प्रतिशत | २.६ | २.६ | २.६ | ३ | ३ | ३ | | |
| | लैङ्गिक तथा बाल हिंसाका घटना | संख्या | ११ | ११ | ११ | ९ | ७ | ७ | | |
| | विद्यालय बीचैमा छोड्ने विद्यार्थी | प्रतिशत | ७ | ७ | ७ | ५ | ५ | ५ | | |
| | विद्यालय वाहिर रहेका (५-१५ वर्ष) बालबालिका | प्रतिशत | १० | १० | १० | ८ | ७ | ७ | | |
| | एसइइको औषत जिपिए | प्रतिशत | २.८ | २.८ | २.८ | ३ | ३.२ | ३.२ | | |
| | कक्षा १ भर्ना भएका प्रारम्भिक बाल विकास कक्षाको अनुभव भएका बालबालिका | प्रतिशत | ९५ | ९६ | ९६ | ९९ | १०० | १०० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| असर १<br>उच्चस्तरीय स्वास्थ्य सेवा र पौष्टिक खानपानको अभ्यासलाई सुलभ तथा दिगो गराउनु | कम तौल भएका ५ वर्षमूनीका बालबालिका | प्रतिशत | ०.०३ | ०.०३ | ०.०३ | ०.०२ | ० | ० | - स्थितिपत्र<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | - सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित वर्ग कार्यक्रमको निरन्तरता हुनेछ<br>- राजनीतिक प्रतिबद्धता तथा स्थानीय तहका सरोकारवाला बीच सहकार्य र साझेदारीमा वृद्धि हुनुपर्ने |
| | स्थानीय स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिला | प्रतिशत | ५९ | ५९ | ५९ | ६० | ६० | ६० | | |
| | झाडापखालाको संक्रमण दर (प्रति हजारमा) | जना | १०२ | १०२ | १०२ | १०० | ९० | ९० | | |
| | स्वाशप्रश्वासको संक्रमण दर | संख्या | २९९ | २९९ | २९९ | २५० | २०० | २०० | | |
| | वार्षिकरूपमा स्वास्थ्य शिविरबाट विशिष्टकृत स्वास्थ्य सेवाबाट लाभान्वित | संख्या | ३५०० | ३५०० | ३५०० | ४५०० | ५००० | ५००० | | |
| असर २<br>स्वच्छ खानेपानीमा | पाइपबाट वितरित पानी प्रयोग गर्ने घरधुरी | संख्या | ७२८४ | ७२८४ | ७२८४ | ९०१६ | ११००० | ११००० | - स्थितिपत्र<br>- सर्वेक्षण प्रतिवेदन | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सर्वसुलभ पहुँच तथा पूर्ण सरसफाईका अभ्यासलाई दिगो तुल्याउनु | जोखिमयुक्त अवस्थामा साबुन पानीले हातधुने अभ्यास गर्ने घरपरिवार | प्रतिशत | ७० | ७० | ७० | ७५ | ८० | ८५ | - प्रगति अनुगमन प्रतिवेदन<br>- नेपाल सरकार र प्रदेश सरकार क्षेत्रगत प्रतिवेदन | |
| | फोहोर वर्गीकरण गरी विसर्जन गर्ने परिवार | प्रतिशत | १० | १० | १० | १२ | १५ | १५ | | |
| | WASH अनुसार सरसफाईको मापदण्ड पुरा गर्ने घरधुरी | संख्या | ७२८४ | ७२८४ | ७२८४ | ९०१६ | ११००० | ११००० | | |
| असर ३<br>लक्षित वर्गको क्षमता विकास, सामाजिक न्यायको स्थापना तथा सम्मानित जीवन यापनका अवसर सृजना गर्नु, | लक्षित वर्गको कार्यक्रममा विनियोजना हुने बजेट | प्रतिशत | ०.५ | ०.५ | ०.५ | ०.६ | ०.७ | ०.८ | - स्थितिपत्र | - संघ, प्रदेश र गैर सरकारी र निजी क्षेत्रको लगानीमा वृद्धि हुनेछ<br>सरोकारवालाको प्रतिवद्धता सहकार्य एवं साझेदारीमा वृद्धि हुनुपर्ने |
| | सीपमुलक तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | संख्या | ४५ | ४५ | ४५ | ५५ | ६० | ६५ | | |
| | व्यावसायिक सीपमूलक तालिम प्राप्त महिला | संख्या | २०८ | २०८ | २०८ | २५० | ३०० | ३५० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जेष्ट नागरिक दिवा सेवा केन्द्र | संख्या | ० | ० | ० | १ | १ | १ | | |
| असर ४<br>युवाका लागि आत्मविश्वास, व्यवसायिकता, सदाचार र खेलमैत्री वातावरणको अभिवृद्धि गर्नु | सक्रिय युवा क्लव तथा युवा संजाल | संख्या | २७ | २७ | २७ | ३० | ३३ | ३६ | - सर्वेक्षण प्रतिवेदन | - संघ, प्रदेश र गैर सरकारी र निजी क्षेत्रको लगानीमा वृद्धि हुनुपर्ने<br>- संघ,प्रदेश र गैर सरकारी र निजी क्षेत्रको लगानीमा वृद्धि हुनेछ<br>- सरोकारवालाको प्रतिवद्धता सहकार्य एवं साझेदारीमा वृद्धि हुनुपर्ने |
| | क्लब तथा सञ्जालमा आवद्ध युवा | संख्या | ५४० | ५४० | ५४० | ६०० | ६६० | ७२० | | |
| | उद्यम व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | संख्या | १४०० | १४०० | १४०० | १५०० | १६०० | १६०० | | |
| | खेलकूद मैदान | संख्या | १६ | १६ | १६ | १६ | १७ | १८ | | |
| | राष्ट्रियस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | संख्या | १३ | १३ | १३ | १५ | १५ | २० | | |
| असर ५<br>स्थानीय सम्पदा तथा संस्कृतिको पहिचान तथा प्रवर्धन गर्नु | संरक्षित सांस्कृतिक तथा ऐतिहासिक क्षेत्र | संख्या | ८ | ८ | ८ | ९ | १० | १० | - स्थितिपत्र (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगम | |
| | प्रवर्धित धार्मिक सांस्कृतिक क्षेत्र | संख्या | ४ | ४ | ४ | ५ | ५ | ५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | न प्रतिवेदन | |
| प्रतिफल १.१ विद्यालय शिक्षामा गुणस्तर कायम गर्न संरचनागत तथा व्यवहारिक सुधार भएको हुनेछ | कक्षा ८ को उपलब्धि दर (औषत जिपिए) | प्रतिशत | ३ | ३ | ३ | ३.२ | ३.३ | ३.४ | - अन्य तहको सरकारको क्षेत्रगत प्रतिवेदन<br>- सर्वेक्षण प्रतिवेदन | - सबै सरोकारवालाहरू को प्रतिवद्धता सहकार्य एवं साझेदारीमा वृद्धि हुनुपर्ने |
| | सिकाईमा विद्युतीय सूचना प्रविधिको उपयोग गर्ने विद्यालय | प्रतिशत | ५० | ५० | ५० | ५५ | ६० | ६० | | |
| | उच्च शिक्षामा कक्षा सञ्चालन भएका संकाय | संख्या | ११ | ११ | ११ | ११ | ११ | ११ | | |
| प्रतिफल २.१ आधारभूत स्वास्थ्य सेवामा नगरवासीहरुको सहज पहुँच कायम भएको हुनेछ | प्रोटोकलअनुसार ४ पटक गर्भ परीक्षण गराउने गर्भवती | प्रतिशत | ६० | ६० | ६० | ६५ | ७० | ७५ | - सर्वेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | - स्थानीय सरोकारवालाको प्रतिवद्धता सहकार्य एवं साझेदारीमा वृद्धि हुनुपर्ने |
| | स्वास्थ्य चौकीसम्म पुग्न लाग्ने औषत समय | घन्टा | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | | |
| | परिवार नियोजनका | प्रतिशत | ८० | ८० | ८० | ९० | ९० | ९५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | साधानको उपयोग दर | | | | | | | | | |
| प्रतिफल २.२ स्थानीय उत्पादनमा आधारित सन्तुलित भोजन तथा पोषणको अभ्यास सुधार भएको हुनेछ | जंक फुड निषेधित विद्यालय संख्या | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | - सर्वेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | - स्थानीय सरोकारवालाको प्रतिवद्धता सहकार्य एवं साझेदारीमा वृद्धि हुनुपर्ने |
| | कुपोषणको समस्या भएका बालबालिका | प्रतिशत | ० | ० | ० | ० | ० | ० | | |
| प्रतिफल ३.१ सबै घरपरिवारमा स्वच्छ खानेपानीको सहज पहुँच स्थापित भएको हुनेछ | निजी धारा संख्या | संख्या | ७२८४ | ७२८४ | ७२८४ | ९०१६ | ११००० | ११००० | | - स्थानीय सरोकारवालाको प्रतिवद्धता सहकार्य एवं साझेदारीमा वृद्धि हुनुपर्ने |
| | नियमित गुणस्तर परीक्षण तथा कायम भएको खानेपानी आयोजना | संख्या | १ | १ | १ | 2 | २ | २ | | |
| | गुणस्तर कायम गरिएको खानेपानी उपयोग गर्ने घरधुरी | संख्या | ७२८४ | ७२८४ | ७२८४ | ९०१६ | ११००० | ११००० | | |
| प्रतिफल ३.२ नगरवासीको | सुरक्षित शौचालय भएका घरधुरी | प्रतिसत | ६० | ६० | ६० | ७० | ८० | १०० | - सर्वेक्षण प्रतिवेदन | - स्थानीय सरोकारवालाको |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सरसफाईजन्य व्यवहारमा गुणात्मक सुधार भएको हुनेछ | फोहोर विसर्जनको स्थल (खाडल) भएको घरधुरी | प्रतिशत | १० | १० | १० | १२ | १२ | १५ | - प्रगति प्रतिवेदन | प्रतिवद्धता सहकार्य एवं साझेदारीमा वृद्धि हुनुपर्ने |
| प्रतिफल ४.१ नीति निर्माण तहमा लक्षित वर्गको सहभागिता अभिवृद्धि भएको हुनेछ । | महिला तथा लक्षित वर्गले नेतृत्व गरेका स्थानीय समिति संरचना | संख्या | ८ | ८ | ८ | १० | १० | १० | - सर्वेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | - स्थानीय सरोकारवालाको प्रतिवद्धता सहकार्य एवं साझेदारीमा वृद्धि हुनुपर्ने |
| | बस्तीस्तरको योजना तर्जुमा छलफलमा सहभागी लक्षित वर्ग | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | उपभोक्ता समितिमा लक्षित वर्गको सहभागिता | प्रतिशत | ३३ | ३३ | ३३ | ३५ | ४५ | ४५ | | |
| प्रतिफल ४.२ आर्थिक तथा सामाजिक रूपमा पछाडी रहेको वर्गको लागि क्षमता विकासका | वार्षिक रूपमा क्षमता विकासको तालिम तथा अभिमूखीकरणमा सहभागी लक्षित वर्गका प्रतिनिधि | जना | ४० | ४० | ४० | ५० | ६० | ६५ | - सर्वेक्षण प्रतिवेदन | स्थानीय सरोकारवालाको प्रतिवद्धता सहकार्य एवं साझेदारीमा वृद्धि हुनुपर्ने |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| अवसरहरू उपलव्ध भएको हुनेछ | लक्षित वर्गको क्षमता विकासको लागि आयोजना गरिने तालिम | पटक | ४ | ४ | ४ | ५ | ६ | ७ | | |
| | महिला हिंसाका घटना | संख्या | ० | ० | ० | ० | ० | ० | | |
| प्रतिफल ४.३ लक्षित वर्गको स्वरोजगारी तथा आत्मनिर्भरताका अवसर प्रवर्धन भएको हुनेछ | सीपमूलक तालिम हासिल गर्ने महिला तथा दलित | संख्या | ६० | ६० | ६० | ८० | ९० | १२० | - प्रगति प्रतिवेदन | सामाजिक सुरक्षा नीति तथा कार्यक्रमको निरन्तरता हुनुपर्ने |
| | सीपमूलक तालिम हासिल गर्ने अपांग | संख्या | १८ | १८ | १८ | २० | २५ | ३० | | |
| प्रतिफल ५.१ युवा स्वरोजगारी तथा आत्मनिर्भरताका अवसर प्रवर्धन भएको हुनेछ | स्वरोजगारमूलक तालिममा सहभागी हुने युवा | संख्या | १०० | १०० | १०० | १४० | १५० | १६० | - सर्वेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | संघ, प्रदेश र गैरसरकारी र नीजि क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनुपर्ने |
| | तालिम हासिल गरे पछि स्वरोजगारीमा लागेका युवा | प्रतिशत | १० | १० | १० | २० | ३० | ५० | | |
| प्रतिफल ५.२ खेल क्षेत्रको | खेल प्रशिक्षणमा सहभागी युवा | संख्या | १०० | १०० | १०० | १५० | २०० | २५० | - सर्वेक्षण | संघ,प्रदेश र गैरसरकारी र |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| विकासमा आवश्यक पूर्वाधार र अवसर उपलव्ध भएको हुनेछ | प्रदेशस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | संख्या | २० | २० | २० | २५ | ३० | ३५ | प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | नीजि क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनुपर्ने |
| | पालिकास्तरमा आयोजना हुने खेलकूद | संख्या | १० | १० | १० | १२ | १५ | १८ | | |
| प्रतिफल ६.१ स्थानीय सम्पदा तथा संस्कृति संरक्षण कार्यको गुणात्मक सुधार भएको हुनेछ | स्थानीय संस्कतिसम्बन्धी अध्ययन | संख्या | ३ | ३ | ३ | ५ | ५ | ५ | - स्थितिपत्र (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन | संघ, प्रदेश र गैरसरकारी र नीजि क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनुपर्ने |
| | संस्कृतिक संग्राहलय | संख्या | ३ | ३ | ३ | ४ | ४ | ४ | | |

## ५.५ प्रमुख कार्यक्रम तथा आयोजना

आवधिक योजनाले तय गरेको नतिजा हासिल गर्न नगरपालिकाको आफ्नै स्रोत, स्थानीय संघसंस्था, समुदाय, निजी क्षेत्र, गैसस, प्रदेश तथा संघीय सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकताका आधारमा सामाजिक विकासका लागि देहाय अनुसारका रणनीतिक कार्यक्रम सञ्चालन गरिनेछ। स्थानगत तथा आयोजना र कार्यक्रमगत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

## तालिका १४ : सामाजिक विकास क्षेत्रका प्रमुख कार्यक्रम तथा आयोजना

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाइ | योजनाको लक्ष्य | | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष २०७८/०७९ | कुल लक्ष्य २०८३/८४ | ०७९/०८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | जम्मा | प्रति इकाई लागत |
| १. शिक्षा, विज्ञान र प्रविधि | | | | - | - | ९०००० | ९२६८६ | ८७५०० | २८०१८६ | |
| स्कुल क्वालिटी लिटेरेसी प्रोजेक्ट | वडा | ० | ९ | - | - | १५००० | १५००० | १५००० | ४५००० | ५०००० |
| विद्यालय पूर्वाधार निर्माण कार्यक्रम (भवन) | संख्या | ० | १४ | - | - | ३०००० | ३०१८६ | ३०००० | १००१८६ | ७१५६ |
| पुस्तकालय भवन निर्माण कार्यक्रम | संख्या | ० | ५ | - | - | २५०० | २५०० | ५००० | १०००० | २००० |
| शैक्षिक गुणस्तर तथ सुधार कार्यक्रम (पोशाक, पुस्तक तथा पाठ्य सामग्री) वितरण कार्यक्रम | वडा | ० | ९ | - | - | २०००० | २०००० | २०००० | ६०००० | ६६६६ |
| खेल मैदान व्यवस्थापन कार्यक्रम | वडा | ० | ९ | - | - | ५००० | ५००० | ५००० | १५००० | १६६६ |
| विद्यालय जनशक्ति व्यवस्थापन कार्यक्रम (भाषा अध्यापन) | वडा | ० | ९ | - | - | १५००० | १५००० | १०००० | ४०००० | ४४४४ |
| विद्यालय छात्रावास निर्माण कार्यक्रम | संख्या | ० | १ | - | - | २५०० | ५००० | २५०० | १०००० | १०००० |
| २. स्वास्थ्य तथा पोषण | | | | - | - | ६८८७३ | ७३८७३ | ६९०७३ | २४३३१९ | |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाइ | योजनाको लक्ष्य | | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष २०७८/०७९ | कुल लक्ष्य २०८३/८४ | ०७९/०८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | जम्मा | प्रति इकाई लागत |
| स्वास्थ्य संस्था पूर्वाधार सुधार कार्यक्रम | संख्या | ० | १२ | - | - | १०००० | १५००० | १५००० | ४०००० | |
| ल्याब सेवा स्थापना | संख्या | ० | ४ | - | - | ३००० | ४००० | ३००० | १०००० | २५०० |
| स्वास्थ्य बीमा | वडा | ० | ९ | - | - | ८५०० | ८५०० | ८००० | २५००० | २७७७ |
| बिपन्न वर्गका सुत्केरी तथा गर्वती महिलालाई पोषण वितरण कार्यक्रम | वडा | ० | ९ | - | - | ८५०० | ८५०० | ८००० | २५००० | २७७७ |
| खुल्ला ब्यायामशाला | संख्या | ० | ५ | - | - | ४००० | ३५०० | - | ७५०० | १५०० |
| विशेषज्ञ स्वास्थ्य शिविर कार्यक्रम तथा औषधि खरिद | वडा | ० | ९ | - | - | १६६०० | १६६०० | १६८०० | ५०००० | ५५५५ |
| शिशु स्याहार तथा वाल विकास केन्द्र स्थापना | संख्या | ० | ३ | - | - | १५०० | १००० | १००० | ३५००० | ३८८८ |
| गाउँघर क्लिनिक कार्यक्रम | वडा | ० | ९ | - | - | १५०० | १५०० | २००० | ५००० | ५५५ |
| महिला स्वास्थ्य स्वयंसेविका तथा अन्य स्वास्थ्य कार्यक्रम | वडा | ० | ९ | - | - | १५२७३ | १५२७३ | १५२७३ | ४५८१९ | ५०९१ |
| **३. खानेपानी तथा सरसफाई** | | | | - | - | **७७०००** | **८७०००** | **६६०४७** | **२३००४७** | |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाइ | योजनाको लक्ष्य | | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष २०७८/०७९ | कुल लक्ष्य २०८३/८४ | ०७९/०८० | ०८०/८१ | ८१/८२ | ८२/८३ | ८३/८४ | जम्मा | प्रति इकाई लागत |
| एक घर एक धारा | घरधुरी | ७२८४ | ११००० | - | - | ७५०० | ७५०० | ५००० | २०००० | ५ |
| विपन्न परिवारलाई निशुल्क धारा जडान कार्यक्रम | घरपरिवार | ० | ५०० | - | - | २००० | २००० | १०४७ | ५०४७ | १० |
| सार्वजनिक शौचालय निर्माण | वडा | ० | ९ | - | - | ७५०० | ७५०० | ५००० | २०००० | २२२२ |
| फोहोरमैला व्यवस्थापन | वडा | ० | ९ | - | - | ३०००० | ३०००० | २५००० | ८५००० | ८५००० |
| सरसफाई सचेतना तथा खानेपानी सहयोग | वडा | ० | ९ | - | - | ३०००० | ४०००० | ३०००० | १००००० | १००००० |
| **४. महिला, बालबालिका तथा सामाजिक समावेशिकरण** | | | | - | - | **१२३००** | **१९८००** | **१२१३९** | **४४२३९** | |
| बाल खेलमैदान निर्माण | संख्या | ० | १ | - | - | – | १००० | – | १००० | १००० |
| दलित वर्गलाई सिपविकास तालिम कार्यक्रम | पटक | ० | ९ | - | - | २००० | १५०० | १५०० | ५००० | ५५५ |
| प्लानेटेरियम भवन निर्माण | संख्या | ० | १ | - | - | – | २५०० | – | २५०० | २५०० |
| आदिवासी जनजाति संस्कृतिक भवन निर्माण (२२ कोठे) | संख्या | ० | १ | - | - | ५०० | २५०० | २००० | ५००० | ५००० |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाइ | योजनाको लक्ष्य | | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष २०७८/०७९ | कुल लक्ष्य २०८३/८४ | ०७९/०८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | जम्मा | प्रति इकाई लागत |
| महिला विकास समूहलाइ टेवा पुंजी वितरण | वडा | ० | ९ | - | - | १५०० | १५०० | २००० | ५००० | ५५५ |
| धिमाल ग्राम संरक्षण कार्यक्रम | संख्या | ० | १ | - | - | १००० | १००० | – | २००० | २००० |
| अपाङ्ग मैत्री भवन निर्माण कार्यक्रम | संख्या | - | १ | - | - | ५०० | २५०० | २००० | ५००० | ५००० |
| जेष्ट नागरिक मिलन केन्द्र निर्माण कार्यक्रम | संख्या | ० | ३ | - | - | ३०० | ३०० | ४०० | १००० | ३३३ |
| लक्षित वर्ग सशक्तीकरण कार्यक्रम | वडा | ० | ९ | - | - | ५००० | ५००० | २७३९ | १२७३९ | १४१५ |
| बालमैत्री कार्यक्रम | वडा | ० | ९ | - | - | १५०० | २००० | १५०० | ५००० | ५५५ |
| **५. युवा तथा खेलकूद** | | | | - | - | **१३०००** | **१२८६६** | **११०००** | **३६८६६** | |
| खेल मैदान निर्माण | संख्या | ० | ९ | - | - | २५०० | २५०० | २५०० | ७५०० | ८३३ |
| खेलकुद सामग्री वितरण तथा सहयोग | वडा | ० | ९ | - | - | १५०० | १००० | १५०० | ४००० | ४४४ |
| कवर्ड हल निर्माण | संख्या | ० | २ | - | - | २००० | २३६६ | - | ४३६६ | २१८३ |
| खुल्ला ब्यायामशाला | संख्या | ० | ९ | - | - | १५०० | १५०० | १००० | ४००० | ४४४४ |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाइ | योजनाको लक्ष्य | | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष २०७८/०७९ | कुल लक्ष्य २०८३/८४ | ०७९/०८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | जम्मा | प्रति इकाई लागत |
| नगर खेलकुद कार्यक्रम | संख्या | ० | ९ | - | - | ३००० | ३००० | ३००० | ९००० | ९००० |
| युवा क्षमता विकास कार्यक्रम | संख्या | ० | ९ | - | - | २५०० | २५०० | ३००० | ८००० | ८००० |
| **६. कला तथा संस्कृति** | | | | - | - | **७५००** | **८५००** | **४६४९** | **२०६४९** | |
| गुम्बा निर्माण | संख्या | ० | ३ | - | - | १००० | १००० | १००० | ३००० | १००० |
| मलामी घर तथा दाह संस्कार स्थानमा धारा निर्माण | संख्या | ० | २ | - | - | २५०० | २५०० | – | ५००० | २५०० |
| मन्दिर निर्माण | संख्या | ० | ४ | - | - | १५०० | १५०० | १००० | ४००० | १००० |
| मन्जुल मितेरी संग्रालय निर्माण | संख्या | ० | १ | - | - | ५०० | १००० | – | १५०० | १५०० |
| विभिन्न भेषभूषा तथा धर्म संस्कृति संरक्षण कार्यक्रम | संख्या | ० | ९ | - | - | २००० | २५०० | २६४९ | ७१४९ | ७९३ |
| **जम्मा** | | | | - | - | **१७८६७३** | **२०२०३९** | **१६२९०४** | **५७५११६** | |

## ५.६ सामाजिक विकास क्षेत्रका कार्यक्रमको स्थानगत विवरण

सामाजिक विकास क्षेत्रका कर्यक्रमहरुको स्थानगत विवरण निम्न अनुसार रहेको छ :

**तालिका १५ : सामाजिक विकास क्षेत्रका कार्यक्रमको स्थानगत विवरण**

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम र विवरण | जिम्वेवारी |
|---|---|---|---|---|---|
| **१. शिक्षा, विज्ञान र प्रविधि** | | | | | |
| स्कुल क्वालिटी लिटेरेसी प्रोजेक्ट | वडा | ९ | नगरपालिका शिक्षा शाखा | सबै वडा | प्रदेश सरकार/स्थानीय सरकार |
| विद्यालय पूर्वाधार निर्माण कार्यक्रम (भवन) | संख्या | १४ | नगरपालिका शिक्षा शाखा | बिद्यालयहरूको अवस्थाका आधारमा निर्माण, घेरावेरा तथा पुनःनिर्माण | संगीय/प्रदेश/नगरपालिका |
| पुस्तकालय भवन निर्माण कार्यक्रम | संख्या | ५ | नगरपालिका शिक्षा शाखा | वडा नं. ३, ४, ६, ८ र ९ | संघिय/प्रदेश सरकार |
| शैक्षिक गुणस्तर तथा सामर्थ्य सुधार कार्यक्रम (पोशाक, पुस्तक तथा पाठ्य सामग्री) वितरण कार्यक्रम | पटक | ९ | नगरपालिका शिक्षा शाखा | सबै वडा | नगरपालिका |
| खेल मैदान व्यवस्थापन कार्यक्रम | पटक | ९ | नगरपालिका शिक्षा शाखा | सवै वडा | नगरपालिका |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम र विवरण | जिम्वेवारी |
|---|---|---|---|---|---|
| विद्यालय जनशक्ति व्यवस्थापन कार्यक्रम (भाषा अध्यापन) | वडा | ९ | नगरपालिका शिक्षा शाखा | सबै वडा | प्रदेश सरकार |
| विद्यालय छात्रावास निर्माण कार्यक्रम | संख्या | १ | नगरपालिका शिक्षा शाखा | वडा नं. ७ | संघीय सरकार |
| **२. स्वास्थ्य तथा पोषण** | | | | | |
| स्वास्थ्य संस्था पूर्वाधार सुधार कार्यक्रम | संख्या | १२ | नगरपालिका स्वास्थ्य शाखा | स्वास्थ्य चौकीको अवस्था हेरी आवस्यकता का आधारमा | संघीय/प्रदेश/नगरपालिका |
| ल्याब सेवा स्थापना | संख्या | ४ | नगरपालिका स्वास्थ्य शाखा | वडा नं. १, ३, ५ र ६ | संघीय/प्रदेश सरकार |
| स्वास्थ्य बीमा | वडा | ९ | नगरपालिका स्वास्थ्य शाखा | सबै वडा | नगरपालिका |
| बिपन्न वर्गका सुत्केरी तथा गर्वती महिलालाई पोषण वितरण कार्यक्रम | वडा | ९ | नगरपालिका स्वास्थ्य शाखा | सबै वडा | नगरपालिका |
| खुल्ला ब्यायामशाला | संख्या | ५ | नगरपालिका स्वास्थ्य शाखा | वडा नं. ३, ६ र ९ | प्रदेश सरकार |
| विशेषज्ञ स्वास्थ्य शिविर कार्यक्रम तथा | वडा | ९ | नगरपालिका | सबै वडा | नगरपालिका |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम र विवरण | जिम्वेवारी |
|---|---|---|---|---|---|
| औषधि खरिद | | | स्वास्थ्य शाखा | | |
| शिशु स्याहार तथा वाल विकास केन्द्र स्थापना | संख्या | ३ | नगरपालिका स्वास्थ्य शाखा | वडा नं. ५, ६ र ७ | नगरपालिका |
| गाउँघर क्लिनिक कार्यक्रम | वडा | ९ | नगरपालिका स्वास्थ्य शाखा | सबै वडा | नगरपालिका |
| महिला स्वास्थ्य स्वयंसेविका तथा अन्य स्वास्थ्य कार्यक्रम | वडा | ९ | नगरपालिका स्वास्थ्य शाखा | सबै वडा | सशर्त तथा आन्तरिक |
| **३. खानेपानी तथा सरसफाई** | | | | | |
| एक घर एक धारा | घरधुरी | ११००० | नगरपालिका | सवै वडा | प्रदेश, नगरपालिका र साझेदार संस्था |
| विपन्न परिवारलाई निशुल्क धारा जडान कार्यक्रम | घरपरिवार | २०० | नगरपालिका | बिपन्न पहिचान पत्रको आधारमा सवै वडा | नगरपालिका |
| सार्वजनिक शौचालय निर्माण | वडा | ९ | नगरपालिका | सबै वडा | नगरपालिका |
| फोहोरमैला व्यवस्थापन | वडा | ९ | नगरपालिका | सबै वडा | नगरपालिका र साझेदार संस्था |
| सरसफाई सचेतना तथा सहयोग | वडा | ९ | नगरपालिका | | |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम र विवरण | जिम्वेवारी |
|---|---|---|---|---|---|
| ४. महिला, बालबालिका तथा सामाजिक समावेशिकरण | | | | | |
| बाल खेलमैदान निर्माण | संख्या | १ | नगरपालिका महिला विकास शाखा | वडा नं. ७ | नगरपालिका |
| दलित वर्गलाई सिपविकास तालिम कार्यक्रम | वडा | ९ | नगरपालिका महिला विकास शाखा | सबै वडा | नगरपालिका |
| प्लानोटेरियम भवन निर्माण | संख्या | १ | नगरपालिका महिला विकास शाखा | वडा नं. ९ | प्रदेश सरकार |
| आदिवासी जनजाति संस्कृतिक भवन निर्माण (२२ कोठे) | संख्या | १ | नगरपालिका महिला विकास शाखा | वडा नं. ९ | संघीय सरकार |
| महिला विकास समूहलाइ टेवा पुंजी वितरण | वडा | ९ | नगरपालिका महिला विकास शाखा | सबै वडा | नगरपालिका |
| धिमाल ग्राम समम्रक्षण कार्यक्रम | संख्या | १ | नगरपालिका महिला विकास | वडा नं. ५ | प्रदेश सरकार |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम र विवरण | जिम्वेवारी |
|---|---|---|---|---|---|
| | | | शाखा | | |
| अपाङ्गमैत्री भवन निर्माण कार्यक्रम | संख्या | १ | नगरपालिका महिला विकास शाखा | वडा नं. ३ | प्रदेश सरकार |
| जेष्ट नागरिक मिलन केन्द्र निर्माण कार्यक्रम | संख्या | ३ | नगरपालिका महिला विकास शाखा | वडा नं. ५, ६ र ८ | संघीय सरकार |
| लक्षित वर्ग सशक्तीकरण कार्यक्रम | वडा | ९ | नगरपालिका महिला विकास शाखा | सबै वडा | सशर्त र आन्तरिक |
| बालमैत्री कार्यक्रम | वडा | ९ | नगरपालिका महिला विकास शाखा | सबै वडा | सशर्त र आन्तरिक |
| **५. युवा तथा खेलकुद** | | | | | |
| खेल मैदान निर्माण | वडा | ९ | नगरपालिका खेलकुद शाखा | सबै वडा | संघीय/प्रदेश सरकार |
| खेलकुद सामग्री वितरण तथा सहयोग | वडा | ९ | नगरपालिका खेलकुद शाखा | सबै वडा | नगरपालिका |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम र विवरण | जिम्वेवारी |
|---|---|---|---|---|---|
| कवर्ड हल निर्माण | संख्या | २ | नगरपालिका खेलकुद शाखा | वडा नं. ६ र ९ | प्रदेश सरकार |
| खुल्ला ब्यायामशाला | संख्या | ९ | नगरपालिका खेलकुद शाखा | सबै वडा | प्रदेश सरकार |
| नगर खेलकुद कार्यक्रम | संख्या | ९ | नगरपालिका खेलकुद शाखा | सबै वडा | समानीकरण अनुदान तथा आन्तरिक |
| युवा क्षमता विकास कार्यक्रम | संख्या | ९ | नगरपालिका खेलकुद शाखा | सबै वडा | राजस्व बाडफाड |
| **६. कला तथा संस्कृति** | | | | | |
| गुम्बा निर्माण | संख्या | ३ | नगरपालिका खेलकुद शाखा | वडा नं. ४ | प्रदेश सरकार |
| मलामी घर तथा डाह संस्कार स्थानमा धारा निर्माण | संख्या | २ | नगरपालिका खेलकुद शाखा | वडा नं. ४ | नगरपालिका |
| मन्दिर निर्माण | संख्या | ४ | नगरपालिका खेलकुद शाखा | वडा नं. ७ | नगरपालिका |
| मन्जुल मितेरी संग्रालय निर्माण | संख्या | १ | नगरपालिका खेलकुद शाखा | वडा नं. २ र ३ | संघीय/प्रदेश सरकार |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम र विवरण | जिम्वेवारी |
|---|---|---|---|---|---|
| विभिन्न भेषभूषा तथा धर्म संस्कृति संरक्षण कार्यक्रम | संख्या | ९ | नगरपालिका खेलकुद शाखा | सबै वडा | संघीय/प्रदेश सरकार |

## ५.७ सामाजिक विकास क्षेत्रका कार्यक्रमको सांकेतिकरण

सामाजिक विकास क्षेत्रका कर्यक्रमहरुको सांकेतिकरण निम्न अनुसार रहेको छ :

**तालिका १६ : सामाजिक विकास क्षेत्रतर्फको कार्यक्रम तथा आयोजनाको सांकेतीकरण**

| उद्देश्य नं | कार्क्रम तथा आयोजनाको विवरण | रणनैतिक स्तम्भ | दिगोविकास लक्ष्य संकेत | लैगिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|
| १ | विद्यालय पूर्वाधार निर्माण कार्यक्रम (भवन) | ३ | ४ | ३ | ३ |
| | पुस्तकालय भवन निर्माण  कार्यक्रम | ५ | ४ | ३ | ३ |
| | शैक्षिक गुणस्तर तथा सामर्थ सुधार कार्यक्रम (पोशाक, पुस्तक तथा पाठ्य सामग्री) वितरण कार्यक्रम | ३ | ४ | २ | ३ |
| | खेल मैदान व्यवस्थापन कार्यक्रम | ३ | ४ | २ | ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | विद्यालय जनशक्ति व्यवस्थापन कार्यक्रम (भाषा अध्यापन) | ३ | ४ | २ | ३ |
| | विद्यालय छात्रावास निर्माण कार्यक्रम | ३ | ४ | ३ | ३ |
| २ | स्वास्थ्य संस्था पूर्वाधार सुधार कार्यक्रम | ३ | ३ | ३ | ३ |
| | ल्याब सेवा स्थापना | ३ | ३ | ३ | ३ |
| | स्वास्थ्य बीमा | ३ | ३ | २ | ३ |
| | बिपन्न वर्गका सुत्केरी तथा गर्वती महिलालाई पोषण वितरण कार्यक्रम | २ | ३ | १ | ३ |
| | खुल्ला ब्यायामशाला | १ | ३ | २ | ३ |
| | विशेषज्ञ स्वास्थ्य शिविर कार्यक्रम तथा औषधि खरिद | १ | ३ | २ | ३ |
| | शिशु स्याहार तथा वाल विकास केन्द्र स्थापना | ३ | ३ | १ | ३ |
| | गाउँघर क्लिनिक कार्यक्रम | ३ | ३ | २ | ३ |
| | महिला स्वास्थ्य स्वयंसेविका तथा अन्य स्वास्थ्य कार्यक्रम | ३ | ३ | २ | ३ |
| ३ | एक घर एक धारा | १ | ६ | २ | २ |
| | विपन्न परिवारलाई निशुल्क धारा जडान कार्यक्रम | १ | ६ | २ | ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | सार्वजनिक शौचालय निर्माण | १ | ६ | २ | ३ |
| | फोहोरमैला व्यवस्थापन | १ | ६ | २ | २ |
| | सरसफाई सचेतना तथा सहयोग | १ | ६ | २ | २ |
| ४ | बाल खेलमैदान निर्माण | १ | ११ | ३ | ३ |
| | दलित वर्गलाई सिपविकास तालिम  कार्यक्रम | ३ | ८ | २ | ३ |
| | प्लानोटेरियम भवन निर्माण | १ | ८ | ३ | ३ |
| | आदिवासी जनजाति संस्कृतिक भवन निर्माण (२२ कोठे) | १ | ११ | ३ | ३ |
| | महिला विकास समूहलाइ टेवा पुंजी वितरण | २ | ५ | १ | ३ |
| | धिमाल ग्राम सम्रक्षण कार्यक्रम | १ | ११ | ३ | २ |
| | अपाङ्गमैत्री भवन निर्माण कार्यक्रम | १ | ११ | ३ | ३ |
| | जेष्ट नागरिक मिलन केन्द्र निर्माण  कार्यक्रम | ३ | ११ | ३ | ३ |
| | लक्षित वर्ग सशक्तीकरण कार्यक्रम | ३ | ११ | ३ | ३ |
| | बालमैत्री कार्यक्रम | ३ | ११ | ३ | ३ |
| ५ | खेल मैदान निर्माण | ३ | ३ | ३ | ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | खेलकुद सामग्री वितरण तथा सहयोग | ३ | ३ | २ | ३ |
| | कवर्ड हल निर्माण | ३ | ३ | ३ | ३ |
| | खुल्ला ब्यायामशाला | १ | ३ | ३ | ३ |
| | नगर खेलकुद कार्यक्रम | १ | ३ | ३ | ३ |
| | युवा क्षमता विकास कार्यक्रम | १ | ३ | ३ | ३ |
| ६ | गुम्बा निर्माण | ३ | ११ | ३ | ३ |
| | मलामी घर तथा डाह संस्कार स्थानमा धारा निर्माण | ३ | ११ | ३ | ३ |
| | मन्जुल मितेरी संग्रालय निर्माण | ३ | ११ | १ | |
| | मन्दिर निर्माण | ३ | ११ | ३ | ३ |
| | विभिन्न भेषभूषा तथा धर्म संस्कृति संरक्षण कार्यक्रम | ३ | ११ | २ | ३ |

# परिच्छेद छ
# पूर्वाधार क्षेत्र

## ६.१ पृष्ठभूमि

पूर्वाधारको विकासबाट नागरिकहरूमा अन्तरआवद्धता विस्तार भई आवागमन, बजार, सेवा सुबिधामा सहज पहुँच विस्तार भइ विकास नतिजा हासिल गर्न प्रत्यक्ष योगदान पुग्ने भएकोले नगरपालिकाको समग्र विकास तथा सेवा प्रवाहमा पूर्वाधार क्षेत्रको महत्वपूर्ण भूमिका रहेको हुन्छ। पूर्वाधार तथा संरचनाको विकास र सञ्चालनबाट दिगो लाभ लिन गुणस्तरीय निर्माण र दिगो सञ्चालनका साथै यसबाट वातावरणमा पर्ने सकारात्मक प्रभावहरूलाई बढोत्तरी र नकारात्मक प्रभावहरूलाई न्यूनीकरण गर्न संरक्षणका उपायहरू अपनाउनु पर्दछ। स्थानीय तहमा विकास कार्यलाई योजनावद्ध र व्यवस्थित रूपमा सञ्चालन गरी सामाजिक, आर्थिक विकास र वातावरणीय स्थितिमा दिगो सुधार गर्न पूर्वाधार विकासले विकास उपलब्धिको मेरुदण्डको रूपमा कार्य गर्दछ।

अन्तराष्ट्रिय प्रतिवद्धताको रूपमा प्रस्तुत दिगो विकास लक्ष्यहरुले समावेशी र दिगो शहरीकरण गर्ने गरी आवासको व्यवस्था गर्ने, गरिबीलाई कम गर्ने, उत्थानशीलता वृद्धि गर्ने तथा हरियाली र खुल्ला ठाउँहरू उपलव्ध गराउने लक्ष्य निर्धारण गरेको छ। यस लक्ष्य अनुरूप भू-उपयोग योजना अनुसार योजनाबद्ध र व्यवस्थित पूर्वाधार तथा संरचनाको द्रुत गतिमा विकास गर्ने, सामाजिक आर्थिक विकासमा सकारात्मक प्रभाव पर्ने र वातावरणमैत्री आयोजना सञ्चालन गर्दै निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गर्ने गरी पूर्वाधार विकासका आयोजनाको छनौट र सोको कार्यान्वयन तथा नतिजा मापनको आवश्यकता पर्दछ। यसै सन्दर्भलाई मध्यनजर गरी विकासको प्रतिफललाई नगरपालिकाको दीर्घकालीन सोच र लक्ष्य उन्मुख गराउन तथा अपेक्षित नतिजा हासिल गर्न मूलतः शहरी विकास, सडक, पूल तथा यातायात, विद्युत तथा वैकल्पिक उर्जा र सूचना तथा सञ्चार प्रविधि जस्ता विषय क्षेत्र सम्बन्धी विश्लेषण र विकासको मार्गचित्रलाई यस योजनामा समावेश गरिएको छ। नगरपालिकाको पूर्वाधार विकास क्षेत्रको विद्यमान अवस्था, सम्भावना र अवसर, समस्या तथा चुनौती र चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहाय अनुसार गरिएको छ :

## ६.२ पूर्वाधार विकास क्षेत्रको सम्भावना, अवसर, समस्या र चुनौती

उर्लाबारी नगरपालिकको पूर्वाधार विकास क्षेत्रको सम्भावना, अवसर, समस्या तथा चुनौतीहरु निम्न अनुसार रहेका छन :

## ६.२.१ आवास, भवन, बस्ती तथा शहरी विकास

### सम्भावना तथा अवसर

नगरपालिकाको अधिकांश जमिन समथर र सडक तथा विद्युत जस्ता पूर्वाधारको विकास भएकाले आवास र बस्ती विकासका लागि नगरक्षेत्र उपयुक्त रहेको छ। पूर्व पश्चिम राजमार्गले छोएको बजार देखि परम्परागत बस्तीहरु समेत यस क्षेत्रमा रहेका छन्। नगरपालिकाको सबै वडा केन्द्र, प्रमुख बजार क्षेत्र र पर्यटक स्थलहरुमा आधुनिक सुबिधा सम्पन्न आबास तथा बस्ती विकास हुँदै गएको छ। निजी घरहरु नगरपालिकाले निर्धारण गरेको मापदण्ड अनुसार निर्माणको थालनी भएको छ। नगर कार्यपालिकाको कार्यालय आफ्नै भवनमा सञ्चालनमा रहेको छ। नगरपालिकाका ७ वटा वडाहरुले आफ्नै भवनबाट सेवा प्रवाह गरिरहेका छन् भने बाँकी २ वटा वडाको भवनहरु निर्माण गर्नुपर्ने अवस्थामा रहेको छ।

नगरपालिका क्षेत्र भित्र रहेका स्वास्थ्य चौकीहरु तथा स्वास्य केन्द्रले आफ्नै भवनबाट सेवा प्रदान गरी रहेका छन्। नगरपालिका क्षेत्रभित्र साना खालका खुल्लाचौर तथा स्थान उपलव्ध रहेका छन्। राष्ट्रिय भू-उपयोग नीति, २०७२ तथा राष्ट्रिय भूमि ऐन, २०७६ बमोजिम नगरपालिकालाई कृषि क्षेत्र, आवास क्षेत्र, औद्योगिक तथा व्यावसायिक क्षेत्र, संस्थागत क्षेत्र लगायतको अवधारणा सहितको भू-उपयोग क्षेत्रको खाका तयार गर्न कार्य सम्पन्न भएको छ। यसको आधारमा भू-उपयोग योजना र सोको आधारमा बस्ती विकास तथा भौतिक विकास गुरुयोजना तर्जुमा गरी बस्ती विकास तथा भौतिक निर्माणका कार्यहरू कार्यान्वयन गर्नुपर्ने देखिएको छ।

### समस्या तथा चुनौती

नगरपालिकामा भू-उपयोग योजना कार्यन्वयनको कमीका कारण अव्यवस्थित जग्गा प्लटिङ भएको अवस्था छ। भवन निर्माणमा मापदण्ड पालना, व्यवस्थित बस्ती निर्माण, सुकुम्वासी व्यवस्थापन, व्यवस्थित बस्ती निर्माणमा नगरबासीहरुको सोचाईमा एकरुपता नहुनु र प्राविधिक तथा दक्ष जनशक्तिको अभाव आवास तथा बस्ती विकासका समस्याहरु हुन्। भू-उपयोग नीतिअनुसार नगरपालिका भू-उपयोग क्षेत्र निर्धारण कार्यान्वयनमा नहुँदा बस्ती तथा भौतिक विकासलाई व्यवस्थित र भवन निर्माण मापदण्ड पालना गर्न गराउन कठिनाई देखिएको छ। यसबाट व्यवस्थित र सुरक्षित बस्ती तथा आवासको निर्माणमा चुनौती थपिएको छ।

नगरपालिकामा रहेका कृषि, पर्यटन र व्यवसायिक विकास तर्फ लम्कदै गरेको यस नगरपालिका घोषणा हुनुपूर्व बनेका निजी, व्यावसायिक, सरकारी र सार्वजनिक भवनहरू भूकम्प प्रतिरोधी भए नभएको एकिन गरी सोअनुसार नियमन हुन सकेको छैन। नगरपालिका क्षेत्रमा व्यवस्थित पार्किङस्थल र यातायातको सहज व्यवस्थापन हुन सकेको छैन। अझै पनि नगरपालिकाको बजार र तथा घना आवास भएका

क्षेत्रमा नाली, सार्वजनिक शौचालय, फोहोरमैला व्यवस्थापन, तथा अन्य पूर्वाधार तथा सुबिधाको कमी रहेको छ। राष्ट्रिय भू-उपयोग नीति, २०७२ अनुसार भू-उपयोग योजना र क्षेत्र निर्धारण गरी सो अनुसार बस्ती विकास र भवन तथा भौतिक विकास योजना तर्जुमा र पूर्वाधार विकास तथा संरचना निर्माण, र ग्रिनवेल्टको लागि नीतिगत, कानूनी, प्रक्रियागत र प्राविधिक ढाँचा तयार हुन सकेको छैन।

नगरपालिकामा एम्बुलेन्स, विपद् समयमा सुरक्षित आश्रयस्थल, गोदाम घर र विपद्को अवस्थामा उद्दारको सर-सामाग्रीको कमी रहेको देखिन्छ। यस क्षेत्रमा आधुनिक मापदण्ड अनुसार बनेका भूकम्प प्रतिरोधी भवनहरूमा बसोवास गर्ने घरधुरी संख्या न्यून रहेको छ।

### ६.२.२ सडक, पुल तथा यातायात

#### सम्भावना तथा अवसर

नगरपालिकाका सबै वडामा पक्की सडकले छोएको छ भने सबै वडाहरूमा सडक सञ्जाल तथा सार्वजनिक यातायातको सेवा उपलब्ध रहेको छ। नगरपालिकामा कालोपत्रे र ग्राभेल सडक निर्माण कार्यलाई प्राथमिकता दिइ कार्य अगाडि बढेको छ। नगरपालिकाले सडक पूर्वाधारलाई विकासको मेरुदण्डको रुपमा विकास गर्ने नीति लिएको छ। उपभोक्ता समिति र ठेक्केदारलाई कामको गुणस्तरका आधारमा प्रोत्साहन तथा दण्डित गर्न नीतिगत व्यवस्था गरिएको छ। नगरपालिकाका सबै वडाहरुमा रहेका सडकहरुलाई सन्तुलित रुपमा मर्मत संभार र स्तरोन्नती गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइएको छ। संघिय तथा प्रदेश सरकारसँगको सहकार्यमा सडक पूर्वाधार निर्माण गर्ने कार्य अगाडी बढाउन आवश्यक डि.पि.आर. तयार गर्ने कार्य प्राथमिकतामा रहेको छ। यस नगरपालिकामा करिब ४५७ की.मि. सडक निर्माण सम्पन्न भएको छ।

#### समस्या तथा चुनौती

पूर्वाधारको विकास भएपनि नगरपालिकाले समय सापेक्ष रुपमा सुविधायुक्त पूर्वाधार विकासमा ध्यान नपुर्याएको, सडकको चौडाई साँघुरो हुनु, पर्यावरणलाई जोगाउने तर्फ ध्यान नपुग्नु, सडक निर्माणसँगसँगै ढल निर्माण नहुँदा असहज परिस्थिती उत्पन्न हुनु, सडकको गुणस्तरीयतामा कमी हुनु, सडक चिन्हको अभावका कारण दुर्घटना वृद्धि हुनु, सुकुम्बासी समस्याका कारण सडक निर्माणमा असहजता हुनु, सडक तथा यातायातको क्षेत्रमा देखिएको समस्या तथा चुनौती हुन्।

नगरपालिकालाई प्रदेश, जिल्ला र अन्य स्थानीय तह जोड्ने सडक तथा नगरपालिका क्षेत्रभित्रको बजार र वडा केन्द्र र बस्ती जोड्ने सडकको सर्वेक्षण, रेखाङ्कन, वर्गीकरण, नामाकरण, प्राथमिकीकरण र सडकको अधिकार क्षेत्र र मापदण्ड निर्धारण गरेता पनि नगरपालिकाले यातायात गुरुयोजना तर्जुमा गरी सो अनुरुप कार्य गर्न भने सकेको छैन। सबै वडा तथा बस्तीहरू सडक सञ्जालमा जोडिएको भएता पनि बजार र आवास क्षेत्रमा ढल, नाली तथा फोहोरमैलाको व्यवस्थापन हुन सकेको छैन। सडकको

अधिकार क्षेत्र सुरक्षित गर्न, सडकको दायाँबायाँ नाली निर्माण, संरक्षण पर्खाल निर्माण र वृक्षारोपण गरी संरक्षण तथा सुन्दरता कायम गर्न नसकेको देखिन्छ।

आवस्यकता अनुसारका नाली, कल्भर्ट, पुल लगायतका संरचना नगरपालिका क्षेत्रमा बन्न सकेका छैनन्। कच्ची सडकहरूको स्तरोन्नति गरी पक्की तथा ग्राभेल गर्न र आवश्यक स्थानमा पक्की पुल तथा कल्भर्ट, सडक नाला र सडक सुरक्षा व्यवस्था हुन सकेको छैन। सडक निर्माण तथा यातायात सञ्चालनमा वातावरणीय पक्ष, गुणस्तर र मापदण्डको पालना हुन सकेको छैन। वातावरण व्यवस्थापन र संरक्षणको उपाय अवलम्बन र आर्थिक तथा सामाजिक विश्लेषण विना सडक निर्माण गर्ने क्रम जारी रहेको छ। सडक निर्माणसँगै आर्थिक, सामाजिक विकास तथा अन्य विकासका कार्यहरू प्राथमिकता साथ सञ्चालन गर्न सकिएको छैन।

## ६.२.३ विद्युत तथा वैकल्पिक उर्जा

### सम्भावना तथा अवसर

नगरपालिका आसपासमा रहेका प्रमुख नदीहरुमा बक्राहा खोला, भालु खोला, देविझोडा, मावा, मिक्लु, नुनसरी, रतुवा, सफेवा, सोल्टी, सुन्झोडा र तेलि रहेका छन्। नगरपालिकामा करीव ९९ प्रतिशत घरधुरीले वत्ती बाल्ने प्रयोजनका लागि विद्युतीय उर्जाको उपयोगको अभ्यास रहेका, पछिल्ला दिनमा खाना पकाउने उर्जाको श्रोतको रुपमा दाउराको उपयोगमा पनि कमी आएको छ भने आयातित उर्जामा निर्भरता बढेको र खाना पकाउने उर्जाको प्रमुख श्रोतमा एल.पी. ग्याँस, दाउरा तथा वायो ग्याँस रहेको छ। नगरपालिकाले परम्परागत उर्जामा निर्भर परिवारलाई अनुदान सहितको बैकल्पिक उर्जाको प्रयोगमा प्रोत्साहन गरिरहेको छ।

### समस्या र चुनौती

यस नगरपालिकामा ७६ प्रतिशत घरपरिवारले खाना पकाउन मुख्य इन्धनको रूपमा एल. पी. ग्याँसको प्रयोग गर्ने गरेका छन्। विद्युत, वायोग्याँस तथा स्वस्थ उर्जा प्रयोगको अवस्था न्यून रहेको देखिन्छ। नगरपालिका ९९.३ प्रतिशत घरपरिवारमा राष्ट्रिय प्रसारण लाईनको भरपर्दो विद्युत सेवाको पहुँच पुग्न सकेको छैन। सवै वडाका केही छरिएका बस्तीहरूमा विद्युत लाईन पुग्न सकेको छैन। विद्युत प्रसारण लाइन पुगेका स्थानहरूमा समेत ट्रान्सफरमरको क्षमता र ट्रान्समिसन लाईन गुणस्तरमा वृद्धि गरी प्रसारण र वितरण हुन सकेको छैन। ग्रामीण क्षेत्रहरूमा उद्योग व्यवसाय सञ्चालन, सिंचाईको लागि प्रयोग गर्न आवश्यक पर्ने थ्रिफेजको विद्युत लाईनको कमी रहेको छ।

नगरपालिका प्रमुख सडक, चोक र स्थानमा सोलार प्रणालीमा आधारित सडक वत्तीको सुबिधा पूर्णरुपमा उपलव्ध हुन सकेको छैन। नगरपालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयहरू सबैमा भरपर्दो पावर व्याकपअ सुबिधा उपलव्ध रहेको छैन। नदी प्रदुषण र जलाधार क्षेत्रको विनास र

भूमिगत जलको अधिक उपयोगका कारण सतह घटदै जानु, एलपी ग्यासमा बढ्दो निर्भरता तथा विद्युतको नियमित आपूर्तिमा कमी, ऊर्जाको उपयोग प्रवर्धनका लागि जनचेतना अभिवृद्धि र प्रोत्साहन, वैकल्पिक उर्जाको विस्तार गर्न नसक्नु चुनौतीका रुपमा रहेका छन।

### ६.२.४ सूचना, सञ्चार र प्रविधि

#### सम्भावना र अवसर

यस नगरपालिकामा सञ्चारका साधनहरुमा मोवाइल फोन, टेलिफोन, इन्टरनेट, रेडियो, टिभि, पत्रपत्रिका तथा हुलाक रहेका छन्। नगरपालिकाले आधुनिक प्रविधि विकासको महत्वलाई आत्मसात गरेको छ। नेपाल दूरसञ्चार कम्पनीका साथै एनसेलका टेलिफोन तथा मोबाइल सेवाको सहज पहुँच रहेको छ। नगरवासीहरुमा इन्टरनेटको उपयोग विस्तार क्रमशः भइ सकेको छ। नगरपालिकामा एउटा व्यावसायिक एफ.एम. रेडियो स्टेशन सञ्चालनमा रहेको छ। नगरपालिकाले सूचना प्रविधि प्रवर्द्धन तथा विस्तार गरी सेवा प्रवाहलाई विद्युतीय प्रणालीमा आधारित बनाउने र नगरपालिकामा पेपरलेस कारोबारलाई प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ।

यससँगै नगरपालिकाको लगभग सबै क्षेत्रमा मोबाइल टेलिफोनको पहुँच पुगेको छ। जनगणना २०७८ अनुसार नगरपालिका कुल जनसंख्या मध्ये ८८.३ प्रतिशत घरधुरीमा मोवाइल तथा टेलिफोन उपलव्ध रहेको छ भने ५२.४ प्रतिशतले इन्टरनेट प्रयोग गर्दछन। नगरपालिकामा १७.५ प्रतिशत घरधुरीमा कम्प्युटरको उपलव्धता रहेको छ। सवै वडाकार्यालय, स्वास्थ्य केन्द्र र माध्यमिक विद्यालयमा इन्टरनेट सेवा विस्तार गरिएको छ। नगरपालिकाले सूचना व्यवस्थापन प्रणाली सञ्चालन गरेको छ। वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रकाशन र प्रसारण गर्ने गरेको छ। नगरपालिकाले शासन सञ्चालन र सेवा प्रवाहलाई विद्युतीय प्रणालीमा आधारित बनाउँदै लाने प्रयास गरेको छ। नगरपालिकामा वेवसाइट र मोबाइल एप्स्, स्थानीय रेडियो तथा टेलिभिजन तथा राष्ट्रियस्तरका रेडियो र टेलिभिजन, पत्रपत्रिका र अनलाईनमार्फत सूचनाहरू नियमित रूपमा अद्यावधिक, प्रकाशन र प्रसारण भैरहेको छ। वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रकाशन र प्रसारण गरिएको छ।

#### समस्या र चुनौती

नगरपालिका क्षेत्रको सबैतिर ल्याण्डलाइन टेलिफोन सञ्जाल उपलव्ध हुन सकेको छैन। नगरपालिका क्षेत्रमा बसोबास गर्ने घरपरिवारका सदस्यहरूसँग मोबाइल फोन समेत पहुँच नभएको अवस्था छ। कतिपय बस्ती र स्थानहरूमा मोबाइल टेलिफोन सेवाको गुणस्तर कमजोर रहेको छ। नगरपालिका क्षेत्रभित्र सबै विद्यालय, स्वास्थ्य संस्था, सेवा केन्द्र र वडा कार्यालयमा इन्टरनेट सुबिधा उपलव्ध भए पनि उपलव्ध भएका केन्द्र र कार्यालयमा सेवाको गुणस्तर कमजोर रहेको छ। सबै विद्यालय, स्वास्थ्य संस्था र वडा कार्यालयहरूमा पावर व्याकअप सहित सूचना प्रविधिमा आधारित सेवा सुचारु हुन सकेको

छैन। इन्टरनेट तथा मोबाइल फोनको गुणस्तरमा कमी, साइवर अपराध सम्बन्धी जनचेतनामा कमी, सञ्चारका साधनको उपयोगमा अस्वस्थ प्रतिस्पर्धा, पोल पोलमा झुन्डिने तारले पर्यटकीय शहरी सौन्दर्यलाई कुरुप बनाएको छ। ताररहित प्रविधिलाई बढावा दिनु र गुणस्तरीय सञ्चार सेवा प्रवाह गर्नु चुनौतिका रुपमा रहेका छन्।

## ६.३ सोच, लक्ष्य, उद्देश्य र रणननीति र कार्यनीति

उर्लाबारी नगरपालिकाको पूर्वाधार क्षेत्रको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएकोछ :

### ६.३.१ सोच

दिगो, सुव्यवस्थित एवं उत्थानशील पूर्वाधारयुक्त नगरपालिका

### ६.३.२ विषय क्षेत्रगत लक्ष्य

नगरपालिकाको पूर्वाधार विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छ :

सुन्दर, हरियाली र दिगो पुर्वाधार, उर्लाबारीको सम्बृद्धिको आधार

### ६.३.३ विषय क्षेत्रगत उद्देश्य

नगरपालिकाको पूर्वाधार विकास क्षेत्रको उद्देश्यहरू देहायअनुसार रहेका छन्

- योजनाबद्ध र उत्थानशील आवास, बजार तथा व्यावसायिक पूर्वाधारको विकास गर्नु,
- सुदृढ यातायात, सहायक संरचना तथा सुविधाको विकास र विस्तार गर्नु,
- विद्युत् र स्वच्छ ऊर्जाको उपलव्धता, गुणस्तर र उपभोगमा वृद्धि गर्नु,
- सूचना तथा सञ्चार प्रविधिको गुणस्तर र उपभोगमा वृद्धि गर्नु,

### ६.३.४ रणनीति तथा कार्यनीति

उर्लाबारी नगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहाय अनुसारका रणनीति तथा कार्यनीति अवलम्बन गरी पूर्वाधार विकास सम्बन्धी रणनीतिक कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछः

**तालिका १७ : पूर्वाधार विकास क्षेत्रको रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: योजनाबद्ध र उत्थानशील आवास, बजार तथा व्यावसायिक पूर्वाधारको विकास गर्नु** | |
| १.१ भू-उपयोग क्षेत्र | १.१.१ स्थानीय भू-बनौट, क्षमता, र भू-उपयोगको आधारमा योजनावद्ध, दिगो तथा |

| रणनीति | कार्यनीति |
| --- | --- |
| वर्गीकरण तथा भू-उपयोग योजना अनुसार स्थानीय सम्भाव्यता र सौन्दर्यता प्रवर्धन तथा विद्यमान स्रोतको संरक्षणलाई विशेष जोड दिने | व्यवस्थित बस्ती विकासको आधार तयार गरिनेछ। साथै, सामुदायिक छलफल/भावना समेतलाई मध्यनजर गरी भौगोलिक सूचना प्रणालीका माध्यमबाट भू-उपयोग योजनाको कार्यान्वयन गरिनेछ।<br><br>१.१.२ भू-उपयोग योजना तथा त्यसको प्राथमिकता अनुरुप बस्ति तथा वजार विस्तारका लागि प्रस्तावित नगरिएको क्षेत्रलाई निरुत्साहित गर्ने र प्रस्तावित क्षेत्रमा प्रस्ताव गरिए अनुरुप नै आवास, बजार र पूर्वाधार विस्तार एवं एकीकरण गर्नका लागि स्पष्ट नीति तर्जुमा र कार्यान्वयन गरिनेछ।<br><br>१.१.३ बस्ती क्षेत्रमा रहेका खुल्ला स्थानमा हरियाली पार्क, पोखरी र खुल्ला स्थान समेतको व्यवस्था गरिनेछ। साथै, हरित क्षेत्रको विकास गरी शहरी सौन्दर्य वृद्धि गरिनेछ।<br><br>१.१.४ भू-उपयोग योजना अनुसार कृषि क्षेत्रलगायत अन्य प्राकृतिक स्रोतको संरक्षणका लागि उच्च महत्व दिइनेछ।<br><br>१.१.५ सार्वजनिक तथा पर्ती जग्गाहरूको पहिचान, नक्साङ्कन र अभिलेख तयार गरी उद्यान, खुल्ला क्षेत्र, पोखरी, खेलमैदान र अन्य व्यवसायिक आयोजनामा उपयोग गरिनेछ। |
| १.२ भौतिक विकास गुरुयोजना तयार गरी सार्वजनिक निर्माण कार्यलाई व्यवस्थित गर्ने | १.२.१ भवन निर्माण सम्बन्धी मापदण्डलाई प्रभावकारी रुपमा लागु गर्न भवन विभाग, नापी कार्यालय, सरोकारवाला निकायसँग समन्वय र साझेदारी गरी तालिम तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।<br><br>१.२.२ व्यवस्थित तथा योजनावद्ध विकासलाई प्रोत्साहित गर्न एकीकृत बस्ती विकास र सुरक्षित आवास क्षेत्रको नमुना तयार गरी निर्माण कार्य गरिनेछ।<br><br>१.२.३ नगरपालिका क्षेत्रभित्र रहेको सार्वजनिक जग्गाको लगत सङ्कलन, नक्साङ्कन, अभिलेखीकरण गरी कानुन अनुसार उत्पादन तथा आयमूलक क्षेत्रमा परिचालनको व्यवस्था गरिनेछ।<br><br>१.२.४ नगरपालिका क्षेत्रमा नापी नक्सा, घरजग्गा, धनीपूर्जा, सडक र घर नम्बरलाई मिलान गरी भौगोलिक सूचना प्रणालीमा आधारित अद्यावधिक अभिलेख तयार गरिनेछ।<br><br>१.२.५ बजार, पार्क, खुल्ला क्षेत्र, आपतकालीन सामग्री भण्डार गृह लगायत सार्वजनिक पूर्वाधार विकासको लागि स्थान र जग्गाको व्यवस्था गरी निर्माण कार्य क्रमशः सञ्चालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| १.३ पूर्वाधार विकास आयोजनालाई योजनावद्ध, पारदर्शी, दिगो र सुव्यस्थित रुपमा सञ्चालन गर्ने | १.३.१ भवन निर्माण मापदण्ड २०६२ संशोधन र कार्यान्वयन गरी निर्माण गरिने र भवनहरूबाट नगरपालिकाको सुन्दरता, स्वच्छ वातावरण तथा निर्मित वातावरणमा आउन सक्ने ह्रास न्यूनीकरण गरिनेछ।<br><br>१.३.२ उपभोक्ता समिति तथा बोलपत्र मार्फत् निर्माण गरिने पूर्वाधार आयोजनाका लागि सिलिङ निर्धारण गर्न, निर्माणकर्ताको जवाफदेहिता अभिवृद्धि गर्न, निर्माण प्रक्रियालाई प्रभावकारी र योजनालाई दिगो बनाइने छ।<br><br>१.३.३ पूर्वाधार विकास कार्यमा कानुनले तोकेबमोजिमका सबै आयोजनाहरू लगायत ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन वातावरणीय अध्ययन परीक्षणलाई अनिवार्य गरिनेछ।<br><br>१.३.४ भवन निर्माण आचारसंहिता सम्बन्धी तालिम प्रदान गरी सम्भव भएसम्म तालिम प्राप्त प्राविधिक र दक्ष व्यक्तिहरूबाट मात्र निर्माण कार्य गर्ने गराउने व्यवस्था मिलाइनेछ।<br><br>१.३.५ उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजनामा अनिवार्य रुपमा प्राविधिक सुपरीवेक्षणको गर्ने व्यवस्था गरिनेछ र आयोजना निर्माण गर्नु अघि उपभोक्ता समितिलाई प्राविधिक र व्यवस्थापकीय विषयमा तालिम प्रदान गरिनेछ।<br><br>१.३.६ स्थानीय भौगोलिक, आर्थिक विशिष्ठतामा आधारित पूर्वाधारहरूको निर्माण गरी स्थानीय सम्भावनाको सदुपयोग र आर्थिक वृद्धि प्रवर्धनलाई सहजीकरण गरिनेछ।<br><br>१.३.७ सार्वजनिक निजी-साझेदारीको अवधारणा लागू गरी पूर्वाधार विकासमा निजी क्षेत्रको सहभागिता वृद्धि गरिनेछ।<br><br>१.३.८ सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई नियमित र परिमाणमुखी बनाई ठेकेदार, निर्माण समिति, उपभोक्ता समिति र टोल विकास समितिसमेतलाई आफ्नो कामप्रति जवाफदेही बनाउने परिपाटी सुरुआत गरिनेछ। |
| १.४ वडा कार्यालयलाई सेवा प्रवाह केन्द्र/एकाइको रुपमा विकास गर्ने तथा पूर्वाधार विकासलाई समावेशी बनाउने | १.४.१ नगरपालिका क्षेत्रभित्र रहेका पर्यटकीय संभावना बोकेका पर्यटकीय क्षेत्रहरुलाई संभाव्यताको आधारमा पर्यटकीय, शैक्षिक, खेलकुद र अन्य क्षेत्रको रुपमा विकास गर्न पूवार्धार लगायत सेवा सुविधाको विकास र विस्तार गरिनेछ।<br><br>१.४.२ वडामा समानुपातिक विकास गर्ने उद्देश्यले निश्चित मापदण्डको आधारमा वडास्तरबाटै आयोजना कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ।<br><br>१.४.३ अपाङ्गमैत्री, बालमैत्री, ज्येष्ठ नागरिकमैत्री, महिलामैत्री र वातावरणमैत्री रुपमा वडा कार्यालय भवन निर्माण गरी वडा कार्यालयमा फरक क्षमता भएका सबै वर्गको |

| रणनीति | कार्यनीति |
|---|---|
| | पहुँच सुनिश्चित गरिनेछ।<br>१.४.४ सबै वडाहरूमा मुख्य आयोजनाहरू सडक, खानेपानी, सिंचाइ एवं अन्य पूर्वाधार निर्माणमा विस्तृत परियोजना प्रतिवेदन तयार गरी सोको आधारमा बजेट विनियोजन र कार्यान्वयनको व्यवस्था गरिनेछ।<br>१.४.५ सबै वडा कार्यालयहरूमा पूर्वाधार तथा संरचनाको विकास गरी आफ्नै भवनबाट सेवा प्रवाह गरिनेछ। |
| **उद्देश्य २: सुदृढ यातायात र सहायक संरचना तथा सुविधाको विकास र विस्तार गर्नु** | |
| २.१ नगरपालिका क्षेत्रभित्र यातायात तथा आवागमन भरपर्दो, सुरक्षित बनाउने | २.१.१ पर्यटकीय केन्द्रहरूलाई सडक सञ्जालमा आवद्ध गरी आवागमन सुचारु गरिनेछ।<br>२.१.२ बसपार्क तथा बिसौनी, सवारी साधन पार्किङ्ग स्थलमा सवारी साधन व्यवस्थापनको लागि उपयुक्त स्थानमा पूर्वाधार निर्माण र व्यवस्थापन गरिनेछ।<br>२.१.३ यातायात गुरुयोजना र सडकको मापदण्ड अनुसार सडकहरूको रेखाङ्कन, नक्साङ्कन, नामकरण गरी सडक निर्माण, चौडा तथा स्तरोन्नति गर्ने र नियमित मर्मत-संभारको व्यवस्था गरिनेछ।<br>२.१.४ सडक सञ्जाल विस्तार र सडक नपुगेका स्थानहरूमा सडकको पहुँच पुर्याइनेछ। विद्यमान सडकहरूको स्तरोन्नती गरी गुणस्तर सुधार गर्दै लगिनेछ।<br>२.१.५ सडक र अन्य पूर्वाधारको गुणस्तर सुधारका लागि आवश्यकता अनुसार अन्य सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्यलाई निरन्तरता दिने नीति लिइनेछ। |
| २.२ सडक अधिकार क्षेत्र तथा पूर्वाधार सम्बन्धी मापदण्डहरू तर्जुमा र कार्यान्वयन गरी पूर्वाधार क्षेत्रको गुणस्तर अभिवृद्धि गर्ने | २.२.१ सडकहरूको मापदण्ड र स्तर निर्धारण, नक्साङ्कन, वर्गीकरण, नामकरण र प्राथमिकता निर्धारण सहित सडक, पुल र यातायातको विकास र विस्तारलाई सुव्यवस्थित बनाउन यातायात गुरुयोजना अद्यावधिक गरी सो अनुसार सडक पुल निर्माण तथा यातायात सञ्चालनलाई व्यवस्थित गरिनेछ।<br>२.२.२ प्रहरी, प्रशासन, टोल विकास संस्थाहरू र नागरिक समाजसँग समन्वय र सहकार्य गरी सडक अधिकार क्षेत्रको अतिक्रमण हटाइनेछ।<br>२.२.३ नगरपालिकाको सडकलाई जिआईएस (भौगोलिक सूचना प्रणाली)मा आधारित गरी नामकरण, साङ्केतीकरण तथा अभिलेखीकरण गरिनेछ।<br>२.२.४ सडक मापदण्ड लागू हुनु भन्दा अघि बनेका र रहेका संरचनाहरू हटाउन |

| रणनीति | कार्यनीति |
|---|---|
| | सरोकारवालासँग परामर्श गरी संरचना हटाइनेछ।<br>२.२.५ परम्परागत रुपमा रहेका सडक, बाटो तथा गल्लीहरूको अतिक्रमण हटाउन विशेष पहल गरिनेछ र सडक अधिकार क्षेत्रको संरक्षणको लागि निगरानी र सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। |
| २.३ कृषि, उद्योग र पर्यटन तथा सामाजिक सेवा प्रवाहलाई सहज र सुलभ हुने गरी गुणस्तरीय, वातावरणमैत्री र उत्थानशिल सडक तथा सहायक संरचना र सुविधाको विकास एवं विस्तार गर्ने | २.३.१ वातावरणीय अध्ययन पश्चात् विस्तृत परियोजना प्रतिवेदन तयार गरेर मात्र सडक निर्माण र स्तरोन्नति गरिनेछ।<br>२.३.२ सडक विकास र स्तरोन्नतिसँग कृषि, तथा पशु विकास, व्यवसाय विकासका प्याकेज कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.३.३ स्थानीय स्रोत-साधन, सीपको प्रयोगबाट सञ्चालन हुने, स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने आयोजना र उपभोक्ताको लागत साझेदारी हुने आयोजनालाई प्राथमिकता दिई निर्माण तथा सञ्चालन गरिनेछ।<br>२.३.४ नगरपालिकाका रणनीतिक सडकहरूको प्राथमिकता अनुसार क्रमशः ग्राभेल, तथा स्तरोन्नति गर्दै लगिनेछ।<br>२.३.५ सडक सञ्जाल निर्माण गर्दा कृषि, पर्यटन तथा व्यवसायको समेत प्रवर्धन हुने गरी निर्माण गरिनेछ। |
| **उद्देश्य ३: विद्युत् र स्वच्छ ऊर्जाको उपलव्धता, गुणस्तर र उपभोगमा वृद्धि गर्नु** | |
| ३.१ विद्युत् लाइन, क्षमता तथा स्तर वृद्धि गर्ने | ३.१.१ वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालयहरूमा पावर व्याकअप र इन्टरनेटको व्यवस्था गरिनेछ।<br>३.१.२ विद्युत् प्राधिकरणसँग समन्वय र लागत साझेदारीमा विद्युत् लाइनको क्षमता विस्तार, जीर्ण पोल र तार मर्मत गरिनेछ।<br>३.१.३ नगरपालिका क्षेत्रभित्र प्रभावकारी रुपमा विद्युत् प्रवाहका लागि गरिनेछ।<br>३.१.४ विद्युत् प्राधिकरणसँग समन्वय गरी विद्युत् लाइनको विस्तार गरी सबै घरधुरीमा विद्युत् सेवा पुर्याउन पहल गरिनेछ। |
| ३.२ नवीकरणीय ऊर्जा प्रविधिको विस्तार र प्रवर्धन गरी स्वच्छ ऊर्जाको पहुँच | ३.२.१ वैकल्पिक ऊर्जा सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड र योजना तर्जुमा गरी कार्यान्वयन र नियमनको व्यवस्था गरी स्वच्छ ऊर्जामा पहुँच वृद्धि गरिनेछ।<br>३.२.२ दाउरा र जैविक ऊर्जाको प्रयोगलाई कम गर्दै लैजान बायोग्याँस, सुधारिएको |

| रणनीति | कार्यनीति |
|---|---|
| र उपयोग वृद्धि गर्ने | चुलो, बायो ब्रिकेट, विद्युत् चुल्हो र सोलार उपयोगको प्रवर्धन एवं विस्तार गरिनेछ।<br>३.२.३ नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन दिई प्रवर्धन गरिनेछ।<br>३.२.४ सोलार उर्जाको प्रयोगलाई प्रोत्साहन गर्नका निमित्त विशेष कार्यक्रम तय गरी कार्यान्वयन गरिनेछ। |
| **उद्देश्य ४: सूचना तथा सञ्चार प्रविधिको गुणस्तर र उपभोगमा वृद्धि गर्नु** | |
| ४.१. सूचना तथा सञ्चारसम्बन्धी आधुनिक प्रविधिलाई विद्युतीय सुशासन तथा जवाफदेहिता प्रवर्धन गर्ने माध्यमका रुपमा परिचालन गर्ने | ४.१.१ नगरपालिकाको सेवा प्रवाहलाई सहज बनाउन विद्युतीय खरिद प्रणाली लगायत सेवा प्रवाहमा विद्युतीय सुशासन लागू गर्दै लगिनेछ।<br>४.१.१ सञ्चालित सबै आयोजनाहरूमा सूचनापाटी, चौमासिक सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरिनेछ।<br>४.१.२ सम्बन्धित सबै सूचनाहरू नियमित रुपमा प्रकाशन र अद्यावधीकरण गर्ने व्यवस्था गरिनेछ।<br>४.१.३ आयोजना तथा कार्यक्रम सम्झौता, अनुगमन तथा सुपरीवेक्षण र प्रगति प्रतिवेदन लगायतका कार्यहरूलाई अनलाईन योजना सफ्टवेयर प्रणालीमा जोडी योजना शाखाको योजना अध्ययन र प्रगति समीक्षा क्षमता सुदृढीकरण गरिनेछ।<br>४.१.४ नगरपालिकामा सूचना केन्द्र स्थापना गरी विकाससँग सम्बन्धित सम्पूर्ण सूचनाहरू एकीकृत रुपमा उपलव्ध हुने व्यवस्था गरिनेछ।<br>४.१.५ वडा कार्यालयहरूबाट सङ्कलित सूचना/तथ्याङ्कलाई सूचना केन्द्रमा जोड्ने व्यवस्था गरिनेछ। |
| ४.२. स्वास्थ्य, शिक्षा, सुरक्षा, रोजगारी र प्रकोप लगायतका विषयसम्बन्धी सूचना अभिवृद्धि गर्न स्थानीय सञ्चार तथा सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने | ४.२.१ स्थानीय सञ्चार माध्यमसँग समन्वय गरेर स्वास्थ्य, शिक्षा, सरसफाइ, कृषि, उद्यम विकास र विपद व्यवस्थापन लगायतका विषय क्षेत्रमा सूचना प्रविधि प्रणालीमा आधारित जनउपयोगी सूचना सम्प्रेषण गर्ने व्यवस्था मिलाइनेछ।<br>४.२.२ टेलिफोन टावरको संख्या र क्षमता वृद्धि गर्न टेलिकम सेवा प्रदायक निकायसँग समन्वय र पैरवी गरिनेछ।<br>४.२.३ नगर कार्यपालिका कार्यालय, वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था र मुख्य बजारमा सडक बत्ती र सिसिटिभी क्यामेरा जडान गरिनेछ।<br>४.२.४ कार्यपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयमा उपलव्ध इन्टरनेटको क्षमता वृद्धि गरी सेवाको विस्तार तथा गुणस्तरमा सुधार गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४.२.५ सबै विद्यालय तथा स्वास्थ्य संस्थाहरूमा इन्टरनेट सुविधा जडान गर्ने र सूचना प्रविधिमा आधारित भई पठन-पाठन र स्वास्थ्य सेवा प्रवाहको व्यवस्था गरिनेछ। |
| ४.३ सूचना तथा सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित बनाउने | ४.३.१ राजस्व, प्रशासन, योजना, खरिद व्यवस्थापन तथा स्थानीय तथ्याङ्क सम्बन्धी सूचना व्यवस्थापन प्रणाली तयार गरी सेवा प्रवाह र विकास कार्य सञ्चालनको व्यवस्था गरिनेछ।<br>४.३.२ सामाजिक सञ्जालको प्रयोगलाई समाज अनुकुल र रचनात्मक बनाउन पहल र प्रयास गरिनेछ।<br>४.३.३ नगरपालिकाको निश्चित क्षेत्रमा मनोरञ्जनात्मक सेवा तथा सुविधाहरू सहितको फ्रि वाईफाई जोन स्थापना गरी इन्टरनेट सेवामा आम नागरिकको पहुँच वृद्धि गरिनेछ।<br>४.३.४ पदाधिकारी र सेवाग्राही रेडियो, टिभी र सामाजिक सञ्जाल माध्यमबाट संवाद कार्यक्रम नियमित रुपमा सञ्चालन गरिनेछ।<br>४.३.५ मोबाइल एप्स्, एफ.एम. रेडियो, पत्रपत्रिका र वेबसाइटको माध्यमबाट सम्पादित योजना, कार्यक्रम, गतिविधि, उपलब्धि प्रकाशन र प्रसारणको लागि सूचना र सञ्चार प्रविधिको अधितकम उपयोग गरिनेछ।<br>४.३.६ स्थानीय नीति, कानुन, नियम र कार्यविधि, निर्णय, विकास कार्य सञ्चालन, उपलब्धि, सफल अभ्यासबारे संवाद, पत्रपत्रिका, रेडियो र टिभिमा नियमित प्रकाशन र प्रसारणको व्यवस्था गरिनेछ। |

## ६.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस आवधिक योजनाको कार्यान्वयन पश्चात् समग्रमा यस नगरपालिकाको आवास क्षेत्र, बजारको पूर्वाधार व्यवस्थित र उत्थानशील भएको हुनेछ। यस क्रममा नगरपालिकाको योजनावद्ध र पूर्वाधारयुक्त सुरक्षित तथा व्यवस्थित वस्ती विकास भएको हुनेछ। योजना अवधिमा बजारक्षेत्रमा आधारभूत पूर्वाधार समेतको प्रबन्ध गरिएको हुनेछ। नगरपालिकामा बसोबास गर्ने हरेक घरपरिवार ३० मिनेटमा नगरपालिका केन्द्र र २० मिनेटको समयमा बडा केन्द्रमा पुग्न सक्नेछन्। हरेक स्वास्थ्य संस्थामा यातायात सुविधाको सहज पहुँच हुनेछ।

योजना अवधिमा नगरपालिकाको १०० प्रतिशत घरपरिवारले विद्युत्, सुधारिएको चुल्हो, लगायत सुधारिएको र स्वच्छ उर्जामा पहुँच पुगेको हुनेछ। यसैगरी टेलिभिजन, कम्प्युटर, इन्टरनेट र इमेल

लगायत सूचना प्रविधिमा ८० प्रतिशत जनसंख्याको पहुँच पुगको हुनेछ। पूर्वाधार विकास क्षेत्रको नतिजा खाका देहाय अनुसार तालिकामा प्रस्तुत गरिएको छ :

### तालिका १८ : पूर्वाधार क्षेत्रको नतिजा खाका

| नतिजा तह | नतिजा सुचक | एकाई | आधार वर्ष २०७८/०७९ | आवधिक योजनाको लक्ष्य | | | | | पुष्ट्याइँका आधार | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | | |
| **प्रभाव :** सुव्यवस्थित र उत्थानशील पूर्वाधारयुक्त शहर निर्माण भएको हुने | नगरपालिका केन्द्रमा पुग्न लाग्ने औसत समय | घन्टा | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | - पालिकाको वस्तुस्थिति विवरण<br>- सर्भेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | पूर्वाधर निर्माणका लागि आवस्यक पर्ने बजेटको व्यवस्था हुनुपर्ने |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार बनेका घरमा बसोवास गर्ने परिवार | प्रतिशत | २९.९ | २९.९ | २९.९ | ३० | ३० | ३२ | | |
| | नगर केन्द्र पुग्न आधा घन्टाभन्दा बढी समय लाग्ने घरपरिवारको हिस्सा | प्रतिशत | ३० | ३० | ३० | २५ | २० | २० | | |
| | नवीकरणीय ऊर्जाको प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १.८ | १.८ | १.८ | २ | २ | २ | | |
| | कम्प्युटर, इन्टरनेट र इमेल लगायत सूचना प्रविधिमा पहुँच भएका जनसंख्या | प्रतिशत | ५२.४ | ५२.४ | ५२.४ | ५५ | ६० | ६५ | | |
| **असर १** आधुनिक, व्यवसायिक र व्यवस्थित अन्तर आवद्धतायुक्त शहर | **आवास, भवन, वस्ती तथा शहरी विकास** | | | | | | | | | |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | प्रतिशत | २९.९ | २९.९ | २९.९ | ३० | ३० | ३२ | - वस्तुस्थिति विवरण<br>- सर्भेक्षण प्रतिवेदन | स्थानीय सरोकारवालाको सहकार्य एवं साझेदारी वृद्धि हुनुपर्ने |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन र संरचना | प्रतिशत | २५ | २५ | २५ | ३० | ४० | ५० | | |

| नतिजा तह | नतिजा सुचक | एकाई | आधार वर्ष २०७८/०७९ | आवधिक योजनाको लक्ष्य | | | | | पुष्ट्याइँका आधार | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | | |
| निर्माण भएको हुने | भूकम्प प्रतिरोधी भवन निर्माणमा दक्ष व्यक्ति | जना | ४५ | ४५ | ४५ | ५० | ५५ | ६० | - प्रगति प्रतिवेदन | |
| **असर २**<br>सुदृढ यातायात र सहायक पूर्वाधार तथा सुविधाको विकास र विस्तार भएको हुने | **सडक, पुल तथा यातायात** | | | | | | | | | |
| | नियमित यातायात सञ्चालन हुने रुट | संख्या | ४ | ४ | ४ | ५ | ६ | ७ | - छलफल<br>- सर्भेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | पूर्वाधार निर्माणका लागि आवस्यक पर्ने बजेटको व्यवस्था हुनुपर्ने |
| | दैनिक रुपमा दोहोरो यातायात सञ्चालन हुने वडा | संख्या | ४ | ४ | ४ | ५ | ६ | ७ | | |
| | पक्की (कालोपत्रे र आरसिसि) सडक | कि.मि. | २९ | २९ | २९ | ३५ | ४० | ४५ | | |
| | ग्राभेल सडक | कि.मि. | १६७ | १६७ | १६७ | १७० | १८० | १९० | | |
| | पक्की कलभर्ट | संख्या | ५ | ५ | ५ | ७ | ८ | ९ | | |
| | बायोइञ्जिनिरिङ्ग प्रविधि प्रयोग र सडक किनार वृक्षारोपण सडक लम्बाइ | कि.मि | ० | ० | ० | १ | २ | ३ | | |
| **असर ३**<br>विद्युत् र | **विद्युत तथा वैकल्पिक ऊर्जा** | | | | | | | | | |
| | सडक बत्ती जडान भएका | वडा | ० | १ | १ | ३ | ५ | ५ | - पालिकाको | -स्थानीय |

| नतिजा तह | नतिजा सुचक | एकाई | आधार वर्ष २०७८/०७९ | आवधिक योजनाको लक्ष्य | | | | | पुष्ट्याइँका आधार | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | | |
| स्वच्छऊर्जाको उपलव्धता, गुणस्तर र उपभोगमा वृद्धि भएको हुने | खाना पकाउन दाउरा प्रयोग गर्ने परिवार | प्रतिशत | ५१ | ५१ | ५१ | ५० | ४५ | ४५ | वस्तुस्थिति विवरण<br>- सर्भेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | सरोकारवालाको सहकार्य एवं साझेदारी वृद्धि हुनुपर्ने |
| **असर ४** | **सूचना तथा संचार** | | | | | | | | | |
| विद्युतीय सुशासन, सूचना तथा सेवाको उपलव्धता र उपभोगमा वृद्धि भएको हुने | टेलिभिजन र कम्प्युटर उपलव्ध परिवार | प्रतिशत | ४९.४ | ४९.४ | ४९.४ | ५५ | ५५ | ६० | - सर्भेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | नगरपालिका प्रविधि मैत्रि भएको हुनुपर्ने |
| | मोवाइल प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ७३.२ | ७३.२ | ७३.२ | ७५ | ८० | ८५ | | |
| प्रतिफल १.१<br>विद्युतीय सुशासन, सूचना तथा सेवाको उपलव्धता र उपभोगमा वृद्धि भएको हुने | पार्क उद्यान र खुल्ला स्थान उपलव्ध वस्ती | संख्या | ९ | ९ | ९ | ९ | ९ | ९ | -पालिकाको वस्तुस्थिति विवरण<br>-सर्भेक्षण प्रतिवेदन<br>-प्रगति | स्थानीय सरोकारवालाको प्रतिवद्धता सहकार्य एवं साझेदारीमा वृद्धि हुनेछ।<br>संघ, प्रदेश र गैसस |

| नतिजा तह | नतिजा सुचक | एकाई | आधार वर्ष २०७८/०७९ | आवधिक योजनाको लक्ष्य | | | | | पुष्टयाइँका आधार | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | | |
| **प्रतिफल १.२** आधारभूत पूर्वाधारयुक्त व्यवस्थित बजारको विकास भएको हुने | आधारभूत पूर्वाधारयुक्त व्यवस्थित बजार | स्थान | ६ | ६ | ६ | ७ | ७ | ७ | प्रतिवेदन | र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनुपर्ने |
| | पक्की सडकमा पुग्न लाग्ने औसत समय | मिनेट | १० | १० | १० | ८ | ७ | ५ | | |
| **प्रतिफल २.१** यातायातको पहुँचमा वृद्धि भएको हुने | १२ महिना यातायात सुचारु सडक लम्बाई | कि.मि | ४१२ | ४१२ | ४१२ | ४२० | ४२५ | ४३० | | |
| | १२ महिना यातायात सुचारु सडक सञ्जालमा जोडिएका वडा | संख्या | ९ | ९ | ९ | ९ | ९ | ९ | | |
| **प्रतिफल ३** विद्युत् स्वच्छ ऊर्जा पहुँचमा वृद्धि भएको हुने | सुधारिएको इन्धनमा पहुँच भएका घरपरिवार | प्रतिसत | १.८ | १.८ | १.८ | २ | २ | २ | | |
| **प्रतिफल ४** सूचना प्रविधिको पहुँचमा वृद्धि भएको हुने | कम्प्युटर, इन्टरनेट र इमेल लगायत सूचना प्रविधिमा पहुँच भएका जनसंख्या | प्रतिसत | ५२.४ | ५२.४ | ५२.४ | ५५ | ६० | ६५ | | |

## ६.५ प्रमुख कार्यक्रम तथा आयोजना

आवधिक योजनाले तय गरेको पूर्वाधार क्षेत्रको नतिजा हासिल गर्न नगरपालिकाको आफ्नै स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र, गैसस, प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी प्राथमिकताका आधारमा योजना अवधिमा सञ्चालन गरिने आयोजना तथा कार्यक्रम देहाय अनुसार रहेका छ :

**तालिका १९ : पूर्वाधारक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरू**

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य: आधार वर्ष ०७८।०७९ | योजनाको लक्ष्य: लक्ष्य ०८३/०८४ | वार्षिक लक्ष्य रकम (रु. हजारमा): ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | जम्मा | प्रति इकाई |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. भवन, आवास, बस्ति तथा शहरी विकास | | | | - | - | ७४५०० | १०७५०० | ८२९३३ | २६४९३३ | |
| वडा कार्यालय भवन निर्माण | संख्या | ० | २ | - | - | ३००० | ५००० | २००० | १०००० | ५००० |
| जनता आवास घर निर्माण | संख्या | ० | ४५० | - | - | ३०००० | ५०००० | ५०००० | १३०००० | २८८ |
| सामुदायिक भवन निर्माण र स्तरोन्नति | संख्या | ० | ९ | - | - | ३००० | ४००० | ३००० | १०००० | ११११ |
| राष्ट्रिय बिभुति स्मृति संग्रालय भवन निर्माण | संख्या | ० | १ | - | - | २५०० | २५०० | - | ५००० | ५००० |
| क्लब भवन निर्माण | संख्या | ० | ९ | - | - | ३००० | ३००० | ३००० | ९००० | १० |
| मठ, मन्दिर, गुम्बा, चर्चहरुको भवन निर्माण तथा मर्मत | संख्या | ० | ९ | - | - | ३००० | ३००० | ३००० | ९००० | १० |

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति इकाई |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७८। ०७९ | लक्ष्य ०८३ /०८४ | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | जम्मा | |
| सन्थाल जाती नमुना वस्ती | संख्या | ० | १ | – | – | २०००० | २०००० | १०००० | ५०००० | ५००० |
| शहरी सौन्दर्य तथा सुधार कार्यक्रम | संख्या | ० | ९ | – | – | १०००० | २०००० | ११९३३ | ४१९३३ | ४१९३३ |
| **२. सडक, पुल तथा यातायात** | | | | – | – | **४२६०००** | **३४२०००** | **२९३७५९** | **१०६१७५९** | |
| ड्रेन सहितको कालो पत्रे सडक निर्माण | कि.मि | ० | ४० | – | – | ३००००० | २००००० | १७०००० | ६७०००० | १६७५० |
| ड्रेन सहितको ग्राभेल सडक | कि.मि. | ० | ५० | – | – | ९०००० | ९०००० | ९०००० | २७०००० | ५४०० |
| पेबलिङ सडक | कि.मि. | ० | ४ | – | – | ३००० | ४००० | ३००० | १०००० | २५०० |
| नगर प्रमुख कृषिमार्ग कार्यक्रम | कि.मि. | ० | ४५ | – | – | १०००० | २०००० | १०००० | ४०००० | ८८८ |
| पक्की पूल निर्माण | संख्या | - | २ | – | – | ७५०० | १०००० | ७५०० | २५००० | १२५०० |
| कल्भॅट | संख्या | - | २० | – | – | ७५०० | १०००० | ७५०० | २५००० | १२५० |
| झोलुङ्गे पुल निर्माण तथा मर्मतसंभार | स्थान | - | २ | – | – | २००० | २००० | – | ४००० | २००० |

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति इकाई |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७८।०७९ | लक्ष्य ०८३/०८४ | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | जम्मा | |
| ढल व्यवस्थापन | कि.मि. | ० | २७ | – | – | ६००० | ६००० | ५७५९ | १७७५९ | ६५७ |
| **३. विधुत तथा वैकल्पिक उर्जा** | | | | – | – | **७५००** | **७५००** | **५६४५** | **२०६४५** | |
| सडक वत्ती जडान र विस्तार | स्थान | - | ९ | – | – | २००० | २००० | २००० | ६००० | ६६६ |
| उज्यालो उर्लाबारी | वडा | ० | ९ | - | - | ४००० | ४००० | २००० | १०००० | ११११ |
| वैकल्पिक उर्जा प्रवर्धन (सोलार, वायोग्यास, सुधारिएको चुल्हो, र इन्डक्सन चुलो) | पटक | ० | ९ | - | - | १५०० | १५०० | १६४५ | ४६४५ | ५१६ |
| **४. सूचना तथा सञ्चार प्रविधी** | | | | - | - | **३५००** | **३०००** | **२३४७** | **८८५२** | |
| इन्टरनेट जडान र क्षमता विस्तार | वडा | ९ | ९ | - | - | १००० | १००० | ५०० | २५०० | २५०० |
| विषयगत सेवा प्रवाह सम्बन्धी सफ्टवेयर प्रणाली सञ्चालन | वडा | ९ | ९ | - | - | १००० | ५०० | ५०० | २००० | २००० |
| सिसिटिभि, डिजिटल डिस्प्ले वोर्ड, नेटवर्किङ, विद्युतीय हाजिरी को विस्तार | वडा | ९ | ९ | - | - | १५०० | १५०० | १३४७ | ४३५६ | ४३४६ |

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति इकाई |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७८।०७९ | लक्ष्य ०८३/०८४ | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | जम्मा | |
| जम्मा | | | | | | ५११५०० | ४६०००० | ३९४६८४ | १३५६१८६ | |

❖ *द्रष्टव्य : भवन, आवास, बस्ति तथा शहरी विकास उपक्षेत्रको रु. ३ करोड नगर गौरवका आयोजनामा समावेश भएको छ।*

## ६.६ प्रमुख कार्यक्रम तथा आयोजनाको स्थानगत विवरण

पुर्वाधार क्षेत्रको आयोजना तथा कार्यक्रमको स्थानगत विवरण निम्न अनुसार रहेको छ :

## तालिका २० : प्रमुख कार्यक्रम तथा आयोजनाको स्थानगत विवरण

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम र विवरण | जिम्वेवारी |
|---|---|---|---|---|---|
| **आवास, भवन, वस्ती तथा शहरी विकास** | | | | | |
| वडाकार्यालय भवन निर्माण | संख्या | २ | नगरपालिका पूर्वाधार शाखा | वडा नं ४ र ५ | संघीय/प्रदेश सरकार |
| जनता आवास घर निर्माण | संख्या | ४५० | नगरपालिका पूर्वाधार शाखा | सवै वडा | संघीय /प्रदेश सरकार |
| सामुदायिक भवन निर्माण र स्तरोन्नति | संख्या | ९ | नगरपालिका पूर्वाधार शाखा | सबै वडा | संघीय /प्रदेश सरकार |
| राष्ट्रिय बिभुति स्मृति संग्रालय भवन निर्माण | संख्या | १ | नगरपालिका पूर्वाधार शाखा | वडा नं. ३ | संघीय /प्रदेश सरकार |
| क्लब भवन निर्माण | संख्या | ९ | नगरपालिका पूर्वाधार शाखा | सबै वडा | संघीय /प्रदेश सरकार |
| मठ, मन्दिर, गुम्बा, चर्च हरुको भवन निर्माण तथा मर्मत | संख्या | ९ | नगरपालिका पूर्वाधार शाखा | सवै वडा | संघीय /प्रदेश सरकार |
| सन्थाल जाती नमुना वस्ती | संख्या | १ | नगरपालिका पूर्वाधार शाखा | वडा नं. ४ | संघीय /प्रदेश सरकार |
| शहरी सौन्दर्य तथा सुधार कार्यक्रम | संख्या | ९ | नगरपालिका पूर्वाधार | सबै वडा | संघीय /प्रदेश सरकार |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम र विवरण | जिम्वेवारी |
|---|---|---|---|---|---|
| | | | शाखा | | |
| **सडक, पुल तथा यातायात** | | | | | |
| ड्रेन सहितको कालो पत्रे सडक निर्माण | कि.मि | ४० | नगरपालिका पूर्वाधार शाखा | सबै वडा | संघीय /प्रदेश सरकार |
| ड्रेन सहितको ग्राभेल सडक | कि.मि. | ५० | नगरपालिका पूर्वाधार शाखा | सबै वडा | प्रदेस तथा पालिका |
| पेबलिङ सडक | कि.मि. | ४ | नगरपालिका पूर्वाधार शाखा | वडा नं. ३ र ५ | नगरपालिका |
| नगर प्रमुख कृषिमार्ग कार्यक्रम | कि.मि. | ४५ | नगरपालिका पूर्वाधार शाखा | सबै वडा | नगरपालिका |
| पक्की पूल निर्माण | संख्या | २ | नगरपालिका पूर्वाधार शाखा | वडा नं. १, २ र ८ | संघीय/प्रदेश सरकार |
| कल्भर्ट | संख्या | २० | नगरपालिका पूर्वाधार शाखा | सबै वडा | नगरपालिका |
| झोलुङ्गे पुल निर्माण तथा मर्मतसंभार | स्थान | २ | नगरपालिका पूर्वाधार शाखा | वडा नं. १, २, ५, ६, ७ र ८ | संघीय /प्रदेश सरकार |
| ढल व्यवस्थापन | कि.मि. | २७ | नगरपालिका पूर्वाधार | सबै वडा | संघीय /प्रदेश सरकार |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम र विवरण | जिम्वेवारी |
|---|---|---|---|---|---|
| | | | शाखा | | |
| **विधुत तथा वैकल्पिक उर्जा** | | | | | |
| सडक वत्ती जडान र विस्तार(सोलार) | स्थान | ९ | नगरपालिका पूर्वाधार शाखा | सबै वडा | संघीय सरकार |
| उज्यालो उर्लाबारी | वडा | ९ | नगरपालिका पूर्वाधार शाखा | सबै वडा | नगरपालिका |
| वैकल्पिक उर्जा प्रवर्धन (सोलार, वायोग्यास, सुधारिएको चुल्हो, र इन्डक्सन चुलो) | वर्ष | ९ | नगरपालिका पूर्वाधार शाखा | सबै वडामा | संघीय सरकार |
| **सुचना तथा सञ्चार प्रविधी** | | | | | |
| इन्टरनेट जडान र क्षमता विस्तार | वडा | ९ | नगरपालिका पूर्वाधार शाखा | सबै वडामा | नगरपालिका |
| विषयगत सेवा प्रवाह सम्बन्धी सफ्टवेयर प्रणाली सञ्चालन | वडा | ९ | नगरपालिका पूर्वाधार शाखा | सबै वडामा | नगरपालिका |
| सिसिटिभि, डिजिटल डिस्प्ले वोर्ड, नेटवर्किङ, विद्युतीय हाजिरी को विस्तार | वडा | ९ | नगरपालिका पूर्वाधार शाखा | सबै वडामा | नगरपालिका |

## ६.७ प्रमुख कार्यक्रम तथा आयोजनाको सांकेतिकरण

पुर्वाधार क्षेत्रको आयोजना तथा कार्यक्रमको सांकेतिकरण निम्न अनुसार रहेको छ :

## तालिका २१ : पुर्वाधार क्षेत्रतर्फको कार्यक्रम तथा आयोजनाको सांकेतीकरण

| उद्देश्य नं | कार्क्रम तथा आयोजनाको विवरण | रणनैतिक स्तम्भ | दिगोविकास लक्ष्य संकेत | लैगिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|
| १ | वडाकार्यालय भवन निर्माण | २ | १७ | ३ | ३ |
| | सन्थाल जाती नमुना वस्ती | २ | ११ | २ | २ |
| | जनता आवास घर निर्माण | २,३ | ११ | २ | २ |
| | सामुदायिक भवन निर्माण र स्तरोन्नति | २,३ | ११ | ३ | २ |
| | राष्ट्रिय बिभुति स्मृति संग्रालय भवन निर्माण | ३ | ११ | ३ | २ |
| | क्लब भवन निर्माण | ३ | ३ | ३ | २ |
| | मठ, मन्दिर, गुम्बा, चर्च हरुको भवन निर्माण तथा मर्मत | ३ | ११ | २ | २ |
| | शहरी सौन्दर्य तथा सुधार कार्यक्रम | ३ | ११ | २ | २ |
| २ | ड्रेन सहितको कालो पत्रे सडक निर्माण | १,२ | ९ | ३ | २ |
| | ड्रेन सहितको ग्राभेल सडक | १,२ | ९ | ३ | २ |
| | ढल व्यवस्थापन | १ | ६ | ३ | २ |
| | पेबलिङ सडक | १ | ९ | ३ | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| | पक्की पूल निर्माण | २ | ९ | ३ | ३ |
| | कल्भट | २ | ९ | ३ | ३ |
| | झोलुङ्गे पुल निर्माण तथा मर्मतसंभार | २ | ९ | ३ | २ |
| ३ | सडक वत्ती जडान र विस्तार | २ | ७ | ३ | २ |
| | उज्यालो उर्लाबारी | २ | ७ | ३ | २ |
| | वैकल्पिक उर्जा प्रवर्धन (सोलार, वायोग्यास, सुधारिएको चुल्हो, र इन्डक्सन चुलो) | १ | ७ | ३ | १ |
| ४ | इन्टरनेट जडान र क्षमता विस्तार | २ | ११ | ३ | ३ |
| | विषयगत सेवा प्रवाह सम्बन्धी सफ्टवेयर प्रणाली सञ्चालन | ३ | १२ | ३ | ३ |
| | सिसिटिभि, डिजिटल डिस्प्ले वोर्ड, नेटवर्किङ, विद्युतीय हाजिरी को विस्तार | ३ | १२,७ | ३ | ३ |

# परिच्छेद सात

# वन, वातावरण र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन

## ७.१ पृष्ठभूमि

संविधानको अनुसूची -८ ले विपद् व्यवस्थापन तथा जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, वातावरण संरक्षण, जैविक विविधतालाई स्थानीय तहको एकल अधिकारको सूचिमा राखेको र प्राकृतिक वातावरणमा विश्वव्यापी रूपमा विनाश हुँदै गएका कारण उर्लाबारी नगरपालिका समेत प्रभावित हुन थालेको सन्दर्भमा प्रभावकारी वन, वातावरण व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयन गर्नु समयको माग भएको छ। संविधानले प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीति अन्तर्गत जनसाधरणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक तथा भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पती तथा जैविक विविधताको संरक्षण, संवर्द्धन र दिगो उपयोग गर्नुपर्ने  व्यवस्था गरेको छ। संविधानको भाग ३ धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हक प्रदान गरेको छ। यसैगरी संविधानले वातावरणीय सन्तुलनका लागि आवश्यक पर्ने भू-भागमा वन क्षेत्र कायम गर्ने र प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापनाको व्यवस्था समेत सुनिश्चित गरेको छ। नेपालको संबिधानमा उल्लेख भएका यी प्रावधानहरु  कार्यान्वयन गर्न संघीय सरकारबाट राष्ट्रिय वन नीति २०७५, राष्ट्रिय वातावरण नीति, राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६, वन ऐन २०७६ तथा वातावरण संरक्षण ऐन २०७६, वातावरण संरक्षण नियमावली २०७७ लगायतका नीति, ऐन र नियम जारी भएका छन्।

उपर्युक्त संवैधानिक तथा नीतिगत कार्यसूचीलाई मध्यनजगर गर्दै यस योजनामा रणनीति, कार्यनीति तथा कार्यक्रमहरू समुदायमा आधारित संस्था र समूहको संस्थागत क्षमता विकास एवं प्रदेश र संघीय सरकारका सम्बन्धित निकायसँग समन्वय र सहकार्यमा सञ्चालन गर्ने गरी तर्जुमा र प्रस्तावित गरिएका छन्।  संघ र प्रदेशका नीतिगत व्यवस्था एवं दिगो विकासका लक्ष्यजस्ता अन्तर्राष्ट्रिय लक्ष्य तथा प्रतिवद्धतासमेत हासिल गर्न स्थानीय तहहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहने हुँदा वन, वातावरण, भू-संरक्षण तथा जलाधार व्यवस्थापन,

जलवायु परिवर्तन अनुकूलन क्षेत्रको लक्ष्य, उद्देश्य र रणनीतिसहित क्षेत्रगत मार्गचित्र स्पष्ट गर्न यो योजना तर्जुमा गरिएको छ।

सिंगो नेपाल बहुप्रकोप जोखिममा रहेको देश भएको हुँदा उर्लाबारी नगरपालिका पनि स्वाभाविक रुपमा विभिन्न प्रकारका प्रकोपको जोखिममा रहेको छ। प्रकोप जोखिम न्यूनीकरणका लागि संघीय तथा स्थानीय स्तरमा विभिन्न नीतिगत तथा कार्यक्रमगत प्रयासहरू भइआएका भए पनि विश्वभरी नै प्रकोपको आवृत्ति, प्रवृत्ति तथा सघनता निरन्तर वृद्धि हुँदै गएको परिप्रेक्ष्यमा यस नगरपालिका, यहाँका नागरिक तथा विकासका उपलब्धीलाई संभाव्य विपद्हरूबाट सुरक्षित बनाई विपद् उत्थानशीलता सुनिश्चित गर्नु स्थानीय सरकार भएका नाताले नगरपालिकाको प्राथमिक कर्तव्य हो।

यसै सन्दर्भमा यस नगरपालिकाले संभाव्य विपद्हरूलाई सुव्यवस्थित एवं योजनाबद्ध किसिमले व्यवस्थापन गर्ने उद्देश्यले यो योजना तर्जुमा गरिएको छ। संघीय सरकारले जारी गरेको विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ ले विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा विपद् उत्थानशील राष्ट्र निर्माण गर्दै दिगो विकासमा योगदान पुर्याउने दीर्घकालिन सोच, ध्येय र लक्ष्य सहित प्राकृतिक र गैरप्राकृतिक विपदबाट हुने क्षति उल्लेख्य रुपमा कम गर्ने मुल उद्देश्य राखेको छ। संविधानमा विपद् व्यवस्थापन सम्बन्धी अधिकार क्षेत्र स्थानीय तहको पनि भएको सन्दर्भलाई मध्यनजर गरी विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनाले विपद् जोखिम न्यूनीकरणमा स्थानीय तहको भूमिकालाई महत्वपूर्ण स्थान दिएको छ। यसैगरी राष्ट्रिय विपद् प्रतिकार्य ढाँचा, जलवायु नीति लगायत अन्य नीतिहरूले प्राकृतिक तथा गैरप्राकृतिक विपद् न्यूनीकरण, पूर्व तयारी, उद्दार तथा राहत, पुनर्स्थापना र पुनर्लाभ जस्ता विषयहरूमा स्पष्ट व्यवस्था गरेका छन्।

संघ र प्रदेशका नीतिगत व्यवस्था एवं दिगो विकासका लक्ष्य जस्ता अन्तराष्ट्रिय लक्ष्य एवं प्रतिवद्धता समेत हासिल गर्न स्थानीय तहहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहने हुँदा यस योजनाले विपद् जोखिम व्यवस्थापन क्षेत्रको लक्ष्य, उद्देश्य र रणनीति सहित क्षेत्रगत मार्गचित्र स्पष्ट गर्ने विश्वास लिइएको छ। विपद् व्यवस्थापनसँग सम्बन्धित संभावना, अवसर, समस्या तथा चुनौती सहित विद्यमान अवस्था, विषय क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति एवं रणनीतिक महत्वका कार्यक्रम तथा आयोजनाहरू समेत संलग्न गरी यो विपद् जोखिम व्यवस्थापन क्षेत्रको योजना तर्जुमा गरिएको छ।

## ७.२ वन, वातावरण र विपद् व्यवस्थापन क्षेत्रका संभावना, अवसर, समस्या र चुनौती

यस नगरपालिकामा बन क्षेत्र न्यून मात्रामा रहेको छ । नगरपालिका क्षेत्रमा प्राकृतिक प्रकोपको रुपमा बाढी, महामारी, वर्डफ्लू तथा अन्य फ्लूहरू, जंगली जनावरको आतंक, कीट आतंक, चट्याङ, असिना प्रमुख रहेका छन्। अधिकांश भूमि उत्पादनयोग्य भएकाले पर्याप्त सिंचाइ एवं मलखादको व्यवस्था गरेर तथा स्थानीय भूमि तथा जलवायु सुहाउँदो कृषि प्रणाली प्रवर्धन गरी बाढी लगायतका विपद्‌हरूको सामना गर्न सकिने संभावना रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार आवश्यक वातावरणीय अध्ययन गरी सिफारिश गरिएको क्षेत्र र परिणाममा ढुंगा, गिट्टी, बालुवा, माटो, स्लेट बिक्री गर्न सक्ने कानुनी व्यवस्था भएकाले नगरपालिकाले यसरी प्राप्त गर्ने आम्दानीको निश्चित हिस्सा वार्षिक रुपमा नदीजन्य जोखिम नियन्त्रणका लागि विनियोजन गर्न सक्छ।

नगरपालिकाका धेरै स्थानमा सार्वजनिक खुल्ला जमिन उपलव्ध रहेको छ, यी स्थानहरूमा आपत्कालीन आश्रयस्थलहरू निर्माण गर्न सकिने सम्भावना रहन्छ। विपद् जोखिम व्यवस्थापनका लागि स्थानीय स्तरमा विभिन्न संघ संस्थाले विभिन्न किसिमका कार्यक्रमहरू सञ्चालन गर्दै आएका र स्थानीय सरकारको स्वीकृति र समन्वयमा मात्र अन्य संघसंस्थाले विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न सक्ने भएकाले यस्ता संघसंस्थाका कार्यक्रमहरूलाई विपद्‌जोखिम व्यवस्थापनका प्राथमिकता प्राप्त क्षेत्रहरूमा लक्षित् गर्न सकिने संभावना रहेको छ।

## ७.२.१ वन, हरियाली तथा जैविक विविधता

### संभावना र अवसर

नगरपालिकमा संरक्षित पानी पोखरी, नदी नियन्त्रण, भू-क्षय र बाढी संवेदनशील क्षेत्र उकासबाट संरक्षित जमीनको पहिचान भएको छ। वन, जैविक विविधता, भूसंरक्षण एवम् प्रवर्द्धन गर्दै त्यसको दिगो उपयोग र जलवायु परिवर्तनका असर न्यूनीकरणका उपायहरु अवलम्बन गरी जीविकोपार्जनका अवसरहरु वृद्धिका अभ्यासहरु भएका छन्। ग्रामिण अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुयाउने कृषि देखि लिएर जलश्रोत, पर्यटन आदिको विकासमा वन क्षेत्रले महत्वपूर्ण अवसरहरुको सृजना गरेको हुन्छ। तर बढ्दो जनसंख्या र अरु बैकल्पिक व्यवस्थाहरुको अभावमा वन क्षेत्रमा चाप बढी रहेको छ। जसले गर्दा वन जंगलको विनास, भू-क्षय, जैविक विविधतामा ह्रास जस्ता पर्यावरणीय प्रतिकूलताहरु बढ्दै गएको छ। उर्लाबारी नगरपालिका क्षेत्रमा रहेको वनको संरक्षण तथा उचित उपयोगका लागि सहभागिता मूलक सामुदायिक वन व्यवस्थापन प्रणाली लागु गरेको देखिन्छ। यस नगरपालिकामा बेलाबेलामा आईपर्ने प्राकृतिक प्रकोपमा मुख्य रुपमा बाढी र डुबान पर्दछन।

यस नगरपालिकामा करिब २ प्रतिशत जमिन वन क्षेत्रको रुपमा रहेको छ। वन क्षेत्र वडा नं. १ र २ मा मात्रै रहेको छ। वन क्षेत्रको संरक्षण सामुदायिक वन व्यवस्थापन प्रणालीमा आधारित रहेको देखिन्छ। यस नगरपालिकामा जम्मा ९ वटा सामुदायिक वन रहेका छन्। नगरपालिकाले वन संरक्षण, व्यवस्थापन, दिगो उपभोग र स्वच्छ वातावरणका लागि समुदायमा आधारित वन व्यवस्थापन प्रणालीलाई सुदृढीकरण गर्ने, गैरकाष्ठ वन पैदावार, जडीबुटी लगायत अन्य वनस्पतिको अध्ययन, अनुसन्धान, संरक्षण, खेती तथा उत्पादन वृद्धि र प्रशोधन केन्द्रहरू स्थापना गरी वनमा आधारित उद्यमलाई प्रोत्साहन गर्ने नीति लिएको छ।

## समस्या र चुनौती

नगरपालिकाको बृहत्तर भू-उपयोग योजना तर्जुमा गरी भूमि व्यवस्थापन कार्य कार्यान्वयन भइ नसकेकोले भू-संरक्षण, भूमि व्यवस्थापन, सार्वजनिक जग्गा वृक्षारोपणमा कमी, ताल तलैया सिमसार क्षेत्रको पहिचान र नक्शांकन गर्न नसक्नु, नदी किनार तटवन्धन हुन नसक्नु, सिमसार क्षेत्रको संरक्षणमा कमी, पानी मुहान संरक्षणमा कमी, पर्यटकीय गतिबिधिका कारण जैविक विविधताको संरक्षणमा कठिनाई मुख्य समस्याहरु हुन्।

बेलाबखत देखिने वन अतिक्रमण र चोरी शिकारी नियन्त्रण गर्न सकिएको छैन। पूर्ण संरक्षित र गुणस्तरीय वन क्षेत्र कायम गर्नु तथा वन क्षेत्रलाई आय आर्जनसँग आबद्ध गर्नु यस क्षेत्रको मुख्य चुनौतीका रुपमा रहेको छ। नगरपालिकाको सानो हिस्सा वन क्षेत्रले ओगटेको कारण वनको स्रोतलाई दिगो रुपमा स्थानीय समुदायको जीविकोपार्जनसँग जोड्न सकिएको छैन। वनको वैज्ञानिक व्यवस्थापनको अभावमा धेरै पुराना भई नकारात्मक वृद्धिको अवस्थामा पुगेका, पुराना तथा लडेकाजस्ता वृक्षहरूको सदुयोग गर्ने र तिनको ठाउँमा स्वस्थ नयाँ बिरुवाहरू हुर्काउने काम हुन नसक्दा एकातिर वनको गुणस्तर खस्किरहेको छ भने अर्कातिर स्थानीय समुदाय र सरकारले त्यसबाट उचित लाभ लिन सकेको छैन। पूर्ण संरक्षित र गुणस्तरीय वन क्षेत्र कायम गर्नु तथा वन क्षेत्रलाई आयआर्जनसँग आबद्ध गर्नु यस क्षेत्रको मुख्य चुनौतीका रुपमा रहेको छ।

## ७.२.२ भू-संरक्षण तथा जलाधार व्यवस्थापन

## संभावना र अवसर

नगरपालिका क्षेत्रमा बाह्रै महिना यथेष्ट पानी वहाव हुने ठूला नदीहरु कमि भएता पनि जलाधार क्षेत्रको कमि छैन। यस नगरपालिकामा जलाधारको रुपमा सिमसार क्षेत्र रहेका छन। नगरपालिकामा खानेपानीका लागि जमिन मुनिको पानीको सम्भावना प्रसस्त रहेको

छ। बाढी नियन्त्रणका लागि नगरपालिकाले हरेक वर्ष विभिन्न किसिमका क्रियाकलापहरू गर्दै आएको छ।बक्राहा, मावा लगायतका नदि खोलाहरू सिंचाई प्रणालीका लागि मात्र नभएर नदिजन्य पदार्थ उत्पादनका लागि पनि उपयोगी रहेका छन्।

## समस्या र चुनौती

जलाधार क्षेत्रहरूको सर्वेक्षण र पहिचान गरी संवेदनशील जलाधार क्षेत्रहरूमा प्राथमिकताका साथ जलाधार संरक्षण कार्यक्रम लागू हुन सकेको छैन। नगरपालिकाको केहि भागहरुमा नदी तथा बर्षे भेलको कारण भू-क्षय भइरहेको छ। साथै हरेक वर्ष नयाँ नयाँ विपत्तिहरु पनि थपिइरहेका छन्। अनियन्त्रित रुपमा रासायनिक मलको प्रयोग हुँदै आएकाकारण जमिनको उत्पादन उत्पादकत्व निरन्तर घट्दो अवस्थामा रहेको छ। जैविक प्रविधिको प्रयोग एवं एकीकृत जलाधार व्यवस्थापन गरी भूमिको उत्पादकत्व बढाउनु पर्ने खाँचो रहेको छ।

## ७.२.३ फोहोरमैला व्यवस्थापन तथा वातावरणीय स्वच्छता

## संभावना र अवसर

नगर क्षेत्रभित्र पूर्वाधार निर्माण गर्दा वातावरण संरक्षण र दिगो विकासलाई ध्यानमा राखी वातावरणमैत्री कार्यक्रमलाई प्राथममिकताका साथ अगाडी बढाउने नीति लिएको छ। त्यस्तै अस्पतालजन्य फोहोरमैलालाई बेग्लै संकलन गरी प्रशोधन गरेर मात्र ल्यान्डफिल्ड साइटमा व्यवस्थापनको अभ्यास रहेको छ। नगरपालिका भित्र पुराना गाडीहरु सञ्चालनलाई निरुत्साहित गर्ने नीति लिइएकोछ भने विद्युतीय गाडी सञ्चालनमा प्राथमिकता दिईएको छ। गैसस र समुदायसँग समन्वय गरी पूर्ण सरसफाई अभियान सञ्चालन गरिएको छ। प्लाष्टिकजन्य सामग्री लगायत वातावरण प्रदुषित गर्ने दैनिक प्रयोगका सामग्रीको प्रयोगलाई निरुत्साहित गर्न पहल गरिएकोछ। गोवर ग्याँस, सुधारिएको चुलो, विद्युतीय चुलो जस्ता कम खर्चिला तथा वातावरणीय रुपमा अनुकूल प्रविधिको प्रयोगमा जोड दिने कार्यक्रमहरु कार्यान्वयनमा रहेका छन्।रास्ट्रपति चुरे संरक्षण कार्यक्रम तथा अन्य संघीय र प्रदेश सरकारका कार्यक्रम हरु एवं नगरपालिकाका कार्यक्रमहरुबाट जलाधार संरक्षण, नदी कटान र नियन्त्रणका कार्यक्रम भईरहेका छन्।

## समस्या र चुनौती

फोहर मैला विर्सजन गर्न व्यवस्थित स्थलको अभाव र फोहोरको वर्गीकरण गरी व्यवस्थापनको अभ्यास नहुनु यस क्षेत्रको मुख्य समस्या हो। स्रोतमै वर्गीकरण, प्रशोधन र पुनःप्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोर व्यवस्थापनलाई बढावा दिने कार्य व्यावहारिक रुपमा कार्यान्वयन हुन सकेका छैन। फोहोरबाट मोहोर, फोहोरबाट उर्जाको अवधारण कार्यान्वयन हुन सकेको छैन। नगरपालिका पूर्ण सरसफाइतर्फ अघि बढ्न नसक्दा स्वच्छता र सरसफाइको स्थिति हासिल गर्ने तर्फको यात्रा अधुरो रहेको छ। साथै नगरक्षेत्रमा प्लाष्टिकजन्य तथा सिसा जन्य फोहोर व्यवस्थापन हुन सकेको छैन। स्वास्थ्य संस्था लगायत

विभिन्न क्षेत्रहरूबाट निष्काशन हुने ठोस फोहोरमैला जलाइने प्रचलन रोकी पुनःप्रशोधन तथा प्रशोधनका कामहरू अघि बढाउन सकिएको छैन। सडक तथा यातायात क्षेत्र, प्लाष्टिक जलाउने, दाउरा बाल्ने आदि कार्यवाट उत्सर्जित धुलो धुवाँबाट वायु प्रदूषण भइरहेको छ।

### ७.२.४ विपद् जोखिम व्यवस्थापन

#### संभावना र अवसर

नगरपालिका स्तरमा विपद् व्यवस्थापन समिति रहेको छ र यसले खासगरी विपद्का समयमा सक्रिय रही कार्य गर्दै आएको छ। नगरपालिकामा विपद् व्यवस्थापन कोषको पनि व्यवस्था रहेकाले स्थानीय समुदायले विपद्का समयमा तुलनात्मक रुपमा छिटो छरितो राहत प्राप्त गर्न थालेका छन्। नगरपालिकामा प्राथमिक उपचारका लागि न्यूनतम जनशक्ति रहेको छ विपद् व्यवस्थापनमा नगरपालिका र सुरक्षा निकायबीच समन्वय, सहकार्य हुने गरेको छ। सुगम भूगल र यातायातको सबै तिर पहुँच भएकोले विपद रोकथाम, नियन्त्रण र व्यवस्थापनमा सहजता रहेको छ।

#### समस्या र चुनौती

विपद्जोखिम न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्यलाई पूर्ण रूपमा मूलधारमा ल्याउने सकिएको छैन। नगरपालिका, वडा कार्यालय र स्थानीय टोल विकास संस्थाहरूको विपद् व्यवस्थापमा क्षमताको कमी रहेको, आकस्मिक तयारी योजना तथा प्रतिकार्य योजनाहरू तर्जुमा गर्नु जरुरी रहेको, डोजरको जथाभावी प्रयोगले भू-क्षय भई तालतलैया, खेतीवारी, सिमसार क्षेत्र मासिने तथा भौतिक पूर्वाधारमा समेत क्षति पुग्ने समस्या बढदै गएको छ। बक्राहा, मावा लगायतका नदीहरुको कटान तथा विभिन्न ठाउका होचा वस्तीहरु डुबानमा पर्ने जोखिम रहेको छ। नदी खोलाले वार्षिक जमिन कटान गर्ने गरेको छ। विपदबाट हुने वार्षिक ठुलो क्षति निकैनै हुने गरेको छ। विपद् पूर्वतयारी तथा व्यवस्थापन सम्बन्धी ज्ञान, सीप भएका घरपरिवारको संख्या तुलनात्मक रुपमा न्यून रहेको छ। बक्राहा र मावा खोला नगरपालिकाको दुवै सिमानाका ठुला खोला भएका कारण तटबन्ध निर्माणका लागि बजेटको अवाभ नै मुख्य चुनौतीको रुपमा रहेको छ ।

## ७.३ सोच, लक्ष्य, उदेश्य रणनीति तथा कार्यनीति

### ७.३.१ सोच

नगरपालिकाको विपद जोखिम न्यूनीकरण र विपद व्यवस्थापनक्षेत्रको सोच देहायअनुसार रहेको प्रस्तुत छ :

विपद व्यवस्थापनका लागि सक्षम र प्रकोपबाट सुरक्षित नगरपालिका

### ७.३.२ लक्ष्य

नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा विपद व्यवस्थापन क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छ :

- वनको दिगो व्यवस्थापन, गुणस्तर अभिवृद्धि र जैविक विविधता संरक्षण गर्ने एवं फोहोरमैला व्यवस्थापन गरी पूर्ण सरसफाइको अवस्था हासिल गर्ने।

### ७.३.३ उद्देश्य

नगरपालिकाका विपद जोखिम न्यूनीकरण तथा विपद व्यवस्थापन क्षेत्रको उद्देश्यहरू देहाय अनुसार रहेका छन :

- वन क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु,
- जैविक विविधता एवं वातावरणको संरक्षण र प्रवर्धन गर्नु,
- प्रदूषण नियन्त्रण एवं फोहोरमैला व्यवस्थापन गर्नु,
- स्थानीय परिवेश सुहाउँदो जलवायु परिवर्तन अनुकूलनका अभ्यासहरू प्रवर्धन गर्नु,
- सबै प्रकारका प्राकृतिक एवं मानवीय विपद् तथा महामारीहरूबाट हुनसक्ने आर्थिक, भौतिक, सामाजिक क्षति-नोक्सानी न्यूनीकरण गर्नु,
- स्थानीय स्तरमा विपद्का घटनाहरू आइपर्दा तत्काल र प्रभावकारी प्रतिक्रिया जनाउन सक्ने क्षमता विकास गर्नु।

### ७.३.४ रणनीति तथा कार्यनीति

नगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहायअनुसारका रणनीति कार्यान्वयन गर्ने तथा कार्यनीति अबलम्बन गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछः

**तालिका २२ : वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ः वन क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु** | |
| १.१ वन संरक्षण र | १.१.१ नीतिगत तथा कानूनी व्यवस्था अनुसार सबै आयोजनामा |

| | |
|---|---|
| व्यवस्थापन सम्बन्धी राष्ट्रिय तथा प्रदेश नीति र कार्यक्रम कार्यान्वयनमा सहकार्य/सहजीकरण गरी वन व्यवस्थापनमा कार्यकुशलता अभिबृद्धि गर्ने | वातावरणीय अध्ययन सम्बन्धी व्यवस्थाको नियमपालन गर्ने/गराउने र अध्ययनको सिफारिसलाई कडाइका साथ कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ।<br>१.१.२ खुल्ला ठाउँमा उपयुक्त प्रजातिका वृक्षारोपण गरिनेछ र वृक्षारोपण कार्यका लागि सामुदायिक वन उपभोक्ताहरूसँग समन्वय र सहकार्य गरिनेछ।<br>१.१.३ सामुदायिक वन व्यवस्थापनमा सुदृढीकरणका लागि उपभोक्ता समितिहरूको क्षमता अभिवृद्धि एवं सामुदायिक वनको सुशासनमा सहयोग गरिनेछ।<br>१.१.४ संघ तथा प्रदेश सरकारका सम्बन्धित निकाय र वन उपभोक्ता समितिहरूसँग समन्वय र सहकार्य मार्फत् वन क्षेत्रको दिगो तथा वैज्ञानिक व्यवस्थापनमा सहजीकरण गरी वन क्षेत्रको कार्बन सञ्चिती वृद्धिका साथै स्थानीय जीविकोपार्जनको दिगो स्रोतको रुपमा स्थापित गरिनेछ।<br>१.१.५ वन संरक्षण, व्यवस्थापन, दिगो उपभोग र स्वच्छ वातावरणको लागि समुदायमा आधारित वन व्यवस्थापन प्रणालीलाई सुदृढीकरण गरिनेछ। |
| १.२ वन व्यवस्थापनमा सुदृढीकरण गरी वन क्षेत्रको सदुपयोग र संचितीमा वृद्धि गर्ने | १.२.१ वन क्षेत्रको अतिक्रमण रोक्न र आगलागी नियन्त्रण गर्न आवश्यक योजना सहित सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ।<br>१.२.२ तराई क्षेत्रमा हुने वनस्पती, गैरकाष्ठ वन पैदावर तथा जडीबुटी प्रजातिको अध्ययन, अनुसन्धान, संरक्षण, खेती तथा उत्पादन वृद्धि र प्रशोधन केन्द्रहरू स्थापना गरी वनमा आधारित उद्यमलाई प्रोत्साहित गरिनेछ।<br>१.२.३ बाँझो जमिनमा गैह्रकाष्ठ पैदावार विरुवा रोपण गर्नका लागि निजी र सार्वजनिक संस्थालाई उक्त जग्गा लिजमा दिई वातावरण संरक्षण र रोजगारी सिर्जना गर्ने कार्यलाई अगाडि बढाउन प्रदेश सरकारलाई अनुरोध गरिनेछ।<br>१.२.४ रेड प्लस (REED Plus) तथा स्वच्छ विकास संयन्त्रमार्फत् कार्बन सञ्चिती बापत नगरपालिकाले प्राप्त गर्न सक्ने आर्थिक लाभको सुनिश्चित गर्न प्रदेश तथा नेपाल सरकारसँग समन्वय र पैरवी गरिनेछ। कार्बन |

| | |
|---|---|
| | व्यापार नीति कार्यन्वयनमा ल्याइनेछ।<br>१.२.५ लामो समयदेखि बाँझो रहँदै आएका निजी जमिनमा निजी वन विस्तार गर्न संभाव्य घरपरिवारलाई प्रोत्साहित गरिनेछ।<br>१.२.६ वनमा लाग्ने रोग, कीरा, खडेरी, डढेलो, मिचाहा प्रजातिको प्रकोप लगायतका प्रकोपहरु रोकथाम र नियन्त्रणका लागि सम्बन्धित वन उपभोक्ता समितिहरूलाई प्रोत्साहित गरिनेछ। |
| **उद्देश्य २: जैविक विविधता तथा वातावरणको संरक्षण र प्रवर्धन गर्नु** | |
| २.१ वन तथा जैविक विविधतालाई एकीकृत पद्धतिबाट संरक्षण र प्रवर्धन गर्ने | २.१.१ नगरपालिकामा वन, जैविक विविधता र जलाधार क्षेत्रको आधारभूत अभिलेख निर्माणका लागि संघीय र प्रादेशिक निकायहरूसँग सहकार्य गरिनेछ।<br>२.१.२ स्थानीय वन तथा जलाधार क्षेत्रका लागि एक वडा, एक स्रोत व्यक्तिको अवधारणा कार्यान्वयन गर्न डिभिजन वन कार्यालयसँग सहकार्य गरिनेछ।<br>२.१.३ भू-क्षय तथा क्षतिग्रस्त जमिनको पुनरुत्थानका लागि जैविक विधि, बायोइञ्जिनियरिङ लगायतका कम खर्चिला प्रविधिहरूको उपयोग र विस्तार गरिनेछ।<br>२.१.४ जलाधार व्यवस्थापनमा महिला, दलित लगायत सबै समुदायिक वर्गको समानुपातिक सहभागिता कायम गरिनेछ।<br>२.१.५ नगरपालिका तथा स्थानीय समुदाय समेतको सहभागितामा भूमिगत पानीको पुनर्भरणका लागि भूमिगत पानी पुनर्भरण पोखरीहरू निर्माण गरिनेछ।<br>२.१.६ भू तथा जलाधार व्यवस्थापनमा जल, जमीन र जंगलको संरक्षण र उत्पादन वृद्धिमा विशेष जोड दिइनेछ।<br>२.१.७ दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु एवं वनस्पति, प्रजाति, तिनको वासस्थान लगायत संवेदनशील पारिस्थितिकीय प्रणालीहरूको संरक्षणका लागि सम्बन्धित निकायहरूसँगको सहकार्यमा ठोस कार्ययोजना बनाई |

| | |
|---|---|
| | कार्यान्वयन गरिनेछ। |

| उद्देश्य ३: प्रदुषण नियन्त्रण एवं फोहोरमैला व्यवस्थापन गर्नु | |
|---|---|
| ३.१ नागरिक सचेतना एवं जिम्मेवारीबोधमा वृद्धिलगायत संस्थागत प्रयासका माध्यमबाट प्रदूषण नियन्त्रण तथा फोहोरमैला व्यवस्थापन गर्ने | ३.१.१ नगरपालिका क्षेत्रभित्र प्लाष्टिकका गिलास, प्लेट, बोतल जस्ता वस्तुको उपयोगमा प्रतिबन्ध गरी दुना टपरीजस्ता स्थानीय वातावरणमैत्री वस्तुहरूको प्रवर्धनमा जोड दिइनेछ। सिसा जन्य फोहोर व्यवस्थापनका लागि व्यवसायीहरूसँग समन्वय गरिनेछ।<br>३.१.२ टोल सरसफाइका लागि अन्तर वडा प्रतिस्पर्धात्मक टोल सरसफाइ कार्यक्रम सञ्चालन गरिनेछ। तत्पश्चात् प्लास्टिक एवं अन्य फोहरमैला व्यवस्थापनयुक्त घर, टोल, वडा घोषणा कार्यक्रम सञ्चालन गरी फोहोरमैला व्यवस्थापन अभियान सञ्चालन गरिनेछ।<br>३.१.३ टोल सरसफाइका लागि जनचेतनामूलक कार्यक्रमहरू एवं टोलस्तरीय नागरिक आचार-संहिता जारी गर्न प्रोत्साहित गरिनेछ।<br>३.१.४ फोहोर संकलन तथा व्यवस्थापनमा नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ। |
| ३.२ फोहोरमैला संकलन प्रणाली स्थापना गरी व्यवस्थापकीय प्रभावकारिता वृद्धि गर्ने | ३.२.१ वजार तथा सार्वजनिक स्थलका लागि फोहोर संकलन भाँडो र घर-घरमा पनि फोहोर संकलन भाँडो राख्ने व्यवस्था मिलाई फोहोरमैला संकलन, वर्गीकरण र प्रशोधनको व्यवस्थापन सुरुआत गरिनेछ।<br>३.२.२ कुहिने फोहोरलाई कुहाउने, पुनःचक्रीय प्रयोग गर्न मिल्ने फोहोरलाई पुनःचक्रीय प्रयोगमा पठाउने र फोहोरको निष्कासन न्यूनीकरण जस्ता विषयहरूलाई ध्यान दिई तीन आर (reduce, reuse, recycle) को अवधारणालाई व्यवहारिक कार्यान्वयनमा ल्याइनेछ। |
| **उद्देश्य ४: स्थानीय परिवेश सुहाउँदो जलवायु परिवर्तन अनुकूलनका अभ्यासहरू प्रवर्धन गर्नु** | |
| ४.१ वातावरण अनुकुलित जीवनशैली र विकास पद्धति प्रवर्धन गर्ने | ४.१.१ कृषि तथा पशुपालन क्षेत्रमा जलवायुजन्य प्रकोपहरूबाट हुने विपद्जोखिमको बीमा सुनिश्चित गरिनेछ।<br>४.१.२ सार्वजनिक स्थान र सडकको दायाबायाँ सौन्दर्यप्रधान वृक्षरोपणलाई अभियानका रुपमा सञ्चालन गरी वातावरणीय स्वच्छता र सौन्दर्यता अभिवृद्धि गरिनेछ। |

| | |
|---|---|
| | ४.१.३ खडेरी एवं अधिक पानी जम्ने क्षेत्रहरूका लागि उपयुक्त हुने कृषि बालीहरूको पहिचान एवं प्रवर्धन गरिनेछ।<br>४.१.४ बाँझो रहने गरेको कृषियोग्य जमिनमा बहुउपयोगी वृक्ष प्रजाति सहितको कृषि वन प्रणालीको विकास गरिनेछ। |
| ४.२ स्वच्छ ऊर्जा र हरियाली प्रवर्धन गर्ने | ४.२.१ सौर्यऊर्जा प्रणालीमा आधारित सडक बत्ती प्रयोगलाई प्राथमिकता दिइनेछ।<br>४.२.२ भौतिक पूर्वाधारहरुको डिजाइन र निर्माण गर्दा जलवायु विषमताजन्य जोखिम न्यूनीकरणका उपायहरू समावेश गरिनेछ।<br>४.२.३ सार्वजनिक स्थलमा उद्यान तथा हरियाली क्षेत्र निर्माण गरी वातावरणीय स्वच्छता कायम गरिनेछ।<br>४.२.४ विद्युत्, बायोग्याँस, सोलार, सुधारिएको चुल्हो जस्ता स्वच्छ ऊर्जाको प्रयोग, प्रदुषण कम गर्ने निर्माण प्रविधि र सामग्रीको प्रयोग, जलवायु परिवर्तन अनुकूलन प्रवर्धन गर्ने आयोजनाहरूलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा प्राथमिकता दिइनेछ। |
| **उद्देश्य ५: सबै प्रकारका प्राकृतिक एवं मानवीय विपद् तथा महामारीहरूबाट हुनसक्ने आर्थिक, भौतिक, सामाजिक क्षति/नोक्सानी न्यूनीकरण गर्नु** | |
| ५.१ नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि गरी समन्वय, सहकार्यको सिद्धान्तमा आधारित रही विपद्को प्रभावकारी पूर्वतयारी गर्ने | ५.१.१ वडा तथा टोलस्तरमा विपद् व्यवस्थापन समिति तथा कार्यदल गठन गरी तालिम लगायत क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।<br>५.१.२ पहिलो पटक नगरपालिका स्तरबाट सबै वडामा आपत्कालीन उद्दार सामग्रीहरू भण्डारण गर्न सहयोग गर्ने र त्यसपश्चात् सबै वडाले उक्त उद्दार सामग्रीहरूको आवश्यकता अनुसार प्रयोग, खपत भएका सामग्रीहरूको परिपूर्ति र वार्षिक रुपमा अद्यावधिकरणको व्यवस्था गरिनेछ।<br>५.१.३ नगरपालिकास्तरमा आपत्कालीन उद्दारका लागि आपत्कालीन मार्गहरू पहिचान गरी सम्बन्धित सबैलाई जानकारी गराइनेछ।<br>५.१.४ भवन आचार संहिताको तर्जुमा र कडाइका साथ कार्यान्वयन |

| | |
|---|---|
| | गरिनेछ।<br><br>५.१.५ नगरपालिकामा कार्यरत सम्बन्धित सबै निकायहरूबीच समन्वय गरी पूर्वतयारी र प्रतिकार्यका लागि आवश्यक बजेट सुनिश्चित गर्ने तथा कार्यान्वयनमा एकद्वार प्रणाली अवलम्बन गरिनेछ।<br><br>५.१.६ समुदायस्तरीय विपद् व्यवस्थापनलाई सुदृढीकरण गर्न विपद् सिकाइ केन्द्रको स्थापना, सञ्चालन र सबलीकरणमा जोड दिइनेछ।<br><br>५.१.७ नगरपालिका तथा वडास्तरमा आपत्कालीन व्यवस्थापनसँग सम्बन्धित दक्ष जनशक्तिको अभिलेख तयार गरी आपत्कालीन परिचालनका लागि तयारी हालतमा राखिनेछ। |
| ५.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अवधारणाहरूलाई विकास व्यवस्थापन प्रक्रियामा मूलप्रवाहीकरण गर्ने | ५.२.१ नगरपालिका स्वयं लगायत निजी र गैरसरकारी क्षेत्रहरूको विपद् उत्थानशील क्षमता वृद्धिका लागि वार्षिक रुपमा नीति र कार्यक्रमहरू तर्जुमा गरिनेछ।<br><br>५.२.२ विपद्को उच्च जोखिममा रहेका क्षेत्रहरूलाई विपद्पूर्व नै सुरक्षित बनाउने नीति अख्तियार गरिनेछ।<br><br>५.२.३ स्थानीय विपद् व्यवस्थापन संयन्त्रहरूलाई स्थानीय सामाजिक संरचना अनुरुप लैंगिक तथा जातीय दृष्टिकोणले समावेशी बनाइनेछ।<br><br>५.२.४ योजना तर्जुमा, कार्यान्वयन र अनुगमनमा वडा तथा टोलस्तरीय समितिलाई सहभागी गराई विपद् न्यूनीकरण र व्यवस्थापनलाई मूल प्रवाहीकरण गरिनेछ।<br><br>५.२.५ नगरपालिकाको क्षमता विकास कार्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय अनिवार्य रुपमा समावेश गरी सञ्चालन गरिनेछ।<br><br>५.२.६ बायोइञ्जिनियरिङ प्रविधि प्रवर्धन गरी नदी कटानजन्य भूक्षय न्यूनीकरण गरिनेछ।<br><br>५.२.७ विषय क्षेत्रगत रुपमा पूर्वतयारी र न्यूनीकरणका पर्याप्त उपायहरू अवलम्बन गरी क्षति नोक्सानी न्यूनीकरण गरिनेछ। |
| **उद्देश्य ६: स्थानीय स्तरमा विपद्का घटनाहरू आइपर्दा तत्काल र प्रभावकारी प्रतिक्रिया जनाउन सक्ने क्षमता विकास गर्नु** | |

| | |
|---|---|
| ६.१ सघन पूर्वतयारीको माध्यमले विपद्को समयमा आकस्मिक प्रतिक्रियाका लागि आवश्यक स्रोतसाधन, समन्वय, सहकार्य, सीप र सोचमा स्पष्टता र पर्याप्तता सुनिश्चित गर्ने | ६.१.१ नगरपालिका/वडास्तरमा रहेको विपद् व्यवस्थापन कोषलाई आपत्कालीन खोज उद्दारमा प्रयोग गरिनेछ तथा यस कोषमा वार्षिक रुपमा रकम विनियोजनको सुनिश्चितता गरिनेछ।<br>६.१.२ विपद्को समयमा उद्धार कार्यमा खटिने उद्धारकर्ताहरूलाई प्रोत्साहनको व्यवस्था गरी विपद् उद्धारकर्ताहरूलाई सक्रिय र उद्धारको कामलाई प्रभावकारी बनाइनेछ।<br>६.१.३ विपद्को समय अपनाइने आकस्मिक प्रतिक्रियालाई सहज बनाउन वार्षिक रुपमा नगरपालिकामा कृत्रिम अभ्यास गरिनेछ र यसका लागि सम्बन्धित सुरक्षा निकायहरूसँग समन्वय र सहकार्य गरिनेछ।<br>६.१.४ वस्तीस्तर, वडास्तर एवं नगरपालिकास्तरका लागि खोज, उद्दार, प्राथमिक उपचार, आपत्कालीन बसोवास, राहत व्यवस्थापनलगायतका आपत्कालीन व्यवस्थापनसँग सम्बन्धित आवश्यक दक्ष जनशक्ति तयार गरिनेछ।<br>६.१.५ आपत्कालीन व्यवस्थापनका लागि सम्बन्धित कर्मचारी, पदाधिकारी तथा कार्यालयहरूबीच स्पष्ट कार्यविभाजन गरी आपत्कालीन समयमा आपत्कालीन व्यवस्थापन स्वस्फूर्त रुपमा सुरु हुने सुनिश्चित गरिनेछ। |

## ७.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस योजनाको कार्यान्वयनले नगरपालिकाको पर्यावरण सुन्दर एवं सन्तुलित भई हरितीकरण वृद्धि हुने, वन एवं भूमिको दिगो व्यवस्थापन, गुणस्तर अभिवृद्धि र जैविक विविधताको संरक्षण भएको हुने अपेक्षा गरिएको छ। पूर्ण स्वच्छता र सरसफाई कार्यान्वयन गर्ने वस्ती १ प्रतिशत पुगेको हुने, बजार क्षेत्रहरूमा हुनेमध्ये सतप्रतिसत फोहोरमैला नियमित संकलन र व्यवस्थापन भई फोहोरमैला व्यवस्थापन प्रभावकारी भएको हुने, ७ वटा पुनर्भरण पोखरीहरू निर्माण भई भूमिगत जलको अवस्थामा सुधारको क्रम सुरु हुने र नविकरणीय ऊर्जाको प्रयोग विस्तार भएको हुने अपेक्षा गरिएको छ।

नगरपालिकामा प्राकृतिक एवं मानवजन्य विपदबाट जीवन तथा सम्पत्ती, जीविकोपार्जन र उत्पादनका साधन, भौतिक तथा सामाजिक पूर्वाधार एवं साँस्कृतिक र पर्यावरणीय सम्पदामा हुने असर न्यूनीकरण भएको हुने र प्राकृतिक एवं मानवजन्य विपद्हरूबाट नगरपालिका सुरक्षित, अनुकुलित र उत्थानशील हुन सहयोग पुग्ने अपेक्षा गरिएको छ। यस क्रममा नगरपालिकामा

विगत पाँच वर्षमा विपदबाट हुने मानवीय क्षतिमा उल्लेख्य रुपमा गिरावट आउने, विगत पाँच वर्षको तुलनामा बाढी वा नदि कटानद्वारा क्षतिग्रस्त भूमिको क्षेत्रफलमा ५० प्रतिशतले गिरावट आउने अपेक्षा गरिएको छ।

## तालिका २३ : वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको नतिजा खाका

| नतिजा श्रृङ्खला | आधार सूचकहरू | एकाइ | आधाररेखा २०७८/०७९ | आवधिक योजनाको लक्ष्य (अपेक्षित परिमाण) | | | | | | पुष्ट्याईंका आधार | जोखिम तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | जम्मा लक्ष्य | | |
| प्रभाव १<br>पर्यावरण सुन्दर एवं सन्तुलित भई हरित वृद्धि प्रवर्धन भएको हुन | कुल वन क्षेत्र | प्रतिशत | २ | २ | २ | २ | २ | २.५ | २.५ | -डिभिजन वन कार्यालयको प्रगति प्रतिवेदन<br>-नगरपालिका सर्भेक्षण अध्ययन | हानिकारक ग्यास उत्पदान गर्ने वस्तुहरुको उपयोग नियन्त्रण र नियमन हुनुपर्ने |
| | वन उपभोक्ता समितिहरू | संख्या | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ | | |
| | वनमा आश्रित परिवार | परिवार | ४०० | ४०० | ४०० | ३५० | ३५० | ३५० | ३५० | | |
| | वनमा आधारित उद्यमबाट रोजगार जनसंख्या | जना | ९० | ९० | ९० | १०० | १०० | १२० | १२० | | |
| असर १<br>वन एवं भूमिको दीगो व्यवस्थापन, गुणस्तर अभिवृद्धि र जैविक विविधताको संरक्षण भएको हुने | वनबाट नगरपालिकामा प्राप्त रोयल्टी | रु. हजारमा | ११७५ | २६६२ | २१६७ | २३३४ | २३३४ | २५६७ | २५६७ | -सूत्रको विवरण | जैविक विविधताको संरक्षण भएको हुनुपर्ने |
| | नियमित रुपमा वन कार्ययोजना तयार गर्ने, पूर्णरुपमा कार्यान्वयन गर्ने सा.व.को हिस्सा | संख्या | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ | | |
| | नगरपालिकासँग नियमित समन्वयमा रहने वन उपभोक्ता समितिहरूको | संख्या | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ | | |

| नतिजा श्रृङ्खला | आधार सूचकहरू | एकाइ | आधाररेखा २०७८/०७९ | आवधिक योजनाको लक्ष्य (अपेक्षित परिमाण) | | | | | | पुष्ट्याईंका आधार | जोखिम तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | जम्मा लक्ष्य | | |
| | हिस्सा | | | | | | | | | | |
| असर २ प्रदूषण नियन्त्रण (खासगरी भूमि तथा जल) एवं फोहोरमैला व्यवस्थापन भई पूर्ण स्वच्छता कायम भएको हुने | पूर्ण स्वच्छता र सरसफाइ कार्यान्वयन गर्ने वस्ती | प्रतिशत | ० | ० | ० | ० | १ | १ | १ | -नगरपालिका सर्भेक्षण प्रतिवेदन<br>-नगरपालिका वस्तुस्थिति विवरण | आवधिक योजनाको लक्ष्यअनुरुप वार्षिक योजना तर्जुमा भई आवश्यकताअनुसारको बजेट विनियोजन भएको हुनुपर्ने |
| | बजार केन्द्रहरूमा उत्पादन हुने कुल फोहोरमैलामध्ये नियमितरुपमा संकलन भई व्यवस्थित समेत गरिने परिमाण | हिस्सा | ७५ | ७५ | ७५ | ८० | ८५ | ८५ | ८५ | | |
| | संचालित व्यवस्थित सार्वजनिक शौचालय | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | सरोकारवालाहरूको निरन्तर साथ सहयोग प्राप्त भएको हुनुपर्ने |
| | कम्तीमा साप्ताहिक रुपमा सार्वजनिक क्षेत्रको फोहोर संकलन गरी व्यवस्थापन गर्ने वस्ती | प्रतिशत | ७५ | ७५ | ७५ | ८० | ८० | ८५ | ८५ | | |

| नतिजा श्रृङ्खला | आधार सूचकहरू | एकाइ | आधाररेखा २०७८/०७९ | आवधिक योजनाको लक्ष्य (अपेक्षित परिमाण) | | | | | | पुष्ट्याईंका आधार | जोखिम तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | जम्मा लक्ष्य | | |
| | फोहोर पानी संकलन र व्यवस्थापनको पद्धति भएका वडा | संख्या | ० | ० | ० | १ | २ | २ | २ | | |
| | ठोस फोहोर व्यवस्थापनको उचित प्रबन्ध भएका विद्यालय तथा स्वास्थ्य संस्था | प्रतिशत | ० | ० | ० | ५ | १० | १५ | १५ | | |
| प्रतिफल १.१ वन क्षेत्रको उत्पादन, उत्पादकत्व तथा पुनरुत्पादनमा वृद्धि भएको हुने | वनमा आधारित उद्योग व्यवसाय | संख्या | १० | १० | १० | १२ | १२ | १३ | १३ | -डिभिजन वन कार्यालयको प्रगति प्रतिवेदन<br>-नगरपालिका वस्तुस्थिति विवरण<br>-नगरपालिका सर्भेक्षण अध्ययन | नगरपालिकाले आवश्यकता अनुसार बजेट विनियोजन गरेको हुनुपर्ने<br>वनमा आधारित उद्यम व्यवसायप्रति स्थानीय समुदायको |
| | जैविक प्रविधिबाट नियन्त्रित खोला किनार तथा सडक र नहरको लम्बाई | कि.मि. | २ | २ | २ | २.५ | २.५ | २.५ | २.५ | | |
| | नवनिर्मित उद्यान | संख्या | ० | ० | ० | १ | १ | १ | १ | | |
| | जैविक विविधतायुक्त संरक्षित क्षेत्र | संख्या | ६ | ६ | ६ | ७ | ७ | ७ | ७ | | |

| नतिजा श्रृङ्खला | आधार सूचकहरू | एकाइ | आधाररेखा २०७८/०७९ | आवधिक योजनाको लक्ष्य (अपेक्षित परिमाण) | | | | | | पुष्ट्याईंका आधार | जोखिम तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | जम्मा लक्ष्य | | |
| | | | | | | | | | | | आकर्षण वृद्धि भएको हुनुपर्ने |
| प्रतिफल १.२ जलाधारको क्षेत्रको समुचित व्यवस्थापन तथा भूसंरक्षण भई भिरालो जमिनमा स्थिरता कायम भएको हुने | पुनर्भरण पोखरी | संख्या | १ | १ | १ | २ | ३ | ५ | ७ | -नगरपालिका प्राविधिक शाखाको प्रगति प्रतिवेदन | नगरपालिकाले आवश्यकता अनुसार बजेट विनियोजन गरेको हुनुपर्ने |
| | संरक्षित पानी मुहान | संख्या | ० | ० | ० | १ | १ | १ | १ | | वनमा आधारित उद्यम व्यवसायप्रति स्थानीय समुदायको आकर्षण वृद्धि भएको हुनुपर्ने |
| प्रतिफल २.१ दिगो एवं पूर्ण | व्यक्तिगत सरसफाइ स्वच्छता कायम गर्ने | प्रतिशत | ५ | ५ | ५ | १० | १० | १५ | १५ | -नगरपालिका वातावरण तथा | वातावरण तथा स्वच्छता |

| नतिजा श्रृङ्खला | आधार सूचकहरू | एकाइ | आधाररेखा २०७८/०७९ | आवधिक योजनाको लक्ष्य (अपेक्षित परिमाण) | | | | | | पुष्ट्याईंका आधार | जोखिम तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | जम्मा लक्ष्य | | |
| सरसफाइको अवस्था हासिल भएको हुने | जनसंख्या | | | | | | | | | विपद् व्यवस्थापन शाखाको प्रगति प्रतिवेदन<br>-नगरपालिका वस्तुस्थिति विवरण | सम्बन्धी कार्यक्रमहरू प्राथमिकताका साथ कार्यान्वयन भएको हुनुपर्ने |
| | सफा पानी सफा भाँडोमा भण्डारण गरी उपभोग गर्ने घरपरिवार | प्रतिशत | ४३.५ | ४३.५ | ४३.५ | ४५ | ४५ | ५० | ५० | | |
| | सफा चर्पीको प्रयोग गर्ने परिवार (चर्पी सफा गर्ने ब्रस, कुचो, किटाणु नाशक पदार्थ आदि उपलव्ध भएको) | प्रतिशत | ५४.२ | ५४.२ | ५४.२ | ५५ | ५५ | ६० | ६० | | |
| | जोखिम अवस्थामा हात धुनका लागि तयारी हालतमा साबुन पानी उपलव्ध हुने घरपरिवार | प्रतिशत | ९८.४ | ९८.४ | ९८.४ | ९९ | ९९ | ९९ | ९९ | | |
| प्रतिफल २.२ स्थानीय परिवेश सुहाउँदो जलवायु परिवर्तन अनुकूलनका | नवीकरणीय ऊर्जाका प्रविधिहरू (सुधारिएको चुलो, सौर्य चुल्हो, गोवर ग्यास) प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १.८ | १.८ | १.८ | १.९ | १.९ | २ | २ | -नगरपालिका वातावरण तथा विपद् व्यवस्थापन शाखाको प्रगति प्रतिवेदन | जलवायु परिवर्तन अनुकूलन एवं नवीकरणीय ऊर्जा प्रविधि |

| नतिजा श्रृङ्खला | आधार सूचकहरू | एकाइ | आधाररेखा २०७८/०७९ | आवधिक योजनाको लक्ष्य (अपेक्षित परिमाण) | | | | | | पुष्ट्याईंका आधार | जोखिम तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | जम्मा लक्ष्य | | |
| अभ्यासहरू प्रवर्धन भएका हुने | जलवायुजन्य प्रकोपहरूबाट हुने विपद् जोखिमको बीमा भएका कृषक परिवारको हिस्सा | प्रतिशत | ० | ० | ० | १ | १ | १ | १ | - नगरपालिका वस्तुस्थिति विवरण | विस्तारमा विकास साझेदारहरूको साझेदारी र सहभागिता भएका हुनुपर्ने |
| | वर्षैभरि सुविधाजनक रुपमा सफा र पर्याप्त खानेपानीको पहुँच भएको घरपरिवार | प्रतिशत | ३४.६ | ३४.६ | ३४.६ | ३५ | ३६ | ३७ | ३७ | | |
| प्रभाव २<br>प्राकृतिक एवं मानवजन्य विपद्हरूबाट नगरपालिका सुरक्षित, अनुकुलित र उत्थानशील भएको हुने | विगत पाँच वर्षमा विपद्बाट भएको मानवीय क्षतिमा आएको गिरावट | प्रतिशत | ०.१ | ०.१ | ०.१ | २ | २ | ३ | ३ | -नगरपालिका वस्तुस्थिति विवरण | |
| | विगत पाँच वर्षको तुलनामा पहिरो वा नदि कटान क्षतिग्रस्त भूमिको क्षेत्रफलमा आएको गिरावट | प्रतिशत | ०.१ | ०.१ | ०.१ | २ | २ | २.५ | २.५ | | |
| असर १ | विपद्बाट प्रभावित र | संख्या | १ | १ | १ | ० | ० | ० | ० | -नगरपालिका | आवधिक |

| नतिजा श्रृङ्खला | आधार सूचकहरू | एकाइ | आधाररेखा २०७८/०७९ | आवधिक योजनाको लक्ष्य (अपेक्षित परिमाण) | | | | | | पुष्ट्याईंका आधार | जोखिम तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | जम्मा लक्ष्य | | |
| प्राकृतिक एवं मानवजन्य विपद्वाट जीवन तथा सम्पत्ती, जीविकोपार्जन र उत्पादनका साधन, भौतिक तथा सामाजिक पूर्वाधार एवं साँस्कृतिक र पर्यावरणीय सम्पदामा हुने असर न्यूनीकरण भएको हुने | विस्थापित घरपरिवार | | | | | | | | | को सर्भेक्षण प्रतिवेदन<br>-नगरपालिका प्राविधिक शाखाको प्रगति प्रतिवेदन<br>-नगरपालिका को वस्तुस्थिति विवरण | योजनाको लक्ष्यअनुरुप वार्षिक योजना तर्जुमा भई आवश्यकताअनुसारको बजेट विनियोजन भएको हुनुपर्ने<br>भूसंरक्षणमा स्थानीय समुदायको सक्रियता र सहभागिता वृद्धि भएको हुनुपर्ने |
| | बाढी र पहिरोको जोखिममा बसोवास गरेका घरपरिवार | प्रतिशत | १ | १ | १ | ०.५ | ०.५ | ० | ० | | |
| प्रतिफल १.१<br>विपद पूर्वतयारी तथा आकस्मिक | तालिमप्राप्त स्थानीय खोज उद्दार कार्यकर्ता | संख्या | ० | ० | ० | ९ | ९ | ९ | ९ | -नगरपालिका विपद् जोखिम व्यवस्थापन शाखाको प्रगति | आवधिक योजनाको लक्ष्यअनुरुप वार्षिक योजना |
| | विपद् पूर्वतयारी गर्ने | संख्या | १०० | १०० | १०० | ११० | ११० | ११५ | ११५ | | |

| नतिजा श्रृङ्खला | आधार सूचकहरू | एकाइ | २०७८/०७९ आधाररेखा | आवधिक योजनाको लक्ष्य (अपेक्षित परिमाण) | | | | | | पुष्ट्याईंका आधार | जोखिम तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | जम्मा लक्ष्य | | |
| प्रतिकार्य व्यवस्थित र प्रभावकारी भएको हुने | घरपरिवार | | | | | | | | | प्रतिवेदन<br>-नगरपालिका वस्तुस्थिति विवरण | तर्जुमा भई आवश्यकताअनुसारको बजेट विनियोजन भएको हुनुपर्ने<br>विपद् जोखिम व्यवस्थापनमा रेडक्रसलगायत सरोकारवालाको सहकार्य र सहभागिता वृद्धि भएको हुनुपर्ने |
| | आपत्कालीन सामुहिक आश्रयस्थल | संख्या | २२ | २२ | २२ | २३ | २३ | २४ | २४ | | |
| | प्राथमिक उपचारमा दक्ष जनशक्ति | संख्या | ५०० | ५०० | ५०० | ५२५ | ५५० | ६०० | ६५० | | |
| | कुल बजेटमध्येमा विपद् जोखिम व्यवस्थापनमा प्रत्यक्ष रुपमा खर्च भएको रकम | प्रतिशत | १.१ | १.१ | १.१ | १.२ | १.२ | १.२ | १.२ | | |
| | विपद् व्यवस्थापन स्थानीय कोष रकम (वार्षिक) | लाख | १५० | १५० | १५० | १५० | १५० | १५० | १५० | | |
| | पहिरो र बाढीप्रति संकटाभिमुख रहेकाहरूमध्ये पूर्वसूचना प्राप्त गर्ने घरपरिवार | प्रतिशत | ० | ० | ० | २ | ३ | ४ | ४ | | |
| प्रतिफल १.२ | विगत तीन वर्षमा | प्रतिशत | ० | ० | ० | ० | ० | ० | ० | -नगरपालिका विपद् | |

| नतिजा श्रृङ्खला | आधार सूचकहरू | एकाइ | आधाररेखा २०७८/०७९ | आवधिक योजनाको लक्ष्य (अपेक्षित परिमाण) | | | | | | पुष्ट्याईंका आधार | जोखिम तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | जम्मा लक्ष्य | | |
| सबै प्रकारका महामारीलगायत अन्य प्राकृतिक एवं मानवजन्य विपद्बाट हुनसक्ने मानवीय, आर्थिक, भौतिक, सामाजिक क्षति-नोक्सानीको न्यूनीकरण भएको हुने | विपद्बाट विस्थापित घरपरिवारको तुलनामा आएको गिरावट | | | | | | | | | जोखिम व्यवस्थापन शाखाको प्रगति प्रतिवेदन<br>-नगरपालिका वस्तुस्थिति विवरण<br>-नगरपालिका सर्भेक्षण प्रतिवेदन | आवधिक योजनाको लक्ष्यअनुरुप वार्षिक योजना तर्जुमा भई आवश्यकताअनुसारको बजेट विनियोजन भएको हुनुपर्ने<br>विपद् जोखिम व्यवस्थापनमा रेडक्रसलगायत सरोकारवालाको सहकार्य र सहभागिता वृद्धि भएको हुनुपर्ने |
| | विगत तीन वर्षमा विपदबाट भएको कुल क्षती (जग्गा, संरचना, बाली नाली, पशु र अन्य सम्पत्ती) का तुलनामा आएका गिरावट | प्रतिशत | ० | ० | ० | ० | ० | ० | ० | | |
| | विपदबाट भएको वार्षिक क्षती (जग्गा, संरचना, बाली नाली, पशु र अन्य सम्पत्ती) | रु. लाखमा | ० | ० | ० | ० | ० | ० | ० | | |

## ७.५ विषय क्षेत्रगत प्रमुख रणनीतिक कार्यक्रमहरू

आवधिक योजनाको अपेक्षित नतिजा प्राप्त गर्न नगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र, प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकता अनुसार प्रस्तुत रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन

गरिनेछ। वन, वातावरण र विपद व्यवस्थापन क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजना, भौतिक लक्ष्य, कार्यक्रम गर्ने स्थान, अनुमानित लागत तथा जिम्मेवारी सहितको कार्यान्वयन योजना देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका २४ : वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रका प्रमुख कार्यक्रमहरू**

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति एकाई लागत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७८/०७९ | कुल लक्ष्य ०८३/०८४ | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | जम्मा | |
| **१. वन, हरियाली तथा जैविक विविधता** | | | | - | - | **३८००** | **४३००** | **१८९४** | **९९९४** | |
| बोटानिकल पार्क निर्माण तथा वन्य जन्तु सम्रक्षण केन्द्र स्थापना | वर्ष | ० | १ | - | - | १००० | १५०० | - | २५०० | २५०० |
| वृक्षारोपण कार्यक्रम (सडक किनार तथा बाँध क्षेत्र) | वडा | ० | ९ | - | - | १००० | १००० | ६९४ | २६९४ | २९९ |
| सडक हरियाली प्रवर्धन कार्यक्रम | कि.मी. | ० | १८ | - | - | १००० | १००० | ५०० | २५०० | २५०० |
| सामुदायिक वन व्यवस्थापन | पटक | ० | १ | - | - | ८०० | ८०० | ७०० | २३०० | २३०० |
| **२. भु-संरक्षण तथा जलाधार व्यवस्थापन** | | | | - | - | **५९००** | **५८००** | **४४७०** | **१६१७०** | |
| तटबन्ध निर्माण कार्यक्रम | कि.मि. | ० | २७ | - | - | २००० | २००० | २००० | ६००० | ६००० |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति एकाई लागत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७८/०७९ | कुल लक्ष्य ०८३/०८४ | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | जम्मा | |
| बक्राहा खोला करिडोर निर्माण | कि.मी | ० | ६ | – | – | १५०० | १५०० | १००० | ४००० | ४००० |
| ढल निकास कार्यक्रम | कि.मि. | ० | २७ | – | – | २००० | २००० | ११७० | ५१७० | ५१७० |
| सिमसार क्षेत्रको संरक्षण | संख्या | ० | ४ | – | – | ४०० | ३०० | ३०० | १००० | १००० |
| **३. फोहोरमैला व्यवस्थापन तथा वाताबरणीय स्वच्छता** | | | | – | – | **९६१७** | **८५००** | **८०००** | **२६११७** | |
| चिल्ड्रेन पार्क निर्माण | संख्या | ० | २ | – | – | ५०० | ५०० | – | १००० | ५०० |
| कौसी खेति प्रवर्धन (बजार क्षेत्रमा) | वडा | ० | २ | – | – | १००० | १००० | १००० | ३००० | १५०० |
| पोथ्रा जातका तथा पुष्प वृक्षरोपण | वडा | ० | ५ | – | – | २००० | २००० | २००० | ६००० | १२०० |
| सार्वजनिक शौचालय निर्माण | संख्या | - | ९ | – | – | ३००० | २५०० | २५०० | ८००० | ८८८ |
| फोहोर वर्गिकरण तथा विसर्जन स्थल व्यवस्थापन | संख्या | ० | १ | - | - | ३११७ | २५०० | २५०० | ८११७ | ८११७ |
| **४. विपद् जोखिम व्यवस्थापन** | | | | - | - | **१५३९२** | **८१५०** | **७१५०** | **३०६९२** | |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति एकाई लागत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७८/०७९ | कुल लक्ष्य ०८३/०८४ | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | जम्मा | |
| वडास्तरीय आकस्मिक प्रतिकार्य कार्यदल गठन तथा अभिमुखीकरण | कार्यदल संख्या | ० | ९ | - | - | २००० | २००० | १००० | ५००० | ५५५ |
| वडास्तरीय आपतकालीन उद्दार सामग्री व्यवस्थापन | वडा | ० | ९ | - | - | २६९२ | २००० | २००० | ६६९२ | ६६९२ |
| नगर प्रकोप व्यवस्थापन कोष | संख्या | ० | १ | - | - | १०००० | ४००० | ४००० | १८००० | १८००० |
| विपद् पूर्वतयारी र प्रतिकार्य योजना तयारी तथा वार्षिक अद्यावधिकरण | वडा | ० | ९ | - | - | ७०० | १५० | १५० | १००० | १००० |
| **जम्मा** | | | | - | - | **३४७०९** | **२६७५०** | **२१५१४** | **८२९७३** | |

❖ *द्रष्टव्य : वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको रु. ३ करोड ५० लाख नगर गौरबका आयोजनामा समावेश भएको छ।*

## ७.६ आयोजना तथा कार्यक्रमको स्थानगत विवरण

योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न प्रस्तावित कार्यक्रम तथा आयोजनाको स्थानगत विवरण तालिकामा पेश गरिएको छ:

## तालिका २५ : वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रका आयोजना तथा कार्यक्रमको स्थानगत विवरण

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम र विवरण | वित्तीय श्रोत |
|---|---|---|---|---|---|
| **वन, हरियाली तथा जैविक विविधता** | | | | | |
| बोटानिकल पार्क निर्माण तथा वन्य जन्तु संरक्षण केन्द्र स्थापना | संख्या | १ | नगरपालिका बन तथा वातावरण बिभाग | वडा नं.३ | प्रदेश सरकार |
| वृक्षारोपण कार्यक्रम (सडक किनार तथा बाँध क्षेत्र) | वडा | ९ | नगरपालिका बन तथा वातावरण बिभाग | सवै वडा | प्रदेश सरकार |
| सडक हरियाली प्रवर्धन कार्यक्रम | कि.मी. | १८ | नगरपालिका बन तथा वातावरण बिभाग | सवै वडा | नगरपालिका |
| सामुदायिक वन व्यवस्थापन | पटक | १ | नगरपालिका बन तथा वातावरण बिभाग | वडा नं. १ | नगरपालिका |
| फोहोर वर्गिकरण तथा विसर्जन स्थल व्यवस्थापन | संख्या | १ | नगरपालिका बन तथा वातावरण बिभाग | पालिकाभर | राजस्व बाडफाड आन्तरिक श्रोत |

| | | | | | |
|---|---|---|---|---|---|
| **भु-संरक्षण तथा जलाधार व्यवस्थापन** | | | | | |
| तटबन्ध निर्माण कार्यक्रम | कि.मि. | २७ | नगरपालिका बन तथा वातावराण बिभाग | पालिकाभर | संघीय/प्रदेश सरकार |
| बक्राहा खोला करिडोर निर्माण | कि.मी | ६ | नगरपालिका बन तथा वातावराण बिभाग | बक्राहा खोलाको जोखिम युक्त स्थानहरू | संघीय/प्रदेश सरकार |
| ढल निकास कार्यक्रम | कि.मि. | २७ | नगरपालिका बन तथा वातावराण बिभाग | वडा नं. ५, ६, ७ र ८ | संघीय/प्रदेश सरकार/नगरपालिका |
| सिमसार क्षेत्रको संरक्षण | संख्या | ४ | नगरपालिका बन तथा वातावराण बिभाग | वडा नं. १, २ र ३ | संघीय/प्रदेश सरकार/नगरपालिका |
| **फोहोरमैला व्यवस्थापन तथा वातवरणीय स्वच्छता** | | | | | |
| चिल्ड्रेन पार्क निर्माण | संख्या | २ | नगरपालिका बन तथा वातावराण बिभाग | वडा नं. १ र ४ | नगरपालिका |
| कौसी खेति प्रवर्धन (बजार क्षेत्रमा) | वडा | २ | नगरपालिका बन तथा वातावराण बिभाग | वडा नं. ५ र ६ | नगरपालिका |
| पोथ्रा जातका तथा पुष्प वृक्षरोपण | वडा | ५ | नगरपालिका बन तथा वातावराण बिभाग | वडा नं. ४, ७, ८, ९, | नगरपालिका |
| सार्वजनिक शौचालय निर्माण | संख्या | ९ | नगरपालिका बन तथा वातावराण बिभाग | सबै वडा | नगरपालिका |

| विपद् जोखिम व्यवस्थापन | | | | | |
|---|---|---|---|---|---|
| वडास्तरीय आकस्मिक प्रतिकार्य कार्यदल गठन तथा अभिमुखीकरण | कार्यदल संख्या | ९ | नगरपालिका बन तथा वातावराण बिभाग | सबै वडा | नगरपालिका |
| वडास्तरीय आपतकालीन उद्दार सामग्री व्यवस्थापन | वडा | ९ | नगरपालिका बन तथा वातावराण बिभाग | सबै वडा | नगरपालिका |
| नगर प्रकोप व्यवस्थापन कोष | संख्या | १ | नगरपालिका बन तथा वातावराण बिभाग | पालिका | नगरपालिका |
| विपद् पूर्वतयारी र प्रतिकार्य योजना तयारी तथा वार्षिक अद्यावधिकरण | वडा | ९ | नगरपालिका बन तथा वातावराण बिभाग | सबै वडा | नगरपालिका |

## ७.७ आयोजना तथा कार्यक्रमको साँकेतीकरण

वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको कार्यक्रमको सांकेतीकरणको निम्न अनुसार छः

## तालिका २६ : वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रका आयोजना तथा कार्यक्रमको सांकेतिकरण

| उद्देश्य नं | कार्क्रम तथा आयोजनाको विवरण | रणनैतिक स्तम्भ | दिगोविकास लक्ष्य संकेत | लैंगिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|
| १ | बोटानिकल पार्क निर्माण तथा वन्य जन्तु संरक्षण केन्द्र स्थापना | १ | १३, १५ | २ | १ |
| | वृक्षारोपण कार्यक्रम (सडक किनार तथा बाँध क्षेत्र) | १ | १५ | २ | १ |
| | सडक हरियाली प्रवर्धन कार्यक्रम | १ | १५ | २ | १ |
| | सामुदायिक वन व्यवस्थापन | १ | १५ | २ | १ |
| २ | तटबन्ध निर्माण कार्यक्रम | १ | ९ | ३ | २ |
| | बक्राहा खोला करिडोर निर्माण | १ | ९ | ३ | २ |
| | ढल निकास कार्यक्रम | १ | ९ | ३ | २ |
| | सिमसार क्षेत्रको सम्रक्षण | १ | १३, १५ | २ | १ |
| ३ | चिल्ड्रेन पार्क निर्माण | ३ | ११ | २ | २ |
| | कौसी खेति प्रवर्धन (बजार क्षेत्रमा) | १ | ११ | २ | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| | पोथ्रा जातका तथा पुष्प वृक्षरोपण | १ | १५ | २ | १ |
| | सार्वजनिक शौचालय निर्माण | १ | ६ | ३ | २ |
| | फोहोर वर्गिकरण तथा विसर्जन स्थल व्यवस्थापन | १ | ६ | ३ | २ |
| ४ | वडास्तरीय आकस्मिक प्रतिकार्य कार्यदल गठन तथा अभिमुखीकरण | २ | ११ | ३ | ३ |
| | वडास्तरीय आपतकालीन उद्दार सामग्री व्यवस्थापन | २ | ११ | ३ | ३ |
| | स्थानीय तह प्रकोप व्यवस्थापन कोष | २ | ११ | ३ | ३ |
| | विपद् पूर्वतयारी र प्रतिकार्य योजना तयारी तथा वार्षिक अद्यावधिकरण | २ | ११ | ३ | ३ |

# परिच्छेद आठ

# संस्थागत विकास तथा सुशासन योजना

## ८.१ पृष्ठभूमि

स्थानीय सरकार जनताको घरदैलोको सरकार भएको कारण आम नागरिक विशेष गरी विपन्न तथा पछाडि परेका वर्ग एवं समुदायले स्थानीय सरकारबाट ठूलो अपेक्षा गरेका हुन्छन्। संवैधानिक व्यवस्था, कानूनी शासन र जनअपेक्षा अनुसार कुशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन सञ्चालन गरी सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी बनाउने अहम् दायित्व स्थानीय सरकारहरुको रहेको हुन्छ। संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात स्थानीय सरकारलाई संवैधानिक अधिकार प्राप्त भएको छ।

बदलिदो परिवेशसँगै विकास व्यवस्थापन र सेवा प्रवाह प्रक्रियामा नविनतम प्रविधिका साथै वैकल्पिक उपायहरु अबलम्बन गर्न जरुरी छ। अबका दिनमा स्थानीय सरकारहरुले संगठन तथा क्षमता विकास, कर्मचारी व्यवस्थापन र अन्तर सरकार, समुदाय, सहकारी, निजी तथा गैर सरकारी संस्था साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउने तर्फ विशेष ध्यान दिन आवश्यक देखिन्छ। यसलाई मध्यनजर गर्दै नगरपालिकाको सेवा प्रवाह र कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि गरी स्थानीय सुशासन कायम गर्न स्थानीय सरकारमा नीति, कानुन, संगठन तथा क्षमता विकास, राजस्व तथा श्रोत परिचालन र योजना व्यवस्थापनका लागि देहाय अनुसारको खाका प्रस्तुत गरिएको छ :

## ८.२ संस्थागत विकास तथा सुशासन क्षेत्रको सम्भावना, अवसर, समस्या र चुनौती

यस क्षेत्रका सम्भावना, अवसर, समस्या र चुनौतीहरु निम्न अनुसार रहेका छन्ः

### ८.२.१ स्थानीय नीति तथा कानुन

**संभावना र अवसर**

संविधानको अनुसूची ८ र ९ को अधिकार सूची अन्तर्गत यस नगरपालिकाले प्रशासकीय कार्यविधि ऐन २०७४, लगायत धेरै ऐन, नियमावली, निर्देशिका, कार्यविधी, र मापदण्डहरु प्रमाणीकरण र स्थानीय राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा रहेका छन्। सङ्घीय संरचना अनुसार गठित स्थानीय सरकार आफै संवैधानिक रुपमा अधिकार प्राप्त सार्वभौम सरकार भएकाले नगरपालिकाले पनि आफ्नो परिस्थिती अनुसारको संस्थागत संरचनाको निर्माण गरी

शासकीय अवस्थालाई चुस्त बनाउन सक्ने देखिन्छ। नगरपालिकाको निर्णय प्रकृयामा स्थानीयको सहभागितालाई सुनिश्चित गर्न सूचना प्रणाली तथा सामाजिक सञ्जालको प्रयोगलाई बढवा दिन थालिएको छ। समुदाय र नागरिक समाज समेतको सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई बजेट पुस्तिका, वेवसाइट र सूचना पाटी मार्फत सार्वजनिक गर्ने अभ्यास भइरहेको छ। कार्यसम्पादनमा नगरवासीको सहभागिता, सुझाव र प्रतिक्रिया समावेश गरी पुनरावलोकन तथा परिमार्जनका साथ अघि बढ्ने नीति अनुसार नगरपालिका तथा वडा कार्यालयबाट सार्वजनिक सुनुवाई र सामाजिक परिक्षण लगायतका कार्यक्रमहरु संचालन भइरहेका छन।

## समस्या तथा चुनौती

नगरपालिकाले आफूलाई आवश्यक पर्ने ऐन, नियम, कार्यविधि निर्माण/पुनरावलोकन गर्दै आएको भए पनि विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण, उद्यम, कला तथा संस्कृति संरक्षण लगायत विषयमा नीति, ऐन, नियम, कार्यविधि निर्माण हुन बाँकी नै रहेको छ।

नतिजामूलक विकास, संस्थागत सुदृढीकरण र सुशासन कायम गर्न उपयुक्त, सरल र सहज प्रणाली स्थापना हुन सकेको छैन। निर्माण गरिएका ऐन कानुनको कार्यान्वयन प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेका छैनन्। न्यायिक समितिबाट भएका निर्णय र मिलापत्रहरू कार्यान्वयन हुन सकेका छैनन्। न्यायिक समितिबाट हुने कार्य सम्पादनमा निर्णय कार्यान्वयनको संयन्त्र र प्रणाली प्रभावकारी हुन सकेको छैन । उत्कृष्ट न्याय सम्पादनमा न्यायिक समितिका पदाधिकारी र कर्मचारीहरूमा विज्ञता र दक्षताको कमी रहेको छ। वडा कार्यालयबाट हुने म्याद तामेलीमा म्याद तामेली सम्बन्धी कार्यविधिको कार्यान्वयन हुन सकेको छैन। संघ र प्रदेशबाट निर्माण गरिएको कानुनसँग तादाम्यता ल्याउनु पर्ने खाँचो रहेको छ। प्रचुर संभावनाका बाबजुद निजी क्षेत्र र गैरसरकारी क्षेत्रसँगको साझेदारीलाई अपेक्षाकृत परिचालन गर्न सकिएको छैन।

तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधि तथा निर्देशिकाको बारेमा निर्वाचित पदाधिकारी, वडा समिति, नगरवासीहरुलाई विशेष गरी विपन्न तथा लक्ष्यित वर्गलाई सुसूचित गराउने, सोको प्रभावकारी कार्यान्वयन गराउन सकिरहेको अवस्था छैन। निर्माण गरिने ऐन नियमहरू सहभागितामूलक ढंगले निर्माण गर्नु, बनेका ऐन नियमहरूको बारेमा नगरवासीहरुलाई

जानकारी तथा प्रवोधीकरण गर्नु र तिनीहरूको प्रभावकारी कार्यान्वयन गर्नु यस उपक्षेत्रका प्रमुख चुनौतीहरू रहेका छन्।

## ८.२.२ संस्थागत तथा मानव संशाधन विकास

### संभावना र अवसर

हाल नगरपालिकाको प्रशासनिक भवन निर्माण कार्यको एक चरण सम्पन्न भएको छ। यसैगरी वडा नं. ४ र ५ वडा वाहेक सबै वडा कार्यालयहरुले आफ्नै नयाँ भवनबाट सेवा प्रवाह गरीरहेका छन्। स्थानीय सरकार सञ्चालन र सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउने प्रयास भैरहेको छ। एकीकृत सेवा सहितको नगरपालिका, ९ वटै वडाको केन्द्रमा आधारभूत सुविधा सहित वडा कार्यालयहरु सञ्चालनमा रहेका छन् भने निजि तथा सरकारी गरी ४४ वटा स्वास्थ्य संस्थाहरुबाट सेवा प्रवाह भैरहेको छ। नगरपालिका तथा वडा कार्यालयमा इन्टरनेट, विषयगत सेवा प्रवाहको लागि न्यूनतम कार्यकक्ष र भौतिक सामग्रीको व्यवस्थापन गरिएको छ।

### समस्या तथा चुनौती

नगर कार्यपालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालय र एकाईहरूमा आवश्यकता र प्रस्तावित दरबन्दी अनुसार प्रशासनिक तथा प्राविधिक कर्मचारीहरूको पदपूर्ति हुन नसक्दा नगरपालिकाले प्रदान गर्नुपर्ने सेवा प्रवाह र कार्यसम्पादनमा कठिनाइ भइरहेको छ। नगरपालिकामा रहेका यस्ता समस्याहरूको निराकरण गर्दै एउटा सक्षम र प्रभावकारी सरकारको रुपमा स्थापित गर्न नगरपालिकालाइ चुनौती रहेको छ।

सेवा प्रवाह र कार्यसम्पादनमा अन्तर सरकार, निजी क्षेत्र, गैसस र समुदायमा आधारित संस्थासँग संयन्त्रको विकास गरी प्रभावकारी समन्वय, सहकार्य र साझेदारी हुन सकेको छैन। उपयुक्त भौतिक सुविधा र लगानीको वातावरण तयार गरी नगरपालिकामा स्थानीय गैसस, व्यवसायी र लगानीकर्तालाई आकर्षित गर्न सकिएको छैन। उद्योग तथा व्यवसाय विकास, पर्यटन पूर्वाधार, सेवा तथा सुविधा विकास र विस्तार, कृषि प्रसार, प्रविधि हस्तान्तरण, व्यवसायिक परामर्श सेवा, पूर्वाधार विकास सम्बन्धी अध्ययन, डिजाइन इष्टिमेट, प्राविधिक सुपरभिजन, सम्पन कार्य प्रगतिको अभिलेखन र प्रकाशन जस्ता व्यवसायिक कार्यहरुमा निजी, गैसस र विकास साझेदार लगायतका सेवा प्रदायक संस्था र निकायबाट सम्पादन गर्ने कार्यको व्यवस्थापन गर्न सकिएको छैन। प्रचुर संभावनाका बाबजुद निजी क्षेत्र र गैर सरकारी क्षेत्रसँगको साझेदारीलाई अपेक्षाकृत परिचालन गर्न सकिएको छैन।

### ८.२.३ स्थानीय वित्त तथा स्रोत परिचालन

#### संभावना र अवसर

बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रिया टोल तथा बस्तीबाटै शुरु गरी सहभागितामूलक योजना प्रक्रियाको अभ्यास भैरहेको छ। नगरपालिकाको मुख्य लगानीको क्षेत्रको रुपमा स्थास्थ्य, शिक्षा, कृषि र यातायात क्षेत्रमा आवश्यक स्रोत परिचालन गरी प्राथमिकताक्रम अनुसार व्यवस्थित रुपमा सञ्चालन गर्न ऐन, नियम, कार्यविधि तथा सडकको मापदण्ड निर्धारण गरिएको छ। नगरपालिकामा सञ्चालित स्थानीय सञ्चित कोष र अन्य स्रोतबाट सञ्चालित आयोजना तथा कार्यक्रमको प्रगति तथा गुणस्तर कायम गर्न स्थलगत अनुगमन तथा प्रगति विवरण समीक्षा कार्यलाई नियमित गरिएको छ।

उर्लाबारी नगरपालिकामा कृषि, उद्योग व्यवसाय तथा धार्मिक तथा पर्या-पर्यटन विकासको प्रवल सम्भावना रहेको छ भने नगरपालिकामा प्राकृतिक श्रोत तथा जैविक विविधता जस्ता वातावरणीय सेवाका अवसरहरु उपलव्ध रहेका छन्। संवैधानिक अधिकार सहितको संघीय शासन व्यवस्थामा आधारित स्थानीय सरकारबाट नागरिकहरुमा शासन प्रक्रियामा नागरिकको पहुँच वृद्धि भएको छ। नगरपालिकामा योजना तर्जुमा र विकास गतिविधिको कार्यान्वयन, अनुगमन तथा नतिजा मापन प्रणालीमा समावेशी, सहभागितामूलक, परामर्श तथा सहकार्यमा आधारित पद्धतिहरुको विकास तथा अनुसरण हुँदै गएको छ। नगरपालिकाको स्रोतसाधन, सेवा प्रवाह र कार्यसम्पादन स्तरमा स्थानीय समुदायको चासो र निगरानीमा वृद्धि हुँदै गएको छ। नगरपालिकाको वित्तीय स्रोत बढ्दै गएको र संस्थागत सबलीकरण र क्षमता विकासमा नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरुको सहयोग पनि क्रमशः बढ्दै गएको भएता पनि आर्थिक वर्ष २०८०/०८१ मा संघीय सरकारबाट प्राप्त हुने अनुदान रकममा कटौती भएका कारण विकास आयोजना तथा कार्यक्रम सम्पन्न गर्न कठिनाइ भएको छ। साथै विकास साझेदार, अन्तरराष्ट्रिय र राष्ट्रिय संघ संस्था तथा निजी क्षेत्रको लगानीको लागि समेत अनुकुल रहेको यस नगरपालिकामा हाल विश्व बैंकको सहयोगमा परियोजनाहरु संचालन भइरहेको छ।

#### समस्या र चुनौती

स्थानीय तहको राजस्व अधिकार क्षेत्रका विषयमा राजस्वको संभाव्यता विश्लेषण तथा राजस्व प्रशासन सम्बन्धी ज्ञान, सीप, दक्षता र प्रणालीको कमी रहेको छ। राजस्व श्रोत परिचालन सम्बन्धी ऐन, कार्यविधि र कार्यप्रणालीमा कमी हुँदा आन्तरिक आय सम्बन्धी क्षेत्र पहिचान, संभाव्यता विश्लेषण, दर निर्धारण, अनुमान तथा प्रक्षेपण गर्न र सो अनुसार करदाता शिक्षा,

असुली र अभिलेख व्यवस्थित हुन सकेको छैन। जसको कारण नगरपालिकाको विकास उपलव्धिका मुख्य रुपमा संघीय र प्रदेश सरकारको अनुदानमा भर पर्नु पर्ने अवस्था रहेको छ। राजस्व सुधार कार्ययोजना निर्माण भएको भएता पनि प्रभावकारी रुपले कार्यान्वयन भएको छैन।

### ८.२.४ योजना व्यवस्थापन

#### संभावना र अवसर

नगरपालिकाको भौगोलिक विविधता र सो अनुसारको आवश्यकता तथा प्राथमिकताको आधारमा विषयगत नीति तथा कानूनी व्यवस्था कार्यान्वयन गर्न, भू-उपयोग योजना तर्जुमाको क्रममा रहेको छ। वार्षिक बजेट तथा कार्यक्रमको तर्जुमा टोल एवं वस्तीबाटै सुरु गरी समावेशी र सहभागितामूलक योजना प्रक्रियाको अभ्यास भइरहेको छ। नगरपालिकाको मुख्य लगानीको क्षेत्रको रुपमा स्वास्थ्य, शिक्षा, यातायात, कृषि र पछिलो अवस्थामा धार्मिक तथा पर्या-पर्यटन क्षेत्रमा आवश्यक स्रोत परिचालन गरी प्राथमिकताक्रम अनुसार व्यवस्थित रुपमा सञ्चालन गर्न ऐन, नियम, कार्यविधि तथा मापदण्ड निर्माण गरिएका छन्। नगरपालिकामा आन्तरिक तथा बाह्य स्रोतबाट सञ्चालित आयोजना तथा कार्यक्रमको प्रगति तथा गुणस्तर कायम गर्न स्थलगत अनुगमन तथा प्रगति समीक्षा कार्यलाई नियमित गरिएको छ।

कृषि, व्यवसाय र धार्मिक तथा पर्या-पर्यटन उद्यमको सम्भावना बोकेको स्थानको रुपमा रहेको यस नगरपालिकामा प्राकृतिक स्रोत तथा जैविक विविधता जस्ता वातावरणीय सेवाका अवसरहरू उपलब्ध रहेका छन्। संवैधानिक अधिकार सहितको संघीय शासन व्यवस्थामा स्थानीय सरकारबाट नागरिकहरूमा सेवा सुविधाको पहुँचमा वृद्धि भएको छ। नगरपालिकामा योजना तर्जुमा र विकास गतिविधिको कार्यान्वयन, अनुगमन तथा नतिजा मापन प्रणालीमा समावेशी, सहभागितामूलक र परामर्शमा आधारित पद्धतिहरूको विकास तथा अनुशरण हुँदै आएको छ। नगरपालिकाको स्रोत-साधन, सेवा प्रवाह र कार्यसम्पादन स्तरमा स्थानीय समुदायको चासो र निगरानीमा वृद्धि हुँदै गएको छ। नगरपालिकाको वित्तीय स्रोत बढ्दै गएको र संस्थागत सबलीकरण र क्षमता विकासमा नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरूको सहयोगमा पनि क्रमशः बढ्दै गएको छ।

#### समस्या तथा चुनौती

विषय क्षेत्रगत रुपमा हुने बजेट विनियोजन सन्तुलित नभई पूर्वाधार क्षेत्रमा अधिक हुने गरेको र रोजगारी, उत्पादनमूलक तथा आयमूलक आयोजना र कार्यक्रममा लगानी अपेक्षाकृत कम

हुने गरेको छ। नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति सहित आवधिक योजना, विकासको अग्रणी क्षेत्रहरू पर्यटन विकास, वस्ती विकास, उद्यम विकास तथा कृषि आदिको गुरुयोजना तर्जुमा नहुँदा विकास गतिविधि नतिजामुखी हुन सकेको छैन। प्राथमिकताका आधार र प्रक्रियाको निर्धारण, आयोजना बैङ्क र मध्यमकालीन खर्च संरचना तयार नहुँदा आयोजना तथा कार्यक्रम छनौट र बजेट विनियोजनमा व्यवस्थित पद्धति रहेको छैन। फलस्वरुप आयोजना तथा कार्यक्रममा गुणस्तर कायम गरी उपलब्धिमूलक बनाउन कठिन भएको छ। नगरपालिकासँग समन्वय र सहकार्य गर्ने गैरसरकारी संस्था, सहकारी र समुदायबाट विकास कार्यमा खर्च गरिएको रकमलाई नगरपालिकाको वार्षिक प्रगति समीक्षामा समावेश नगर्ने परिपाटी रहेको छ र यसलाई सुधार्नु आवश्यक छ।

व्यवस्थित तथ्याङ्क प्रणालीको व्यवस्था गर्नु, योजना प्रणालीलाई संस्थागत गर्नु, प्राथामिकताका आधारमा योजना छनोट गर्नु, विकास योजनामा दोहोरोपन हटाउनु, नगरपालिकाका रणनीतिक तथा प्रथमिकताप्राप्त आयोजनामा स्रोतको सुनिश्चितता कायम गर्नु, नगरपालिकाको आवधिक योजना, प्रादेशिक योजना, सङ्घीय योजना तथा दिगो विकासका लक्ष्यप्रति तादात्म्यता ल्याउनु, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्नु प्रमुख चुनौती रहेका छन्।

## ८.३ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस नगरपालिकाको नीति, कानुन तथा सुशासन, संगठन तथा क्षमता विकास, स्रोत परिचालन र विकास व्यवस्थापन लगायत स्थानीय सुशासन तथा संस्थागत विकास क्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र प्रमुख कार्यक्रम, अपेक्षित उपलब्धि तथा नतिजा खाकालाई देहायअनुसार प्रस्तुत गरिएको छ :

### ८.३.१ सोच

नगरपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रको सोच देहायअनुसार रहेको छ :

सक्षम, जनमुखी, पारदर्शी र जवाफदेही स्थानीय सरकारको स्थापना

### ८.३.२ लक्ष्य

नगरपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छ :

नगरपालिकाबाट हुने सेवा प्रवाह तथा विकास निर्माणका उपलब्धीहरुलाई सर्वशुलव, सहज, समावेशी, प्रभावकारी र जवाफदेही बनाउने

### ८.३.३ उद्देश्य

नगरपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रका उद्देश्यहरु देहाय अनुसार रहेका छन् :

- स्थानीय शासन तथा विकास न इर्मान सम्बन्धि नीति र कार्य सञ्चालन प्रणालीलाई सरल, सुलाव, स्पष्ट र पारदर्शी बनाउनु,
- स्थानीय सेवाको संगठन तथा व्यवस्थापन क्षमता र मानव संशाधनको कार्य दक्षतामा अभिवृद्धि गर्नु,
- आन्तरिक र वाह्य श्रोत परिचालन तथा राजस्व प्रणाली सुदृढ बनाउनु,
- योजना तथा विकास प्रणालीलाइ सूचना प्रविधिमा आधारित, समावेशी तथा नतिजामूलक बनाउनु।

### ८.३.४ विषयगत रणनीति तथा कार्यनीति

संस्थागत विकास तथा सुशासन क्षेत्रका लक्ष्य तथा उद्देश्यहरु हासिल गर्न अपनाइने रणनीति र नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालनका देहाय अनुसारका कार्यनीति अवलम्वन गरिनेछ :

**तालिका २७ : सुशासन तथा संस्थागत विकास क्षेत्रका रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: स्थानीय शासन तथा विकास न इर्मान सम्बन्धि नीति र कार्य सञ्चालन प्रणालीलाई सरल, सुलाव, स्पष्ट र पारदर्शी बनाउनु** | |
| १.१ स्थानीय शासन तथा नीति, कानुन, निर्णय, कार्यसम्पादन र सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने | १.१.१ स्थानीय तहको अधिकार क्षेत्रका विषयमा नीति, ऐन, नियम, कार्यविधि तथा मापदण्ड निर्माण र प्रवोधीकरण गरी नियम पालनालाइ प्रवाभकारी बनाइने छ।<br>१.१.२ नगरपालिकाबाट प्रवाह गरिने सेवा तथा कार्य सम्पादनलाई जनउत्तरदायी र पारदर्शी बनाउन कार्यपालिका र वडा कार्यालयहरुमा क्षतिपूर्ति सहितको नागरिक वडापत्र, गुनासो सुनुवाई संयन्त्र, हेल्पडेक्स, नागरिक भेला र पृष्ठपोषण संयन्त्रको स्थापना गरिनेछ।<br>१.१.३ सुशासन तथा सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउन स्वीकृत नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डको पालना गरिनेछ।<br>१.१.४ सदाचार नीतिको प्रवर्धन गर्न आचार संहिताको कार्यान्वयनलाइ |

| | |
|---|---|
| | प्रवाभकारी बनाइने र भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अबलम्बन गरिनेछ।<br>१.१.५ स्थानीय सरकारको जवाफदेहिता सम्बन्धी एकीकृत संयन्त्रको विकास गरी नियमित अभ्यास गरिनेछ। |
| १.२ नगरपालिकाको नीति,<br>कानुन तथा निर्णय प्रक्रियामा लक्षित समुदाय र आम नागरिकको अपनत्व<br>वृद्धि गर्ने | १.२.१ नगरपालिकाको नीति, ऐन, नियम, कार्यविधि र मापदण्डबारे पदाधिकारी तथा कर्मचारीको क्षमता विकास गरिनेछ।<br>१.२.२ गैसस, टोल विकास संस्था तथा अन्य समुदायमा आाधारित संस्था मार्फत नागरिक शिक्षा सञ्चालन गरी स्थानीय नीति, कानुन, नियम, मापदण्ड, कार्यविधि, सेवा र सुविधाबारे प्रवोधीकरण गरिनेछ।<br>१.२.३ नगरपालिकाको नीति, निर्णय, सेवा प्रवाह र कार्यसम्पादनबारे सेवाग्राहीसँग मतसर्वेक्षण तथा सरोकारवालासँग अन्तरक्रिया गरी नागरिक एवं सरोकारवालाको पृष्ठपोषण र सुझाव प्राप्त गरिनेछ।<br>१.२.४ वडा तथा नगरपालिकास्तरबाट सेवा प्रवाहका लागि मापदण्ड तथा मान्यताको विकास गरी कार्यान्वयन गरिनेछ। |
| **उद्देश्य २ः स्थानीय सेवाको संगठन तथा व्यवस्थापन क्षमता र मानव संशाधनको कार्य दक्षतामा अभिवृद्धि गर्नु** | |
| २.१ स्थानीय सेवा प्रवाहलाई<br>सरल, सहज, सूचना प्रविधिमा आधारित र सेवाग्राहीमैत्री बनाउने | २.१.१ सेवा प्रवाहको सहजता र सुविधाको लागि सरोकारवालाको समन्वयमा कम्तीमा बर्षमा १ पटक घुम्ति सेवा शिविरको सञ्चालन गरिनेछ।<br>२.१.२ विकास निर्माण, कृषि तथा पशुपालन, उद्योग तथा व्यवसाय, पर्यटन, खानेपानी तथा सरसफाई क्षेत्रमा सेवा केन्द्र तथा इकाई स्थापना गरी सेवा सञ्चालन गरिनेछ।<br>२.१.३ सार्वजनिक भवन तथा अन्य संरचना निर्माण गर्दा बाल, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक मैत्री र महिलामैत्री हुनेगरी निर्माण गरिनेछ।<br>२.१.४ नगरपालिकाको संस्थागत तथा वित्तीय क्षमता अनुरुप महामारी र विपद् पश्चात राहत तथा सुविधा उपलव्ध गराउने र नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त सहयोग वितरण एवं व्यवस्थापनमा सहजीकरण गरिनेछ।<br>२.१.५ सूचनाको हक सम्बन्धी ऐनकोबारेमा नगरवासीलाई सुसूचित गरिनेछ। |

| | |
|---|---|
| | २.१.६ कार्यपालिका तथा वडा कार्यालयहरुमा एकीकृत सेवा प्रवाह सहितको सुविधा सम्पन्न कक्ष निर्माण गरी कार्यालयको भौतिक क्षमता अभिवृद्धि गरिनेछ।<br>२.१.७ एकीकृत सेवा सञ्चालनको लागि सूचना प्रविधिसहितको भौतिक सुविधा र विषयगत क्षेत्रका कर्मचारीहरुको समेत व्यवस्थापन गरी वडा कार्यालयलाई सेवा केन्द्रको रुपमा विकास तथा सुदृढ गरिनेछ।<br>२.१.८ सेवा प्रवाह, विकास निर्माण र प्रशासनिक कार्यमा सूचना प्रविधिको प्रयोगमा क्रमशः अभिवृद्धि गरिनेछ। |
| २.२ नगर कार्यपालिका तथा वडा कार्यालयको संगठन क्षमता सुदृढीकरण गर्ने | २.२.१ कार्यविभाजन र कार्यसम्पादन नियमावलीको आधार र संगठन व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसार संगठन संरचना, दरबन्दी र कार्य विवरणको व्यवस्था कार्यान्वयन गर्ने व्यवस्थालाई प्रवाभकारी बनाइने छ।<br>२.२.२ संगठन तथा क्षमता विकास रणनीति सहित नगरपालिकाको विस्तृत क्षमता विकास योजना र कार्यहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ।<br>२.२.३ नगरपालिकामा कार्यरत कर्मचारीहरुमा विषयगत दक्षता, कार्यकुशलता, जवाफदेहिता र उच्च मनोवलको विकास गरिनेछ।<br>२.२.४ सेवा प्रवाह र व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधि र विद्युतीय सञ्चार माध्यमको प्रयोग क्रमशः वृद्धि गरिनेछ।<br>२.२.५ कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनलाई वैज्ञानिक तथा नतिजामा आधारित, सेवामुखी र जवाफदेही बनाइनेछ साथै उत्कृष्ट सेवा प्रवाह गर्ने राष्ट्रसेवक कर्मचारीलाई पुरस्कारको व्यवस्था गरिनेछ। |
| २.३ कार्यविधि निर्माण गरी सेवा प्रवाह तथा कार्य सम्पादनलाई व्यवस्थित गर्ने | २.३.१ स्थानीय तहको अधिकार क्षेत्रका विषयमा प्रचलित कानुन र कार्यविभाजन तथा कार्यसम्पादन नियमावली अनुसार सरल र स्पष्ट कार्यविधि निर्माण गरी कार्य सम्पादन र सेवा प्रवाह सुचारु गरिनेछ।<br>२.३.२ नियमित कार्यक्रममा समावेश गरी स्वीकृत नीति, ऐन, नियम कार्यविधि बारेमा जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज तथा सेवाग्राहीलाई अभिुखीकरण गरिनेछ।<br>२.३.३ एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, भूमिहिन, विस्थापित तथा विपन्नहरुको संस्था तथा सञ्जाल निर्माण र क्षमता विकास गरी सेवा प्रवाह प्रक्रियामा परिचालन गरिनेछ। |

| | |
|---|---|
| | २.३.४ स्थानीय तहको संस्थागत स्वमूल्याङ्कन, वित्तिय सुशासन जोखिम न्यूनीकरण र लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्ययोजना तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।<br>२.३.५ प्रमुखले प्रमुख प्रशासकीय अधिकृत र प्रमुख प्रशासकीय अधिकृतले अन्य कर्मचारीसँग कार्य सम्पादन सम्झौता गर्नु पर्ने प्रणालीलाई नतिजामा आधारित बनाइनेछ र उत्कृष्ट काम गर्ने कर्मचारीलाई सम्मान र प्रोत्साहन गरिनेछ। |
| **उद्देश्य ३: आन्तरिक र वाह्य श्रोत परिचालन तथा राजस्व प्रणाली सुदृढ बनाउनु** | |
| ३.१ आन्तरिक राजस्व वृद्धिमा जोड दिने | ३.१.१ आन्तरिक राजस्व व्यवस्थापन सम्बन्धी एकीकृत ऐन र कार्यविधि तयार गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।<br>३.१.२ नियमित बैठक, तालिम तथा क्षमता विकास गरी राजस्व परामर्श समितिको क्रियाशिलतामा अझ वृद्धि गरिनेछ।<br>३.१.३ आन्तरिक र वाह्य स्रोत परिचालनका लागि छिमेकी स्थानीय तह, प्रदेश तथा संघीय सरकारका निकायसँग नियमित बैठक, छलफल र समन्वय गरिनेछ।<br>३.१.४ वैज्ञानिक आधार र प्रमाणमा आधारित भई राजस्व स्रोतको संभाव्यता अध्ययन, विश्लेषण र प्रक्षेपणको व्यवस्था गरिनेछ।<br>३.१.५ स्थानीय तहको पाठ्यक्रममा कर, शुल्क र दस्तुर सम्बन्धी विषय समावेश गरी पठनपाठन शुरुवात गरिनेछ।<br>३.१.६ राजस्व प्रशासनबारे जनप्रतिनिधि, कर्मचारी र करदाताको क्षमता विकास गरिनेछ। |
| ३.२ राजस्वको स्रोत, आधार, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित गरी व्यवस्थित गर्ने | ३.२.१ सूचना प्रविधिमा आधारित भई आन्तरिक आयको संकलन, दाखिला तथा अभिलेखनलाई नियमित र व्यवस्थित गरिनेछ।<br>३.२.२ राजस्व सम्बन्धी आधार सूचना, अभिलेख, राजश्व संकलन, प्रशासन र खर्च व्यवस्थापनमा समसामयिक सुधार गरिनेछ।<br>३.२.३ नगरवासीलाई सम्बन्धित वडा कार्यालयबाट नै सम्पूर्ण कर, शुल्क र दस्तुरबुझाउन कम्प्युटर सफ्टवेयर तथा आवश्यक कर्मचारीको व्यवस्था प्रवाभकारी बनाइने छ।<br>३.२.४ सूचना प्रविधिको उपयोग गरी नगरपालिकाको बजेट तर्जुमा, आम्दानी र |

| | |
|---|---|
| | खर्चको रेखाङकन, अभिलेख तथा प्रतिवेदन प्रणालीको विकास गरी वित्तीय अनुशासन कायम गरिनेछ।<br>३.२.५ विपदका कारण उत्पादन, उद्यम व्यवसाय, रोजगारी र आयमा परेको नकारात्मक असरलाई मध्यनजर गर्दै आर्थिक ऐनमा व्यवस्था गरी सहुलियतको व्यवस्था गरिनेछ।<br>३.२.६ राजस्व शाखामा थप कर्मचारी, भौतिक सुविधा र राजस्व सम्बन्धी ऐन, नियम, कार्यविधि तथा सफ्टवेयरको व्यवस्था गरी राजस्व परिचालनलाई थप व्यवस्थित गरिनेछ।<br>३.२.७ राजस्व शाखालाई थप व्यवस्थित र क्रियाशील बनाउन शाखामा कर्मचारीको व्यवस्था सीप तथा दक्षता अभिवृद्धि गरिनेछ।<br>३.२.८ स्थानीय राजस्व प्रशासनलाई सहज, व्यवस्थित र पारदर्शी बनाउन सूचना प्रविधिमा आधारित राजस्व व्यवस्थापन प्रणाली लागू गरिनेछ। |
| ३.३ सरकारी तथा सार्वजनिक सम्पत्तीको पहिचान तथा अभिलेख तयार गरी संरक्षण र उपयोग गर्ने | ३.३.१ स्वामित्वमा रहेको, अन्य सरकारी र सार्वजनिक सम्पत्ती (जग्गा, भवन तथा अन्य भौतिक संरचना) अभिलेख तयार गरी संरक्षण र सार्वजनिक हित तथा आयस्रोतको लागि नियम अनुसार व्यवस्थापन गरिनेछ।<br>३.३.२ नगरपालिकाको सम्पत्तीको भाडा लगाउने तथा नष्ट भएर जाने संरचना तथा भौतिक सामग्रीको लिलामको व्यवस्था गरिनेछ। प्राकृतिक स्रोत साधन, धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्वका सम्पदाहरुको पहिचान, सर्वेक्षण, नक्शाङ्कन र अभिलेखीकरण विवरण अद्यावधिक गरिनेछ। |
| ३.४ स्रोत परिचालनका लागि गैसस, निजी क्षेत्र, समुदाय, विकास साझेदार, प्रद्रेश र संघीय सरकारका निकायहरुसँग साझेदारी विकास गर्ने | ३.४.१ निजी क्षेत्र, समुदायमा आधारित संस्था, गैसस, विकास साझेदार, प्रदेश तथा संघीय सरकारका निकायसँग समन्वय र साझेदारी गरी स्रोत परिचालनमा अभिबृद्धि गरिनेछ।<br>३.४.२ स्रोत परिचालनका लागि गैसस, विकास साझेदार, प्रदेश र संघीय संरकारका निकायसँग नियमित वैठक, छलफल र समन्वय गरिनेछ।<br>३.४.३ निजी क्षेत्रलाई कर परामर्श सेवा केन्द्र सञ्चालन गर्न प्रोत्साहन गरिनेछ। |
| **उद्देश्य ४ः योजना तथा विकास प्रणालीलाई सूचना प्रविधिमैत्री, समावेशी र नतिजामूलक बनाउनु** | |
| ४.१ योजना व्यवस्थापन प्रक्रियालाई सरल, सूचना | ४.१.२ कार्यविधि तयार गरी विस्तृत संभाव्यता अध्ययन भएका वा डिपिआर तयार भएका आयोजनामा मात्र बजेट विनियोजनको व्यवस्था गरिनेछ। |

| | |
|---|---|
| प्रविधि तथा नागरिकमैत्री र पारदर्शी बनाउने | ४.१.२ पूर्वाधार निर्माण गर्दा अपाङ्गता तथा बालमैत्री अवधारणा लागू गरिनेछ।<br>४.१.३ आयोजना तथा कार्यक्रमको अनुगमन, सार्वजनिक सुनुवाई तथा समग्र कार्यक्रमको सामाजिक आर्थिक उपलब्धीको लेखाजोखा समेतको सामाजिक परीक्षण लगायत सामाजिक उत्तरदायित्व संयन्त्रलाई नियमित र प्रभावकारी बनाइनेछ।<br>४.१.४ आयोजना वैंक सम्बन्धी कार्यविधि तयार गरी आवधिक योजना तथा विषय क्षेत्रगत गुरुयोजनाको आधारमा नगरपालिकामा आयोजना वैंक तयार गरिनेछ। |
| ४.२ योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सूचनामा आधारित, सहभागितामूलक र नतिजामूलक बनाउने | ४.२.१ योजना तर्जुमा तथा सञ्चालन गर्दा स्थानीय समुदायको सहभागिता अभिवृद्धि गरिनेछ।<br>४.२.२ आयोजना कार्यान्वयनलाई व्यवस्थित, गुणात्मक र परिणाममुखी बनाइनेछ।<br>४.२.३ आवधिक योजना र मध्यमकालीन खर्च संरचना अनुसार नतिजामूलक ढाँचामा बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ।<br>४.२.४ रु. ५० लाख भन्दा माथिको लागतका आयोजनाहरुको स्वतन्त्र प्राविधिक परीक्षकद्धारा प्रभाव मूल्याङ्कन गरिनेछ।<br>४.२.५ स्वीकृत अनुगमन तथा मूल्याङ्कन कार्यविधि अनुसार नीति, योजना तथा कार्यक्रमका नियमित, बार्षिक, मध्यावधी एवं आवधिक रुपमा प्रक्रिया तथा नतिजा अनुगमन एवं चौमासिक र बार्षिक समीक्षा तथा प्रमुख आयोजनाको प्रभाव मूल्याङ्कन गरिनेछ। |
| ४.३ गैसस, निजी क्षेत्र, समुदायमा आधारित संस्थासँग समन्वय र साझेदारीमा अभिवृद्धि गर्ने | ४.३.१ गैसस तथा समुदायमा आधारित संस्था समन्वय र परिचालन कार्यविधि तयार गरी नियमित वैठक तथा अन्तरक्रिया सञ्चालन गरिनेछ।<br>४.३.२ गैसस, समुदाय, विकास साझेदार, निजी क्षेत्र, प्रद्रेश र संघीय सरकारका निकायसँग समन्वय वैठक तथा साझेदारीका क्षेत्रबारे अन्तरक्रिया गरिनेछ।<br>४.३.३ टोल विकास संस्थामार्फत सामाजिक परिचालनलाई प्रभावकारी बनाइनेछ।<br>४.३.४ सेवा निवृत्त शिक्षक, प्राध्यापक, सैनिक, प्रहरी र राष्ट्रसेवक कर्मचारीहरुको अनुभव, ज्ञान, सीप र दक्षतालाई विकासको प्रक्रियामा परिचालन गरिनेछ। |

## ८.४ अपेक्षित उपलव्धि तथा नतिजा खाका

संविधानको एकल तथा साझा अधिकार सूचिका विषयमा स्वीकृत नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड, प्रवोधीकरण, कार्यान्वयनको अवस्था अध्ययन तथा विश्लेषण गरी आवश्यकता अनुसार परिमार्जन भएको हुनेछ। अधिकार क्षेत्रका अन्य विषयमा नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड तर्जुमा, प्रकाशन र नागरिक शिक्षा तथा सचेतना कार्यक्रम मार्फत प्रवोधीकरण गरी नगरबासीलाई जानकारी प्रदान गरिनेछ। स्वीकृत नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड परिपालनाको अवस्थामा अभिवृद्धि भएको हुनेछ। नगरपालिकाको विकास नीति, कार्यक्रम, कार्यसम्पादन र उपलव्धिबारे नागरिक बहस लगायत सामाजिक जवाफदेहिता अभिवृद्धि मार्फत नागरिकको पृष्ठपोषण प्राप्त विषय र तत् सम्बन्धी नीति, कानुन तथा कार्यविधि परिमार्जन हुनेछ। निर्वाचित पदाधिकारीको लागि सदाचार नीति तर्जुमा गरी सुशासन समिति मार्फत अनुगमन अभिवृद्धि भएको हुनेछ। सम्बन्धित क्षेत्रका विज्ञहरूसँग समन्वय र सहकार्य मार्फत विकास नीति, योजना, कार्यक्रम तथा सेवा प्रवाहको उपलव्धी बारे अध्ययन तथा सर्वेक्षण भएको हुनेछ।

संगठन तथा व्यवस्थापन सर्वेक्षण भई संगठन संरचना, कर्मचारीको दरबन्दी, कार्यविवरण तयार हुने र सो अनुसार कर्मचारीको पदपूर्ति, संगठन सुदृढीरण र क्षमता विकासका कार्यहरु सञ्चालन हुनेछन्। योजना तथा बजेट तर्जुमा, कार्यान्वयन, खरिद व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन, गुणस्तर नियन्त्रण तथा नतिजा मापन, उपभोक्ता समितिको क्षमता विकास र योजना, विषयगत क्षेत्रमा निर्वाचित पदाधिकारी, कर्मचारी, नागरिक समाजको क्षमता विकास भएको हुनेछ। विषय क्षेत्रगत एकीकृत सेवा समेत नगर कार्यपालिका कार्यालय, वडा कार्यालय र सेवा केन्द्र भवन निर्माण र भौतिक व्यवस्था, औजार उपकरण र सूचना प्रविधि उपलव्ध भएको हुनेछ। नगरपालिकाका प्रमुख वस्तीहरुमा टोल विकास संस्थाहरु गठन तथा परिचालन मार्फत विकास निर्माण र सेवा प्रवाह समुदाय परिचालन, नागरिक सहभागिता र निगरानी अभिवृद्धि भएको हुनेछ। समुदाय परिचालन, विकास निर्माण, सेवा प्रवाह, क्षमता विकास प्रक्रियामा गैर सरकारी संस्था, समुदायमा आधारित संस्था तथा सहकारीको सहभागिता, क्रियाशीलता तथा योगदानमा वृद्धि हुनेछ।

संविधान तथा प्रचलित कानुन बमोजिम नगरबासी, उद्यमी व्यवसायी, निजी क्षेत्र तथा सरोकारवालासँग रायपरामर्श गरी कर, गैर कर राजस्व परिचालन, राजस्व बाँडफाँट, अनुदान, जनसहभागिता र आन्तरिक ऋण मार्फत नगरपालिकाको विकास प्राथमिकताको क्षेत्रमा लगानी

वृद्धि हुनेछ। नगरपालिकाको समग्र आय बजेटमा आन्तरिक आयको योगदान उल्लेख्य मात्रामा वृद्धि भएको हुनेछ। नगरपालिकाको कूल स्रोतमा समुदाय, निजीक्षेत्र, सहकारी तथा समुदायमा आधारित संस्था र गैससको योगदान बढावा दिइनेछ। स्थानीय आवश्यकता, माग र प्राथमिकता एवं चालु आयोजना सञ्चालनको अवस्था अध्ययनका आधारमा नगरपालिकामा आयोजना बैंक स्थापना भई आयोजना छनौट र कार्यान्वयन उपलव्धिमूलक, लागत प्रभावकारी, गुणस्तरीय र निर्धारण समयभित्र सम्पन भएका हुनेछन्। दीर्घकालीन तथा आवधिक योजनाको आधारमा यातायात, पर्यटन, कृषि तथा उद्यम विकास आदि नगरपालिकाको समष्टिगत विकासका अग्रणी विषय क्षेत्रमा रणनीतिक तथा गुरुयोजना तर्जुमा भई सो अनुसार बार्षिक नीति तथा कार्यक्रम तर्जुमा भई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अनुसार योजनाको प्रगति तथा उपलव्धिको मापन प्रणाली संस्थागत हुनेछ। स्थानीय सुशासन तथा संस्थागत विषयत क्षेत्रको नतिजा खाका तालिकामा प्रस्तुत गरिएको छ।

## तालिका २८ : संस्थागत तथा सुशासन क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| अपेक्षित उपलब्धी तथा नतिजा खाँकानतिजा तह | नतिजा सूचक | एकाई | आधार वर्ष २०७८/०७९ | योजना अवधिको लक्ष्य | | | | पुष्ट्याईंका आधारहरू | पूर्वानुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | | |
| **प्रभावः** सेवा प्रवाह तथा विकास उपलब्धि समावेशी, सहज, प्रभावकारी र जवाफदेही भएको हुने | नगरपालिकाको नीति, कानुन, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ९० | ९० | ९० | ९५ | १०० | -नगरपालिकाको प्रतिवेदन | सेवा प्रवाहमा सुधार हुनुपर्ने |
| | क्षमता विकास कार्यक्रमबाट लाभन्वित पदाधिकारी, कर्मचारी, नागरिक समाज र विपन्न पिछडिएको वर्ग | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | | |
| | प्रतिव्यक्ति वार्षिक बजेट लगानी | रु.हजार | १५९२५ | १५९२५ | १५९२५ | १७००० | १८००० | | |
| | आन्तरिक आयको औषत वृद्धिदर | प्रतिशत | १० | १० | १० | १२ | १५ | | |
| | योजना तर्जुमा क्यालेण्डर पालना | प्रतिशत | ९० | ९० | ९० | ९५ | १०० | | |
| **असर १** | कार्यान्वयन रहेका नीति, ऐन | संख्या | १०८ | १०८ | १०८ | ११२ | ११५ | -नगरपालिकाको | कार्य सञ्चालन |

| अपेक्षित उपलब्धी तथा नतिजा खाँकानतिजा तह | नतिजा सूचक | एकाई | आधार वर्ष २०७८/०७९ | योजना अवधिको लक्ष्य | | | | पुष्ट्याईंका आधारहरू | पूर्वानुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | | |
| स्थानीय शासन तथा विकास नीति एवं कार्य सञ्चालन प्रणाली सरल, स्पष्ट र पारदर्शी भएको हुने | नियम, कार्यविधि र मापदण्ड | | | | | | | प्रतिवेदन | प्रणाली सरल, स्पष्ट र पारदर्शी भएको हुनुपर्ने |
| | नीति, कानुन र कार्यविधिको परिपालनाको अनुपात | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | | |
| | कूल गुनासो मध्ये सुनुवाई भएका गुनासोको अनुपात | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | | |
| | अभ्यासमा रहेका सामाजिक जवाफदेहिताका औजारका प्रकार | प्रकार | ४ | ४ | ४ | ५ | ५ | | |
| **असर २**<br>स्थानीय सेवाको संगठन तथा व्यवस्थापन क्षमता, मानव संशाधन, कार्य दक्षतामा अभिवृद्धि भएको हुने | सुचारु विषयगत सेवा सुबिधाको प्रकार (स्वास्थ्य, शिक्षा, कृषि, पशु सेवा, पूर्वाधार, महिला र बालबालिका, वातावरण, विपद् सरसफाई आदी) | संख्या | १६ | १६ | १७ | १८ | २० | -नगरपालिकाको प्रतिवेदन | संगठन तथा व्यवस्थापन क्षमता, मानव संशाधन, कार्य दक्षतामा अभिवृद्धि भएको हुनुपर्ने |
| | कार्यपालिका, वडा कार्यालय र विषयगत शाखाको आफ्नो | संख्या | ७ | ७ | ७ | ९ | ९ | | |

| अपेक्षित उपलब्धी तथा नतिजा खाँकानतिजा तह | नतिजा सूचक | एकाई | आधार वर्ष २०७८/०७९ | योजना अवधिको लक्ष्य | | | | पुष्ट्याईंका आधारहरू | पूर्वानुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | | |
| | भवन | | | | | | | | |
| | क्षमता विकास कार्यक्रमबाट लाभान्वित पदाधिकारी, कर्मचारी र नागरिक समाज (वार्षिक) | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | | |
| **असर ३** आन्तरिक र वाह्य श्रोत परिचालन तथा राजस्व प्रणाली सुदृढ बनाउनु, | राजस्व शाखामा कार्यरत कर्मचारी | संख्या | २ | २ | २ | ३ | ३ | -वार्षिक प्रतिवेदन | राजस्व सुधारको कार्यान्यवन प्रभावकारी हुनुपर्ने र LISA तथा FRA को प्राप्तअंक उच्च हुनुपर्ने |
| | कुल राजस्वमा आन्तरिक आयको अनुपात | प्रतिशत | २६ | २६ | २६ | ३० | ३० | | |
| | वार्षिक वास्तविक खर्च रकम | प्रतिशत | ९८ | ९८ | ९८ | ९९ | १०० | | |
| | लक्षित वर्गको लगानीको अंश | प्रतिशत | ० | ० | ० | ०.१ | ०.२ | | |
| **असर ४** योजना तथा विकास प्रणाली सूचना प्रविधिमा आधारित, | सूचारु तथ्याङ्क तथा सूचना व्यवस्थापन प्रणाली | संख्या | ८ | ८ | ८ | १० | ११ | -वार्षिक प्रतिवेदन | योजना तथा विकास प्रणाली सूचना प्रविधिमा |
| | आयोजना वैकमा सूचीकृत | संख्या | ० | ० | ० | १५ | १५ | | |

| अपेक्षित उपलब्धी तथा नतिजा खाँकानतिजा तह | नतिजा सूचक | एकाई | आधार वर्ष २०७८ /०७९ | योजना अवधिको लक्ष्य | | | | पुष्ट्याईंका आधारहरू | पूर्वानुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | | |
| समावेशी तथा नतिजामूलक भएको हुने | आयोजना | | | | | | | | आधारित, समावेशी तथा नतिजामूलक भएको हुनुपर्ने |
| | समयमै सम्पन्न आयोजनाको अनुपात | प्रतिशत | ५० | ५० | ५० | ६० | ६५ | | |
| | विषय क्षेत्रगत रणनीतिक/ गुरुयोजना | संख्या | ० | ० | ० | २ | ३ | | |
| | आयोजना/कार्यक्रम अनुगमन प्रतिवेदन संख्या (पटके, मासिक, चौमासिक, वार्षिक र नतिजा अनुगमन) | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | | |
| | समुदाय, सहकारी, निजी क्षेत्र, गैसस, सहयोगी र नागरिक समाज संस्थाको लगानी अंश | प्रतिशत | ० | ० | ० | ०.१ | ०.१ | | |
| **प्रतिफल १.१** विकास नीति, ऐन, नियम पालनामा अभिवृद्धि भएको हुने | कार्यान्वयन रहेका स्थानीय नीति, ऐन तथा नियम | संख्या | १०८ | १०८ | १०८ | ११२ | ११५ | नगरपालिकाको प्रतिवेदन | ऐन नियम प्रवोधिकरण र आन्तरिक नियन्त्रण प्रणाली |
| | संशोधन भएका नीति, ऐन | संख्या | ० | ० | ० | १ | २ | | |

| अपेक्षित उपलब्धी तथा नतिजा खाँकानतिजा तह | नतिजा सूचक | एकाई | आधार वर्ष २०७८/०७९ | योजना अवधिको लक्ष्य | | | | पुष्ट्याईंका आधारहरू | पूर्वानुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | | |
| | तथा नियम | | | | | | | | कार्यान्वयन भएको हुनुपर्ने |
| **प्रतिफल १.२** सरल, सहज र स्पष्ट कार्य प्रणाली सञ्चालन भएको हुनेछ | कार्यान्वयन रहेका कार्यविधि, निर्देशिका र मापदण्ड, सफ्टवयर | संख्या | ० | ० | ० | १ | २ | -नगरपालिकाको प्रतिवेदन | आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन भएको हुनुपर्ने |
| | संचालित मोवाइल एप्लीकेशन | संख्या | ० | ० | ० | १ | १ | | |
| **प्रतिफल १.३** नीति, कानुन, प्रणाली र निर्णयको प्रकाशन र प्रसारण भएको हुनेछ | प्रकाशन र प्रसारण गरिएका नीति, कानुन, कार्यविधि र मापदण्ड | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | -नगरपालिकाको प्रतिवेदन | नीति, कानुन, प्रणाली र निर्णयको प्रकाशन र प्रसारण भएको हुनुपर्ने |
| **प्रतिफल २.१** संगठन संरचना, दरबन्दी र कार्य विवरण स्वीकृत भएको हुने | सुचारु शाखा, उपशाखा र एकाई | संख्या | १० | १२ | | १३ | १३ | -नगरपालिकाको प्रतिवेदन | ओ एण्ड एम प्रतिवेदन र क्षमता विकास योजना कार्यान्वयन भएको हुनुपर्ने |
| | स्वीकृत दरबन्दी संख्या | संख्या | | | | | | | |
| | कार्यविवरण उपलव्ध | संख्या | | | | | | | |

| अपेक्षित उपलब्धी तथा नतिजा खाँकानतिजा तह | नतिजा सूचक | एकाई | आधार वर्ष २०७८/०७९ | योजना अवधिको लक्ष्य | | | | पुष्ट्याईंका आधारहरू | पूर्वानुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | | |
| | शाखा/उपशाखा/एकाई | | | | | | | | |
| **प्रतिफल ३.१** स्थानीय राजस्व प्रणाली स्थापना तथा सुचारु भएको हुने | कार्यान्वयन भएका राजस्व सम्बन्धी नीति र राजस्व सुधार कार्ययोजनामा उल्लिखित कार्य | संख्या | ३ | ३ | ३ | ३ | ३ | -राजश्व शाखाको प्रतिवेदन | राजस्व सम्भायता अध्ययन प्रतिवेदन र राजस्व सुधार योजना कार्यान्वयन हुनुपर्ने |
| | संचालित लेखा तथा राजस्वसम्बन्धी सफ्टवयर | संख्या | २ | २ | २ | २ | २ | | |
| | राजस्व सुधार कार्यक्रम आन्तरिक राजस्व रकम | रु. हजरमा | ०.१ | ०.१ | ०.१ | ०.२ | ०.२ | | |
| | आय र व्यव सार्वजनिक गर्ने माध्यम वा प्रकार | संख्या | ३ | ३ | ३ | ४ | ४ | | |
| **प्रतिफल ४.१** समावेशी र सहभागितात्मक रूपमा वार्षिक बजेट तथा | योजना तर्जुमा क्यालेण्डर | भए/नभएको | भएको | भएको | भएको | भएको | भएको | -योजना शाखाको प्रतिवेदन | समावेशी र सहभागितात्मक रूपमा वार्षिक बजेट तथा कार्यक्रम |
| | योजना तर्जुमा प्रक्रियामा क्रियाशिल संयन्त्र | संख्या | ५ | ५ | ५ | ५ | ५ | | |

| अपेक्षित उपलब्धी तथा नतिजा खाँकानतिजा तह | नतिजा सूचक | एकाई | आधार वर्ष २०७८/०७९ | योजना अवधिको लक्ष्य | | | | पुष्ट्याईंका आधारहरू | पूर्वानुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | | |
| कार्यक्रम योजना तर्जुमा भएको हुने | स्थानीय योजना तर्जुमा प्रक्रियामा सहभागि गैसस, सहयोगी र नागरिक समाज संस्था | भए/ नभएको | भएको | भएको | भएको | भएको | भएको | | योजना तर्जुमा भएको हुनुपर्ने |
| | बस्तीस्तर योजना तर्जुमा प्रक्रियामा सहभागिता | प्रतिशत | ८० | ८० | ८० | ८५ | ९० | | |
| **प्रतिफल ४.२** वार्षिक कार्ययोजना अनुसार वार्षिक कार्यक्रम कार्यान्वयन भएको हुने | वार्षिक कार्ययोजना तर्जुमा | भए/नभएको | भएको | भएको | भएको | भएको | भएको | -योजना शाखाको प्रतिवेदन | वार्षिक कार्ययोजना अनुसार वार्षिक कार्यक्रम कार्यान्वयन भएको हुनुपर्ने |
| | वार्षिक अनुगमन तथा मूल्याङ्कन योजना | भए नभएको | भएको | भएको | भएको | भएको | भएको | | |
| | कार्ययोजना अनुसार समयमा सम्पन्न आयोजना र कार्यक्रमको अनुपात | प्रतिशत | ६० | ६० | ६० | ७० | ७५ | | |
| **प्रतिफल ४.३** वार्षिक योजना तथा बजेट | वार्षिक बजेट तथा कार्यक्रममा आवधिक योजनामा प्रस्तावित आयोजना | प्रतिशत | २५ | २५ | २५ | ५० | ७५ | -योजना शाखाको प्रतिवेदन | |

| अपेक्षित उपलब्धी तथा नतिजा खाँकानतिजा तह | नतिजा सूचक | एकाई | आधार वर्ष २०७८/०७९ | योजना अवधिको लक्ष्य | | | | पुष्ट्याईंका आधारहरू | पूर्वानुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | | |
| नतिजामूलक रूपमा तर्जुमा हुने | तथा कार्यक्रमको अनुपात | | | | | | | | |
| | वार्षिक बजेट तथा कार्यक्रममा विषय क्षेत्रगत रणनीतिक/गुरुयोजनामा समावेश आयोजना तथा कार्यक्रमको अनुपात | प्रतिशत | २५ | २५ | २५ | ५० | ७५ | | |
| | वार्षिक बजेट र कार्यक्रममा आयोजना बैकको सूची तथा मध्यमकालीन खर्च संरचनामा समावेश आयोजना तथा कार्यक्रमको अनुपात | प्रतिशत | २५ | २५ | २५ | ५० | ७५ | | |

## ८.५ सुशासन र संस्थागत विकास क्षेत्रका कार्यक्रम तथा आयोजना

सुशासन र संस्थागत विकास र क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न नगरपालिकाको स्रोत, स्थानीय संघ,संस्था,समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघिय सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकताको आधारमा देहाय अनुसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ :

**तालिका २९ : सुशासन तथा संस्थागत विकास क्षेत्रका योजना तथा कार्यक्रम**

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष ०७८/०७९ | लक्ष ०८३ / ०८४ | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति इकाई |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | जम्मा | |
| **१. स्थानीय नीति तथा कानुन** | | | | - | - | **५७००** | **५७००** | **३३४६** | **१४७४६** | |
| नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका मापदण्ड निर्माण, प्रवोधीकरण तथा प्रकाशन | संख्या | ० | १२ | - | - | २००० | २००० | १००० | ५००० | ४१६ |
| सुशासन सम्वन्धि जनचेतनामुलक कार्यक्रम | वडा | ० | ९ | - | - | १००० | १००० | ५०० | २५०० | २७७ |
| विद्युतीय शासन प्रवर्धन | वडा | ० | ९ | - | - | ७०० | ७०० | ६०० | २००० | २००० |
| विवाद मध्यस्थता, कानूनी साक्षरता तथा मेलमिलाप | पटक | ० | ३ | - | - | १५०० | १५०० | ७४६ | ३७४६ | १२४८ |
| सामाजिक तथा सार्वजनिक परीक्षण | पटक | ० | ९ | - | - | ५०० | ५०० | ५०० | १५०० | १६६ |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष ०७८/०७९ | लक्ष ०८३ / ०८४ | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति इकाई |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | जम्मा | |
| **२. संस्थागत तथा मानव संशाधन विकास** | | | | – | – | **२४५००** | **२४५००** | **२१७८३** | **७०७८३** | |
| कार्यालय भवन निर्माण र मर्मत | संख्या | - | २ | – | – | १०००० | १०००० | १०००० | ३०००० | १५००० |
| स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यक्रम | पटक | ० | ३ | – | – | ५०० | ५०० | ५०० | १५०० | ५०० |
| जनप्रतिनिधि, कर्मचारी, टोल विकास पधाधिकारी तथा नागरिक समाजका पधाधिकारीको क्षमता अभिवृद्धि कार्यक्रम | संख्या | ० | २० | – | – | ५००० | ५००० | ३५०० | १३५००० | ६७५० |
| कर्मचारी प्रोत्साहन कार्यक्रम | पटक | ० | ३ | – | – | १५०० | १५०० | १५०० | ४५०० | १५०० |
| न्यायिक समिति सञ्चालन, मेलमिलाप तथा न्याय सम्पादन कार्यक्रम | पटक | ० | ९ | – | – | २००० | २००० | १००० | ५००० | ५५५५ |
| लक्ष्यित वर्ग क्षमता विकास कार्यक्रम | पटक | - | ९ | – | – | ५५०० | ५५०० | ५२८३ | १६२८३ | १८०९ |
| **३. स्थानीय वित्त तथा स्रोत परिचालन** | | | | - | - | **३८४७** | **२९००** | **२१००** | **८८४७** | |
| राजस्व संभाव्यता अध्ययन | पटक | ० | १ | – | – | १००० | १००० | ५०० | २५०० | २५०० |
| राजस्व व्यवस्थापन सूचना प्रणाली निर्माण र संचालन | वडा | ० | ९ | - | - | १००० | १००० | ८०० | २८०० | ३११ |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष ०७८/०७९ | लक्ष ०८३/०८४ | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति इकाई |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | जम्मा | |
| कार्यक्रम | | | | | | | | | | |
| राजस्व परामर्श समिति तथा शाखा क्षमता विकास कार्यक्रम | पटक | ० | ३ | - | - | ७०० | ३०० | २०० | १२०० | ४०० |
| वडा स्तरमा करदाता शिक्षा कार्यक्रम | संख्या | ० | १८ | - | - | २४७ | २०० | २०० | ६४७ | ३५ |
| करदाता प्रोत्साहन कार्यक्रम | संख्या | ० | ३ | - | - | १०० | १०० | १०० | ३०० | १०० |
| आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण | पटक | ० | १ | - | - | ३०० | २०० | २०० | ७०० | ७०० |
| क्षमता विकास योजना निर्माण | पटक | ० | १ | - | - | ५०० | १०० | १०० | ७०० | ७०० |
| **४. योजना व्यवस्थापन** | | | | - | - | **९१००** | **७०००** | **७५९७** | **२३५९७** | |
| आयोजना बैङ्क तयारी तथा व्यवस्थापन | पटक | ० | १ | - | - | १००० | ५०० | ५०० | २००० | २००० |
| विषयगत गुरुयोजना तर्जुमा र अद्यावधिक कार्यक्रम (कृषि, पर्यटन, यातायात, भूउपयोग, जलवायु अनुकुलन तथा विपद व्यवस्थापन तथा दोश्रो आवधिक योजना निर्माण) | विषय | ० | ६ | - | - | २००० | २००० | ३५०० | ७५०० | १२५० |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष ०७८/०७९ | लक्ष ०८३/०८४ | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति इकाई |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | जम्मा | |
| मध्यमकालीन खर्च संरचना तयारी तथा आवधिक योजनाको मद्यावधी समीक्षा र अद्यावधिक | पटक | ० | १ | - | - | ४०० | ३०० | ३०० | १००० | १००० |
| वस्तुस्थिति विवरण र अद्यावधिक | पटक | ० | १ | - | - | २००० | ५०० | ५०० | ३००० | ३००० |
| बजेट तथा कार्यक्रमको लैससास, लैंगिक उत्तरदायी बजेट तथा जलवायु परीक्षण | पटक | ० | ३ | - | - | ७०० | ७०० | ७०० | २००० | ६६६ |
| डि.पी.आर. निर्माण तथा वातावरणीय प्रभाव मूल्यांकन | संख्या | ० | ९ | - | - | ३००० | ३००० | २०९७ | ८०९७ | ८०९७ |
| **जम्मा** | | | | - | - | ४३१४७ | ४०१०० | ३४८२३ | ११७९७३ | |

## ८.६ आयोजना तथा कार्यक्रमको स्थानगत विवरण

आवधिक योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न प्रस्तावित कार्यक्रम तथा आयोजनाको स्थानगत विवरण तालिकामा प्रस्तुत गरिएको छ:

**तालिका ३० : सुशासन तथा संस्थागत क्षेत्रका कार्यक्रम तथा आयोजनाको स्थानगत विवरण**

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | जिम्मेवारी निकाय | स्थानगत कार्यक्रम र विवरण | जिम्वेवारी |
|---|---|---|---|---|---|
| १. स्थानीय नीति तथा कानुन | | | | | |
| नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका मापदण्ड निर्माण, प्रवोधीकरण तथा प्रकाशन | संख्या | १२ | नगर कार्यपालिका | संविधानको अनुसूची ८ र ९ मा विषय क्षेत्र मध्ये बाँकी रहेकाविषयमा केन्द्रित हुने साथै स्थानीय सरकार संचालन ऐन २०७४ अन्तर्गत र आवश्यकता अनुसार ऐन, नियम रकार्यविधि तर्जुमा गर्ने | नगरपालिका |
| सुशासन सम्वन्धि जनचेतनामुलक कार्यक्रम | वडा | ९ | नगरपालिका | सबै वडा | नगरपालिका |
| विद्युतीय शासन प्रवर्धन | वडा | ९ | नगरपालिका | सबै वडा | नगरपालिका |
| विवाद मध्यस्थता, कानूनी साक्षरता तथा मेलमिलाप | पटक | ३ | नगरपालिका/न्यायिक समिति | सबै वडाका मेलमिलापकर्ताहरुलाई वार्षिक १ पटक | नगरपालिका |
| सामाजिक तथा सार्वजनिक परीक्षण | पटक | ९ | नगरपालिका | नगरपालिका | नगरपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| **२. संस्थागत तथा मानव संशाधन विकास** | | | | | |
| कार्यालय भवन निर्माण र मर्मत | संख्या | २ | नगरपालिका पूर्वाधार शाखा | वडा नं. ४ र ५ | संघिय /प्रदेश सारकार |
| स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यक्रम | पटक | ३ | नगरपालिका/प्रशासन शाखा | नगरपालिका | नगरपालिका |
| जनप्रतिनिधि, कर्मचारी, टोल विकास पधाधिकारी तथा नागरिक समाजका पधाधिकारीको क्षमता अभिवृद्धि कार्यक्रम | विषय | २० | नगरपालिका/प्रशासन शाखा | नगरपालिका | नगरपालिका |
| कर्मचारी प्रोत्साहन कार्यक्रम | पटक | ३ | नगरपालिका/प्रशासन शाखा | नगरपालिका | नगरपालिका |
| न्यायिक समिति सञ्चालन, मेलमिलाप तथा न्याय सम्पादन कार्यक्रम | पटक | ९ | नगरपालिका/न्यायिक समिति | सबै वडा | नगरपालिका |
| लक्ष्यित वर्ग संरचना सुदृढीकरण र क्षमता विकास कार्यक्रम | पटक | ९ | नगरपालिका/प्रशासन शाखा | सबै वडा | नगरपालिका |
| **३. स्थानीय वित्त तथा स्रोत परिचालन** | | | | | |
| राजस्व संभाव्यता अध्ययन | पटक | १ | नगरपालिका/राजस्व शाखा | नगरपालिका | नगरपालिका |
| राजस्व व्यवस्थापन सूचना प्रणाली निर्माण | वडा | ९ | नगरपालिका/राजस्व | सबै वडा | संघीय सरकार |

| | | | | | |
|---|---|---|---|---|---|
| र संचालन कार्यक्रम | | | शाखा | | |
| राजस्व परामर्श समिति तथा शाखा क्षमता विकास कार्यक्रम | पटक | ३ | नगरपालिका/राजस्व शाखा | नगरपालिका | नगरपालिका |
| वडा स्तरमा करदाता शिक्षा कार्यक्रम | संख्या | १८ | नगरपालिका/राजस्व शाखा | सबै वडा | प्रदेश सरकार |
| करदाता प्रोत्साहन कार्यक्रम | संख्या | ३ | नगरपालिका/राजस्व शाखा | नगरपालिका | नगरपालिका |
| आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण | पटक | १ | नगरपालिका/राजस्व शाखा | नगरपालिका | प्रदेश सरकार |
| क्षमता विकास योजना निर्माण | पटक | १ | नगरपालिका/प्रशासन शाखा | नगरपालिका | प्रदेश सरकार |
| **४. योजना व्यवस्थापन** | | | | | |
| आयोजना बैङ्क तयारी तथा व्यवस्थापन | पटक | १ | नगरपालिका/ योजना शाखा | नगरक्षेत्र | संघीय/प्रदेश/ पालिका सरकार |
| विषयगत गुरुयोजना तर्जुमा र अद्यावधिक कार्यक्रम (कृषि, पर्यटन, यातायात, भूउपयोग, जलवायु अनुकुलन तथा विपद व्यवस्थापन) | विषय | ५ | नगरपालिका/योजना शाखा | नगरक्षेत्र | प्रदेश |
| मध्यमकालीन खर्च संरचना तयारी तथा | पटक | १ | नगरपालिका/योजना | नगरपालिका | नगरपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| आवधिक योजनाको मद्यावधी समीक्षा र अद्यावधिक | | | शाखा | | |
| वस्तुस्थिति विवरण र अद्यावधिक | पटक | १ | नगरपालिका/योजना शाखा | नगरक्षेत्र | प्रदेश सरकार |
| बजेट तथा कार्यक्रमको लैससास, लैंगिक उत्तरदायी बजेट तथा जलवायु परीक्षण | पटक | ३ | नगरपालिका/योजना शाखा | नगरपालिका | प्रदेश सरकार |

## ८.७ कार्यक्रम तथा आयोजनाको सांकेतीकरण

सुशासन तथा संस्थागत विकास क्षेत्रको प्रस्तावित कार्यक्रम तथा आयोजनाको सांकेतिकरण तलको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका ३१ : सुशासन तथा संस्थागत विकास क्षेत्रको कार्यक्रम तथा आयोजनाको सांकेतीकरण**

| उदेश्य नं. | कार्यक्रम तथा आयोजनाको विवरण | रणनैतिक स्तम्भ | दिगोविकास लक्ष्य संकेत | लैगिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|
| १ | नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका मापदण्ड निर्माण, प्रवोधीकरण तथा प्रकाशन | ३ | १७ | २ | ३ |
| | विद्युतीय शासन प्रवर्धन | ३ | १७ | २ | ३ |
| | विवाद मध्यस्थता, कानूनी साक्षरता तथा मेलमिलाप | ३ | १७ | २ | ३ |
| | सामाजिक तथा सार्वजनिक परीक्षण | ३ | १७ | २ | ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | कार्यालय भवन निर्माण र मर्मत | २ | १७ | ३ | ३ |
| | स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यक्रम | २ | १७ | २ | ३ |
| | जनप्रतिनिधि, कर्मचारी, टोल विकास पधाधिकारी तथा नागरिक समाजका पधाधिकारीको क्षमता अभिवृद्धि कार्यक्रम | २,३ | १७ | २ | ३ |
| | कर्मचारी प्रोत्साहन कार्यक्रम | २,३ | १७ | २ | ३ |
| | न्यायिक समिति सञ्चालन, मेलमिलाप तथा न्याय सम्पादन कार्यक्रम | २,३ | १७ | २ | ३ |
| | लक्ष्यित वर्ग संरचना सुदृढीकरण र क्षमता विकास कार्यक्रम | २,३ | १७ | २ | ३ |
| ३ | राजस्व संभाव्यता अध्ययन | २,३ | ८ | ३ | ३ |
| | राजस्व व्यवस्थापन सूचना प्रणाली निर्माण र सञ्चालन कार्यक्रम | २,३ | ८ | ३ | ३ |
| | राजस्व परामर्श समिति तथा शाखा क्षमता विकास कार्यक्रम | २,३ | ८ | २ | ३ |
| | वडा स्तरमा करदाता शिक्षा कार्यक्रम | २,३ | ८ | ३ | ३ |
| | करदाता प्रोत्साहन कार्यक्रम | २,३ | ८ | ३ | ३ |
| | आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण | ३ | ८ | ३ | ३ |
| | क्षमता विकास योजना निर्माण | ३ | १७ | २ | ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | आयोजना बैङ्क तयारी तथा व्यवस्थापन | २ | ८ | ३ | ३ |
| | विषयगत गुरुयोजना तर्जुमा र अद्यावधिक कार्यक्रम (कृषि, पर्यटन, यातायात, भूउपयोग, जलवायु अनुकुलन तथा विपद व्यवस्थापन) | ३ | ८ | २ | ३ |
| | मध्यमकालीन खर्च संरचना तयारी तथा आवधिक योजनाको मद्यावधी समीक्षा र अद्यावधिक | ३ | ८,१२ | २ | ३ |
| | वस्तुस्थिति विवरण र अद्यावधिक | २ | १७ | २ | ३ |
| | बजेट तथा कार्यक्रमको लैससास, लैंगिक उत्तरदायी बजेट तथा जलवायु परीक्षण | ३ | १७ | ३ | ३ |

# परिच्छेद नौ
# आवधिक योजनाको कार्यान्वयन

## ९.१ वित्तिय व्यवस्थापन योजना

आवधिक योजना अनुसार तर्जुमा गरिएको कार्यान्वयन तथा लगानी योजनामा नगरपालिकाको आन्तरिक श्रोत तथा राजस्व बाँडफाँडको रकम, अन्तरसरकारी वित्तीय हस्तान्तरण, गैसस तथा समुदायमा आधारित सस्था र समुदाय एवं निजी क्षेत्र, प्रदेश सरकार तथा संघीय सरकारको लगानी समेत प्रक्षेपण गरी योजनाको लागि उपलव्ध अनुमानित स्रोतमा समावेश गरिएको छ। योजनाको लागि संभाव्य योजनाको लागि संभाव्य श्रोत तथा सोको प्रक्षेपण देहाय अनुसार प्रस्तुत गरिएको छ।

**तालिका ३२ : प्रक्षेपण गरिएको वजेट (रु. हजारमा)**

| शीर्षक | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८०/८१ को अनुमान | आ.व. २०८१/८२ को अनुमान | आ.व. २०८२/८३ को अनुमान | आ.व. २०८३/८४ को अनुमान | ३ वर्षको अनुमान जम्मा |
|---|---|---|---|---|---|---|---|
| संघीय सरकार | ४४८४१२ | ४७७८३८ | ७८६०९५ | ६२७८५९ | ६९०६४५ | ७५९७१० | २०७८२१४ |
| १३३१ १ समानिकरण अनुदान | १७११०० | १६६५०० | १५६५०० | १८११७० | १९९२८७ | २१९२१५ | ५९९६७२ |
| १३३१२ शसर्त अनुदान चालु | २१००८२ | २३०९०० | २६९०९५ | २६०३६१ | २८६३९७ | ३१५०३७ | ८६१७९६ |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ५१७९६ | ५४५०४ | ३३०५०० | १६०१६० | १७६१७६ | १९३७९३ | ५३०१२९ |
| १३३१४ बिषेश | ५२४४ | ४००० | २०००० | १०७२२ | ११७९५ | १२९७४ | ३५४९२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अनुदान चालु | | | | | | | |
| 13315 बिषेश अनुदान पुंजीगत | ०.०० | ३९६८ | १०००० | ५१२१ | ५६३३ | ६१९७ | १६९५२ |
| १३३१७ समपुरक अनुदान पुँजीगत | १०००० | १७९६४ | ०.०० | १०२५३ | ११२७८ | १२४०६ | ३३९३८ |
| १३३१८ अन्य अनुदान चालु | १८९ | ०.०० | ०.०० | ६९ | ७६ | ८३ | २२९ |
| **प्रदेश सरकार** | **२९२६७** | **२३८१६** | **२८३७४** | **२९८६७** | **३२८५४** | **३६१३९** | **९८८६०** |
| १३३११ समानीकरण अनुदान | १००७५ | ८८१५ | १००९९ | १०६२९ | ११६९२ | १२८६१ | ३५१८२ |
| १३३१२ शसर्त अनुदान चालु | ४३०८ | ८८२८ | २३७५ | ५६८७ | ६२५६ | ६८८१ | १८८२५ |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ०.०० | ०.०० | २९०० | १०६३ | ११६९ | १२८६ | ३५१९ |
| १३३१६ समपुरक अनुदान चालु | ०.०० | ०.०० | ०.०० | ० | ० | ० | ० |
| १३३१७ समपुरक | १०००० | ६१७२ | १३००० | १०६९६ | ११७६६ | १२९४२ | ३५४०५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अनुदान पुँजीगत | | | | | | | |
| १३३१८ अन्य अनुदान चालु | ४८८३ | ०.०० | ०.०० | १७९० | १९६९ | २१६६ | ५९२६ |
| **राजस्व बाडफाड** | **१९३४६६** | **१०६३८७** | **१७९८१४** | **१७५८७६** | **१९३४६३** | **२१२८१०** | **५८२१४९** |
| ११३१५ घर जग्गा रजिस्ट्रेशन दस्तुर | ४७७४७ | २८३०० | ३९७२७ | ४२४५० | ४६६९५ | ५१३६५ | २८८९८६ |
| ११४११ बाडफाड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ७७०३८ | ५९२५० | १०१८२२ | ८७३०७ | ९६०३७ | १०५६४१ | ३०२८० |
| ११४२१ बाडफाड भई प्राप्त हुने अन्त शुल्क | २४९५० | ०.०० | ०.०० | ९१४८ | १००६३ | ११०६९ | ३१७९८ |
| ११४५६ बाडफाड भई प्राप्त हुने सवारी साधन कर | ८२४५ | ८६६१ | ९२९४ | ९६०६ | १०५६७ | ११६२४ | ० |
| ११४७१ बाडफाड भइ प्राप्त हुने मनोरन्जन कर | ०.०० | ०.०० | ०.०० | ० | ० | ० | ८६४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११४७२ बाडफाड भइ प्राप्त हुने बिज्ञापन कर | ०.०० | ३४२ | ३७० | २६१ | २८७ | ३१५ | ७२०५ |
| १४१५३ बाडफाड भइ प्राप्त हुने बन रोयल्टी | ११७५ | २६६२ | २१०० | २१७६ | २३९४ | २६३४ | ८२५०२ |
| १४१५७ बाडफाड भइ प्राप्त हुने दहत्तर बहत्तरको बिक्रिबाट प्राप्त हुने आय | ३४३०८ | ७१७० | २६५०० | २४९२५ | २७४१७ | ३०१५९ | ८२५०२ |
| **अन्तरिक श्रोत** | **२४१७६९** | **२९०९४४** | **२५६२२६** | **३०२४९०** | **३३२७३९** | **३६६०१३** | **१००१२४२** |
| १३३१३ सम्पत्ति कर | ४००८ | ५५६१ | ४९०० | ५३०५ | ५८३५ | ६४१९ | १७५६० |
| १३३१४ भूमिकर/मालपोत | ६३४२ | ५२५१ | ९७०० | ७८०७ | ८५८८ | ९४४६ | २५८४२ |
| ११३१७ बहाल कर | ३३२८ | ५१८७ | ५७०० | ५२१२ | ५७३३ | ६३०६ | १७२५२ |
| ११३१८ बहाल बिटौरी कर | २२२६ | ३४४८ | १९०० | २७७७ | ३०५४ | ३३६० | ९१९२ |
| ११४५१ | ३१ | ४७ | १६६ | १२५ | १३८ | १५२ | ४१६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सवारी साधन कर (साना सवारी) | | | | | | | |
| ११४५२ पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | २४७७ | १४८० | २७०० | २४४० | २६८४ | २९५३ | ८०७९ |
| ११४७९ अन्य मनोरन्जन कर | २ | ०.०० | १९ | ७ | ८ | ९ | २५ |
| ११६९१ अन्य कर | ५ | १०२ | १५ | ४४ | ४९ | ५४ | १४८ |
| १३४११ अन्य संस्थागत अन्तरिक अनुदान | ७१८० | १३३१ | १९० | ३१९० | ३५०९ | ३८६० | १०५६० |
| १४१५१ सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | ०.०० | ३५ | ४२० | १६६ | १८३ | २०१ | ५५२ |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | १८ | ०.०० | २५ | १५ | १७ | १९ | ५२ |
| १४२१८ बिद्युत सेवा शुल्क | ५ | ३ | ६ | ५ | ५ | ६ | १६ |
| १४२१९ अन्य सेवा | १ | ५०० | १५ | १८९ | २०८ | २२८ | ६२६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| शुल्क तथा बिक्रि | | | | | | | |
| १४२२१ न्यायिक दस्तुर | १५ | ६८ | २९५ | १३८ | १५२ | १६७ | ४५८ |
| १४२२४ परीक्षा शुल्क | १६५ | ०.०० | ०.०० | ६० | ६६ | ७३ | २०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ९९३ | २३१२ | ७०० | १४६८ | १६१५ | १७७६ | ४८६० |
| १४२४२ नक्शा पास दस्तुर | ४५०६ | ४६११ | ४९०० | ५१३९ | ५६५३ | ६२१८ | १७०११ |
| १४२४३ सिफारिस दस्तुर | ८४९८ | ११७६८ | ८४०० | १०५१० | ११५६१ | १२७१८ | ३४७९० |
| १४२४४ व्यक्तिगत घटना दस्तुर | ८५० | ११७५ | ६७५ | ९९० | १०८९ | ११९७ | ३२७६ |
| १४२४५ नाता प्रमाणित दस्तुर | ३६० | ३९३ | ४२० | ४३० | ४७३ | ५२० | १४२३ |
| १४२४९ अन्य दस्तुर | ५५२३ | ८३५८ | ५५०० | ७१०६ | ७८१७ | ८५९८ | २३५२२ |
| १४२५३ व्यवशाय रजिस्ट्रेशन दस्तुर | २१०३ | ६४७ | ९९० | १३७१ | १५०८ | १६५९ | ४५३९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २४२६५ अन्य क्षेत्रको आय | ०.०० | ३९४४ | २४० | १५३४ | १६८७ | १८५६ | ५०७७ |
| १४३११ न्यायिक दण्ड जरिवाना र जफत | ५५ | ०.०० | ०.०० | २० | २२ | २४ | ६६ |
| १४३१२ प्रशासनिक दण्ड जरिवाना र जफत | १२१ | २५७ | ०.०० | १३८ | १५२ | १६७ | ४५८ |
| १४४२१ पुँजीगत हस्तान्तरण | ०.०० | ०.०० | ८००० | २९३३ | ३२२६ | ३५४९ | ९७०९ |
| १४५२१ प्रदुषण नियन्त्रण शुल्क | ०.०० | २८८ | ७० | १३१ | १४४ | १५८ | ४३४ |
| १४५२९ अन्य राजस्व | १ | १५ | ३५ | १८ | २० | २२ | ६१.८९७ |
| १४६११ व्यवशाय कर | ४९०४ | ७४८१ | ९२०० | ७९१४ | ८७०५ | ९५७६ | २६१९६ |
| १५१११ बेरुजु | ३२१ | ०.०० | ४२५ | २७३ | ३०० | ३३० | ९०५ |
| ३२१२२ बैंक मौद्जात | १८७७१६ | २२६६७१ | १९०६१९ | २२१८३५ | २४४०१९ | २६८४२१ | ७३४२७५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| जनसभागिता | ०.०० | ०.०० | ०.०० | ० | ० | ० | ० |
| १३४१२ अन्य व्यक्तिगत आन्तरिक अनुदान | ६९५२ | १००१२ | १९००० | १३१८६ | १४५०५ | १५९५६ | ४३६४८ |
| **कुल जम्मा** | **९१२९१४** | **८९८९८५** | **१२५०५०९** | **११३६०९२** | **१२४९७०१** | **१३७४६७२** | **३७६०४६५** |

माथिको तालिकामा अधार वर्ष (२०७८/०७९) र आर्थिक वर्ष २०७९/०८० तथा आर्थिक वर्ष २०८०/०८१ को आय व्ययको अनुमान र सो आधारमा यस आवधिक योजनाको बाँकी आगामी ३ वर्षको आय व्यय तथा खर्च व्यहोर्ने श्रोतको समेत प्रक्षेपण गरिएको छ। यसमा सामजिक सुरक्षातर्फको खर्च, सशर्त अनुदानमा समावेश भए बाहेकको दात्री निकायबाट प्राप्त हुने सहयोग तथा गैर सरकारी संस्था एवं निकायसंग साझेदारी हुन सक्ने बजेट सुनिश्चित नभएको कुनै पनि आय समावेश गरिएको छैन। आगामी तीन आर्थिक वर्षको बजेट प्रक्षेपण गर्दा विगत आर्थिक वर्ष २०७८/०७९ र २०७९/०८० को यथार्थ तथा चालु आर्थिक वर्ष २०८०/०८१ को अनुमानको औशत रकममा लमसम १० प्रतिशत अनुमानित वृद्धि गरिएको छ ।

## ९.२ विषयक्षेत्र अनुसार प्रस्तावित बजेट

यस आवधिक विकास योजनामा उल्लेख भएको आगामी आर्थिक वर्ष २०८१/०८२, २०८२/०८३ र २०८३/०८४ को कुल वजेट रु. ३ अर्व ७६ करोड ४ लाख ६५ हजार अनुमान गरिएको छ। यस आवधिक योजना सुरु भएको पहिलो आर्थिक वर्ष २०७९/०८० मा कुल खर्च ९१ करोड २९ लाख १४ हजार खर्च भएको छ भने आर्थिक वर्ष २०७९/०८० मा ८९ करोड ८९ लाख ८५ हजार खर्च भएको छ चालु आर्थिक वर्ष २०८०/०८१ का लागि रु. १ अर्व २६ करोड ९५ लाख १० हजार आय व्यय प्रस्ताव गरिएकोमा बजेटको मध्यावधि समीक्षा हुदा रु. १ अर्व १३ करोड ४८ लाख २५ हजार संसोधित अनुमान कायम गरिएको छ। चालु आर्थिक वर्षको अनुमानित आय व्यय मध्ये २०८१ साल जेष्ठ २५ गते सम्मको आय रु. ९५ करोड ८८ लाख ७५ हजार र व्यय रु. ६७ करोड ४७ हजार भएको छ। आवधिक योजनाको दोश्रो वर्ष (२०८०/०८१) को अवधि बाकी नै रहेकोले आगामी आर्थिक वर्षको आय व्यय प्रक्षेपण गर्दा चालु आर्थिक वर्ष २०८०/०८१ को आय व्यय अनुमान र विगत २ आर्थिक वर्षको यथार्थ आय व्ययको

औसतलाइ अधार मानी आवधिक योजनाको बाकी अवधिका लागि आय व्यय प्रक्षेपण गरिएको हो।

प्रस्तावित कुल खर्चलाइ तलव भत्ता, मसलन्द, पारिश्रमिक, इन्धन, अन्य सुविधा लगायतका प्रशासनिक खर्चका लागि विगत २०७८/०७९ र २०८९/०८० को यथार्थ खर्च र चालु आर्थिक वर्ष २०८०/०८१ को अनुमानित खर्चको औसत अनुपात २१.५७ हुन आएकोले सोही आगामी तीन वर्षको प्रक्षेपित कुल खर्चवाट २१.५७ प्रतिशतले हुने रकम रु. ८१ करोड ११ लाख ३२ हजार प्रशासनिक खर्चका लागि छुट्याइ बाकीं हुन आउने रकम रु. २ अर्व ९४ करोड ९३ लाख ३३ रहेको छ।यस आवधिक योजनाको कुल प्रस्तावित लागतको सारांश तल तालिका नं. ३३ मा उल्लेख गरीएको छ। साथै सो अनुमानित लागतलाई गत विगत २ आर्थिक वर्षको यथार्थ र चालु आर्थिक वर्षको अनुमानित खर्चको अनुपात, नेपालको संविधान र स्थानीय संचालन ऐन २०७४ बमोजिम स्थानीय सरकारको कार्य जिम्मेवारी तथा स्थानीय तहको संस्थागत स्वमूल्यांकन (LISA) ले तोकेको विषय क्षेत्रगत भार समेतलाइ ध्यानमा राखी विषय क्षेत्रगत रुपमा तलको तालिका नं. ३४ मा लागत प्रस्ताव गरिएको छ।

**तालिका ३३ : बजेट खाकाको सारांश**

| बिषयगत क्षेत्र | आर्थिक वर्ष | | | जम्मा रकम | गौरवको आयाजना | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | | | |
| आर्थिक विकास | १४१८०० | १७३१३३ | १४४७१० | ४६१८९५ | १०००० | १२.५४ |
| सामाजिक विकास | २६८६७३ | २९४७२५ | २५०४०८ | ८५५३०६ | | २२.७४ |
| पूर्वाधार विकास | ५११५०० | ४६०००० | ३९४६८४ | १३५६१८६ | ३०००० | ३६.८६ |
| वन, वातावरण तथा विपद् व्यवस्थापन | ३४७०९ | २६७५० | २१५१४ | ८२९७३ | ३५००० | ३.१३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| संस्थागत विकास र सुशासन | ४३१४७ | ४०१०० | ३४८२३ | ११७९७३ | | ३.१३ |
| प्रशासनिक खर्च | २७०३७७ | २७०३७७ | २७०३७८ | ८१११३२ | | २१.५७ |
| जम्मा | १२७०२०६ | १२६५०८५ | १११६५१७ | ३६८५४६५ | ७५००० | १०० |

**तालिका ३४ : विषयक्षेत्र अनुसार कुल प्रस्तावित लागत**

| विषय क्षेत्र तथा उपक्षेत्र | रकम (रु. हजारमा) | प्रतिशत |
|---|---|---|
| **क. आर्थिक विकास** | ४७१८९३ | **१६** |
| कृषि तथा खाद्य सुरक्षा | १०३२२६ | ३.५० |
| सिंचाई विकास | ८११०६ | २.७५ |
| पशुपन्छी विकास | ८८४७९ | ३ |
| उद्योग र व्यापार | ७३७३३ | २.५० |
| श्रम तथा रोजगार | ५८९८६ | २ |
| वैक, सहकारी र वित्तीय सेवा | ३६८६६ | १.२५ |
| पर्यटन | २९४९३ | १ |
| **ख. सामाजिक विकास** | ८५५३०६ | **२९** |
| शिक्षा, विज्ञान र प्रविधि | २८०१८६ | ९.५ |
| स्वास्थ्य तथा पोषण | २४३३१९ | ८.२५ |
| खानेपानी तथा सरसफाई | २३००४७ | ७.८ |

| | | |
|---|---|---|
| महिला, बालबालिका तथा सामाजिक समावेशीकरण | ४४२३९ | १.५ |
| युवा तथा खेलकूद | ३६८६६ | १.२५ |
| कला तथा संस्कृति | २०६४५ | ०.७ |
| **ग. पूर्वाधार विकास** | १३८६१८७ | **४७** |
| आवास, भवन, वस्ती तथा शहरी विकास | २९४९३३ | १० |
| सडक, पुल तथा यातायात | १०६१७५९ | ३६ |
| विद्युत तथा वैकल्पिक उर्जा | २०६४५ | ०.७० |
| सूचना, सञ्चार तथा प्रविधि | ८८४७ | ०.३० |
| **घ. वन, वातावरण तथा विपद् व्यवस्थापन** | ११७९७३ | **४** |
| वन, जैविक विविधता र हरियाली | १४७४६ | ०.५० |
| भू तथा जलाधार व्यवस्थापन | २६५४३ | ०.९० |
| वातावरण र फोहोरमैला व्यवस्थापन | ४४२३९ | १ |
| विपद् जोखिम व्यवस्थापन | ४७१८९ | १.६० |
| **ङ. संस्थागत विकास र सुशासन** | ११७९७३ | **४** |
| स्थानीय नीति तथा कानुन | १४७४६ | ०.५० |
| संस्थागत तथा मानव संसाधन विकास | ७०७८३ | २.४० |
| स्थानीय वित्त तथा श्रोत परिचालन | ८८४७ | ०.३० |
| योजना व्यवस्थापन | २३५९४ | ०.८० |
| **कुल जम्मा** | **२९४९३३५** | **१००** |

## ९.३ श्रोत परिचालन रणनीति

माथि तालिका न. ३४ मा उल्लेख भएको आय अनुमानको लक्ष्य प्राप्त गर्न नगरपालिकाले श्रोत परिचालन नीति प्रभावकारी बनाउन आवस्यक हुन्छ । यसका लागि आन्तरिक आय वृद्धि गर्न राजस्व सुधार कार्ययोजनाको प्रभावकारी कार्यान्वयन, कार्यसम्पादन प्रणालीमा सुधार गरी थप अनुदान प्राप्ति तथा श्रोत र साधानको परिचालनमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता बढाइनेछ । साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुसंग समन्वय र साझेदारीको नीति अख्तियार गरी श्रोत साधानको अभिवृद्धि गरिनेछ। यसका लागि तपशिलमा उल्लेख भएको श्रोत परिचालन रणनीति कार्यान्वयन गरिनेछ।

- सम्पत्ति कर तथा भूमि कर, व्यवसाय कर, वहाल कर तथा वहाल विटौरी शुल्क, दस्तुर, अन्य विक्री, सेवा शुल्कको दर तथा दायरा परिमार्जन गरी आन्तरिक श्रोत बढाउने,
- संघीय योजना तथा प्रदेश योजनाले समेटेका क्षेत्रमा संघीय सरकार तथा प्रदेश सरकारसँग ठूलास्तरका आयोजना सञ्चालनको लागि आवश्यक पहल गर्ने,
- नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने समपुरक तथा विशेष अनुदानको वृद्धिका लागि कार्यसम्पादन प्रणालीमा सुधार गरी आवस्यक पहल गर्ने,
- स्थानीयस्तरमा क्रियाशिल गैसस तथा विकास साझेदारसँग कार्यक्रम विस्तारका लागि वातावरण तयार तथा अतिरिक्त साझेदारी एवं सहकार्य विस्तार गर्ने,
- नाफामूलक क्षेत्रमा लगानीको वातावरण तयार गरी नीजिक्षेत्रको आकर्षण तथा परिचालन गर्ने,
- विकास प्रकृयामा जनसहभागिता, स्थानीय स्रोत र सामाग्री आधिकाधिक उपयोग गर्ने,
- विशिष्ट खालका उत्पादनमूलक तथा आयमूलक आयोजनाको लागि ऋण परिचालन गर्ने,
- अन्य नगरपालिका वा गाउँपालिकासँग समेत सरोकार राख्ने तथा साझा महत्वका आयोजनाका लागि अन्तर स्थानीय सरकार संयुक्त लगानीमा श्रोत परिचालन गर्ने,
- आन्तरिक श्रोत वृद्धि गर्न राजस्व सुधार कार्ययोजनाको प्रभावकारी कार्यान्वयन तथा राजस्व सम्भाव्यता अध्ययन गरी कार्यान्वयन गर्ने ।

## ९.४ आवधिक योजना कार्यान्वयन

वार्षिक वजेट तथा कार्यक्रमका माध्यमबाट मध्यमकालीन अवधिको यस पञ्चवर्षीय आवधिक योजना कार्यान्वयन गरिनेछ। आवधिक योजनाको आधारमा आयोजना बैंक र तीन वर्षको श्रोत तथा खर्चको प्रक्षेपण सहित मध्यमकालीन खर्च संरचना तयार गरिनेछ। मध्यमकालीन

खर्च संरचना बमोजिम प्राथमिकता प्राप्त कार्यक्रममा वार्षिक बजेट तथा कार्यक्रम तयार गरी योजनाको कार्यान्वयन गरिनेछ।

यसैगरी वार्षिक योजना तथा वजेट तर्जुमा गर्दा मध्यमकालीन खर्च संरचना र आवधिक योजनाको समग्र लक्ष्य, रणनीति तथा प्राथमिकता, क्षेत्रगत उद्देश्य तथा कार्यक्रमलाई आधार लिईनेछ। योजनाको स्वीकृती पछि कार्यपालिकाबाट सवै विषयगत समिति एवं शाखा, सवै वडा कार्यालय तथा सम्बन्धीत सरोकारवालालाई बार्षिक बजेट तथा कार्यक्रम मार्फत योजनाको कार्यान्वयनको लागि लिखित रुपमा जानकारी प्रदान गरिनेछ। आवधिक योजनाको आधारमा आयोजना बैक, मध्यमकालीन खर्च योजना र सो बमोजिम बार्षिक योजना तर्जुमा गरी आवधिक योजना कार्यान्वयन गरिनेछ।

## ९.५ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना

संघीय सरकारले उपलव्ध गराएको संगठन संरचना तथा यस नगरपालिकाले स्वीकृत गरेको कार्यविभाजन तथा कार्यसम्मादन नियमावली बमोजिम कार्य सम्पादन तथा सेवा प्रवाह हुने गरेको छ। संघीय ऐन बमोजिम कर्मचारी समायोजन भए पश्चात वडा कार्यालय समेत नगरपालिका कार्यालयबाट प्रवाह गर्ने सेवा सुविधा र सम्पादन गर्ने कार्यलाई सहज, प्रभावकारी र नतिजामुखी बनाउन अभ्यासरत रहेको छ। नगरपालिकाको संगठन संरचनाअनुसार यस नगरपालिकाको संगठनात्मक ढाँचा देहाय बमोजिम रहेको छ।

## चित्र १: संगठन संरचना




*श्रोतः नगरपालिका*

